सहयोगी पुस्तिका

# स्थानीय तहमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि स्थानीय प्रणाली सुदृढीकरण गर्न

# सहयोगी पुस्तिका

तथ्यमा आधारित सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको विकास, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका लागि


मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा

२०८१

सहयोगी पुस्तिका

# स्थानीय तहमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि स्थानीय प्रणाली सुदृढीकरण गर्न

# सहयोगी पुस्तिका

तथ्यमा आधारित सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको विकास, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका लागि


मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा

२०८१

यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को Breakthrough ACTION परियोजना मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस सामग्री भित्रका विषयवस्तुले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

मधेश प्रदेश सरकार

# खेलकुद तथा समाज कल्याण मन्त्रालय

जनकपुरधाम, नेपाल



## दुई शब्द

मिति: २०८१।०३।२५

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा बालविवाहको दर ३० प्रतिशत रहेको छ । मधेश प्रदेशमा यो दर ३७ प्रतिशत छ, जुन सातै प्रदेश मध्ये सबै भन्दा बढी हो ।

नेपाल सरकारले दिगो विकास लक्ष्य (लक्ष्य ५.३) को एक हिस्साको रूपमा सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ लाई संघीय स्तरमा अनुमोदन गरेको छ, जसले बालविवाहको बहुआयामिक परिचालक र परिणामहरूलाई मान्यता दिन्छ । यसले बालविवाहलाई निरुत्साहित गर्न मन्त्रालयहरूमा एकीकृत दृष्टिकोणको लागि आह्वान गर्दछ ।

छोरीलाई आर्थिक, सामाजिक बोझ मान्नु, विवाह ढिलो गर्दा इज्जत जाने डर हुनु, छोरीलाई कम महत्व दिनु, समाजले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह निश्चित समुदाय, जाति र वर्गको समस्याको रुपमा परिभाषित गरी समाधानका लागि ठोस पहल गर्न नसक्नुको कारण मधेश प्रदेशमा बालविवाहको अवस्था भयावह भएको अध्ययनहरूबाट देखिन्छ । मधेश प्रदेशमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको दरमा कमी ल्याउन समाजका नकारात्मक व्यवहार परिवर्तनलाई प्राथमिकता दिइ योजना, कार्यक्रमहरु तथा क्रियाकालपहरूको तर्जुमा, कार्यान्वयन तथा प्रभावकारी अनुगमन गर्नका लागि यो सहयोगी पुस्तिका गाउँ/नगरपालिकाहरुको प्रत्यक्ष सिकाईको आधारमा तयार गरिएको छ ।

मधेश प्रदेशमा बालविवाहको भयावह अवस्थालाई ध्यानमा राख्दै मधेश प्रदेश सरकारको “बेटी पढाऊ, बेटी बचाऊ” अभियान, प्रदेश वालिका संरक्षण ऐन र छोरी विमा कार्यक्रम यस विषय प्रतिको प्रतिबद्धताको उदाहरण हो । प्रदेश वालिका संरक्षण ऐन र छोरी विमा कार्यक्रम मधेश प्रदेशमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण गर्ने अभियानको रुपमा पनि लिन सकिन्छ । त्यसैगरि मधेश प्रदेशमा बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना-२०७८ कार्यान्वयनमा रहेको छ । साथै बालविवाह मूक्त क्षेत्र घोषणा कार्यविधि पनि कार्यान्वयन गर्ने तयारीमा छ । प्रभावकारी कार्यक्रम कार्यान्वयनमा जिम्मेवार पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरूको कार्य क्षमताले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसै सर्न्दभमा बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना २०७८ कार्यान्वयनमा स्थानीय तहको क्षमता तथा सीप अभिबृद्धि गर्न यस सहयोगी पुस्तिका महत्वपूर्ण हुने देखिएकोले सबै स्थानीय तह, सामाजिक संघ/संस्था/संजाल लगायत सरोकारवालाहरुलाई यसको प्रयोग गरि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्ने मधेश प्रदेशको प्रतिवद्धता पूरा गर्नहुन अनुरोध गर्दछु । अन्त्यमा, यो पुस्तिका तयारी गर्दा सहयोग गर्ने, बालविवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण परियोजना र अन्तराष्ट्रिय अमेरिकी विकास नियोग प्रति पनि आभार प्रकट गर्दछु । साथै यस सहयोगी पुस्तिका तयारी कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छु ।

**प्रमोद जयसवाल**

मन्त्री

"Partnership for Urban Governance"
DAO Regd. No. 2/054/55 NDA-2018

नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref.

मिति: २०८१/०१/२०



# मन्तब्य

बालबालिकाको सर्वाङ्गीण बिकासको निम्ति वाल अधिकार सम्वन्धि अन्तराष्ट्रिय महासन्धिले गरेको व्यवस्थालाई नेपालको संविधान र विभिन्न ऐन कानुनहरूले संरक्षण गरेको छ । शिक्षा प्राप्त गर्ने उमेरमा बैवाहिक झंझट लगायत अपरिपक्व उमेरमा बिवाह गर्नाले विभिन्न समस्या आउन सक्छन् । यसै तथ्यलाई मनन गरी मुलुकी देवानी संहिता, २०७४ को दफा ७० को खण्ड (घ) मा बिवाह गर्नको लागि पुरुष र महिला दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने भनी उल्लेख गरिएको छ।

मधेश प्रदेशमा बालविवाह अत्याधिक देखिएको कुरालाई विभिन्न अध्ययनले देखाएको छ । यसै तथ्यलाई ध्यानमा राखि मधेश प्रदेशले "बेटी पढाऊ, बेटी बचाऊ" अभियान संचालन गरेको छ। यो बालविवाह न्यूनीकरणको लागि समर्पित एक अभियान पनि हो। बालविवाह जस्तो नकारात्मक सामाजिक व्यवहारका कारण प्रदेशको प्रतिष्ठामा समेत प्रभाव परेको छ। त्यसैले यस विषयलाई ढिला नगरी स्थानीय तहले आफ्नो वार्षिक योजनामा प्राथमिकता दिई कार्यान्वयन गर्नु आवश्यक छ।

बालविवाह न्यूनीकरणका लागि पालिका, वडा र बाल अधिकार समितिहरुको समेत कार्य क्षमता अभिबृद्धि गर्न नेपाल सरकारको "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८" र बालविवाह न्यूनीकरणका लागि सामाजिक परिवर्तनको भूमिकालाई केन्द्रमा राखेर मधेश प्रदेशका विभिन्न गाउँपालिकाहरु र नगरपालिकाहरुमा क्रियाकलाप कार्यान्वय गर्दाका अनुभवलाई समेटेर स्थानीय प्रणाली सुदृढीकरण गर्न तयार गरिएको यो सहयोगी पुस्तिकाले स्थानीय तहलाई बालविवाह न्यूनीकरणका लागि कार्यक्रम तर्जुमा, कार्यान्वयन, व्यवस्थापन र अनुगमन तथा मूल्यांकन गर्न व्यवहारिक सहयोग पुऱ्याउनेछ भन्ने विश्वास गरेको छु।

मधेश प्रदेश अन्तर्गतका पालिकामा भएका बालविवाह को स्थितिलाई अध्ययन गरी प्रस्तुत दिग्दर्शन तयार गर्न सहयोग पुऱ्याउने स्थानीय तहका गाउँ वा नगरपालिका प्रमुख/अध्यक्ष, उपमेयर/उपाध्यक्ष, वडा अध्यक्ष, महिला, दलित प्रतिनिधी, वडा सचिव, प्रमूख प्रशासकिय अधिकृत, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र अन्य सम्बन्धित कर्मचारी र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुने प्राविधिक समूह, सरकारी तथा गैरसरकारी निकाय, व्यक्ति तथा सम्वन्धित सबै सरोकारवालाहरुलाई हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु। अन्त्यमा यस सहयोगी पुस्तिका तयार गर्न प्रविधिक सहयोग गर्ने बालविवाह उमेर नपुगी र जवरजस्ती गरिने विवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण परियोजना र आर्थिक सहयोग गर्ने अमेरिकी अन्तराष्ट्रिय विकास नियोग प्रति आभार प्रकट गर्दछु।

धन्यवाद ।

भीम प्रसाद दुंगाना
अध्यक्ष

# लोहारपट्टी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी,महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८० चलानी नं.:- 1016 मिति - २०८०।०१।२८



## मन्तब्य

विगत दशकौं देखि बालविवाह न्यूनीकारणका लागि नेपाल सरकार तथा गैर सरकारी संस्थाहरुले विभिन्न किसिमका जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । मुलुक संघिय प्रणलीको अभ्यास गरिरहँदा प्रदेश सरकार तथा स्थानीय सरकारहरुले पनि यसका लागि आ आफ्नो स्तरबाट विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गरिरकेका छन् लोहारपट्टी नगरपालिकाले भर्खर आफैले गरेको बालविवाह सम्बन्धि घरधुरी सर्वेक्षणले नगरमा २० वर्षसम्ममा विवाह गर्नेको दर ५३% रहेको हुनाले बालविवाह न्युनिकारण यस नगरपालिकाको लागि एउटा महत्वपूर्ण मूद्दा बनेको छ र यसको न्यूनिकारणले नै एउटा समृद्ध र समुन्नत नगर बनाउन सहयोग हुने कुरा हामीले आत्मसात गरेका छौं ।

लोहारपट्टी नगरपालिकाले बालविवाह न्यूनीकारणका लागि प्रभावकारी तरिकाले कार्य गर्न विगतका वर्षहरुदेखि प्रयासरत छ । अभिभावकले आफ्नो इज्जत जाने डरले बालविवाह गर्ने गरेको तथ्य नगरपालिकाले कार्यान्वयन गरेको लक्षित समूह केन्द्रीत डिजाई प्रकृयाले प्रमाणित गरेको अवस्थामा यस नगरपालिकले सामाजिक व्यवहार परिवर्तनलाई उच्च प्रथमिकतामा राखी बालविवाह न्यूनिकारणका कार्यक्रमहरु तर्जुमा तथा प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिदै आईरहेको छ । कार्यकहरु प्रभावकारी बनाउन वार्षिक योजना तर्जुमा शुरुहुनु भन्दा अगावै यसका लागि पूर्व तयारी, तथा बस्ति स्तरको भेलालाई महत्वको साथ सम्पन्न गर्नुपर्ने र कार्यक्रमको नियमित अनुगन गर्नुपर्ने हामीलाई सिकाई भएको छ । बालविवाह न्यूनीकारणका लागि वार्षिक योजना तर्जुमाको विभिन्न चरणमा कसरी प्रभावकारी रुपमा समुदायको बृहत्त सहभागीतामा योजना छनौट गरी कार्यान्वयन गर्न सकिन्छ भन्ने प्रविधिक पक्षहरु समावेश गरिएको यो सहयोगी पुस्तिका बास्तवमा सहयोगी हुनेमा हामी निश्चिन्त छौं ।

अन्त्यमा, यो पुस्तिका तयार गर्न आफ्ना कार्यअनुभवहरु साझा गर्नुहुने यस नगरपालिकाका सम्पूर्ण निर्वाचित प्रतिनिधि, कर्मचारी वर्ग, तथा नगारपालिकामा नै बसी प्रत्यक्ष रुपमा सहयोग गरिरहनु भएका R-CEFM परियोजना परिवारलाई विशेष आभार व्यक्त गर्दछौं । आशा छ, लोहारपट्टी नगरपालिकाले बालविवाह न्यूनिकारणका लागि गरेको सिकाई यो पुस्तिकाको माध्यमबाट देश भरीका गाउँ तथा नगरपालिकाको लागि यस सम्बन्धिको प्रयासहरु प्रभावकारी बनाउन सहयोग पुग्ने छ ।

धन्यवाद ।

शैलेन्द्र कुमार यादव
**नगर प्रमुख**
लोहारपट्टी नगरपालिका,महोत्तरी
मधेश प्रदेश, नेपाल

**मटिहानी नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**धिरापुर, महोत्तरी** **मधेश प्रदेश, नेपाल**

**पत्र संख्या :** ०६९/०८०

**चलानी नं. :** १८५९

**मिति :** २०८०/०२/०३

**शुभकामना संदेश**



आफ्नो क्षेत्रको विकासका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग, परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित र समान वितरण गर्न, विकासलाई संस्थागत गर्ने उत्तरदायित्व एवम् जिम्मेवारी सहितको स्थानीय तहको व्यवस्था भएको सन्दर्भमा स्थानीय तहहरू नागरिकहरूलाई सबैभन्दा नजिकबाट सेवा प्रदान गर्ने तथा तत्काल लाभको अनुभूति दिने, विकास निर्माणका योजना र कार्यक्रमहरु संचालन गर्ने, स्थानीय नीति, नियम निर्माण गर्ने, नियमन गर्ने स्थानीय सरकारको रुपमा रहेको छ । नगरको विकासको अनुभूति गराउने हाम्रो कर्तव्य र कार्यको बीच बालविवाह एउटा ठूलो समस्याको रुपमा रहेको छ ।

बालविवाहको अन्त्य विना समाजिक विकास सम्भव नहुने हुँदा, नगरपालिकाले यसको न्यूनीकारणका लागि योजनावद्ध तरिकाले उच्च प्राथमिकताका साथ कार्य गर्दै आइरहेको छ । स्थानीय समाजले छोरीलाई महत्व नदिनु, तथा परिवारको इज्जत बचाउने नाममा बालविवाहले निरन्तरता पाएको यथार्थ यस नगरपालिकाले क्रियाकलाप कार्यान्वयनबाट सिकेको कारणमध्ये मूख्य कारण हो । धार्मिक रुपमा अतिनै महत्वपूर्ण रहेको यस नगरपालिकामा धार्मिक मान्यताको आधारमा कायम रहेको बालविवाह न्यूनीकरणका लागि सामाजिक व्यबहार परिवर्तनमा जोड दिनु पर्ने देखिएको छ । तसर्थ नगरपालिकाले संख्यात्मक तथा गुणात्मक तथ्यांकहरु संकलन गरी त्यसकै आधारमा बालविवाह न्यूनीकरणका लागि आवश्यक नीति, नियम निर्माणको साथै औपचारिक तथा अनौपचारिक बालअधिकार संरचनाको क्षमता अभिबृद्धि र परिचालन गरी नगर र वडा स्तरमा सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु कार्यान्वयन गर्दै आइरहेको छ । बार्षिक योजना तर्जुमाका विभिन्न चरणहरुमा बालविवाह न्यूनीकारणका लागि नगरपालिका स्तरमा भएका शाखाहरु, वडा कार्यालय र निर्वाचित जनप्रतिनिधिहरुले निर्वाह गर्नु पर्ने भूमिका र जिम्मेवारी स्पष्ट र सजिलो तरिकाबाट प्रस्तुत गरी यो सहयोगी पुस्तिका तयार भएको छ, जसले सामाजिक व्यवहार परिवर्तनका सिद्धान्तहरुलाई बालविवाह न्यूनीकारणका योजना तर्जुमा, कार्यान्वयन तथा व्यवस्थापन प्रभावकारी रुपमा प्रयोग गर्न क्रमवद्ध रुपमा निर्देश गर्ने हुनाले अत्यन्त महत्वपूर्ण छ ।

यो पुस्तिका तयार गर्न आफ्ना कार्यअनुभवहरु साझा गर्नुहुने यस नगरपालिकाका सम्पूर्ण निर्वाचित प्रतिनिधि, कर्मचारी वर्ग, तथा नगारपालिकामा नै बसी प्रत्यक्ष रुपमा सहयोग गरिरहनु भएका R-CEFM परियोजना परिवारलाई विशेष आभार व्यक्त गर्दछौं । आशा छ, यस नगरपालिकाले बालविवाह न्यूनिकारणका लागि गरेको सिकाई यो पुस्तिकाको माध्यमबाट देश भरीका गाउँ तथा नगरपालिकाको बालविवाह न्युनीकरण कार्यक्रम प्रभावकारी बनाउन सहयोग पुग्नेछ ।

**हरि प्रसाद मण्डल**
**नगर प्रमुख**

हरि प्रसाद मण्डल
नगर प्रमुख

# जलेश्वर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
जलेश्वर महोत्तरी, मधेश प्रदेश, नेपाल

कार्यालय : ०४४-५२००८७
वारुणयन्त्र : ०४४-५२००९७
Email Address: jaleshwormun@gmail.com


पत्र संख्या :- २०७९/०८०
चलानी नं. :- २४३६

मिति :- २०८०/०१/२१



### शुभकामना संदेश

नेपाल सरकारले पनि सन् २०३० सम्ममा देशलाई बालविवाह मुक्त घोषणा गर्ने रणनीति अनुसार बालविवाह न्यूनीकरणका लागि विभिन्न क्रियाकलाप सञ्चालन गरिरहेको सन्दर्भमा महोत्तरी जिल्लाको सबै भन्दा जेठो नगरपालिकाको रुपमा रहेको जलेश्वर नगरपालिकाले पनि **"बालविवाह मुक्त जलेश्वर नगरपालिका"** दूरदृष्टि साकार पार्न सरोकारवालाहरूसँगको साझेदारीमा नगरपालिकामा बालविवाहको वास्तविक अवस्था र यसका कारणहरू पत्ता लगाई त्यस अनुरुपका बजेट सहितका क्रियाकलापहरूको विकास गरी कार्यान्वयन गर्दै आइरहेको छ ।

बालविवाहका कारणले समाजको आधा भन्दा बढि जनसंख्या रहेका महिलाहरू शारिरीक, मानसिक तथा भावनात्मक रुपमा पिडित भएका छन् । त्यसैले नगरपालिका तथा वडा स्तरबाट नै यसका लागि जिम्मेवार शाखा तथा कर्मचारीहरूको कार्यक्षमता विकास गरी बस्ती स्तरबाटै समूदायलाई सकृय सहभागी गराई तथ्यमा आधारित रहि योजना तर्जुमा प्रकृयालाई प्रभावकारी बनाउन लागि परेको छ ।

बालविवाह न्यूनीकरणका लागि यस नगरपालिकाले अहिलेसम्म गरेका प्रयासहरूबाट प्राप्त अनुभवहरू समावेश गरि तयार गरिएको यो सहयोगी पुस्तिकाले सामाजिक व्यवहार परिवर्तनका सिद्धान्तहरूलाई बालविवाह न्यूनीकरणका योजना निर्माण, कार्यान्वयन तथा अनुगमन प्रकृयामा प्रभावकारी रुपमा प्रयोग गर्न क्रमबद्ध रुपमा सहयोग गर्ने हुनाले अत्यन्त महत्वपूर्ण छ ।

यो पुस्तिका तयार गर्न आफ्ना कार्य अनुभवहरू साझा गर्नुहुने यस नगरपालिकाका सम्पूर्ण निर्वाचित प्रतिनिधि, कर्मचारी वर्ग तथा नगरपालिकामा नै बसी प्रत्यक्ष रुपमा सहयोग गरिरहनु भएका R–CEFM परियोजना परिवारलाई विशेष आभार व्यक्त गर्दछु । आशा छ, जलेश्वर नगरपालिकाले बालविवाह न्यूनीकरणका लागि गरेको सिकाई यो पुस्तिकाको माध्यमबाट देश भरीका गाउँ तथा नगरपालिकाको बालविवाह अन्त्यका लागि गरिएका प्रयासहरू प्रभावकारी बनाउन सहयोग पुग्नेछ ।

सुरेश साह सोनार
(नगर प्रमुख)

राजपुर नगरपालिका
Rajpur Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
Rajpur, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal
E-mail : ito.rajpurmunrautahat@gmail.com
ito@rajpurrautahat.gov.np
www.rajpurmunrautahat.gov.np

पत्र संख्या :- २०७९/०८०
चलानी नं.:-

मिति :- २०८०/०१/१९



डा.मो.राजीक आलम

ऐतिहासिक र सांस्कृतिक रुपमा छुट्टै पहिचान भएको राजपुर नगरपालिका सामाजिक क्षेत्रमा सुधारका लागि पनि उदाहरणीय काम गर्दै आईरहेको छ। पछिल्लो समय यस नगरपालिकाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि महत्वपूर्ण प्रयासहरु गदै आईरहेको छ। यसै क्रममा च(ऋृभँः परियोजनासँगको सहकार्यमा विगत केही वर्ष देखी बालविवाह न्यूनीकरणका लागि नगरपालिकाले आफ्नो कार्य क्षमतालाई सुदृढीकरण तथा समाजमा रहेका बालविवाहसम्बन्धी व्यवहारहरू परिवर्तन गरी नगरपालिकाले लिएको दुर दृष्टि **"सभ्य र सुसंस्कृत समाजको लागि बाल बिवाह मुक्त राजपुर नगरपालिका"** पुरा गर्न सशक्त रुपमा अगाडि बढि रहेको छ।

नगरपालिकामा बालविवाहको वास्तविक अवस्था पत्ता लगाउन विगतको वर्षमा नगरपालिकाको आफ्नै आर्थिक लगानीमा गरिएको घरधुरी सर्वेक्षणले ५६ प्रतिशत बालविवाह देखाएको छ। तसर्थ नगरपालिकाले बालविवाहको कारण तथा यसका समाधानका उपायहरु पत्ता लगाउन लक्षित समूह केन्द्रीत डिजाईन प्रकृया अवलम्बन गरी आएका उपायहरु कार्यान्वयन गर्न उचित बजेटको पनि व्यवस्था गरी ती क्रियाकलापहरु कार्यान्वयन गर्दै आइरहेको छ।

बालविवाह न्यूनीकरणको लागि क्रियाकलापहरु तर्जुमा गर्दा तथ्य र प्रमाणमा आधारित भएर गर्दा प्रभावकारी हुन्छ तथा बालविवाहसँग सम्बन्धित समाजिक मुल्य र मान्यतालाई परिवर्तन गर्न सामाजिक व्यवहार परिवर्तनका सिद्धान्तहरू अपनाउँदा कार्यक्रमको उपेक्षित नतिजा प्राप्त गर्न सकिन्छ भन्ने सिकाई भएको छ। समाजिक व्यवहार परिवर्तन गरि बालविवाह न्यूनीकरणका लागि यस नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, वडा सचिव तथा समाजिक विकास संयोजकहरूको प्रत्यक्ष सिकाई हरुलाई संलग्न गरी तयार परिएको यो सहयोगी पुस्तिका आगामी दिनहरुमा बालविवाह न्यूनीकरण गर्न मधेश प्रदेश तथा समग्र नेपाल भरीका अन्य गाउँ तथा नगरपालिकाहरूलाई अत्यन्त सहयोगी हुने कुरामा हामी विस्वस्त छौं।

यो पुस्तिका तयारी गर्दा यस नगरपालिकाका महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, सामाजिक विकास शाखा, कार्यपालिकाका सदस्यहरु (मेयर, उपमेयर, वडा अध्यक्ष, महिला, दलित प्रतिनिधी), प्रमूख प्रशासकिय अधिकृत, वडा सचिव र अन्य सम्बन्धित कर्मचारीको महत्वपूर्ण योगदान रहेको छ। साथै प्रत्यक्ष रुपमा संलग्न भई प्राविधिक सहयोग गर्ने बालविवाह उमेर नपुगी र जवरजस्ती गरिने विवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण परियोजना र आर्थिक सहयोग गर्ने अमेरिकी अन्तराष्ट्रिय विकास नियोग प्रति पनि आभार प्रकट गर्दछौं।

धन्यवाद।

(डा.मो.राजीक आलम)
नगर प्रमुख

डा. मो. राजीक आलम
नगर प्रमुख
राजपुर नगरपालिका
राजपुर, रौतहट
मधेश, प्रदेश

# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

**National Association of Rural Municipalities in Nepal (NARMIN)**



## शुभ-कामना



नेपालको संविधानको धारा ३९ को उपधारा ५ मा बालबालिकाको मौलिक अधिकार अन्तर्गत कुनै पनि बालबालिकालाई बालविवाहको अधीनमा नपर्ने सुनिश्चित गरिएको छ । मुलुकी देवानी संहिता २०७४ को दफा ७० को उपदफा (घ) मा विवाह गर्नको लागि पुरुष र महिला दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने भनी उल्लेख गरिएको भए तापनि नेपालका धेरैजसो क्षेत्रमा बालविवाहको चलन रहेको पाइन्छ, जहाँ तत्काल २० देखि २४ वर्ष उमेर समूहका ४० प्रतिशत महिलाहरूको विवाह १८ वर्षको उमेर भन्दा पहिला नै भएको देखिन्छ । मधेश प्रदेशमा बालविवाह विशेषगरी १५, १८ र २० वर्ष उमेरभन्दा पहिला नै विवाह गर्ने महिलाहरूको संख्या राष्ट्रिय औसत भन्दा बढी (८२.९%) भएको देखिन्छ (NDHs/2016)। मधेश प्रदेश बालविवाह अन्त्यका लागि प्रतिबद्ध छ । प्रदेशमा बालविवाहको अत्यधिक व्यापकतालाई ध्यानमा राख्दै मधेश सरकारको **"बेटी पढाऊ, बेटी बचाऊ"** अभियान यस प्रतिबद्धताको एक उदाहरण हुनुका साथै प्रदेशमा बालविवाहलाई घटाउने एक समर्पित अभियान पनि हो, जुन अति नै प्रशंसनीय छन् । साथै मधेश प्रदेशले बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना-२०७८ पनि कार्यान्वयन गरिरहेको अवस्था छ । बालविवाहले एउटा परम्पराको रुपमा निरन्तरता पाइरहेका कारणले मधेश प्रदेशका गाउँ तथा नगरपालिकाहरुले प्राय: यसलाई विकासका लागि मुद्दा बनाई प्राथमिकतामा राखेर बालविवाह न्यूनीकरणको लागि यस सँग सम्बन्धित सामाजिक व्यवहार परिवर्तन गर्नु आवश्यक छ । बालविवाह न्यूनीकरणका लागि स्थानीय तहको क्षमता पनि एक महत्वपुर्ण पक्ष हो यसैमा बालविवाहको न्यूनीकरण र त्यसको अन्त्य निर्भर रहन्छ ।

बालविवाह न्यूनीकरणका लागि स्थानीय तहको क्षमता अभिबृद्धिलाई प्राथमिकतामा राखेर नेपाल सरकारको योजना तर्जुमा दिग्दर्शनमा आधारित भएर मधेश प्रदेशका विभिन्न गाउँ तथा नगरपालिकाहरुमा प्रत्यक्षरुपमा क्रियाकलाप कार्यान्वयन गर्दाका अनुभवलाई संलग्न गरी तयार गरिएको यस बालविवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण गर्न सहयोगी पुस्तिकाले स्थानीय तहलाई अझ जिम्मेवार बनाई गाउँपालिकाका र वडाहरुको साथै यस क्षेत्रमा कार्य गर्ने विभिन्न निकाय र सरोकारवालाहरुलाई बालविवाह न्यूनीकरणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा, कार्यान्वयन, व्यवस्थापन र अनुगमन तथा मूल्यांकन गर्न सहयोगी हुनेमा हामी विश्वस्त छौं ।

यो पुस्तिका तयार गर्दा प्रत्यक्ष रुपमा संलग्न गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष, वडा अध्यक्ष, महिला, दलित प्रतिनिधी, वडा सचिव, प्रमूख प्रशासकिय अधिकृत, महिला बाल बालिका शाखा र अन्य सम्बन्धित कर्मचारीहरु र प्रविधिक सहयोग गर्ने बालविवाह उमेर नपुगी र जवरजस्ती गरिने विवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण परियोजना प्रति आभार प्रकट गर्दछु ।

**खिम बहादुर थापा**
महासचिव

मिति: २०८१ बैशाख २०

**लक्ष्मीदेवी पाण्डे**
अध्यक्ष


**कमलादी, काठमाडौं, नेपाल, फोन:** ९७७-१-५३२९८४१, **ईमल:** info@narmin.org.np, **वेवसाईट:** www.narmin.org.np
Kamaladi, Kathmandu, Nepal **Tel.**: 977-1-5329841 **Email**: info@narmin.org.np **Website**: www.narmin.org.np

# दुर्गा भगवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गंगा पिपरा, रौतहट
## मधेस प्रदेश नेपाल

पत्र संख्या :- ०७९।८०
चलानी नं.: १४१०

मिति : २०८०/०१/१३



## मन्तव्य

दुर्गा भगवती गाउँपालिकामा घरधुरी सर्वेक्षण २०७८ अनुसार ४२ प्रतिशत बालविवाह भएको पाइएको छ, जसमा ६३ प्रतिशत महिलाहरूको र १६.२ प्रतिशत पुरुषहरूको २० वर्ष नपुग्दै विवाह भएको पाइएको छ । बालविवाह यस गाँउपालिकाको शान्ति र सुव्यवस्थाको लागि बाधक हो । यसले सम्पुर्ण गाँउपालिकाको प्रतिष्ठामा आँच पुऱ्याएको छ ।

**"बालविवाह मुक्त दुर्गा भगवती गाउँपालिका"** दुरदृष्टि लिएको यस गाउँपालिकाले बालविवाह न्यूनीकरणका लागि तथ्य तथा तथ्याङ्कमा आधारित भई बालविवाह न्यूनीकरणका लागि प्रयासरत छन् । यसै सन्दर्भमा बालविवाहको कारण तथा यसको समाधान उपायहरू पत्ता लगाउन लक्षित समूह केन्द्रीत डिजाईन प्रकृया कार्यान्वयन गरी पहिचान गरिएका बालविवाह न्यूनीकरणका कृयाकलापहरू कार्यान्वयन गरिरहेको छ ।

यसरी प्रकृयागत रुपमा तथ्य तथा तथ्याङ्कको आधारमा योजना तर्जुमा, बार्षिक योजना प्रक्रियाबाट क्रियाकलापको छनौट, कार्यान्वयन तथा अनुगमनका विगत २ वर्ष देखि वडा तथा गाँउपालिका स्तरमा भएका प्रत्यक्ष अनुभव र सिकाईहरूलाई समावेश गरि स्थानीय तहमा बालविवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण गर्न सहयोगी पुस्तिका तयार भएको छ । यसले मधेश प्रदेश तथा नेपालका अन्य गाउँपालिका/नगरपालिकालाई पनि नेपाल सरकारको प्रणालीमा रहेर बालविवाह न्यूनीकरणका लागि प्रभावकारी कार्य गर्न सहयोग पुग्ने आशा छ ।

यो पुस्तिका तयार गर्दा यस गाउँपालिकाका महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, सामाजिक विकास संयोजक, कार्यपालिकाका सदस्यहरु (गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, महिला, दलित प्रतिनिधी), वडा सचिव, प्रमूख प्रशासकिय अधिकृत, शिक्षा शाखा प्रमूख, स्वस्थ्य शाखा प्रमूख, योजना शाखा प्रमूख र अन्य सम्बन्धित कर्मचारीको महत्वपूर्ण योगदान रहेको छ। साथै प्रत्यक्ष रुपमा संलग्न भई प्रविधिक सहयोग गर्ने बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण परियोजना र आर्थिक सहयोग गर्ने अमेरिकी अन्तराष्ट्रिय विकास नियोग प्रति पनि आभार प्रकट गर्दछु ।

......... ०८०।०१।१३
**शम्भु कुमार सिंह**
**( गाउँपालिका अध्यक्ष )**

शम्भु कुमार सिंह
अध्यक्ष
दुर्गा भगवती गाउँपालिका
गंगा पिपरा, रौतहट

फोन नं.: ०४४-५४८०४७

# पिपरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी

मधेश प्रदेश ,नेपाल

पत्र संख्या: ०७९/०८०

चलानी नं. १८९३

मिति: २०७९/०७/२२



## दुई शब्द

धार्मिक तथा सास्कृतिक रुपमा समृद्ध मिथिला क्षेत्र सम्मिलित भएर पनि मधेश प्रदेशले आर्थिक र समाजिक विकासमा नेपालका अन्य प्रदेशहरुको तुलनामा पछाडि पर्नुको कारणहरू मध्ये बालविवाहलाई मान्न सकिन्छ। पिपरा गाउँपालिकाले यहि वास्तविकतालाई आत्मसात् गरी गाउँपालिकालाई बालविवाह मुक्त बनाउन विगत तीन वर्ष देखि बालविवाह न्यूनीकरणका लागि सामाजिक व्यवहार परिवर्तनमा केन्द्रीत रही २० वर्ष पछि आफ्नो छोरीको विवाह गर्ने अभिभावकलाई सार्वजनिक रुपमा सम्मान, धार्मिक अगुवाहरूको परिचालन, बालअधिकारका लागि गाउँपालिकामा भएका औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिबृद्धि, सर्वदलीय समितिको परिचालन जस्ता कार्यक्रमहरू बजेट विनियोजन गरी योजनाबद्ध तरिकाले कार्यान्वयन गरिरहेको छ।

यस्ता कार्यक्रमहरूको विकास, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा मूल्यांकनको क्रममा सबै वडाहरू समेत गाउँपालिकासँग प्रत्यक्ष रुपमा संलग्न हुँदै आइरहेका छन्। यसरी प्रत्यक्ष रुपमा कार्यक्रमहरूको विकास, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गरिरहँदा भएका सिकाईहरुको आधारमा यो सहयोगी पुस्तिका तयार गरिएको छ। यस सहयोगी पुस्तिकाले आउने वर्षहरूमा पनि बालविवाह अन्त्यका लागि क्रियाकलापहरू प्रभावकारी रुपमा संचालन गर्न सहयोग पुऱ्याउँछ। यसले निश्चित रुपमा अन्य गाउँ तथा नगरपालिकाहरूलाई पनि बालविवाह अन्त्यका लागि तथ्य, प्रमाण र लक्षित समूहलाई आधार मानेर कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न सहयोग हुनेछ।

आफ्नो अनुभव तथा सिकाई प्रयोग गरी एउटा पुस्तिकाको स्वरुप दिन सहयोग गर्ने यस गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरू, जनप्रतिनिधिहरू तथा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न सबैलाई यस गाउँपालिकाको तर्फबाट धन्यबाद ज्ञापन गर्दछु। साथै प्रविधिक सहयोग गर्ने बालविवाह उमेर नपुगी र जवरजस्ती गरिने विवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण परियोजना र आर्थिक सहयोग गर्ने अमेरिकी अन्तराष्ट्रिय विकास नियोग प्रति पनि आभार प्रकट गर्दछु।

धन्यवाद्।

**रामजानकी यादव**
अध्यक्ष

# विषय सूची


नेपालमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था १

- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि मधेश प्रदेशले लिएको उद्देश्य ३
- मधेश प्रदेशको बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजनाका उद्देश्यहरुः ४
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि कानुनी व्यवस्था ४
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य भएमा गाउँ/नगरपालिकालाई हुने फाइदा ५

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्न स्थानीय प्रणाली सुदृढीकरणका लागि सहयोगी पुस्तिकाको बारेमा ७

- सहयोगी पुस्तिकाको उद्देश्य ८
- सहयोगी पुस्तिका तयारी प्रक्रिया ८
- सहयोगी पुस्तिका प्रयोगकर्ता ८
- सहयोगी पुस्तिकालाई प्रयोग गर्ने समय ९

बालविवाह, उमेर नपुगी जबरजस्ती गरिने विवाहका सबालहरू र सामाजिक व्यवहार परिवर्तनः परिचय ११

- सामाजिक व्यवहार परिवर्तन भनेको के हो ? १२
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन किन आवश्यक छ ? १२
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम कसरी तयार गर्ने ? १४
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका योजनाहरु गाउँ/नगरपालिकाको वार्षिक योजनामा कसरी समावेश गर्न सकिन्छ ? १५

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन गर्न विभिन्न निकाय तथा सरोकारवालाहरूको भूमिका २०

- गाउँ/नगरकार्यपालिका २०
- सामाजिक विकास समिति संयोजकको भूमिका २०
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा २१
- वडा सचिव २१
- योजना शाखा २१
- स्वास्थ्य शाखा २२
- शिक्षा शाखा २२
- बालअधिकार समितिहरु २२
- प्रदेशस्तरीय सम्बन्धित मन्त्रालय २३
- संघीय सरकार २३

१. पूर्वतयारीः स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रिया सुरु हुनुभन्दा अगाडि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवको भूमिका २५

**१.१ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसँग सम्बन्धित संख्यात्मक तथ्यांक संकलन र विश्लेषण २८**

१.१.१ उपलब्ध तथ्यांक (संख्यात्मक) संकलन तथ्य विश्लेषण २८

१.१.२ जनगणनाद्वारा तथ्यांक संकलन तथा विश्लेषण २९

१.१.३. वडा बालअधिकार समितिबाट तथ्यांक संकलन तथा विश्लेषण ३०

१.१.४ परिणाममूलक सूचकहरुको अवस्था विश्लेषण ३०

**१.२. समुदायहरूबाट गुणात्मक तथ्यांक संकलन तथा विश्लेषण ३२**

१.२.१ मधेश प्रदेशका ६ गाउँ/नगरपालिकाहरुमा गरिएको लक्षित समूह डिजाइन (Human-Center Design) प्रक्रियाबाट आएका तथ्यांकको समीक्षा ३२

१.२.२ समुदायबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्वन्धी समस्याको पहिचान ३३

१.२.३ लैंगिक तथा सामाजिक समावेशीकरणको सुनिश्चितता ३६

१.२.४ सरोकारवाला संस्थाहरूसँग समन्वय ३७

**१.३ स्थानीय बालअधिकार समितिबाट क्रियाकलाप तथा बजेट तयारी** **३७**
१.३.१ बालविवाह,उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका योजना तर्जुमा ३८
१.३.२ स्थानीय र वडा बालअधिकार समितिहरूबाट प्रस्ताव गरिने क्रियाकलाप तथा बजेटमा सहमति ४२
**१.४ वडा समिति र गाउँ/नगर कार्यपालिकामा प्रस्तावित योजना तथा बजेट प्रस्तुत** **४६**
१.४.१ वडा समितिमा क्रियाकलाप र बजेट प्रस्तुत गरी स्वीकृतको लागि पहल ४९
१.४.२ गाउँ/नगर कार्यपालिकामा प्रस्तावित क्रियाकलाप तथा बजेट प्रस्तुत गरी स्वीकृतको लागि पहल ४९

## २. पैरवीः स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रिया सुरू भएपछि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवको भूमिका ५१

**२.१ वार्षिक योजना तर्जुमा- चरण १, २** **५३**
२.१.१ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, बालकल्याण अधिकारी र वडा सचिवले गाउँ/नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको विषय समावेश गराउन पैरवी ५३
२.१.२ वित्तीय समानीकरण, राजस्व बाँडफाँड, ससर्त, पूरक, र विशेष अनुदानको कार्यक्रम तथा निर्देशिकाबारे जानकारी ५४
२.१.३ निर्वाचित पदाधिकारीहरु ससर्त, समपूरक, राजस्व बाँडफाँड, विशेष र समानीकरण अनुदान कार्यक्रमबारेमा प्रस्ट ५४
**२.२ वार्षिक योजना तर्जुमा- चरण ३– बस्तीस्तरको योजना छनोट प्रक्रियामा स्थानीय तथा वडा बालअधिकार समितिका सदस्यहरूको सहभागिता** **५६**
२.२.१ बस्ती भेलामा स्थानीय तथा वडा बालअधिकार समिति सदस्यहरु सहभागी भई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको प्रस्तुति तथा पैरवी ५६
२.२.२ बालअधिकार समितिहरूबाट गाउँ/नगरपालिकाका कार्यपालिका सदस्यहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापको छनोटको लागि पैरवी ५६
**२.३ वार्षिक योजना तर्जुमा– चरण ४ः वडा स्तरको योजना छनोटमा प्राथमिकीकरणमा परेको यकिन** **५७**
२.३.१ गाउँ/नगरपालिका तथा वडा तहको प्राथमिकीकरणमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनमा क्रियाकलाप तथा बजेट समावेश गराउन पैरवी ५७
२.३.२ वडा तथा गाउँ/नगरपालिकालाई प्राथमिकतामा परेका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप र बजेट स्वीकृत गराउन सहयोग ५७
**२.४ वार्षिक योजना तर्जुमा–चरण ५ः गाउँ/नगरपालिका स्तरीय कार्यक्रम तथा बजेट तर्जुमा समितिमा क्रियाकलापहरू पेस भएको यकिन** ५७
२.४.१ विषयगत समितिको बैठकमा सक्रिय सहभागी भई कार्यक्रम तथा बजेट स्वीकृत गराउन पैरवी ५७
**२.५ वार्षिक योजना तर्जुमा–चरण ६ र ७ः गाउँ/नगरसभा सदस्यहरूसँग क्रियाकलाप तथा बजेटको लागि पैरवी** **५९**
२.५.१ वडा तहमा प्राथमिकतामा राखिएका क्रियाकलाप र बजेटको स्वीकृतिका लागि पैरवी ५९
२.५.२ गाउँ/नगरपालिका तथा वडा तहको प्राथमिकीरणमा परेका क्रियाकलाप तथा बजेट सूत्रमा समावेश भएको यकिन ५९

## ३. कार्यान्वयन, अनुगमन र मूल्यांकनः वार्षिक योजना पारित भएपछि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बाल कल्याण अधिकारी र वडा सचिवको भूमिका ६१

**३.१ स्वीकृत कार्यक्रम र वजेटको आधारमा विस्तृत कार्ययोजना तयारी** **६३**
३.१.१ स्थानीय बालअधिकार समितिको बैठकमा स्वीकृत भएको क्रियाकलाप र बजेटबारेमा जानकारी ६३
३.१.२ स्वीकृत भएको क्रियाकलाप र बजेटको बारेमा वडा बालअधिकार समितिको बैठकमा जानकारी गराउन सहयोग ६३
**३.२. स्वीकृत कार्ययोजना कार्यान्वयन** **६४**
३.२.१ स्वीकृत कार्यक्रम तथा बजेट वडा/स्थानीय बालअधिकार समितिहरुमा प्रस्तुति ६४
३.२.२ वडा र गाउँ/नगरपालिका स्तरका क्रियाकलापको त्रैमासिक कार्ययोजना कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउने ६४
३.२.३ स्वीकृत त्रैमासिक कार्ययोजना तथा बजेटअनुसार क्रियाकलाप कार्यान्वयन र वडालाई कार्यान्वयनमा सहयोग ६७
**३.३ क्रियाकलापहरूको अनुगमन तथा मूल्यांकन** **६९**
३.३.१ सूचकको निर्माण तथा प्रयोग ६९
३.३.२ कार्यक्रमको सूचना व्यवस्थापन प्रणालीको विकास र कार्यान्वयन ७२
३.३.३. सहयोगी सुपरिवेक्षण र अनुगमन भ्रमणहरु ७२
**३.४ अनुगमन तथा कार्यक्रमको प्रतिवेदनको प्रस्तुति** **७६**
३.४.१ बालविवाह मुक्त वडा/गाउँ/नगरपालिका घोषणा सूचकहरूको प्रगतिको बारेमा बालअधिकार समितिहरूको बैठकमा छलफल ७६
३.४.२ अनुगमन तथा क्रियाकलापको प्रगतिको बारेमा गाउँ/नगर कार्यपालिकामा प्रस्तुत ७६
३.४.३. त्रैमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा बैठक ७६

**अनुसूचीः बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको विस्तृत कार्यान्वयन विवरण** ८५

**क्रियाकलाप १ः** स्थानीय स्तरमा रहेका प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने धार्मिक र परम्परागत सामाजिक चलनहरु अन्त्यका लागि परिचालन ८६

**क्रियाकलाप २ः** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरु कार्यान्वयनमा सहयोग गर्न वडा/गाउँ/नगरपालिका स्तरमा सर्वदलीय समिति गठन र क्रियाकलापहरूमा संलग्न ९४

**क्रियाकलाप ३ः** गाउँ/नगरपालिकाबाट एक आर्थिक वर्षमा सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती भएको वडाका वडाध्यक्ष र सचिवलाई सार्वजनिक रूपमा सम्मानित १००

**क्रियाकलाप ४ः** २० वर्ष उमेर पुगे पछि छोरीको विवाह गर्ने अभिभावकलाई वार्षिक रूपमासम्मान कार्यक्रम आयोजना १०६

**क्रियाकलाप ५ः** २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने कृषिमा आधारित अभिभावकलाई गाउँ/नगरपालिका/वडामार्फत कृषि कामको लागि सहुलियत प्रदान ११२

**क्रियाकलाप ६ः** वडा/गाउँ/नगरपालिकाले प्रभावशाली नागरिक समाज सदस्य समिति गठन गरीबालविवाह । उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन ११७

**क्रियाकलाप ७ः** वडा/गाउँ/नगरपालिकाबाट १० कक्षा उत्तीर्ण भएर वा १२ कक्षापछि पढाइ छोडेका अविवाहित किशोरीहरूलाई रोजगारीको माग भएको सीप विकासमा सहयोग १२३

**क्रियाकलाप ८ः** वडा/गाउँ/नगरपालिकाबाट किशोरकिशोरीहरूलाई उच्च शिक्षासम्म पहुँच बढाउन छात्रवृत्तिको व्यवस्थागर्ने (११ र १२ कक्षा) १२९

**क्रियाकलाप ९ः** स्थानीय स्तरमाभएका औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन १३४

**क्रियाकलाप १०ः** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह नगर्ने तथा नगराउन पैरवी गर्ने किशोरीहरूलाई वडा वा गाउँ/नगरपालिकाबाट वार्षिक रूपमा प्रोत्साहन र सम्मान १४४

**क्रियाकलाप ११ः** छोरीको २० वर्ष उमेर पुगेपछिविवाह गरिदिने उदाहरणीय परिवारको प्रभावकारी प्रचारप्रसार १५०


## उप- अनुसूचीहरू


उप-अनुसूची १ः क्रियाकलाप कार्यान्वयन गर्न स्वीकृति लिनका लागि टिप्पणी र आदेशको नमुना १६१

उप-अनुसूची २ः पेस्कीको लागि निवेदन फारमको नमुना १६२

उप-अनुसूची ३ः धार्मिक अगुवाहरूको नामावली संकलनका लागि फारमको नमुना १६३

उप-अनुसूची ४ः सर्वदलीय समिति परिचालनका लागि नमुना क्रियाकलापहरु १६३

उप-अनुसूची ५ः औपचारिक र अनौपचारिक बालअधिकार संरचनाहरूको सूची संकलनको लागि फारमको नमुना १६३

उप-अनुसूची ६ः २० वर्ष उमेर नपुगी हुने लागेको विवाह रोक्न पैरवी गर्ने किशोरीहरूको सूची संकलनका लागि फारमको नमुना १६३

उप-अनुसूची ७ः २० वर्ष उमेर पूरा गरेपछि छोरीको विवाह गर्ने अभिभावकहरूको विवरणसहित नामावली संकलनको लागि फारमको नमुना १६४

उप-अनुसूची ८ः प्रभावशाली नागरिक समाजका सदस्यहरूको नामावली संकलनका लागि फारमको नमुना १६४

उप-अनुसूची ९ कः सीप विकास तालिममा सहभागी हुन चाहने किशोरीहरूका लागि आवेदन फारमको नमुना १६५

उप-अनुसूची ९ खः सिप विकास तालिममा सहभागी हुन चाहने किशोरीहरूको विवरण संकलनको लागि फारमको नमुना १६५

उप-अनुसूची १०ः क्रियाकलापको अनुगमनका लागि चेकलिस्ट १६६

उप-अनुसूची ११ः क्रियाकलाप अनुगमन प्रतिवेदनको खाकाको नमुना १६७

उप-अनुसूची १२ः क्रियाकलाप कार्यान्वयनपछि लेखिने प्रतिवेदनको खाकाको नमुना १६७

## तालिकाहरूको सूची


| | | |
|---|---|---|
| तालिका १: | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित २०७८) अनुसार योजना तर्जुमाका ७ चरण | १६ |
| तालिका २: | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसँग सम्बन्धित तथ्यांकहरु उपलब्ध हुने स्रोतहरु | २८ |
| तालिका ३: | बालअधिकार समितिको बैठकबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको संख्या संकलन गर्नको लागि फारमको नमुना | ३० |
| तालिका ४: | लक्षित समूह डिजाइन प्रक्रिया कार्यान्वयनबाट पहिचान गरिएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था र मुख्य चुनौतीहरु | ३३ |
| तालिका ५: | छलफलका लागि तयार गरिएको विषय र मुख्य प्रश्नहरु | ३५ |
| तालिका ६: | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि सामाजिक व्यवहार परिवर्तनका लागि दुर्गाभगवती गाउँपलिकाको योजना र बजेट विवरण | ४३ |
| तालिका ७: | क्षेत्रगत बजेट सीमा निर्धारण | ५८ |
| तालिका ८: | लोहारपट्टी नगरपालिकाको सूत्रमा समेटिएको क्रियाकलाप र बजेट | ६० |
| तालिका ९: | त्रैमासिक कार्ययोजना तयारी ढाँचा | ६५ |
| तालिका १०: | गाउँ/नगरपालिकाले आफूले आर्थिक वर्ष २०७९/२०८० मा कार्यान्वयन गरेका क्रियाकलापहरुको सूचकहरु | ७० |
| तालिका ११: | कार्यप्रगति प्रस्तुतिका लागि नमुना ढाँचा | ७६ |
| तालिका १२: | बालविवाह सम्बन्धित सूचकहरुको स्थिति मूल्यांकनका लागि चेकलिस्ट | ७९ |
| तालिका १३: | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था पहिचानका लागि रङको प्रयोग | ८१ |
| तालिका १४: | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणसम्बन्धी देखा परेका समस्यालाई सम्बोधन गर्न कार्ययोजनाको ढाँचा | ८२ |


## चित्रहरूको सूची


| | | |
|---|---|---|
| चित्र १: | सामाजिक परिस्थिति नमुना (Socio-ecological model) | १३ |
| चित्र २: | 'पी' प्रक्रिया | १४ |
| चित्र ३: | गाउँ/नगरपालिकामा बालविवाह उमेर नपुगी जबरजस्ती गरिने विवाहको क्षेत्रमा भएका प्रगति मापनका पाँच क्षेत्र र १३ सूचकहरु | ३१ |

# नेपालमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था

महिलाहरूका लागि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम, जलेश्वर नगरपालिका- १२, महोत्तरी



# नेपालमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था

नेपालको संविधानमा बालविवाहविरूद्धको हक दफा ३९ को उपदफा ५ ले सुनिश्चित गरेको छ। पुरूष र महिलाको विवाहको कानुनी उमेर २० वर्ष पूरा भएको हुनुपर्ने मुलुकी अपराधसंहिता २०७४ को दफा १७३ मा व्यवस्था भए तापनि बालविवाह नेपालको धेरै क्षेत्रहरूमा सामान्य अभ्यासको रूपमा विद्यमान रहेको छ । राष्ट्रिय जनगणना २०७८ को नतिजाले नेपालमा ३० प्रतिशत व्यक्तिहरूको विवाह १८ वर्ष पुरा नहुदै (बालविवाह) भएको देखाएको छ, जसमा पुरूषको १५ प्रतिशत र महिलाको ४१ प्रतिशत रहेको छ । मधेस प्रदेशमा बालविवाहको दर ३७ प्रतिशत देखिएको छ, जसमा पुरूषको १९ प्रतिशत र महिलाको ५२ प्रतिशत रहेको छ । यो दर अन्य प्रदेशहरू मध्ये उच्च हो । मधेश प्रदेशका दुई जिल्लाका ६ वटा गाउँ/नगरपालिका (रौतहटको दुर्गाभगवती गाउँपालिका र राजपुर नगरपालिका र महोत्तरीको लोहारपट्टी, मटिहानी र जलेश्वर नगरपालिकामा र पिपरा गाउँपालिका सबै वडाहरू) मा वि.स. २०७८ र २०७९ मा गरिएको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको जनगणना अनुसार, बालविवाहको दर ४ देखि १६ प्रतिशतसम्म रहेको पाइएको छ र उमेर नपुगी भएको विवाह (१८ वा १९ वर्षको उमेरमा गरिने विवाह) १६ देखि २५ प्रतिशत रहेको छ । बालविवाह र उमेर नपुगी गरिने विवाह दुवैलाई एकै स्थानमा राखेर हेर्दा, ६ वटा गाउँ/नगरपालिकाको दर २० देखि ४१ प्रतिशत रहेको छ, जसमा पुरूषको बालविवाह र उमेर नपुगी गरिने विवाह ६ देखि २८ प्रतिशत पाइएको छ भने महिलाको ३५ देखि ५९ प्रतिशत देखिएको छ । यसरी हेर्दा पुरूषको तुलानामा महिलाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह उच्च रहेको पाइएको छ । यी गाउँ/नगरपालिकाले गरेको जनगणनाले राष्ट्रिय जनगणनामा प्रविष्ट गरिएको भन्दा बालविवाह (१८ वर्षभन्दा कम उमेरको विवाह) को दर धेरै कम देखाएको छ । ६ वटा गाउँ/नगरपालिकाले गरेको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको जनगणनाले २० बर्ष पूरा नहुँदै हुने विवाहको अवस्था देखाएको छ तर यो अवस्था विगत २० देखि ३३ महिनामा भएका विवाहहरु मात्र गणना गरिएको छ । त्यसैले यी तथ्यांकहरूलाई राष्ट्रिय जनगणनासँग प्रत्यक्ष रूपमा तुलना गर्न सकिँदैन ।

- **बालविवाह:** १८ वर्ष पूरा नगरेको व्यक्तिको विवाह
- **उमेर नपुगी गरिने विवाह:** विवाह गर्नेमध्ये कोही एक जनाको १८ र १९ वर्ष उमेरमा गरिने विवाह
- **जबरजस्ती गरिने विवाह:** विवाह गर्नेमध्ये दुवै वा एकजनाको विवाह गर्ने इच्छा नहुँदा नहुँदै दबाबमा गरिने विवाह ।
- **मुलूकी अपराध संहिता २०७४:** परिच्छेद ११ को दफा १७३, उपदफा १ मा उल्लेख भएअनुसार विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन ।

राष्ट्रिय स्तरमा, संघीय सरकारको बालविवाह अन्त्य गर्ने आफ्नो प्रतिबद्धताअनुसार कार्यहरूमा प्रगति गरेको देखिन्छ । नेपाल सरकारले दिगो विकास लक्ष्य ५ मा सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ । नेपाल सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ कार्यान्वयनमा ल्याएको छ । जसले बालविवाहको बहुआयामिक परिचालक र परिणामहरूलाई पहिचान गर्दछ र बालविवाहलाई सम्बोधन र कम गर्न मन्त्रालयहरूबीच एकीकृत दृष्टिकोणका लागि आह्वान गर्दछ ।

संघीय संरचनामा नीति, निर्देशन, समन्वय र अनुगमनको भूमिका प्रदेशको भए पनि स्थानीय तहको लागि बजेटको निर्णय गर्ने अधिकार गाउँ/नगरपालिका र वडामा छ । संघीय नीतिहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्न स्थानीय तहको कार्यलाई बढावा दिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालविवाह, लैंगिक हिंसा, दाइजो प्रथालगायतका कार्यलाई स्थानीय सरकारको काम र कर्तव्य अन्तर्गत राखेको छ । गाउँ/नगरपालिकाले आ-आफ्नो अधिकार क्षेत्रका विषयमा ऐन बनाउन सक्नेछन् ।

मधेश प्रदेश बालअधिकारसम्बन्धी ऐन, २०७७ अनुसार सबै स्थानीय तहले बाल संरक्षणको लागि बाल संरक्षण र प्रवर्द्धन कार्यविधि तयार गर्न सक्दछन् । यस कार्यविधिले कसरी समुदायको नेतृत्वमा बालविवाह अन्त्यका लागि सहजीकरण गर्न सक्छन् भन्ने बारे उल्लेख गरेको हुनुपर्दछ । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य र बाल संरक्षणको लागि स्थानीय र वडा बालअधिकार समितिको गठन र सक्रियताबाट वडा र गाउँ/नगरपालिकाको योजना तथा वार्षिक कार्यक्रममा समावेश गर्ने व्यवस्था गरिएको छ । यी स्थानीय संरचनाहरूले बस्ती स्तरको भेलामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामुदायमा गरिएका छलफलका आधारमा विकास गरिएका सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप र बजेट प्रस्ताव गर्न सक्छन् । उनीहरु बालविवाह अन्त्यका कार्यक्रम कार्यान्वयन र अनुगमनका लागि पनि परिचालित हुन सक्छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँ/नगरपालिकाका स्थानीय जनतालाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोक्न सक्षम हुन र रूपान्तरण गर्न सक्छ । हाल अधिकांश गाउँ/नगरपालिकाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यलाई प्राथमिकता दिएको पाइँदैन । संघीय प्रणालीमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यसहितका बाल संरक्षणका विषयहरूमा कार्य गर्न दिइएको जिम्मेवारी र यस विषयलाई अगाडि बढाउने सवालमा थप मार्गदर्शनको आवश्यकता देखिन्छ ।

यो सहयोगी पुस्तिका स्थानीयस्तरका सरकारी कर्मचारीहरु, विशेषतः महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखा प्रमुख, बाल कल्याण अधिकारी र वडा सचिवहरूका लागि नेपाल सरकारको योजना तर्जुमा प्रक्रियाअनुसार बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यहार परिवर्तनका योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनमा सहयोग गर्ने उद्देश्यले तयार गरिएको हो ।

## बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि मधेश प्रदेशले लिएको उद्देश्य

मधेश प्रदेशले 'बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना-२०७८' अनुमोदन गरेको छ । यस सहयोगी पुस्तिकाले यस रणनीतिक योजनालाई स्थानीय तहसम्म स्थानीय प्रणालीमा रहेर कार्यान्वयन गर्न सहयोग गर्दछ ।

### *मधेश प्रदेशको बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजनाका उद्देश्यहरूः*

- प्रदेश सरकार तथा विकास साझेदार संस्थाहरूको सहकार्यमा बालविवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- बालविवाहविरूद्धका आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- बालविवाह विरूद्धमा बालबालिका, किशोरकिशोरी तथा पुरूषहरूको प्रभावकारी सहभागिता सुनिश्चित र परिचालन गर्ने ।

- बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, सांस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा हानिकारक सामाजिक व्यवहारहरु परिवर्तनका लागि बालबालिका, किशोरकिशोरी, अभिभावक, शिक्षक, धार्मिक अगुवा, राजनैतिक तथा सामुदायिक अगुवा, संघ, संगठनलगायत अन्य सम्बन्धित सरोकारवालाहरूको क्षमता विकास गरी विद्यमान हानिकारक सामाजिक व्यवहारहरु परिवर्तनका लागि परिचालन गर्ने ।
- बालबालिका, विशेषत बालविवाहको जोखिममा रहेका र विवाहित बालिकाहरूलाई राज्यबाट प्रदान गरिने सेवा, सुविधा तथा अवसरहरूको उपभोगमा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

## बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि कानुनी व्यवस्था

यो सहयोगी पुस्तिकाको प्रयोग गर्ने व्यक्ति/संस्थाहरूले नेपाल सरकारको प्रणालीमा रही बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि पैरवी गरेका हुनेछन् । उनीहरूको सहयोगको लागि सन्दर्भको रूपमा उपयोगी हुन सक्ने मुख्य ऐन, कानुन, नीति र प्रक्रियाहरूको सूची निम्नानुसार छन् ।

- **नेपालको संविधान २०७२ः** नेपालको संविधान २०७२ धारा ३९ को उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन, भनी स्पष्ट उल्लेख गरेको छ । यसले बालविवाहलाई दण्डनीय कार्य मानेर पीडितलाई क्षतिपूर्तिको पनि व्यवस्था गरेको छ ।
- **मुलुकी अपराध संहिता २०७४ः** मुलुकी अपराध संहिता २०७४ को दफा १७३ अनुसार (१) विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन । (२) उपदफा १ विपरीत भएको विवाह स्वतः बदर हुनेछ । (३) उपदफा १ बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिबाना हुनेछ ।
- **बालबालिका ऐन, २०७५ः** बालबालिकासम्बन्धी ऐनले बालबालिकाको मौलिक हकको सुनिश्चितता गरेको छ । बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६६ को उपदफा (ण) अनुसार बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य गरेमा बालबालिकाविरूद्ध हिंसा गरेको मानिनेछ ।
- **राष्ट्रिय बालनीति २०६९ः** नीतिमा (दफा ८ को उपदफा ९) उल्लेख भएअनुसार बालविवाह रोक्न सरकारी र विकास साझेदार संस्थाहरूको सहकार्यमा समुदाय स्तरका संघसंस्थाहरूलाई परिचालन गरिनेछ । बालविवाहविरूद्धको उजुरी सक्रियताका साथ लिने र कारबाही गर्ने व्यवस्था गरिनेछ । बालविवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिइनेछ । त्यसैगरी दफा ९ को उपदफा ३ अनुसार स्थानीय स्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बालविवाहविरूद्ध चेतना अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ । गाउँस्तरसम्म बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चारलगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिनेछ ।
- **बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ः** राष्ट्रियस्तरमा बालविवाहविरूद्धको रणनीति २०७२ तयार गरेको छ ।
- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ को उपदफा २ को बुँदा नं. ३२ (ग) अनुसार बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछूत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी प्रथा, कमलरी प्रथा, बालश्रम, मानव बेचविखनजस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्ने गराउने । त्यसैगरी सोही ऐनको दफा १०२ (१) अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा (बालविवाहलगायत) ऐन बनाउन सक्ने अधिकार रहेको छ ।
- **प्रदेश बालअधिकारसम्बन्धी ऐन २०७७ः** बालबालिकाको अधिकारको संवर्द्धन, संरक्षण, प्रवर्द्धन एवं परिपूर्ति गर्दै सबै बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक एवं भावनात्मक विकास गरी सर्वोत्तम हित सुनिश्चित गर्न समयानुकूल कानुनी व्यवस्था गर्ने ।

## बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य भएमा गाउँ/नगरपालिकालाई हुने फाइदा

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अन्त्यले नवजात शिशु र मातृ मृत्युदरमा कमी ल्याउन सहयोग गर्दछ, नवजात शिशु र मातृ मृत्युदरको कमीले गाउँ/नगरपालिकाको इज्जत बढ्दछ ।

- नवजात शिशु र मातृ मृत्युदरमा कमी आँउछ जसले गाउँ/नगरपालिकाको इज्जत बढ्दछ ।
- लैंगिक हिंसामा कमी ल्याई गाउँ, समाजमा शान्त र खुसीको वातावरण कायम गर्छ ।
- गाउँ/नगरपालिकाले आफ्नो वडा तथा गाउँपालिकालाई बालविवाह मुक्त क्षेत्र घोषणा गर्न सक्दछ ।
- सामाजिक विकासका क्षेत्रमा कार्य गरेमा गाउँ/नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा अंक प्राप्त हुन्छ जसले आगामी वर्षको संघीय तथा प्रदेश सरकारबाट थप बजेट ल्याउन सक्षम बनाउँदछ ।



■ २० वर्ष पछि छोरीको बिबाह गरिदिने अभिभावकहरूलाई सम्मान कार्यक्रम, लोहारपट्टी नगरपालिका, महोत्तरी

# बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्न स्थानीय प्रणाली सुदृढीकरणको लागि सहयोगी पुस्तिकाको बारेमा

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको बारेमा समुदायसँगको अन्तरक्रियामा जमिला आसगरी, उपमेयर, राजपुर नगरपालिका, रौतहट



# बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्न स्थानीय प्रणाली सुदृढीकरणका लागि सहयोगी पुस्तिका

## १.१ सहयोगी पुस्तिकाको उद्देश्य

सहयोगी पुस्तिका स्थानीय तहलाई निम्नअनुसार आफ्नो वार्षिक योजनामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु विकास, कार्यान्वयन र अनुगमन गर्न सक्षम हुन मद्दत गर्दछ ।

- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई सम्बोधन गर्न क्रियाकलापहरु तर्जुमा, कार्यान्वयन, अनुगमन/मूल्यांकन् गर्ने क्षमता र सीपहरु अभिवृद्धि गर्नु ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवहरूले बालविवाह अन्त्यका योजना तर्जुमा तथा कार्यान्वयन गर्न आफ्नो भूमिका र जिम्मेवारी प्रभावकारी रूपमा वहन गर्न र स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रिया अनुसरण गर्नु ।
- गाउँ/नगरपालिकाहरूलाई तथ्यमा आधारित भई बालविवाह मुक्तक्षेत्र घोषणा गर्न सहयोग गर्नु ।
- प्रदेश सरकारको 'बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना- २०७८' लाई सहयोग पुऱ्याउने क्रियाकलाप कार्यान्वयनमा स्थानीय तहलाई सहयोग पुऱ्याउनु ।

## १.२ सहयोगी पुस्तिका तयारी प्रक्रिया

यस सहयोगी पुस्तिका तयारीका लागि अपनाइएको लक्षित समूह केन्द्रित डिजाइन (HCD) प्रक्रिया कार्यान्वयनमा मधेश प्रदेशको दुई जिल्ला महोत्तरी र रौतहटका गरी ६ वटा गाउँ/नगरपालिका र ५१ वटै वडाहरूका सम्बन्धित कर्मचारीहरु र निर्वाचित पदाधिकारीहरूको हरेक चरणहरूमा प्रत्यक्ष सहभागिता थियो । यसमा स्थानीय तहको योजना तर्जुमा प्रक्रियालाई अनुसरण गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दाका प्रत्यक्ष अनुभवहरु समावेश गरिएका छन् । यस पुस्तिकाको तयारी र समीक्षा प्रक्रियामा मुख्यगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, सामाजिक विकास समिति संयोजक, गाउँ/नगर कार्यपालिकाका (मेयर/अध्यक्ष, उपमेयर/उपाध्यक्ष, वडाध्यक्ष, महिला, दलित प्रतिनिधि), वडा सचिव, प्रमुख प्रशासकीय अधिकृत र अन्य सम्बन्धित कर्मचारीहरूको प्रत्यक्ष प्रतिनिधित्व थियो । यस पुस्तिकाको तयारीमा प्रदेशबाट सम्बन्धित मन्त्रालयको मार्गदर्शन र समीक्षाको लागि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको क्षेत्रमा कार्यरत साझेदार संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता थियो ।

## १.३ सहयोगी पुस्तिका प्रयोगकर्ता

यो सहयोगी पुस्तिका नेपाल सरकारको योजना तर्जुमा प्रक्रियाको सात चरणको पालना गर्दै बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको विकास, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्नका लागि गाउँ/नगरपालिका स्तरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, बालकल्याण अधिकारी र वडा सचिवले प्रयोग गर्न सक्दछन् ।

साथै यस विषयमा प्रत्यक्ष सरोकार राख्ने कार्यपालिका सदस्यहरू, सामाजिक विकास समिति संयोजक, योजना शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख, शिक्षा शाखा प्रमुख, बालअधिकार समितिहरू, बाल क्लबका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधि, संघ/संस्था तथा अभियन्ताहरूले पनि यसको उपयोग गर्न सक्दछन् । प्रदेश र संघीय सरकारका सम्बन्धित निकायहरूले आवश्यकताअनुसार सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सक्दछन् ।

## १.४ सहयोगी पुस्तिकालाई प्रयोग गर्ने समय

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको सहजै चयन, प्रभावकारी कार्यान्वयन र अनुगमन सुनिश्चित गर्न महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवहरूले पालना गर्नुपर्ने चरणहरूको विस्तृत विवरण र सयम सिमा यस सहयोगी पुस्तिकामा समावेश गरिएको छ ।

नेपाल सरकारको वार्षिक योजना तर्जुमा प्रक्रियालाई आधार मानेर यो पुस्तिकालाई तीन खण्डमा विभाजन गरिएको छ ।

- खण्ड १ –स्थानीय तहमा वार्षिक कार्यक्रम तर्जुमा सुरू हुनुभन्दा अगाडि (फागुन–१५ देखि वैशाखसम्म),
- खण्ड २– योजना तर्जुमा प्रक्रिया चलिरहेको समयमा (वैशाख– १५ देखि असारसम्म) र
- खण्ड ३– वार्षिक योजना स्वीकृत भइसकेपछि (साउन महिनाबाट) र आवश्यकताअनुसार सहयोगीको रूपमा वर्षभरि नै यसलाई प्रयोग गर्न सकिन्छ ।



कम्प्युटर तालिममा सहभागी किशोरीहरू, लोहारपट्टी नगरपालिका, महोत्तरी

# बालविवाह, उमेर नपुगी जबरजस्ती गरिने विवाहका सबालहरू र सामाजिक व्यवहार परिवर्तन: परिचय

■ सर्बदलीय समितिको बैठक, राजपुर नगरपालिका, रौतहट



# सामाजिक व्यवहार परिवर्तन


## सामाजिक व्यवहार परिवर्तन भनेको के हो ?

सामाजिक व्यवहार परिवर्तन भनेको प्राथमिक लक्षित समूहहरूको सक्रिय संलग्नतामा समाजमा प्रचलित हानिकारक सामाजिक व्यवहारहरु रूपान्तरण गर्ने प्रक्रिया हो । यसले मुख्य लक्षित समूहहरूको ज्ञान, धारणा, र अभ्यासहरु रूपान्तरणरण गरेर हानिकारक व्यवहारहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्दछ । यसबाहेक, यसले एक सहयोगी वातावरण सिर्जना गरी सामाजिक परिवर्तनको लागि सहजीकरण गर्दछ जसले निरन्तर सकारात्मक व्यवहारलाई बढावा दिन्छ । सामाजिक व्यवहार परिवर्तन प्रक्रियाको प्रारम्भिक चरणमा हामी कसको व्यवहार परिवर्तन गर्न खोज्दैछौं र व्यवहार परिवर्तनको अवरोध वा परिवर्तनको सहजकर्ताको रूपमा भूमिका खेल्ने प्रभावकारी कारकहरु (जस्तै तथ्य, विचार, विश्वास र सिद्धान्तहरु) पहिचान गर्नुपर्दछ । यी कारकहरु व्यवहार परिवर्तनको प्रवर्द्धन गर्ने उद्देश्यले रणनीतिक उद्देश्यहरु तयार गर्न प्रयोग गरिन्छ ।

हाम्रो स्वास्थ्य हाम्रो व्यवहारमा निर्भर गर्दछ । यदि हाम्रो व्यवहार स्वस्थ छ भने, हाम्रो स्वास्थ्य पनि सुदृढ रहन्छ । हामी जे कुरामा विश्वास गर्दछौं त्यसले हाम्रो स्वास्थ्यमा असर गरिरहेको हुन्छ । कुनै पनि व्यक्तिको व्यवहार उसको विश्वास र आचरणहरूमा निर्भर हुन्छ । उसको विश्वास र आचरण उसको वातावरणले निर्धारण गर्दछ । उक्त वातावरणमा उनीहरूलाई स्वस्थ व्यवहार गर्नबाट रोक्ने कारकहरु समावेश रहेको हुन्छ । एउटा व्यक्तिको लागि वातावरण उसको मूल्य, मान्यता, संस्कार, संस्कृति, परम्परा र आमसञ्चारमा उसको पहुँचको आधारमा बनेको हुन्छ, ती सबैले उसको निर्णय र व्यवहारमा प्रभाव पार्छ । लक्षित समूहहरूलाई प्रत्यक्ष रूपमा संलग्न गराउने र उनीहरूको सहभागिताबाट कारण र समाधानहरु पहिचान गरी कार्यान्वयन गर्नाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि महत्वपूर्ण भूमिका खेल्दछ ।

### १ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन किन आवश्यक छ ?

व्यवहार परिवर्तन व्यक्तिगत कुरा हो वा व्यक्ति आफैंले गर्नुपर्ने कार्य हो तर व्यक्तिले चाहेर मात्र पनि कतिपय व्यवहारहरु उसले परिवर्तन गर्न सक्दैन । व्यक्तिले गर्ने व्यवहारमा उसको परिवारको महत्वपूर्ण प्रभाव रहन्छ । परिवार उक्त व्यवहार परिवर्तनको लागि तयार भए पनि उसको समाजको सहयोग नभएसम्म उसले त्यस व्यवहारलाई परिवर्तन गर्न सक्दैन । त्यसैले व्यवहार परिवर्तनको कुरा गर्दा व्यक्तिलाई मात्र लक्षित गरेर नहुने हुँदा परिवार, समाज तथा यससँग सम्बन्धित नीति नियमलाई पनि लक्षित गर्नुपर्ने हुन्छ । समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनुको पछाडि परिवार र उसको समाजको महत्वपूर्ण भूमिका रहेको तथ्यले देखाएको छ । फलस्वरूप, बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई निरूत्साहित गरी हाम्रो समुदायमा छोरा वा छोरीको विवाह गर्ने उमेर २० वर्ष पुगेपछि मात्र गर्न प्रोत्साहित गर्ने वातावरण सिर्जना गर्नु अनिवार्य छ । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरण एक सहयोगी सामुदायिक वातावरणमा निर्भर गर्दछ । यस वातावरणलाई सहज बनाउने जिम्मेवारी हामी समुदायमा बसेका हामी सबैमा पर्दछ ।




चित्र १: **सामाजिक परिस्थिति नमुना** (Socio-ecological model)

## उदाहरणको लागि

मधेश प्रदेशमा अधिकांश मागी विवाह वा घरपरिवारले नै तय गरेर गरिदिने विवाहको चलन छ । अभिभावकले नै आफ्ना छोराछोरीको विवाहको निर्णय गर्ने गरेको पाइन्छ । अभिभावकको निर्णयलाई छरछिमेकी, नातागोता र समुदायमा भएका विभिन्न समूहले प्रभाव पार्ने गरेको पाइन्छ ।

लक्षित समूह-केन्द्रित डिजाइन प्रक्रिया कार्यान्वयनको क्रममा, मधेश प्रदेशका ६ वटा गाउँ/नगरपालिकाहरूमा मुख्य सरोकारवालाहरूद्वारा पहिचान गरिएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको निरन्तरतामा योगदान पुऱ्याउने कारणहरूमा निम्नानुसारका प्रमुख सामाजिक व्यवहारहरु पहिचान गरिएका छन् ।


१. स्थानीय नेतृत्वले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सबै जातजाति, धर्म, वर्ग, शिक्षित, अशिक्षित, बासस्थानमा (सहर र गाउँ) रहेको कुरा आत्मसात् नगरेको ।
२. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहविरूद्ध काम गर्न चाहना भएका व्यक्तिहरु एकत्रित हुन नसकेको ।

३. छोरीलाई कुनै लाञ्छना लागेमा परिवारको इज्जत जाने मानेर अभिभावकले छोरीलाई २० वर्ष उमेर नपुग्दै जबरजस्ती विवाह गरिदिने गरेको ।
४. अभिभावकले छोरीहरूको पढाइलाई प्राथमिकता नदिएको कारण छोरीहरू पढाइमा कमजोर र चाख कम लिने हुँदा समय र पैसा खर्च गर्नुभन्दा बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाह गरिदिने गरेको ।
५. प्रभावशाली नागरिक समाजका सदस्यहरू बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि उदासीन भएको ।

यी कारणहरूको विश्लेषणले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनुमा विभिन्न सामाजिक कारणहरू जिम्मेवार भएको र यसलाई सम्बोधन गर्न आवश्यक भएको सुझाव दिन्छ । थप विवरणका लागि लक्षित समूह-केन्द्रित डिजाइन प्रक्रिया कार्यान्वयनको संक्षिप्त प्रतिवेदन सन्दर्भ सामग्रीको सूचीमा राखिएको छ ।

## २. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम कसरी तयार गर्ने ?

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन क्रियाकलापको विकास, कार्यान्वयन, तथा अनुगमन र मूल्यांकन पनि व्यवस्थित तथा प्रक्रियागत हुन अत्यन्त आवश्यक हुन्छ । सामान्यतया, सामाजिक व्यवहार परिवर्तनका कार्यक्रम तयार गर्ने विभिन्न प्रक्रिया हुन सक्दछन् । यहाँ 'पी' प्रक्रियालाई प्रयोग गरेर कार्ययोजना तयार गरिएको छ (चित्र नं २) । 'पी' प्रक्रिया भनेको एउटा संरचनात्मक रूपरेखा हो, जसले सामाजिक व्यवहार परिवर्तनका लागि रणनैतिक कार्यक्रम तयार गर्ने तरिका चरणबद्ध रूपमा बताउँछ । यस प्रक्रियाका पाँच चरणहरू छन्, यी चरणहरूलाई क्रमशः उदाहरणहरू सहित आगामी खण्डहरूमा उल्लेख गरिएको छ ।




चित्र २: **'पी' प्रक्रिया**

क्रियाकलापहरू तयार गर्दा उद्देश्य र लक्षित समूहमा प्रस्ट हुनुपर्दछ । उद्देश्य तयार गर्दा गन्तव्य निर्धारण गर्नुपर्छ । कतिपय व्यवहारहरू अवलम्बन नगर्नुको कारणहरू पनि विश्लेषण र त्यसका समाधानका उपायहरू खोजिनुपर्छ । उदाहरणको लागि आमाबाबुले बालविवाह वा उमेर नपुगी वा जबरजस्ती गरिने विवाहबाट उमेर नपुगी हुन सक्ने गर्भधारणको कारण स्वास्थ्यमा आउन सक्ने जटिलताहरूका कारण हुन सक्ने खर्चका बारेमा जानकार भए पनि किन उनीहरू आफ्ना छोराछोरीको बालविवाह वा उमेर नपुगी वा जबरजस्ती विवाह गर्दछन् भन्ने जस्ता कुराको विश्लेषण गर्न आवश्यक हुन्छ ।

अपेक्षित व्यवहार परिवर्तनको लागि लक्षित समूहलाई सकेसम्म विभिन्न क्रियाकलापहरूले समेटेको हुनुपर्छ । उदाहरणका लागि लक्षित समूहले सामूहिक अन्तरक्रिया, समूह छलफल, घरभेटजस्ता कार्यक्रम र सामाजिक सञ्जालमा राखिएका सन्देश आदिबाट सन्देशहरु पाउन सक्दछन् । एउटै क्रियाकलापमा मात्र सहभागी भएर उनीहरूको व्यवहार परिवर्तनमा धेरै फरक पर्दैन । व्यक्तिले व्यवहार परिवर्तन तब मात्र गर्न सक्छ जब उसले त्यस व्यवहारको बारेमा हरेक सम्भावित पक्षबाट सुन्छ, वा त्यससँग सम्बन्धित कार्यक्रमहरूमा भाग लिन्छ । तसर्थ, कुनै पनि व्यवहार परिवर्तनका क्रियाकलापलाई अभियानको रूपमा डिजाइन गर्नुपर्छ ।

**समुदाय र सरोकारवालाहरूबाट संकलन गरिएको सूचनाहरूको विश्लेषण गरेर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका बाधाहरू पहिचान गर्न सकिन्छ । रौतहट र महोत्तरी जिल्लाका गरी ६ वटा विभिन्न गाउँ/नगरपालिकाहरूमा लक्षित समूह केन्द्रित डिजाइन प्रक्रिया (HCD) कार्यान्वयन गरी पहिचान गरिएका समस्याहरू र समुदायबाट संकलन गरिएको जानकारीको विश्लेषण, तुलना र जाँच गरेर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका बाधाहरूको पहिचान गर्न सकिन्छ ।**

## ३. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका योजनाहरू गाउँ/नगरपालिकाको वार्षिक योजनामा कसरी समावेश गर्न सकिन्छ ?

गाउँ/नगरपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियामा बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु सजिलै छनोटको सुनिश्चितता गर्न, महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवहरूले वडा बालअधिकार समितिसँग समन्वय गरी तथ्यांकको आधारमा क्रियाकलापहरूको पूर्वतयारी गर्नु आवश्यक हुन्छ । यी पूर्वतयारी गरिएका क्रियाकलापहरूलाई स्थानीय र वडा बालअधिकार समितिले बस्तीस्तरको भेलामा र सामाजिक विकास संयोजकहरूले गाउँ/नगर कार्यपालिकामा प्रभावकारी रूपमा प्रस्तुत गर्नुपर्छ । यसरी प्रस्तुत गर्दा वडा समिति र गाउँ/नगर सभाले बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरूको लागि आवश्यक बजेट विनियोजन गर्न मद्दत गर्दछ । हरेक चरणमा गर्नुपर्ने कार्य खण्ड १ मा दिइएको छ ।

### *स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार योजना तर्जुमाका ७ चरण*

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार योजना तर्जुमाका ७ चरणहरु, जिम्मेवारी र त्यसको लागि समय सीमा तल उल्लेख गरिएको छ । यस तालिकाअनुसार पनि बस्तीस्तरमा योजना छनोट क्रियाकलाप सुरू हुनुभन्दा अगाडि शाखाले आफ्नो शाखाको लागि प्रस्ताव गर्ने कार्यक्रमको तयारी गरी सक्नु पर्दछ ।

**तालिका १: स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार योजना तर्जुमाका ७ चरण**

| चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समय सीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| **१. बजेटको पूर्वतयारी** | १. विषय क्षेत्रसँग सम्बन्धित सूचना संकलन र विश्लेषण गरी स्थिति पत्र अध्यावधिक गर्ने | मंसिर मसान्तभित्र | विषयगत महाशाखा/ शाखा |
| | २. आगामी आ.व.मा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना समेत कार्यक्षेत्र भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको विवरण तयार गर्ने | पुस १५ गतेभित्र | विषयगत महाशाखा/ शाखा, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समिति |
| | ३. आगामी आ.व.को राजस्व (आन्तरिक स्रोत, राजस्व बाँडफाँड, रोयल्टी, अनुदान र ऋण) को प्रक्षेपण र अनुमान तयार गर्ने | पुस १५ गतेभित्र | राजस्व परामर्श र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | ४. आयव्ययको प्रक्षेपण गरिएको तथ्यांक विवरण संघ र प्रदेशको अर्थ मन्त्रालयमा पेस गर्ने | पुस मसान्तसम्म | राजस्व तथा आर्थिक प्रशासन शाखा |
| | ५. विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यलाई जिम्मेवारी दिने | माघ मसान्तभित्र | कार्यपालिका |
| **२. स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण** | ६. संघ र प्रदेशबाट अनुदान र राजस्व बाँडफाँड र रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त गर्ने | संघबाट फागुन र प्रदेशबाट चैत मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| | ७. गैरसरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था आदिसँग योजना तथा बजेट सम्बन्धमा पूर्वबजेट छलफल गर्ने | चैत मसान्तभित्र | प्रमुख/अध्यक्ष |
| | ८. नीति तथा कार्यक्रम तयार गरी अध्यक्ष/प्रमुखद्वारा सभामा पेस गर्ने | वैशाख ७ गतेभित्र | प्रमुख/अध्यक्ष |
| | ९. बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गर्ने | वैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | १०. कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तयार गर्ने | वैशाख १० गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | ११. विषयगत महाशाखा/शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने | वैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |

| चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समय सीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| **३. बस्ती/टोल स्तरबाट योजना छनोट** | १२. बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड गर्ने | वैशाख मसान्तभित्र | वडा समिति |
| | १३. बस्ती/टोलस्तरमा आयोजना छनोट गरी वडा समितिमा पेस गर्ने | वैशाख मसान्तभित्र | वडा समिति र समितिका तोकिएका सदस्य |
| **४. वडास्तीय निर्धारण** | १४. बस्ती/टोल स्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रअनुसार छुट्ट्याउने | जेठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| | १५. वडाको बजेट सीमाभित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने | जेठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| **५. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा** | १६. विषयगत महाशाखा/शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | जेठ १५ गतेभित्र | विषयगत महाशाखा/शाखा |
| | १७. विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा सांकेतीकरण गर्ने | जेठ २५ गतेभित्र | विषयगत समिति |
| | १८. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | जेठ मसान्तभित्र | बजेट तथा कार्यक्रम तर्जुमासमिति |
| | १९. गैरसरकारी संस्था तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | २०. आर्थिक विधेयकको मसौदा तयार गरी पेस गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | २१. विनियोजन विधेयकको मसौदा तयार गरी पेस गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| **६. कार्यपालिकाबाट स्वीकृति र सभामा पेस** | २२. बजेट (राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक एवं विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्ने | असार १० गतेभित्र | स्थानीय कार्यपालिका |
| **७. सभाबाट स्वीकृति** | २३. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | असार मसान्तभित्र | स्थानीय सभा |
| | २४. बजेट पुस्तिका तयारी तथा छपाइ गर्ने | साउन १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |

# बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन गर्न विभिन्न निकाय तथा सरोकारवालाहरूको भूमिका

■ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि प्रतिबद्धता, लोहारपट्टी नगरपालिका, महोत्तरी



# बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन गर्न विभिन्न निकाय तथा सरोकारवालाहरूको भूमिकाहरू

## गाउँ/नगरकार्यपालिका

- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था र कारणहरु पहिचान गर्न नियमित रूपमा तथ्यांक संकलन र विश्लेषण गर्ने ।
- वार्षिक योजना तर्जुमा गर्दा स्थानीय र वडा बालअधिकार समितिसँग समन्वय र परिचालन गरेर वडा र गाउँ/नगरपालिकाका योजना तयार गर्ने ।
  - गाउँ/नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको योजना तर्जुमा प्रक्रियाको समय परिधिभित्र रही आफ्नो आवश्यकताअनुसार आफ्नो योजना तर्जुमाको लागि समय सीमा तोक्न सक्दछ ।
- वडा स्तरमा भएका कार्यक्रमको नियमित समीक्षा गरी गाउँ/नगर कार्यपालिकाबाट कार्यक्रम छनोट गर्ने ।
- गाउँ/नगरपालिका वा वडाले बजेटको उत्तरदायित्व सबैलाई दिन छुट्ट्याइएको बजेटको जिम्मेवारी सम्बन्धित व्यक्ति वा शाखाको मात्रै हो भन्ने बुझाइलाई कम गर्न बजेटलाई पारदर्शी बनाउने ।
- गाउँ/नगरकार्यपालिकाले बढी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुने गरेको वडाका अन्य शीर्षकको बजेट कटौती गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापमा लगानी गर्ने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि काम गर्ने संघ, संस्थाहरूको पहिचान गरी परिचालन गर्ने ।
- समुदायमा सञ्चालित बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमहरूमा सहभागी, अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

## सामाजिक विकास समिति संयोजकको भूमिका

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट पेस गरिएको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूसहितको योजनालाई कार्यपालिकामा पेस गरी आवश्यक स्रोत जुटाउन पहल गर्ने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका विभिन्न क्रियाकलापहरु वार्षिक योजनामा समावेश गराउन सामाजिक विकास समिति र बजेट तथा योजना तर्जुमा समितिमा पैरवी गर्ने ।
- स्थानीय स्तरमा सञ्चालन भएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका विभिन्न क्रियाकलापहरूको अनुगमन गर्ने र बालअधिकार समिति र महिला, बालबालिका, तथा ज्येष्ठ नागरिक शाखालाई आवश्यक मार्ग निर्देशन गर्ने ।
- बालविवाह र उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषणाको लागि कार्ययोजना तयार गर्न महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई सहयोग गर्ने ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

- वार्षिक योजना तयारी प्रक्रियामा बस्ती स्तरको भेला हुनुभन्दा अगाडि भेलामा प्रस्तुत गर्न बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु तयार गर्न वडा/स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने ।
- वार्षिक योजना तर्जुमा प्रक्रियामा सबै बस्ती भेलाहरूमा वडा/स्थानीय बालअधिकार समितिका सदस्यहरूको सहभागिता यकिन गर्ने ।
- वार्षिक योजना तर्जुमाको समयमा वडा स्तरमा छनोट भएका कार्यक्रम र अनुमानित बजेटबारे नगर सभामा पेस गर्नुअघि सामाजिक विकास संयोजकलाई प्रस्ट पार्ने ।
- वडा/स्थानीय बालअधिकार समितिहरूलाई जिम्मेवार बनाई समुदाय स्तरमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका विभिन्न क्रियाकलापमा सञ्चालन गर्ने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका विभिन्न क्रियाकलाप कार्ययोजनाअनुसार सञ्चालन र अनुगमन गर्ने/गराउन प्राविधिक सहयोग गर्ने र सिकाइहरु नियमित साझा गर्ने ।
- वडा/स्थानीय बालअधिकार समितिको क्षमता अभिवृद्धिको लागि कार्यक्रम गर्ने र आवश्यकताअनुसार क्षमता अभिवृद्धि गर्न अन्य निकायसँग समन्वय गर्ने ।
- वडा/स्थानीय बालअधिकार समिति र सम्बन्धित निकाय वा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको क्षेत्रमा कार्यरत संघ, संस्थाहरूसँग नियमित छलफल र आवश्यक समन्वय गर्ने ।
- कार्यक्रमको प्रगति विवरणको अभिलेख तथा प्रतिवेदन राख्ने ।

## वडा सचिव

- वार्षिक योजना तर्जुमाको लागि वडा बालअधिकार समिति र बाल क्लबका सदस्यहरूको बस्ती भेलामा सक्रिय सहभागिताको यकिन गर्ने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप वडा समितिबाट पारितको लागि पैरवी गर्ने ।
- वडा बालअधिकार समितिको क्षमता अभिवृद्धिका क्रियाकलापहरु सञ्चालन गर्ने र बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन गर्ने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका कार्ययोजना कार्यान्वयन गर्ने ।

## योजना शाखा

- सम्बन्धित स्थानीय टोल वा वडा स्तरबाट छनोट भएर आएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका योजनाहरूलाई वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्न प्राथमिकता दिने र कार्यान्वयनमा सहयोग गर्ने ।

## स्वास्थ्य शाखा

- २० वर्ष मुनिका गर्भवती जाँच तथा सुत्केरी जाँच गराउन आएका महिलाहरूको तथ्यांक अध्यावधिक गर्ने र महिला तथा बालबालिका शाखालाई तथ्यांक उपलब्ध गराउने ।
- वार्षिक कार्यक्रम तयार गर्दा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखासँग समन्वय गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका सहयोगी कार्यक्रम तयार गर्ने ।

## शिक्षा शाखा

- कक्षा ६, ७ र ८ मा छात्राको कुल विद्यालय भर्ना दर र विद्यालय छोड्नेको दर, कक्षा ९ र १० मा छात्राको विद्यालय भर्ना र विद्यालय छोड्ने छात्राको दर अध्यावधिक गर्ने र महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखालाई तथ्यांक उपलब्ध गराउने ।
- किशोरीको विद्यालयमा निरन्तरता कायम राख्न आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न विद्यालयलाई आवश्यक सहयोग गर्ने ।
- वार्षिक कार्यक्रम तयार र कार्यान्वयन गर्दा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखासँग समन्वय गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन सहयोगी कार्यक्रम तयार गर्ने ।

## बालअधिकार समितिहरू

### *वडास्तरीय बालअधिकार समिति*

- नियमित रूपमा आफ्नो वडामा भएको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्बन्धी तथ्यांक संकलन गरी समीक्षा गर्ने र प्रत्येक तीन महिनामा स्थानीय बालअधिकार समितिमा पठाउने ।
- वार्षिक योजना तर्जुमा प्रक्रियामा बस्ती भेलामा सक्रियतापूर्वक सहभागी भई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु योजनामा समावेश गर्न तथ्य र तथ्यांकसहित प्रस्ताव गर्ने ।
- वडास्तरीय योजना तर्जुमा समितिबाट क्रियाकलाप छनोटमा परे नपरेको यकिन गर्ने र क्रियाकलाप समावेश गराउन पैरवी गर्ने ।
- आफ्नो वडामा बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप सञ्चालन गर्न वडा कार्यालयलाई सहयोग गर्ने ।
- वडास्तरमा संचालन भएका क्रियाकलापहरूको नियमित अनुगमन गर्ने ।
- कार्यक्रमको प्रगतिको बारेका स्थानीय बालअधिकार समितिमा प्रस्तुत गर्ने ।
- वडामा रहेका बाल क्लब, सञ्जालको सूची तयार गरी कार्यक्रममा समेट्ने ।

### *स्थानीय बालअधिकार समिति*

- बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहको तथ्यांक संकलन तथा अध्यावधिक र नियमित समीक्षा गर्ने ।
- वार्षिक योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिताको लागि तथ्यमा आधारित गाउँ/नगरस्तरीय बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु पहिचान गरी वार्षिक योजनामा समावेश गराउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई सहयोग गर्ने ।

- योजन तर्जुमा समितिबाट क्रियाकलाप छनोटमा परे, नपरेको यकिन गर्ने र क्रियाकलाप समावेश गराउनको लागि पैरवी गर्ने ।
- आफ्नो वडा र गाउँ/नगरपालिकामा सञ्चालित बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप कार्यान्वयन गर्न वडा बालअधिकार समितिलाई सहयोग गर्ने ।
- वडास्तरमा कार्यान्वयन भएका क्रियाकलापहरूको नियमित अनुगमन गर्ने ।
- क्रियाकलाहरूको प्रगतिको बारेका गाउँ/नगरपालिका बैठकहरूमा नियमित प्रस्तुत गर्ने ।

## प्रदेशस्तरीय सम्बन्धित मन्त्रालय

- प्रदेशस्तरीय बालविवाह अन्त्यसम्बन्धी रणनीतिक योजनाको लक्ष्य प्राप्तिका लागि सामाजिक व्यवहार परिवर्तनका रणनीति तथा क्रियाकलापहरु तर्जुमा गरी बजेट विनियोजन गर्ने ।
- प्रदेशभित्रका गाउँ/नगरपालिकाहरूलाई बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापको विश्लेषण, मूल्यांकन र कार्यान्वयनको लागि प्राविधिक तथा नीतिगत सहयोग प्रदान गर्ने ।
- बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि संघ, प्रदेश, अन्य नगरपालिका र साझेदारहरूसँग समन्वय, सहकार्य र पैरवी गर्ने ।
- स्थानीय तहमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषणा कार्यविधि कार्यान्वयनमा ल्याउन सहयोग गर्ने ।

## संघीय सरकार

### *महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय*

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लक्ष्य पूरा गर्न राष्ट्रियस्तरमा सामाजिक व्यवहार परिवर्तन कार्यक्रमको लागि नीति, रणनीति तथा कार्यक्रम तर्जुमा र यसअनुसार प्रदेशको सम्बन्धित मन्त्रालय तथा स्थानीय तहमा आवश्यक सहयोग तथा समन्वयात्मक भूमिका निर्वाह गर्ने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहविरूद्धका विद्यमान कानुनी प्रावधानहरु कार्यान्वयन गर्न स्रोतको उपलब्धता सुनिश्चित गर्ने ।

# खण्ड १

# पूर्वतयारीः

## स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रिया सुरु हुनुभन्दा अगाडि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवको भूमिका ।

(प्रत्येक वर्षको फागुनदेखि वैशाख १५ सम्म)

■ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको बारेमा धार्मिक गुरुहरुसंग अन्तरक्रिया गर्दै रामजि यादव वडा अध्यक्ष, लोहारपट्टी नगरपालिका-३, महोत्तरी



**पूर्वतयारीः** स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रिया सुरू हुनुभन्दा अगाडि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवको भूमिका ।
(प्रत्येक वर्षको फागुनदेखि वैशाख १५ सम्म):

**१.१. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसँग सम्बन्धित संख्यात्मक तथ्यांकको संकलन तथा विश्लेषण**

१.१.१ उपलब्ध तथ्यांक संकलन तथा विश्लेषण (संख्यात्मक)

१.१.२ जनगणनाद्वारा तथ्यांक संकलन तथा विश्लेषण

१.१.३ वडा बालअधिकार समितिबाट तथ्यांक संकलन तथा विश्लेषण

१.१.४ परिणाममूलक सूचकहरूको विश्लेषण

**१.२. समुदायहरूबाट गुणात्मक तथ्यांक संकलन तथा विश्लेषण**

१.२.१ लक्षित समूह केन्द्रित डिजाइन प्रक्रियाबाट आएको तथ्यांकको समीक्षा

१.२.२ समुदायबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्बन्धी समस्याको पहिचान

१.२.३ लैंगिक तथा सामाजिक समावेशीकरणको सुनिश्चितता

१.२.४ सरोकारवाला संस्थाहरूसँगको समन्वय

**१.३. स्थानीय बालअधिकार समितिबाट क्रियाकलापहरू तथा बजेट तयारी**

१.३.१ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका कार्ययोजना तर्जुमा

१.३.२ स्थानीय र वडा बालअधिकार समितिहरूबाट प्रस्ताव गरिने क्रियाकलाप तथा बजेटमा सहमति

**१.४. वडा समिति र नगर/गाउँपालिका कार्यपालिकामा प्रस्तावित योजना तथा बजेट प्रस्तुत**

१.४.१ वडा समितिमा कार्यक्रम तथा बजेट प्रस्तुत गरी स्वीकृतको लागि पहल

१.४.२ गाउँ/नगर कार्यपालिकामा प्रस्तावित कार्यक्रम तथा बजेट प्रस्तुत गरी स्वीकृतको लागि पहल


# १. पूर्वतयारीः

## वार्षिक योजना तर्जुमा प्रक्रिया सुरु हुनुभन्दा अगाडि

वडास्तरीय वार्षिक योजना तर्जुमा सुरु हुनुभन्दा अगाडि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवहरूले तथ्यमा आधारित भई आगामी आर्थिक वर्षको लागि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन गर्न प्रस्ताव गरिने क्रियाकलापहरु तयार गर्नुपर्दछ । यी तयारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा उल्लेख भए अनुसार ३ देखि ७ चरण सुरु हुनुभन्दा अगाडिको चरण हो । यस समयमा तयार गरिएको क्रियाकलाप नै वार्षिक योजना तर्जुमा प्रक्रियाको चरण ३ वा वस्तीस्तरको भेलामा प्रस्ताव गर्नका लागि हो ।

तथ्य, तथ्यांकलाई आधार मानेर प्रभावकारी कार्यक्रम तयार गर्न कुनै न कुनै व्यवस्थित प्रक्रिया अपनाउनु पर्दछ । सामान्यतया सामाजिक व्यवहार परिवर्तनका लागि कार्यक्रम तयार गर्न विभिन्न प्रक्रिया हुन सक्दछन्, यहाँ 'पी' प्रक्रियालाई प्रयोग गरी कार्ययोजना तयार गर्ने प्रक्रिया प्रस्तुत गरिएको छ । 'पी' प्रक्रिया भनेको एउटा संरचनात्मक रुपरेखा हो, जसले सामाजिक व्यवहार परिवर्तनका लागि रणनैतिक कार्यक्रम तयार गर्ने तरिका चरणबद्ध रुपमा बताउँछ । यस प्रक्रियाका ५ चरणहरु छन् र जसलाई लाई क्रमशः दुर्गाभगवती गाउँपालिकाले आ.व. २०७९/०८० का लागि तयार गरेको योजनाको आधारमा उदाहरणहरु सहित तलका बुँदाहरुमा उल्लेख गरिएको छ ।


### पी प्रक्रिया




**चरण १:** विश्लेषण
**चरण २:** रणनैतिक उद्देश्य
**चरण ३:** कार्यक्रम तर्जुमा तथा परीक्षण
**चरण ४:** कार्यान्वयन, अनुगमन
**चरण ५:** मूल्यांकन

क्षमता, अभिवृद्धि, सहभागिता तथा विभिन्न सिद्धान्तहरु यी चरणहरु कार्यान्वयनका क्रममा आउँछन् ।

## 'पी' प्रक्रियाः चरण १ विश्लेषण




विश्लेषण चरणमा तथ्याकबाट बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको वर्तमान अवस्था, सामाजिक मान्यताहरु र व्यवहार बुझ्ने गरिन्छ । तथ्यांकको अर्थ संख्यात्मक (कति मानिसहरूलाई यसले प्रभाव पार्छ) र गुणात्मक (किन यो भइरहेको छ) विषयहरूसँग सम्बन्धित छ । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि क्रियाकलापहरु तयार गर्दा दुवै प्रकारका तथ्यांक महत्वपूर्ण हुन्छन् । विश्लेषणबाट आएका तथ्यांकले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्न सम्भावित क्रियाकलापहरूलाई प्राथमिकता दिन मद्दत गर्छ । उपलब्ध वा सम्भावित तथ्यांकका स्रोतहरु, संकलन र विश्लेषणका प्रक्रियाहरु निम्न छन् ।

### १.१ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसँग सम्बन्धित संख्यात्मक तथ्यांक संकलन र विश्लेषण

गाउँ/नगरपालिकाहरूमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसँग सम्बन्धित तथ्यांक संकलन र विश्लेषण गर्ने धेरै तरिकाहरु छन् र तिनीहरूलाई निम्न चार मुख्य तरिकाहरूमा वर्गीकृत गर्न सकिन्छ ।

#### *१.१.१ उपलब्ध तथ्यांक (संख्यात्मक) संकलन तथ्य विश्लेषण*

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसँग सम्बन्धित प्रत्यक्ष रूपमा संकलन गरिएको तथ्यांक उपलब्ध नभएमा विभिन्न उपलब्ध स्रोतहरु जस्तै स्वास्थ्यमा २० वर्षमुनिको गर्भवती जाँचको संख्या, शिक्षामा ६, ७, ८, ९ र १० कक्षाको विद्यार्थी भर्ना र छोड्ने छात्राहरूको संख्या, बालविवाह, उमेर नपुगी तथा जबरजस्ती गरिने विवाह सम्बन्धमा प्रहरीमा परेको उजुरी संख्या आदिबाट पनि यसको अवस्था आकलन गर्न सकिन्छ । सरकारी निकायको निम्न उल्लेखित वेवसाइटहरूबाट, स्वास्थ्य संस्था, विद्यालय र प्रहरी चौकीको दर्ता किताबबाट पनि यी तथ्यांकहरु लिन सकिन्छ ।

**तालिका २: बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसँग सम्बन्धित तथ्यांकहरू उपलब्ध हुने स्रोतहरू**

| क्र.सं | सूचक | अवधि | स्रोत |
|---|---|---|---|
| १ | जम्मा गर्भवती जाँच गर्न आउनेमध्ये २० वर्षमुनिको गर्भवती जाँच गराउनेको संख्या/प्रतिशत | चौमासिक | IHIMS : Home (hmis.gov.np) वा स्वास्थ्य संस्थाको दर्ता किताब |
| २ | जम्मा स्वास्थ्य संस्थामा सुत्केरी गर्न आउनेमध्ये २० वर्षमुनिको संख्या/प्रतिशत | चौमासिक | स्वास्थ्य संस्थाको दर्ता किताब |
| ३ | कक्षा ६, ७, ८ मा छात्राको विद्यलय भर्ना दर | वार्षिक | Flash Report - IEMIS Reported School Level Data (https://cehrd.gov.np/infocenter/17) वा विद्यालय दर्ता किताब |
| | कक्षा ९ र १० मा छात्राको विद्यलय भर्ना दर | वार्षिक | |
| ४ | कक्षा ६, ७, ८ मा छात्राको विद्यालय छोड्ने दर | वार्षिक | Flash Report- IEMIS Reported School Level Data (https://cehrd.gov.np/infocenter/17) वा विद्यालय दर्ता किताब |
| | कक्षा ९ र १० मा छात्राको विद्यालय छोड्ने दर | | |
| ५ | प्रहरीमा बालविवाह, उमेर नपुगी तथा जबरजस्ती विवाह हुन लागेको वा भएको बारे परेको उजुरी संख्या | त्रैमासिक | स्थानीय प्रहरी उजुरी दर्ता किताब |

राष्ट्रिय जनगणना प्रतिवेदन, २०७८ तथ्यांकलाई बालविवाह जानकारीको लागि वैकल्पिक स्रोतका रूपमा विश्लेषण गरेर पनि हेर्न सकिन्छ ।

**राष्ट्रिय जनगणना तथ्यांकबाट बालविवाहको अवस्थाको विश्लेषण गर्ने तरिकाः** २० देखि २४ वर्ष उमेरका पुरूष र महिलाहरूको प्रतिशत जसले १८ वर्षअघि विवाह गरेका थिए ।

यहाँ दिइएको URL,https://censusnepal.cbs.gov.np/results/downloads/provincial/2 लिंकमा घरधुरी र जनसंख्यासम्बन्धी विभिन्न जानकारी समावेश छ । खासगरी, तालिका ११ बाट गाउँ/नगरपालिकाहरूको १८ वर्षको उमेर पूरा नहुँदै विवाह गरेका २० देखि २४ वर्षका पुरूष र महिलाहरूको प्रतिशत हेर्न सकिन्छ । यो तालिकामा विवाहको गरेको उमेरअनुसार विभिन्न उमेरसमूहहरूमा वर्गीकृत तथ्याक समावेश छ ।

गाउँ/नगरपालिकामा १८ वर्षको उमेर नपुग्दै विवाह गरेका २० देखि २४ वर्षका पुरूष र महिलाको प्रतिशत गणना गर्नको लागि निश्चित गाउँ /नगरपालिकाको खण्डमा गएर २० देखि २४ वर्षको उमेरसमूह छनोट गरी गणना गर्नुपर्ने हुन्छ । १० वर्षभन्दा कम उमेरमा, १० र १४ बीचमा र १५ र १७ वर्षको बीचमा विवाह गर्ने जनसंख्याको योगफल गणना गर्नुपर्छ । १८ वर्षको उमेर पूरा नहुँदै विवाह गरेका २० देखि २४ वर्षका पुरूष र महिलाको प्रतिशत निकाल्न २० देखि २४ वर्षको उमेरसमूह छनोट गरी १० वर्षभन्दा कम, १० देखि १४, र १५ देखि १७ उमेरमा विवाह गर्ने जनसंख्याको योगफल निकाल्न आवश्यक छ । सो योगफललाई २० देखि २४ वर्ष उमेरसमूहभित्रका विवाहित व्यक्तिहरूको कुल जनसंख्याले भाग गर्दा २० देखि २४ वर्षको विवाहित जनसंख्याले १८ वर्षको उमेर नपुग्दै विवाह गरेको प्रतिशत निस्कन्छ । यो सूचकबाट प्रत्येक प्रदेश र गाउँ/नगरपालिकाहरूको विवाहको उमेर विश्लेषण गर्न सकिन्छ । साथै, लिंग (पुरूष र महिला) को आधारमा पनि तथ्यांक प्राप्त गर्न सकिन्छ ।

### *१.१.२ जनगणनाद्वारा तथ्यांक संकलन तथा विश्लेषण*

स्वास्थ्य, शिक्षालगायत विभिन्न क्षेत्रहरूबाट बालविवाह, उमेर नपुगी गरिने विवाहसम्बन्धी जानकारी संकलन गरिए तापनि यी क्षेत्रहरूले बालविवाहको पूर्ण अवस्था दिन सक्दैनन् । तसर्थ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्बन्धी यकिन तथ्यको लागि छुट्टै सर्वेक्षण गरी तथ्यांक संकलन गर्न सकिन्छ । यसरी तथ्यांक संकलन गर्दा विवाहसम्बन्धी प्रश्नहरु जस्तै विवाहको प्रकार, मिति, दुलहादुलहीको विवाह हुँदाको उमेर, शैक्षिक तथा अभिभावहरूको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्बन्धी धारणाबारेमा समेत तथ्यांक संकलन गर्नुको साथै घरपरिवार जनसांख्यकीय विवरणहरु संकलन गर्न सकिन्छ । यसरी संकलन गरिएको तथ्यांकले गाउँ/नगरपालिकालाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसँग सम्बन्धित जनसांख्यकीय कारकहरु पहिचान गर्न मद्दत गर्नुको साथै प्रभावकारी योजना निर्माणका लागि पनि सहयोग गर्दछ ।

रौतहट (दुर्गाभगवती गाउँपालिका, राजपुर नगरपालिका) र महोत्तरी (पिपरा गाउँपालिका, जलेश्वर, लोहारपट्टी र मटिहानी नगरपालिका)को विभिन्न ६ वटा गाउँ/नगरपालिकाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्बन्धी आधारभूत तथ्यांक संकलन गर्न जनगणना गरेका छन् । जनगणनामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्बन्धी जानकारी संकलनका साथै अन्य सान्दर्भिक क्षेत्रहरु समावेश गरिएका थिए ।

यदि कुनै गाउँ/नगरपालिकाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहबारे तथ्यांक संकलन गर्न जनगणना गर्ने योजना बनाएमा, उनीहरूले माथि उल्लेखित गाउँ/नगरपालिकाहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखलाई तथ्यांक संकलनका प्रक्रिया र सम्बन्धित अन्य जानकारीको लागि सम्पर्क गर्न सक्दछन् । समुदायको मार्गदर्शन र सहयोग प्राप्त गर्न तथ्यांक विश्वसनीय र उच्च गुणस्तरको हुनुपर्छ । यस प्रक्रियालाई सहज बनाउन ती गाउँ/नगरपालिकाहरूसँग रहेका स्रोतहरु जस्तै– गणकहरु नियुक्त गर्ने दिशानिर्देशहरु, पर्यवेक्षकहरु र गणकहरूका लागि प्रशिक्षण तालिका र सामग्रीहरु, बालविवाहको तथ्यांक संकलन गर्न तयार गरिएको प्रश्नावली र मोबाइलमा KOBO Tools प्रयोग गर्नका लागि प्रश्नावलीको ढाँचा आदि उपयोग गर्न सक्छन् । जनगणना तथ्यांक संकलन प्रक्रिया प्रभावकारी र उच्च गुणस्तरका साथ सम्पन्न गर्नका लागि गाउँ/नगरपालिकाले उपलब्ध विशेषज्ञसँग आवश्यक सहयोग लिन सक्दछन् ।

### *१.१.३. वडा बालअधिकार समितिबाट तथ्यांक संकलन तथा विश्लेषण*

मधेश प्रदेश बालअधिकारसम्बन्धी ऐन, २०७७ को परिच्छेद ६ को दफा ४२ अनुसार सबै स्थानीय तहले बाल संरक्षणको लागि बाल संरक्षण र प्रवर्द्धन कार्यविधि तयार गर्नु पर्दछ । यस कार्यविधिअनुसार प्रत्येक गाउँ/नगरपालिका र वडामा बालअधिकार समिति अनिवार्य गठन गर्ने उल्लेख गरेको हुनुपर्दछ ।

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सम्बन्धमा स्थानीय समुदायको जानकारी राख्ने तथा सम्बन्धित समुदायलाई प्रतिनिधित्व गर्ने वडा बालअधिकार समितिहरूले स्थानीय बालअधिकार समितिसँगको सहकार्यमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्बन्धी तथ्यांक संकलन, विद्यमान सामाजिक व्यवहार र सुझावहरूको अभिलेख व्यवस्थित गर्न सक्दछन् । वडास्तरीय बालअधिकार समितिले नियमित (प्रत्येक दुई महिना वा त्रैमासिक समीक्षा) बैठकबाट बालविवाहको वास्तविक तथ्य तथ्यांक संकलन गर्न सक्दछन् र संकलित तथ्यांकलाई स्थानीय बालअधिकार समितिमा समेत पठाई आवश्यक सूचनाको तुरुन्त उपयोगको लागि वतावरण तयार गर्न सक्दछ । स्थानीय बालअधिकार समितिले वडा बालअधिकार समितिबाट प्राप्त तथ्यांकका साथै वडाहरूसँग समन्वय गरी वार्षिक योजनामा समावेश गरिएको कुनै पनि क्रियाकलापहरूको विश्लेषण र छलफल गरी आवश्यक निर्णय गर्न सक्छ । भर्खरै, महोत्तरी र रौतहट जिल्लाका ६ गाउँ/नगरपालिकाहरूले वडाहरूबाट गाउँ/नगरपालिकामा यी तथ्यांकहरूको पहुँच बढाउनको लागि अनलाइन सूचना प्रणाली अपनाएका छन् । यस्तै अनुगमन प्रणाली अन्य गाउँ/नगरपालिकाले पनि अपनाउन सक्दछन् (थप विवरणहरूको लागि कृपया अनुगमन खण्डमा हेर्नुहोस्)

**यदि कुनै गाउँ/नगरपालिकामा बालअधिकार समिति गठन नभइसकेको अवस्थासम्मको लागि त्यहाँको वडा समितिमार्फत पनि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको तथ्यांक संकलन गर्न सकिन्छ । वडा समितिको नियमित बैठकमा वडा सचिवले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको तथ्यांक संकलनबारे एउटा प्रस्ताव समावेश गरी प्रत्येक वडा सदस्यहरू मार्फत समुदायमा सोधपुछ गरी आफूले प्रतिनिधित्व गरेका समुदायमा जम्मा भएका विवाह र त्यसमध्येबाट २० वर्ष उमेर नपुगी गरिएको विवाहका तथ्यांक संकलन गर्न सक्दछ ।**

**तालिका ३: बालअधिकार समितिको बैठकबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको संख्या संकलन गर्नको लागि फारमको नमुना**

| क्र.सं. | नवविवाहित (छोरा वा छोरी) को नाम | नवविवाहितको अभिभावकको नाम | विवाहको मिति | नवविवाहितको जन्म मिति | विवाह हुँदाको उमेर | नवविवाहित श्रीमान/श्रीमतीको नाम | नवविवाहितको श्रीमान/श्रीमतीको जन्म मिति | नवविवाहितको श्रीमान/श्रीमतीको विवाह हुदाको उमेर | सम्पर्क नम्बर | सुचको नाम विवाहको मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

### *१.१.४ परिणाममूलक सूचकहरूको अवस्था विश्लेषण*

बालविवाह, उमेर नपुगी तथा जबरजस्ती गरिने विवाह हुनुलाई धेरै पक्षहरूले प्रभाव पारिरहेको हुन्छ । स्वास्थ्य, शिक्षा, प्रहरी आदिबाट प्राप्त सूचकहरूले बालविवाह, उमेर नपुगी तथा जबरजस्ती गरिने विवाहको वास्तविक अवस्था बताउन सक्दैन । तसर्थ, स्थानीय स्तरमा उपलब्ध स्वास्थ्य, शिक्षा, कानुन सम्बन्धित तथ्यांक (खण्ड १.१.१– उपलब्ध तथ्यांक (संख्यात्मक) संकलन तथ्य विश्लेषण), जनगणना (खण्ड १.१.२– जनगणनाद्वारा तथ्यांक संकलन तथा विश्लेषण), र स्थानीय बालअधिकार समितिबाट उपलब्ध हुन सक्ने तथ्यांक (खण्ड १.१.३–स्थानीय तथा वडा बालअधिकार समितिबाट तथ्यांक संकलन तथा विश्लेषण) को आधारमा वडा/गाउँ/नगरपालिकामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह कुन अवस्थामा छ भन्ने जानकारी प्राप्त गर्न सकिन्छ ।

मधेश प्रदेशको सम्बन्धित मन्त्रालयको समन्वयमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषणा कार्यविधि तयार गरेको छ । यो कार्यविधिले परिणाममूलक सूचक कसरी विकास गर्ने र बालविवाह र उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था बुझ्न र यसलाई अन्त्य गर्न यस्ता सूचकहरु कसरी प्रयोग गर्ने भनेर वर्णन गर्दछ ।

यी परिणाममूलक सूचकहरुमा प्रजनन स्वास्थ्य, शिक्षा, प्रहरी, यससँग सम्बन्धित धारणाहरु, जनगणना र बालअधिकार समितिहरुबाट आएका तथ्यांकहरु समावेश छ । यसले स्थानीय स्तरमा हुने बालविवाह, उमेर नपुगी जबरजस्ती गरिने विवाहको बारेमा बुझ्न मद्दत गर्दछ । यस्ता परिणाममूलक सूचकहरूलाई प्रयोग गरी समुदायमा बालविवाहको अवस्थाको विस्तृत चित्र कसरी हेर्न सकिन्छ भनेर यस सहयोगी पुस्तिकाले जानकारी प्रदान गर्दछ ।

**गाउँ/नगरपालिकामा बालविवाह उमेर नपुगी जबरजस्ती गरिने विवाहको क्षेत्रमा भएको प्रगतिलाई निम्न पाँच क्षेत्रहरूबाट निम्न १३ सूचकहरू प्रयोग गरी मूल्यांकन गर्न सकिन्छ।**

**चित्र ३: गाउँ/नगरपालिकामा बालविवाह उमेर नपुगी जबरजस्ती गरिने विवाहको क्षेत्रमा भएका प्रगति मापनका पाँच क्षेत्र र १३ सूचकहरू**

| प्रजनन स्वास्थ्य | शिक्षा | समुदाय/समाज | धारणा | बालविवाहको अनुगमन |
|---|---|---|---|---|
| १. २० वर्षभन्दा कम उमेरको गर्भावस्थाको प्रतिशत | २. कक्षा ६, ७ र ८ मा छात्राको कुल विद्यालय भर्नादर<br>३. कक्षा ९ र १० मा छात्राको कुल विद्यालय भर्नादर<br>४. कक्षा ६, ७ र ८ मा छात्राको विद्यालय छोड्नेदर<br>५. कक्षा ९ र १०मा छात्राको विद्यालय छोड्ने दर | ६. स्थानीय बालअधिकार समितिको सक्रियता<br>७. स्थानीय बालअधिकार समितिमा बालविवाहसम्बन्धी उजुरीहरूको संख्या<br>८. प्रहरी निकायमा बालविवाहसम्बन्धी उजुरीहरूको संख्या | ९. २० वर्ष उमेर पुगेका केटीसँग छोराको विवाह गर्नु हुदैन भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत<br>१०. छोरीको विवाह २० वर्ष उमेर नपुग्दै गर्नु हुदैन भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत<br>११. उमेर नपुगी विवाह गर्दा उनीहरूलाई बच्चा जन्माउँदा जटिलताहरू हुने खतरा हुन्छ भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | १२. २० वर्षको उमेर नपुगी गर्न नहुँदै विवाह गरेका २० देखि २४ वर्ष उमेरसम्मका पुरुष र महिलाको प्रतिशत<br>१३. स्थानीय बालअधिकार समितिको तथ्यांकको आधारमा विगतको वर्षभित्रको विवाह जसमा दम्पतीमध्ये एक सदस्यको उमेर २० वर्ष उमेर नपुगी भएको संख्या |

***बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था मापनको क्षेत्र तथा सूचकहरू:***

विभिन्न क्षेत्रहरूमा निर्माण गरिएका सूचकहरूलाई प्रारम्भमा र नियमित रूपमा विश्लेषण गर्दा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको स्थितिको विस्तृत चित्र प्रदान गर्दछ र बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रभावकारी रूपमा सम्बोधन गर्न लक्षित योजना र क्रियाकलापहरु तयार गर्न सहयोग पुग्छ ।

माथि उल्लेखित सूचकहरूको मापन तथा विश्लेषणको बारेमा खण्ड ३- कार्यान्वयन, अनुगमन र मूल्यांकन खण्डमा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

## १.२. समुदायहरूबाट गुणात्मक तथ्यांक संकलन तथा विश्लेषण

कुनै पनि कार्यक्रमको बारेमा निर्णय गर्दा, संख्यामा आउने तथ्यहरूलाई मात्र आधार मान्दा समस्याका कारणहरु बुझ्न कठिनाई हुन्छ । त्यसैले प्रत्यक्ष समुदाय मै गएर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनुका कारणहरु पत्ता लगाउनु पर्दछ ।

यस खण्डले २०७८/०७९ मा मधेशका ६ वटा गाउँ/नगरपालिकाहरूमा लक्षित समूह केन्द्रित डिजाइन प्रक्रिया कार्यान्वयनबाट सिकेका कुराहरु (१.२.१) र अन्य विधिहरु (१.२.२)को बारेमा उल्लेख गरिएको छ ।

### १.२.१ मधेश प्रदेशका ६ गाउँ/नगरपालिकाहरूमा गरिएको लक्षित समूह डिजाइन प्रक्रियाबाट आएका तथ्यांकको समीक्षा

महोत्तरी र रौतहट जिल्लाका गरी ६ वटा गाउँ र नगरपालिकाले लक्षित समूह डिजाइन प्रक्रिया कात्तिक २०७८ देखि वैशाख २०७९ सम्म कार्यान्वयन गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनुका कारण, यसका चुनौती र सरकारी प्रणालीबाट हुन सक्ने समाधानका उपायहरु पहिचान गरेको थियो । यस प्रक्रियामा प्रत्येक गाउँ/नगरपालिकाबाट किशोरकिशोरीहरु (अविवाहित, विवाहित) जातीय वा धार्मिक अगुवा, विवाहका मध्यस्थकर्ता, प्रहरी, सरकारी कर्मचारी, स्थानीय संघ/संस्था, स्वास्थ्य सेवा प्रदायक, अभिभावक, जनप्रतिनिधिरु, वडाध्यक्ष, विद्यालय व्यवस्थापन समिति, स्थानीय बालअधिकार समिति, वडा बालअधिकार समितिको सहभागिता थियो ।

यस कार्यमा प्रत्यक्ष रूपमा माथि उल्लेखित व्यक्तिहरूसँग सूचना संकलन गर्न यिनै गाउँ र नगरपालिकाका कार्यपालिकाका सदस्यहरु (मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष, महिला प्रतिनिधि, दलित प्रतिनिधि, वडाध्यक्षहरु), सामाजिक विकास शाखा प्रमुख, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, योजना प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य संयोजक, शिक्षा संयोजक, सम्बन्धित नगर र गाउँपालिकामा कार्यरत अन्य कर्मचारीहरु, बाल क्लब प्रतिनिधि, अभिभावक, गैरसरकारी संस्थाका प्रतिनिधि, धार्मिक अगुवा तथा समाजसेवी, वडा सचिवहरूको संलग्नता थियो । यस प्रक्रियामा २१० अन्तर्वार्ता र ३६ वटा समूह छलफल गरिएको थियो ।

यसै प्रक्रियाबाट पहिचान भएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको हालको अवस्था र मुख्य समस्याहरु निम्नानुसार छन् ।

**तालिका ४: लक्षित समूह डिजाइन प्रक्रिया कार्यान्वयनबाट पहिचान गरिएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था र मुख्य समस्याहरू:**

| हालको अवस्था | मुख्य समस्याहरू |
|---|---|
| १. स्थानीय नेतृत्वले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सबै जातजाति, धर्म, वर्ग, शिक्षित, अशिक्षित, बासस्थानमा (सहर र गाउँ) रहेको कुरा आत्मसात् नगरेको । | **समस्या १ :** हामी कसरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गर्न स्थानीय नेतृत्वलाई अर्थपूर्ण रूपमा संलग्न गराउन सक्छौं ? |
| २. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहविरुद्ध काम गर्न चाहना भएका व्यक्तिहरू एकत्रित हुन सकेका छैनन् । | **समस्या २:** समुदायस्तरका औपचारिक तथा अनौपचारिक बालअधिकार संरचनाहरूले कसरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि योगदान गर्न सक्छन् ? |
| ३. छोरीलाई कुनै लाञ्छना लागेमा परिवारको इज्जत जाने मानेर अभिभावकले छोरीलाई उमेर नपुगी र जबरजस्ती विवाह गरिदिने गरेका छन् । | **समस्या ३ :** हामी कसरी २० वर्ष उमेर पुगेपछि मात्र छोरीको विवाह गरी आत्मनिर्भर बनाउन चाहने अभिभावकको समाजमा इज्जत बढाउन सक्छौं ? |
| ४. अभिभावकले छोरीहरूको पढाइलाई प्राथमिकता नदिएको कारण छोरीहरू पढाइमा कमजोर र चाख कम लिने हुँदा समय र पैसा खर्च गर्नु भन्दा बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाह गरिदिने गरेको । | **समस्या ४:** हामी कसरी उमेर पुगेपछि विवाह गर्दा परिवारलाई योगदान गर्न सक्छन् भनी छोरीलाई महत्व दिन अभिभावकलाई बुझाउन सक्छौं ? |
| ५. समाजमा प्रभावशाली नगरिक समाज सदस्य बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्नका लागि उदासीन भएको । | **समस्या ५:** हामीले कसरी प्रभावशाली नागरिक समाज सदस्यलाई वालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि आफूसँग भएको क्षमता बुझी ठोस पहल गर्न सहयोग गर्न सक्छौं । |

मधेश प्रदेशका ६ वटा गाउँ/नगरपालिकाका निर्वाचित पदाधिकारी र कर्मचारीको प्रत्यक्ष सहभागिताबाट प्राप्त भएका क्रियाकलापहरूको कार्यान्वयनबाट प्राप्त अन्तर्दृष्टिलाई सम्पूर्ण प्रदेशको प्रतिनिधि मान्न सकिन्छ । यी तथ्यहरूलाई अन्य गाउँ/नगरपालिकाका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र वडा/स्थानीय बालअधिकार समितिहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि योजना तर्जुमा गर्दा सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्दछन् ।

वार्षिक योजना तर्जुमा गर्दा कुन समस्याहरूलाई किन प्राथमिकता दिने र यो समस्या समाधानका लागि कुन–कुन क्रियाकलाप गर्न सकिन्छ जसले प्राथमिक लक्षित समूहलाई विभिन्न तवरले समेट्दछ र उनीहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको निर्णय लिनबाट बचाउँछ भन्ने कुरालाई ध्यान दिनु वडा/स्थानीय बालअधिकार समितिहरूको लागि महत्वपूर्ण छ । यसको लागि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्बन्धी निर्णय प्रक्रियाहरूमा सहयोग प्रदान गर्न विभिन्न सरोकारवालाहरूसँगको सहकार्य आवश्यकता हुन्छ ।

### १.२.२ समुदायबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्वन्धी समस्याको पहिचान

समुदायले आफ्नो क्षेत्रमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई बढावा दिने सामाजिक र सांस्कृतिक कारकहरूको गहिरो बुझाइको आवश्यकता महसुस गर्न र सिकाई आदान प्रदान गर्न एकआपसमा छलफल गर्न सक्दछन् ।

समुदायका मानिसहरूका अनुभवहरु प्राप्त गर्ने, तथ्यपरक तथ्यांक संकलन गर्ने र अर्थपूर्ण लैंगिक र सामाजिक समावेशीकरण सुनिश्चित गर्ने उद्देश्यले छलफल सञ्चालन गर्ने चरणहरु तल उल्लेख गरिएको छ ।

***निम्न व्यक्तिद्वारा प्रत्यक्ष छलफल गराउन सकिन्छः***

- लक्षित समूह (Focus group) छलफलका अनुभवी तालिम प्राप्त कर्मचारी स्वास्थ्यकर्मीहरु वा शिक्षकहरु ।
- सहभागीः लक्षित समूहबाट सम्बन्धित विषयमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावित सहभागी छनोट गर्ने ।

***समुदाय र लक्षित समूहसँग प्रत्यक्ष छलफलको लागि आवश्यक तयारी***

- छलफल कुन स्थानमा गर्ने हो समय यकिन गर्ने र सहजकर्तालाई जानकारी गराउने ।
- समुदाय र लक्षित समूहबाट छलफलको लागि ८ देखि १० जनासम्म जम्मा गर्न लगाउने । धेरै व्यक्ति भएमा छलफल गर्न गाह्रो हुन्छ । कस्तो व्यक्तिलाई जम्मा गर्ने पहिला नै प्रस्ट पार्ने ।
- छलफलको लागि अरुबाट बाधा नपुग्ने स्थान वा कोठा छनोट गर्ने ।
- छलफलको लागि दुई जना जाने (एक जनाले छलफल गर्न र अर्कोले छलफलबाट आएका कुराहरु टिप्न) ।
- सहभागीहरुलाई आफू आउनुको कारण प्रस्ट पार्ने र यहाँ छलफलको क्रममा आएका कुराहरु अन्य ठाउँमा व्यक्तिगत सूचनाको रुपमा प्रयोग नगरिने बारे जानकारी गराउने ।
- नम्रतापूर्वक प्रस्तुत हुने, सहभागीहरुको कुरालाई ध्यानपूर्वक सुन्ने, खुला प्रश्नहरु गर्ने, सम्पूर्ण प्रक्रियामा हतार नगर्ने । संकलन गरिएका सूचनाहरु आवश्यक परेको समयमा तुरुन्त पाउने गरी राख्ने ।

***छलफलबाट विस्तृत जानकारी संकलन गर्न निम्न प्रश्न गर्ने तरिकाहरू प्रयोग गर्न सकिन्छ ।***

१. उहाँहरुको उत्तरको बारेमा थप जानकारी लिने । उदाहरणको लागि

- ..........बारेमा अझ भन्नुहोस् ।
- ...........को उदाहरण दिनुहोस् ।
- अनि के भयो ?

२. उत्तरको बारेमा थप सूचनाहरु खोतल्नुहोस् ।

- के कारणले तपाईंले यसो भन्नुभयो ?
- यो के बारेमा थियो जसले गर्दा तपाईंले यो निर्णय गर्नुभयो ?

३. कुनै कुरा एकआपसमा बाझिइराखेको छ भने प्रस्ट हुनुहोस् ।

- ........ भनाइलाई प्रस्ट पार्नुहोस् ।
- पहिला तपाईंले .........भन्नुभएको थियो तर यो ............पनि लाग्छ ? प्रस्ट पार्नुहोस् ।

सुरुमा प्रश्न गरेपछि थप जानकारीको लागि प्रश्न थप्दै जाने ।

## उदाहरणको लागि

उदाहरणको लागि किशोरकिशोरीको अभिभावकसँग बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको विषयमा छलफलका लागि तयार गरिएको मुख्य प्रश्नहरु तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५: छलफलका लागि तयार गरिएको विषय र मुख्य प्रश्नहरू:**

| छलफलका विषय | छलफलका लागि मुख्य प्रश्नहरू |
|---|---|
| समुदायको बारेमा | ▪ समुदायमा राम्रा कुराहरु के के छन् ?<br>▪ समुदायमा सुधार गर्नुपर्ने मुख्य समस्याहरु के के हुन् ? |
| बालविवाह, उमेर नपुगी तथा जबरजस्ती गरिने विवाह | ▪ यस समुदायमा १८ वर्ष पुग्नुभन्दा पहिला हुने विवाहको अवस्था कस्तो छ ?<br>▪ यस समुदायमा १८ वा १९ वर्षमा हुने विवाहको अवस्था कस्तो छ ?<br>▪ बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई कसरी बुझ्नुहुन्छ ? यसलाई रोक्नु जरूरी छ ? किन ?<br>▪ तपाईंलाई विवाह गर्नका लागि सामाजिक दबाब छन् ? छन् भने किन ? को बाट ?<br>▪ यस समुदायले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई सम्बोधन गर्नका लागि अपनाएका उपायहरु के के छन् ?<br>▪ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह कम गर्ने कसको जिम्मेवारी हो ? किन ? |
| किशोर–किशोरीको अवस्था | ▪ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुंदा र छिट्टै बच्चा जन्माउँदा किशोरकिशोरीमा कस्तो असर गर्दछ ?<br>▪ किन अभिभावकले छोराछोरीको कम उमेरमै विवाह गरिदिने गर्दछन् ? |
| किशोर–किशोरीको शिक्षा | ▪ २० वर्ष उमेर नपुगी विवाह हुंदा किशोर–किशोरीहरु के के कुराबाट वञ्चित हुन्छन् ?<br>▪ अभिभावकहरूले छोरा र छोरीलाई उच्च शिक्षाको लागि प्राथमिकताका अवसर दिने कुरामा तपाईंको धारणा के छ ?<br>▪ किशोरीले उच्च शिक्षा प्राप्त गरी विवाह गर्दा उसको र परिवारको जीवनमा र समाजमा कस्तो फरक पर्छ ? |
| लैंगिक विभेद | ▪ अभिभावकले छोरीलाई छोरी भएको कारणले भिन्न व्यवहार गर्दछन् ? यदि गर्दछन् भने ती भिन्न व्यवहारहरु के हुन् ? यस्तो भिन्नता कुन उमेरदेखि सुरू हुन्छ ?<br>▪ छोरीले अभिभावकहरूसँग आफ्नो विचार राख्न सक्छिन् ? के अभिभावकले उनको विचारको कदर गर्छन् ?<br>▪ के उनी परिवारमा लिइने निर्णयहरूमा सहभागी हुन सक्छिन् ? सक्छिन् भने उनले कस्ता निर्णयमा सहभागी हुन सक्छिन् ? |
| लैंगिक हिंसाको कारण | ▪ लैंगिक हिंसा भन्नाले तपाई के बुझ्नु हुन्छ ?<br>▪ लैंगिक हिंसाको मूख्य कारण के हो ? |
| बाल संरक्षण संरचनाहरु | ▪ तपाईंको समुदायमा बाल संरक्षणका लागि कुनै समिति गठन भएको छ ?<br>▪ तपाईंले त्यो समितिले गरेको कुन कार्यक्रममा भाग लिनु भएको छ? |

समुदायमा गएर विभिन्न लक्षित समूहसँग छलफल गरेर संकलन गरिएका सूचनाहरु कार्यक्रमको योजना र सुधारका लागि तथ्यगत निर्णय लिन विश्लेषण गर्न आवश्यक छ । सूचनाहरूको विश्लेषणबाट उपयुक्त क्रियाकलाप निर्णय गर्न सहयोग पुग्दछ । यी प्रतिवेदनले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रभावकारी रूपमा अन्त्य गर्न सु-सूचित निर्णय लिने र स्रोत विनियोजनको लागि महत्वपूर्ण अन्तरदृष्टि प्रदान गर्नेछ । उदाहरणको लागि संकलित सूचनाहरूलाई विश्लेषण गरेर प्रतिवेदन तयार गर्न खाकाको नमुना तल दिइएको छ ।

**संकलित सूचनाहरूलाई विश्लेषण गरेर प्रतिवेदन तयार गर्न नमुनाको लागि खाकाः**

**कार्यक्रमको नामः अभिभावकसँग अन्तरक्रिया**
**जिल्लाः**............................................................ **गाउँ/नगरपालिकाको नामः** ......................................................................
**टोलः** .............................................................. **मितिः** ............................................................

**कार्यक्रमको उद्देश्यः** अभिभावकसँग छलफल गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनुका मुख्य कारण र समाधानका उपाय पत्ता लगाउने ।

**सम्पन्न गरिएको क्रियाकलापः** वडाका विभिन्न तीन बस्तीहरूमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो । सीमान्तकृत विभिन्न महिला, पुरूष, जातजतिको उपस्थितिमा छलफल गरियो । सहभागीहरूले आफ्नो छिमेकमा हुने गरेका विवाहको बारेमा आफूले देखेका तथा अनुभव गरेका कुराहरु सुनाउनु भयो । बालअधिकार समितिको एक महिला सदस्यले छलफल चलाउनु भएको थियो ।

**प्रक्रियाः** महिला तथा बालबालिका शाखाको समन्वयमा समुदायमा विभिन्न लक्षित समूहका मानिसहरूलाई भेला गराई गाउँ/नगरपालिकाका जनप्रतिनिधि, कर्मचारीले छलफल गरेर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनुका मुख्य कारण र समस्या समाधानका उपायहरु पत्ता लगाउन छलफल ।

**छलफलबाट पत्ता लागेका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहका प्रमुख समस्याहरू र समाधानका उपायहरू**

१. ..........................................................................................................
२. ..........................................................................................................
३. ..........................................................................................................

**आगामी कार्यक्रमः** छलफलबाट आएका सूचनाको आधारमा कार्यक्रम तयार वा परिमार्जन गर्ने ।
फोटोहरु (फोटोको लागि सहभागीहरूबाट अनुमति लिन फोटो सहमति फारम प्रयोग गर्नुहोस्)

**बालअधिकार समिति गठन नभएका अवस्थामा पनि माथि उल्लिखित विधि अपनाएर तथ्य संकलन गर्न सकिन्छ**

## १.२.३ लैंगिक तथा सामाजिक समावेशीकरणको सुनिश्चितता

बालविवाहका मुद्दाहरु लैंगिक असमानता, कमजोर आर्थिक अवस्था र सामाजिक भेदभावसँग सम्बन्धित छन् । जबसम्म समाजमा लैंगिक असमानता र सामाजिक भेदभाव रहन्छ, तबसम्म बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको समस्या कम हुन सक्दैन । मधेश प्रदेशबाट उपलब्ध तथ्यांकलाई हेर्ने हो भने सबै जातजाति, धर्म, सहरी

र ग्रामीण क्षेत्र, धनी र गरिब, शिक्षित र अशिक्षित सबै व्यक्तिहरूमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुने गरेको छ, प्रतिशतमा मात्र केही तलमाथि रहेको पाइन्छ । तसर्थ, कार्यक्रमको तयारीदेखि कार्यान्वयन र मूल्यांकनसम्म सबै सरोकारवालाहरूको पूर्ण सहभागिता सुनिश्चित गर्न उनीहरूको अर्थपूर्ण सहभागिता आवश्यक छ । सामाजिक वर्ग, जात, सम्पत्ति, शैक्षिक उपलब्धि र सीमान्तीकरणमा आधारित तल्लो सामाजिक आर्थिक स्तरमा प्रतिनिधित्व गर्ने समूहका सदस्यहरूलाई समावेश गर्नु विशेष महत्वपूर्ण छ । समाजको एक पक्षलाई छाडेर कार्यक्रमले दीर्घकालीन सफलता पाउन सक्दैन ।

रौतहट र महोत्तरीका केही गाउँ तथा नगरपालिकाले तयार गरेको स्थानीय बालअधिकार संरक्षण र प्रवर्द्धन कार्यविधिमा उल्लेख भएअनुसार स्थानीय/वडा बालअधिकार समितिमा दुई जना दलित र जनजातिबाट समितिको सदस्य रहने व्यवस्था छ । आमन्त्रित सदस्यको रूपमा अन्य केहीलाई थप गर्न सकिने व्यवस्था भए अनुरूप उहाँहरूको अर्थपूर्ण उपस्थिति हुने गरी सदस्य संख्याको यकिन गर्नु पर्दछ । यहाँ अर्थपूर्ण संलग्नता भन्नाले बैठकहरूमा उहाँहरूको उपस्थिति, आफ्नो कुरा राख्न सबैबाट सहयोग, उहाँहरूले राखेका कुराहरूलाई महत्वका साथ छलफल तथा छनोट र कार्यान्वयनमा प्रत्यक्ष रूपमा संलग्नताको यकिन भन्ने बुझ्नु पर्दछ ।

### १.२.४ सरोकारवाला संस्थाहरूसँग समन्वय

गाउँ/नगरपालिकाको तथ्यांकहरु साझा गर्न, एकीकृत रूपमा योजना प्राथमिकीकरण र योजना तयार गर्न र अनुगमनका लागि सरोकारवाला संस्थाहरूसँग नियमित समन्वय र सहकार्य हुनु पर्दछ । कार्यक्रमप्रति सबैको बुझाइमा एकरूपता र सहयोगको लागि उनीहरूलाई प्रत्येक वर्षको योजना तयारी गर्दा विश्लेषणदेखि नै सहभागी गराउँदै जानु पर्दछ । यसका लागि उपाध्यक्ष/उपप्रमुखको अगुवाइमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले नियमित रूपमा सरोकारवालाहरूसँग समन्वय बैठक आयोजना गर्न सक्छन् । बैठकमा आवश्यकताका आधारमा निम्न प्रस्तावहरु छलफल गर्न सकिन्छः

- वडा र गाउँ/नगरपालिका स्तरमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि गरिएका क्रियाकलापहरूको प्रगति अध्यावधिक गर्ने
- अर्को त्रैमासिकको लागि क्रियाकलापहरूको योजना तयार गर्ने
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि कार्यरत परियोजनाहरु र गाउँ/नगरपालिका स्वामित्वका क्रियाकलापहरु बीच साझेदारीका प्रक्रिया पहिचान गर्ने
- जिम्मेवारी र समय सीमासहित सहकार्यको लागी एकीकृत कार्ययोजनाको विकास गर्ने

## १.३ स्थानीय बालअधिकार समितिबाट क्रियाकलाप तथा बजेट तयारी

महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखा र बाल कल्याण अधिकारीले स्थानीय/वडा बालअधिकार समितिहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि बजेटसहितको कार्ययोजना बनाउन सहयोग गर्नु पर्दछ । प्रक्रियागत कार्ययोजनालाई प्राथमिकतामा राख्न यी समितिका सदस्यहरूलाई बस्ती भेलादेखि वडामा प्राथमिकता निर्धारण र गाउँ/नगरपालिकाको योजनामा समावेश गराउन परिचालन गर्नु पर्दछ ।

वडा समिति तथा गाउँ/नगर कार्यपालिकामा यस शाखाले पनि अन्य शाखाका क्रियाकलापहरूसँग छनोटका लागि प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ, त्यसैले व्यवस्थित तरिकाले तथ्यांकहरूमा आधारित भई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु र अनुमानित बजेट तयार गरी बस्ती भेलामा प्रस्तुत गर्न भेलामा सहभागी हुन जाने सबैलाई क्रियाकलापहरु, कार्यान्वयन प्रक्रिया र त्यसका लागि चाहिने बजेटबारे जानकारी भएमा आफ्नो कार्यक्रमका बारेमा सबैको बुझाइ एउटै हुनुका साथै कार्यक्रम छनोटमा सहयोग पुग्दछ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, बाल कल्याण अधिकारीले क्रियाकलापहरु र अनुमानित बजेट बस्ती स्तरको बैठकमा पेस गर्न तयारीका लागि वडा बालअधिकार समितिलाई सहयोग गर्नुपर्छ । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापलाई प्रभावकारी, परिणाममूलक र व्यवस्थित बनाउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालविवाहविरूद्धको कार्यक्रम सञ्चालन खर्च कार्यविधि २०७५ जारी गरेको छ ।

### १.३.१ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका योजना तर्जुमा

***समस्या प्राथमिकीकरण***

बालविवाहका समस्याहरूको प्राथमिकीकरणको आधार भनेको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका सूचकहरूका स्थिति हुन् । सूचकहरूमा भएको प्रगतिअनुसार प्रत्येक वर्ष गाउँ/नगरपालिकाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था र प्राथमिकीकरण फरक हुन सक्दछ । निम्न बुँदाहरूमा आधारित भएर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहका समस्याहरूको प्राथमिकीकरण गर्न सकिन्छ ।

- समुदायमा छलफल गर्दा आएका मुख्य समस्याहरु
- सबैभन्दा कम प्रगति भएका सूचकहरु
- समस्याबाट बढी प्रभावित भएकाहरु
- समस्याहरूको परिणाम
- समस्याको संवेदनशीलता
- जोखिममा रहेको समुदायको आवश्यकता
- समुदायको क्षमता र उक्त विषयमा काम गर्ने मनसाय

***साझा दृष्टिकोणः***

प्राथमिकतामा परेका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको विषयमा सहमति गरी साझा दृष्टिकोण तयार गर्नुपर्छ, जसले कार्यक्रम अगाडि बढाउन निर्देशित गर्दछ । साझा दृष्टिबाट हालको स्थिति र परिवर्तित स्थितिमा हामी के भएको हेर्न चाहन्छौ, भन्ने कुरा प्रस्ट हुन्छ ।

**मधेश प्रदेशका महोत्तरी र रौतहट जिल्लामा बालविवाह, उमेर नपुगी तथा जबरजस्ती गरिने विवाह अन्त्यका लागि 'पी' प्रक्रिया अपनाएर तयार गरिएका सामाजिक व्यवहार परिवर्तनका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दा प्रभावकारी देखिएको छ । यहाँ उदाहरणको लागि दुर्गाभगवती गाउँपालिकालाई मुख्य रूपमा प्रस्तुत गरिएको छ ।**

**प्राथमिकतामा परेको विषयः** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह

**साझा दृष्टिकोणः** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहमुक्त दुर्गाभगवती गाउँपालिका

**बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको हालको अवस्थाः**

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको सम्बन्धमा गरेको जनगणना २०७९ अनुसार

- दुर्गा भगवती गाउँपालिकाले २०७९ सालमा गरेको बालविवाह सम्बन्धी जनगणनामा, २० महिना अवधिमा भएका जम्मा २९१ विवाहमध्ये, २० वर्ष भन्दा कम उमेरमा २५ प्रतिशत विवाह भएको थियो । जसमा बालविवाह (१८ वर्ष मुनि) ८ प्रतिशत र कम उमेरमा विवाह (१८ वा १९ वर्षमा) १७ प्रतिशत थियो ।
- जिल्ला स्वास्थ्य सूचना प्रणाली (DHIS) २०७९ (१४ जनवरीदेखि १४ मार्च २०२३) को गर्भावस्था परीक्षणको प्रतिवेदनअनुसार गर्भ जाँचका लागि आएका कुल १३४ जनामध्ये १८ (१३ %) जना २० वर्षमुनिका महिला छन् ।
- विद्यालयको तथ्यांकअनुसार कक्षा ८ मा विद्यालय भर्ना भएका २०७ किशोरीहरूमध्ये १० जनाले विद्यालय छोडेका छन् भने कक्षा १० मा भर्ना भएका १७६ किशोरीहरूमध्ये ४३ जनाले विद्यालय छोडेका छन् । कक्षा ८ र कक्षा १० मा भर्ना भएका र छोडेका छात्राहरूको संख्याले पनि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको हुन सक्ने तथ्यलाई पुष्टि गर्न सहयोग गर्दछ ।

***लक्षित समूह केन्द्रित डिजाइन प्रक्रियाबाट पहिचान गरिएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनुका कारणहरू***

१. स्थानीय नेतृत्वले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सबै जातजाति, धर्म, वर्ग, शिक्षित, अशिक्षित, बासस्थानमा (सहर र गाउँ) रहेको कुरा आत्मसात् नगरेको ।
२. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहविरूद्ध काम गर्न चाहना भएका व्यक्तिहरु एकत्रित हुन सकेका छैनन् ।
३. छोरीलाई कुनै लाञ्छना लागेमा परिवारको इज्जत जाने मानेर अभिभावकले छोरीलाई उमेर नपुगी र जबरजस्ती विवाह गरिदिने गरेका छन् ।
४. अभिभावकले छोरीहरूको पढाइलाई प्राथमिकता नदिएको कारण छोरीहरु पढाइमा कमजोर र चाख कम लिने हुँदा समय र पैसा खर्च गर्नुभन्दा बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाह गरिदिने गरेको ।
५. समाजमा सम्पन्न र बोलवाला चल्ने वर्ग बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि उदासीन भएको ।

***लक्षित समूह पहिचान :***

कार्ययोजना विकास गर्ने प्रक्रियाको एक भागको रूपमा, वडा/स्थानीय बालअधिकार समितिले यस विषयलाई सम्बोधन गर्न क्रियाकलापहरूले प्रभाव पार्न आवश्यक पर्ने समूहलाई पहिचान गर्नेछ ।


बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि समर्थन गर्ने उच्चतम क्षमता भएको लक्षित समूह निर्धारण गर्न वर्तमान स्थिति बुझ्नु आवश्यक छ ।

लक्षित समूहलाई प्राथमिक र दोस्रो लक्षित समूहमा बाडेर हेर्न सकिन्छ ।

**प्राथमिक लक्षित समूह :** यो समूह भनेको प्रत्यक्ष बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनुमा सहयोग पुऱ्याउने वा समस्याका कारक समूह हो । जस्तैः अभिभावक- प्रमुख निर्णयकर्ता

**दोस्रो लक्षित समूहः** जसले प्रत्यक्ष प्रभाव गर्दछन् जस्तै : परिवारको सबैभन्दा नजिकका नातेदारहरु– चाचाचाची, फुवाफुफा, मामामामी, मौसामौसी, धार्मिक तथा सामाजिक अगुवा, राजनैतिक नेताहरु, मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष आदि ।

## 'पी' प्रक्रियाः चरण २– रणनीतिक उद्देश्य




कार्यक्रमको लागि उद्देश्य तयार गर्नु दोस्रो चरण हो । उद्देश्य तयार गर्दा पुग्न खोजिएको कहाँ हो निर्धारित हुनुपर्दछ । अपेक्षा गरिएका व्यवहार नगर्नुका कारणहरू परिभाषित हुनु पर्दछ ।

निश्चित व्यवहार अपनाउन नसक्नुको औचित्य/कारण र त्यसका सान्दर्भिक समाधानहरू खोज्नुपर्छ ।

तयार गरिएको सबै उद्देश्यहरू विशिष्ट (Specific), मापनयोग्य (Measurable), उपयुक्त (Appropriate), यथार्थपरक (Realistic), समयबद्ध (Timebound) भएको (SMART) हुनुपर्छ ।

### उदाहरणको लागि

दुर्गाभगवती गाउँपालिका, रौतहटले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि तयार गरिएका उद्देश्यहरू निम्न अनुसार छन् ।


**उद्देश्य १:** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गर्न, कार्यान्वयन गर्न र अनुगमन तथा मूल्यांकनमा सबै स्थानीय नेतृत्वहरू अर्थपूर्ण रूपमा संलग्न भएका हुनेछन् ।

**उद्देश्य २:** समुदाय स्तरका औपचारिक (स्थानीय र वडा बालअधिकार समितिहरू) र अनौपचारिक (बाल क्लबहरू र युवा क्लबहरू, समूहहरू) बालअधिकार संरचनाहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रत्येक वडामा कम्तीमा ५ वटा प्रभावकारी कार्यक्रम सञ्चालन गरेका हुनेछन् ।

**उद्देश्य ३:** २० वर्ष उमेर पुगेपछि मात्र छोरीको विवाह गरी आत्मनिर्भर बनाउन चाहने कम्तीमा २० परिवार सम्मानित भएका हुनेछन् ।

**उद्देश्य ४:** प्रभावशाली नागरिक समाजका सदस्यहको समिति बनाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि गाउँपालिकाबाट सञ्चालित क्रियाकलापमा परिचालित भएका हुनेछन् ।

## पी प्रक्रियाः चरण ३ – कार्यक्रम तर्जुमा तथा परीक्षण




क्रियाकलाप तयार गर्दा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको हालको अवस्था र त्यसको समाधानको लागि तयार गरिएको उद्देश्यलाई ध्यान दिनु पर्दछ । क्रियाकलाप बालविवाहको हालको अवस्थामा सुधार गर्न समुदायको व्यवहार परिवर्तनमा योगदान दिने हुनु पर्दछ ।

वडा/स्थानीय बालअधिकार समितिले सम्भावित क्रियाकलापहरूको सूची तयार गरेपछि, गाउँ/नगरपालिका र वडाका सांस्कृतिक, सामाजिक र आर्थिक सन्दर्भहरूमा कुन उद्देश्य र क्रियाकलापहरू सबैभन्दा प्रभावकारी हुनेछन् भन्ने विश्लेषण गर्नुपर्दछ ।

## उदाहरणको लागि

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि दुर्गाभगवतीले तयार गरेको उद्देश्य र ती उद्देश्य पूरा गर्न तयार गरेको क्रियाकलापहरु समेतको विवरण निम्नानुसार छन् ।

### दुर्गाभगवती गाउँपालिकाले उदेश्यहरू प्राप्त गर्न तयार गरेको क्रियाकलापः

**उद्देश्य १ : बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गर्न, कार्यान्वयन गर्न र अनुगमन तथा मूल्यांकनमा वडा स्तरका सबै स्थानीय नेतृत्वहरू अर्थपूर्ण रूपमा संलग्न भएका हुनेछन्**

*क्रियाकलापः*

१.१ वडाध्यक्ष तथा वडा सचिवलाई सम्मान : हरेक वर्ष गाउँपालिका वा नगरपालिकाबाट एक आर्थिक वर्षमा सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको वडाका वडाध्यक्ष तथा वडा सचिवलाई सम्मान दिने ।

१.२ सर्वदलीय समिति परिचालनः बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि वडास्तरमा सर्वदलीय समिति निर्माण गरी परिचालन गर्ने ।

१.३ धार्मिक अगुवाहरूलाई पुराना सामाजिक परम्परा र चलनहरु रूपान्तरणको लागि परिचालनः स्थानीय स्तरका धार्मिक अगुवा, तथा बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाह गराउने अन्य व्यक्तिहरूलाई स्थानीय सरकारले सूचीकरण गरी उनीहरूलाई बालविवाहलाई प्रोत्साहन गर्ने पुराना सामाजिक परम्परा र चलनहरु रूपान्तरणका लागि परिचालन गर्ने ।

**उद्देश्य २ : समुदाय स्तरका औपचारिक (स्थानीय र वडा बालअधिकार समितिहरू) र अनौपचारिक (बाल क्लबहरू र युवा क्लबहरू, समूहहरू) बालअधिकार संरचनाहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रत्येक वडामा कम्तीमा ५ वटा प्रभावकारी कार्यक्रम सञ्चालन गरेका हुनेछन् ।**

*क्रियाकलापः*

२.१ **स्थानीय स्तरमा भएका औपचरिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धिः** स्थानीय स्तरमा भएका औपचरिक तथा अनौपचारिक संरचनाहरुको क्षमता अभिवृद्धि गरी किशोरीहरूलाई बाल क्लबमा संलग्न गराई परिचालन गर्ने ।

२.२ **किशोरीलाई सम्मानः** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी बालविवाह नगर्ने किशोरीहरूलाई वडा बालअधिकार समितिले वार्षिक रूपमा प्रोत्साहन र सम्मान गर्ने ।

२.३ छोरीको २० वर्ष उमेर पुगेपछि विवाह गर्ने उदाहरणीय परिवारको प्रभावकारी प्रचारप्रसार र समुदायमा परिचालन गर्ने । (उदाहरणीय परिवारसँग समुदायको अन्तरक्रिया, स्थानीय नेतृत्वसहित घरभेट) ।

**उद्देश्य ३: २० वर्ष उमेर पुगेपछि मात्र छोरीको विवाह गरी आत्मनिर्भर बनाउन चाहने कम्तीमा २० परिवार सम्मानित भएका हुनेछन् ।**

*क्रियाकलापः*

३.१ २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने परिवारको लागि वार्षिक रूपमा पुरस्कार तथा सम्मान समारोह आयोजना गर्ने ।

३.२ अभिभावकलाई कृषि कामको लागि सहुलियतः २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने अभिभावकलाई गाउँ/नगरपालिका मार्फत कृषि कामको लागि सहुलियत दिने ।

**उद्देश्य ४: नागरिक समाजका प्रभावशाली व्यक्तित्वहरू संगठित भई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि गाउँपालिकामा क्रियाकलापहरू सञ्चालन गरेका हुनेछन् ।**

*क्रियाकलापः*

४.१ गाउँपालिकाले नागरिक समाजका प्रभावशाली व्यक्तिहरूको समिति बनाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि परिचालन गर्ने ।

४.२ वडा बालअधिकार समिति/बाल क्लबले किशोरीहरूलाई उच्च शिक्षासम्म पहुँच बढाउन विशेष छात्रवृत्तिको व्यवस्था गर्न पैरवी गर्ने

### १.३.२ स्थानीय र वडा बालअधिकार समितिहरूबाट प्रस्ताव गरिने क्रियाकलाप तथा बजेटमा सहमति

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि क्रियाकलापहरूलाई प्रभावकारी, नतिजामुखी तथा व्यवस्थित बनाउनको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले 'बालविवाहविरूद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि २०७५' जारी गरेको छ ।

## उदाहरणको लागि

दुर्गाभगवती गाउँपलिकाको वडा तथा गाउँपालिका स्तरबाट गरिने बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि सामाजिक व्यववहार परिवर्तन कार्यक्रमको योजना र अनुमानित बजेट विवरण तल प्रस्तुत गरिएको छ ।

# दुर्गाभगवती गाउँपलिकाको कार्यालय

## रौतहट, मधेश प्रदेश

## बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि सामाजिक व्यवहार परिवर्तनका कार्ययोजना र बजेट विवरण

**समय अवधि : आर्थिक वर्ष २०७९/२०८०**

तालिका ६ : **बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि सामाजिक व्यवहार परिवर्तनका लागि कार्ययोजना र बजेट विवरण**

| क. स | क्रियाकलाप | समय | पटक | स्थान | अनुमानित बजेट | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **गाउँपालिकाबाट** | | | | | | |
| **उद्देश्य १ : आ. ब. २०७९-०८० मा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गर्न सबै स्थानीय नेतृत्वहरू अर्थपूर्ण रूपमा संलग्न भएका हुनेछन् ।** | | | | | | |
| १. | गाउँपालिकाबाट वा नगरपालिकाबाट एक आर्थिक वर्षमा सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको वडाका वडाध्यक्षलाई सम्मान र पुरस्कार दिने । | असार २०८० | १ | नपा कार्यालय वा उपयुक्त स्थानमा | रु.. ४५,००० | प्रमुख प्रशासकीय अधिकृत, गापा अध्यक्ष, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा |
| **उद्देश्यः २. आ. ब. २०७९-०८० मा समुदाय स्तरका औपचारिक (स्थानीय र वडा बालअधिकार समितिहरू) र अनौपचारिक (बाल क्लबहरू र युवा क्लबहरू, समूहहरू) बालअधिकार संरचनाहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रत्येक वडामा कम्तीमा पाँच वटा प्रभावकारी कार्यक्रम सञ्चालन गरेका हुनेछन् ।** | | | | | | |
| १. | स्थानीय बालअधिकार समितिको नियमित बैठक र परिचालन । | प्रत्येक २ महिनामा | ६ | गाउँपालिका स्तरमा | रु. ५०,००० | प्रमुख प्रशासकीय अधिकृत, गापा अध्यक्ष, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा |
| **उद्देश्य ३ : आ. ब. २०७९-०८० मा २० वर्ष उमेर पुगेपछि मात्र छोरीको विवाह गरी आत्मनिर्भर बनाउन चाहने कम्तीमा ३० परिवार सम्मानित भएका हुनेछन् ।** | | | | | | |
| १. | स्थानीय सरकारबाट किशोरीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन १० कक्षा पास गरेका वा १२ कक्षापछि स्कुल छोडेका किशोरीहरूलाई सीप विकास कार्यक्रम आयोजना गर्ने । | २०७९ जेठ | | स्थानीय संस्थाहरूमा | रु. २,५०,००० | प्रमुख प्रशासकीय अधिकृत, गापा अध्यक्ष |
| २ | २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने अभिभावकलाई गाउँपालिकाले कृषि कामका लागि सहुलियत दिने । | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | रु. ५०,००० | प्रमुख प्रशासकीय अधिकृत, गापा अध्यक्ष |
| | | | **गाउँपालिकाबाट जम्मा** | **रु. ३,९५,०००** | | |

| क्र. स | क्रियाकलाप | समय | पटक | स्थान | अनुमानित बजेट | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **वडा नं. १** | | | | | | |
| **उद्देश्य १ : आ. ब. २०७९-०८० मा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गर्न सबै स्थानीय नेतृत्वहरू अर्थपूर्ण रूपमा संलग्न भएका हुनेछन् ।** | | | | | | |
| १. | बालविवाह न्युनीकरणका लागि वडा स्तरमा सर्वदलीय समिति गठन गरी परिचालन गर्ने । | २०७९ भदौ | १ | वडा कार्यालय | रु.. १०,००० | वडाध्यक्ष र सचिव |
| **उद्देश्य २: आ. ब. २०७९-०८० मा समुदाय स्तरका औपचारिक (स्थानीय र वडा बालअधिकार समितिहरू) र अनौपचारिक (बाल क्लबहरू र युवा क्लबहरू, समूहहरू) बालअधिकार संरचनाहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रत्येक वडामा कम्तीमा १० वटा प्रभावकारी कार्यक्रम सञ्चालन गरेका हुनेछन् ।** | | | | | | |
| १. | वडा बालअधिकार समितिको नियमित बैठक गर्ने । | प्रत्येक २ महिनामा | ६ | वडा कार्यालय | रु. २५,००० | वडाध्यक्ष र सचिव |
| २ | स्थानीय स्तरमा भएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि काम गर्ने औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि र किशोरीहरूलाई बाल क्लबमा ऐक्यबद्ध गरी परिचालन गर्ने । | २०७९ असोज | २ | टोल टोलमा | रु. ६०,००० | वडाध्यक्ष र सचिव |
| ३. | छोरीको २० वर्ष उमेर पुगेपछि विवाह गरिदने उदाहरणीय परिवारको प्रभावकारी प्रचारप्रसार र समुदायमा परिचालन गर्ने (उदाहरणीय परिवारसँग समुदायको अन्तरक्रिया, स्थानीय नेतृत्वसहित घरभेट) । | २०७९ असोज र चैत्र | २ | टोलटोलमा | रु. ८०,००० | वडा सचिव र वडा समिति |
| **उद्देश्य ३ : आ. ब. २०७९-०८० मा २० वर्ष उमेर पुगेपछि मात्र छोरीको विवाह गरी आत्मनिर्भर बनाउन चाहने कम्तीमा ३० परिवार सम्मानित भएका हुनेछन् ।** | | | | | | |
| १ | २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने परिवारको लागि वार्षिक रूपमा सम्मान समारोह आयोजना गर्ने । | २०७९ जेठ | १ | सार्वजनिक स्थानमा | रु. १,००,००० | वडाध्यक्ष र सचिव |
| **उद्देश्य ४ : आ. ब. २०७९-०८० मा प्रभावशाली नागरिक समाज संगठित भई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि १० पहलहरू गरेका हुनेछन् ।** | | | | | | |
| **१** | **गाउँ वा गाउँपालिकाले समाजका प्रभावशाली नगरिक समाजका सदस्यहरूको समिति बनाई बालविवाह न्युनीकरणका लागि परिचालन गर्ने ।** | **२०७९ कात्तिक** | **१** | **वडा कार्यालय** | **रु. ३०,०००** | **वडा सचिव र वडा समिति** |
| **वडाको जम्मा** | | | | **रु. ३,०५,०००** | | |

| क्र. स | क्रियाकलाप | समय | पटक | स्थान | अनुमानित बजेट | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **वडा नं. २** | | | | | | |
| **उद्देश्य १ : आ. ब. २०७९-०८० मा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गर्न स्थानीय नेतृत्वहरू अर्थपूर्ण रूपमा संलग्न भएका हुनेछन् ।** | | | | | | |
| १ | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि वडा स्तरमा सर्वदलीय समिति निर्माण गरी परिचालन गर्ने । | २०७९ भदौ | १ गठन ४ बैठक | वडा कार्यालय | रु. २५,००० | वडाध्यक्ष र सचिव |
| २ | स्थानीय स्तरका धार्मिक अगुवा, तथा विवाह गराउने अन्य व्यक्तिहरूलाई स्थानीय सरकारले सूचीकरण गरी उनीहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने पुराना सामाजिक परम्परा र चलनहरू रूपान्तरण गर्न परिचालन गर्ने । | २०७९ असोजदेखि | त्रैमासिक | टोलटोलमा | रु. ६०,००० | वडाध्यक्ष र सचिव |
| **उद्देश्य २ : आ. ब. २०७९-०८० मा समुदाय स्तरका औपचारिक (स्थानीय र वडा बालअधिकार समितिहरू) र अनौपचारिक (बाल क्लबहरू र युवा क्लबहरू, समूहरू) बालअधिकार संरचनाहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि १० वटा प्रभावकारी कार्यक्रम सञ्चालन गरेका हुनेछन् ।** | | | | | | |
| १. | वडा बालअधिकार समितिको नियमित बैठक गर्ने । | २०७९ भदौदेखि प्रत्येक २ महिनामा | ६ | वडा कार्यालय | रु. ५०,००० | वडाध्यक्ष र सचिव |
| २. | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी बालविवाह नगर्ने किशोरीहरूलाई वडा बालअधिकार समितिले वार्षिक रूपमा प्रोत्साहन र सम्मान गर्ने । | २०७९ जेठ | १ | सार्वजनिक स्थानमा | रु.. १,००,००० १० जनालाई १०००० को दरले | वडाध्यक्ष र सचिव |
| **उद्देश्य ३ : आ. ब. २०७९-०८० मा २० वर्ष पुगेपछि मात्र छोरीको विवाह गरी आत्मनिर्भर बनाउन चाहने कम्तीमा ३० परिवार सम्मानित भएका हुनेछन् ।** | | | | | | |
| १. | २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने परिवारको लागि वार्षिक रूपमा पुरस्कार तथा सम्मान समारोह आयोजना गर्ने । | २०७९ असारमा | १ | सार्वजनिक स्थानमा | रु. २,००,००० | वडाध्यक्ष र सचिव |
| २. | २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गरिदिने अभिभावकलाई गाउँपालिकामार्फत कृषि कामको लागि सहुलियत दिने । | असार | १ | वडा कार्यालय | कृषि शाखासंग समन्वय गरेर | वडाध्यक्ष र सचिव |
| **उद्देश्य ४ : आ. ब. २०७९-०८० मा उमेर पुगेपछि विवाह गर्दा परिवारलाई योगदान गर्न सक्छन् भनी छोरीलाई महत्व दिने अभिभावकहरूको संख्या हालको भन्दा २०% ले बढेको हुनेछन् ।** | | | | | | |

| क्र. स | क्रियाकलाप | समय | पटक | स्थान | अनुमानित बजेट | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १. | किशोरीहरूलाई उच्च शिक्षासम्म पहुँच बढाउन विशेष छात्रवृत्तिको व्यवस्था गर्ने । | वार्षिक | १ | सबै किशोरी | रु ५०,००० | वडा सचिव र वडाध्यक्ष |
| **वडाको जम्मा** | | | | रु. ४,८५,००० | | |
| **वडा नं. ३** | | | | | | |
| **उद्देश्य १ : आ. ब. २०७९-०८० मा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गर्न स्थानीय नेतृत्वहरू अर्थपूर्ण रूपमा संलग्न भएका हुनेछन् ।** | | | | | | |
| १. | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि वडास्तरमा सर्वदलीय समिति निर्माण गरी परिचालन गर्ने । | २०७९ भदौ | १ | वडा कार्यालय | रु. १५,००० | वडाध्यक्ष र सचिव |
| २. | स्थानीयस्तरका धार्मिक अगुवा, तथा विवाह गराउने अन्य व्यक्तिहरूलाई सूचीकरण गरी उनीहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने पुराना सामाजिक परम्परा र चलनहरू रूपान्तरण गर्न परिचालन गर्ने । | २०७९ असोजदेखि | त्रैमासिक | टोलमा | रु २५,००० | |
| **उद्देश्य २ : आ. ब. २०७९-०८० मा समुदाय स्तरका औपचारिक (स्थानीय र वडा बालअधिकार समितिहरू) र अनौपचारिक (बाल क्लबहरू र युवा क्लबहरू, समूहहरू) बालअधिकार संरचनाहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि १० वटा प्रभावकारी कार्यक्रम सञ्चालन गरेका हुनेछन् ।** | | | | | | |
| १. | वडा बालअधिकार समितिको नियमित बैठक गर्ने । | प्रत्येक २ महिनामा | ६ | वडा कार्यालय | रु. २५,००० | वडाध्यक्ष र सचिव |
| २. | स्थानीय स्तरमा भएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि काम गर्ने औपचरिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि र किशोरीहरूलाई बाल क्लबमा एकबद्ध गरी परिचालन गर्ने । | २०७९ असोज | २ | टोलमा | रु. १,००,००० | वडाध्यक्ष र सचिव |
| **वडाको जम्मा** | | | | रु १,६५,००० | | |

| क्र. स | क्रियाकलाप | समय | पटक | स्थान | अनुमानित बजेट | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **वडा नं. ४** | | | | | | |
| **उद्देश्य १ : आ. ब. २०७९-०८० मा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गर्न स्थानीय नेतृत्वहरू अर्थपूर्ण रूपमा संलग्न भएका हुनेछन् ।** | | | | | | |
| १. | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि वडा स्तरमा सर्वदलीय समिति गठन गरी परिचालन गर्ने । | २०७९ भदौ | १ | वडा कार्यालय | रु. २५,००० | वडाध्यक्ष र सचिव |
| २. | स्थानीय स्तरका धार्मिक अगुवा, तथा विवाह गराउने अन्य व्यक्तिहरूलाई स्थानीय सरकारले सूचीकरण गरी उनीहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने पुराना सामाजिक परम्परा र चलनहरू परिवर्तन गर्न परिचालन गर्ने । | २०७९ कात्तिकदेखि | आवश्यकता अनुसार | वडा कार्यालय | रु. ५०,००० | वडाध्यक्ष र सचिव र वडा बालअधिकार समिति |
| **उद्देश्य २ : आ. ब. २०७९-०८० मा समुदाय स्तरका औपचारिक (स्थानीय र वडा बालअधिकार समितिहरू) र अनौपचारिक (बाल क्लबहरू र युवा क्लबहरू, समूहहरू) बालअधिकार संरचनाहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि १० वटा प्रभावकारी कार्यक्रम सञ्चालन गरेका हुनेछन् ।** | | | | | | |
| १. | वडा बालअधिकार समितिको नियमित बैठक गर्ने । | प्रत्येक २ महिनामा | ६ | वडा कार्यालय | रु.२५,००० | वडाध्यक्ष र सचिव |
| **उद्देश्य ३ : आ. ब. २०७९-०८० मा २० वर्ष पुगेपछि मात्र छोरीको विवाह गरी आत्मनिर्भर बनाउन चाहने कम्तीमा ३० परिवार सम्मानित भएका हुनेछन् ।** | | | | | | |
| १. | २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने परिवारको लागि वार्षिक रूपमा सम्मान समारोह आयोजना गर्ने । | २०७९ पुस र असारमा | १ | सार्वजनिक स्थानमा | रु. ६०,००० | वडाध्यक्ष र वडा सचिव |
| २. | स्थानीय सरकारबाट किशोरीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन १० कक्षा पास गरेका वा १२ कक्षा पछि पढाई छोडेका छात्राहरूका लागि सीप विकास कार्यक्रम आयोजना गर्ने । | २०७९ असोज | १ पटक | विद्यालय वा वडा कार्यालय | रु १,५०,००० | वडा सचिव र वडा समिति |
| **उद्देश्य ४ : आ. ब. २०७९-०८० मा प्रभावशाली नागरिक समाज संगठित भई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि परिचालन भएका हुनेछन् ।** | | | | | | |
| १. | गाउँपालिकाले प्रभावशाली नागरिक समाजका सदस्यहरूको समिति बनाउने र बालविवाह, उमेर नपुगी तथा जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि परिचालन गर्ने । | २०७९ भदौ | १ | वडा कार्यालय | रु. २५,००० | वडा सचिव र वडा समिति |
| **वडाको जम्मा** | | | | | **रु. ३,३५०,०००** | |
| **वडा नं. ५** | | | | | | |

| क्र. स | क्रियाकलाप | समय | पटक | स्थान | अनुमानित बजेट | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **उद्देश्य १ : आ. ब. २०७९-०८० मा  बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गर्न स्थानीय नेतृत्वहरू अर्थपूर्ण रूपमा संलग्न भएका हुनेछन् ।** | | | | | | |
| १. | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि वडा स्तरमा सर्वदलीय समिति गठन गरी बालविवाह न्युनीकरणका लागि परिचालन गर्ने | २०७९ भदौ | १ | वडा कार्यालय वा मठ टोल | रु. ३०,००० | वडाध्यक्ष र सचिव |
| **उद्देश्य २ : आ. ब. २०७९-०८० मा समुदाय स्तरका औपचारिक (स्थानीय र वडा बालअधिकार समितिहरू) र अनौपचारिक (बाल क्लबहरू र युवा क्लबहरू, समूहहरू) बालअधिकार संरचनाहरूले बालविवाह न्युनीकरणका लागि १० वटा प्रभावकारी कार्यक्रम सञ्चालन गरेका हुनेछन् ।** | | | | | | |
| १. | वडा बालअधिकार समितिको नियमित बैठक गर्ने । | प्रत्येक २ महिनामा | ६ | वडा कार्यालय | रु. ५०,००० | वडाध्यक्ष र सचिव |
| २. | स्थानीय स्तरमा भएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि काम गर्ने औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि गरी र किशोरीहरूलाई बाल क्लबमा ऐक्यबद्ध गरी परिचालन गर्ने । | २०७९ कात्तिक | २ | सामुदायिक भवन | रु. ६०,००० | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, स्थानीय बालअधिकार समिति |
| **उद्देश्य ३ : आ. ब. २०७९-०८० मा २० वर्ष पुगेपछि मात्र छोरीको विवाह गरी आत्मनिर्भर बनाउन चाहने कम्तीमा ३० परिवार सम्मानित भएका हुनेछन् ।** | | | | | | |
| १. | २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने परिवारको लागि वार्षिक रूपमा सम्मान समारोह आयोजना गर्ने । | २०७९ असारमा | १ | सार्वजनिक स्थानमा | रु. ६०,००० | वडाध्यक्ष र सचिव |
| २. | २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने अभिभावकलाई कृषि कामको लीाग सहुलियत प्रदान गर्ने । | असार | १ | वडा कार्यालय | कृषि शाखाको समन्वयमा | वडा सचिव र वडा समिति |
| **उद्देश्य ४ : आ. ब. २०७९-०८० मा प्रभावशाली नागरिक समाज सङ्गठित भइ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका लागि परिचालन भएका हुनेछन् ।** | | | | | | |
| १. | गाउँपालिकाले प्रभावशाली नागरिक समाजका सदस्यहरूको समिति बनाउने र बालविवाह न्युनीकरणका लागि परिचालन गर्ने । | २०७९ भदौ | १ | वडा कार्यालय | रु. ६०,००० | वडा सचिव र वडा समिति |
| **वडाको जम्मा** | | | | | **रु. २,६०,०००** | |
| **जम्मा** | | | | | **रु. २,१९५,०००** | |

## १.४ वडा समिति र गाउँ/नगर कार्यपालिकामा प्रस्तावित योजना तथा बजेट प्रस्तुत

### १.४.१ वडा समितिमा कार्यक्रम र बजेट प्रस्तुत गरी स्वीकृतको लागि पहल

वडामा हुने सम्पूर्ण कार्यक्रमको जिम्मेवारी वडा समितिमा हुन्छ । वार्षिक योजना प्रक्रिया सुरू हुनुभन्दा अगाडि नै वडा सचिव (वडा बालअधिकार समितिको पनि सचिव)ले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि प्रस्ताव गर्न लागिएको कार्यक्रमको बारेमा वडा समितिको नियमित बैठकमा प्रस्तुत गर्नु पर्दछ । प्रस्ताव गर्न लागिएको कार्यक्रम बारेमा समयमै जानकारी गराउँदा समितिका सदस्यहरूको सुझाव साथै कार्यक्रमप्रति अपनत्व बढ्दछ, जसबाट वडा स्तरमा वडाका लागि प्रस्ताव गरिएको क्रियाकलाप छनोट हुने सम्भावना बढ्छ ।

वडा बालअधिकार समितिको सचिव/वडा सचिवले बस्ती भेलामा प्रस्तुत गर्नुभन्दा पहिला प्रस्ताव गर्न लागिएको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका कार्यक्रम र अनुमानित बजेट, बस्ती भेला हुने मिति तथा स्थानको बारेमा आफ्नो समिति तथा बाल क्लबहरूको सदस्यहरूलाई जानकारी गराउनु पर्दछ ।

यदि कुनै स्थानमा एकै दिनमा दुई वा सोभन्दा बढी ठाउँमा बस्ती भेला परेमा बडा बालअधिकार समितिलाई प्रतिनिधित्व गर्न सबै सदस्यहरु कार्यक्रममा प्रस्तुतिको लागि जानुपर्ने हुन्छ । त्यसैले यसरी समितिमा गरिएको क्रियाकलाप र बजेटबारेमा गरिएको छलफल महत्वपूर्ण हुन्छ । सबै सदस्यहरु कार्यक्रमलाई प्रस्तुत गर्न सक्ने गरी कार्यक्रमका बारेमा प्रस्ट हुनु जरूरी हुन्छ ।

***स्थानीय स्तरमा कार्यरत सरोकारबाला संस्थाहरूसँग समन्वय***

स्थानीय स्तरमा कार्यरत संस्थाहरूलाई महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको सहजीकरणमा हुने उपप्रमुख/उपाध्यक्षको अध्यक्षतामा बस्ने नियमित समन्वय बैठकमा कार्यक्रमको बारेमा जानकारी गराउनु पर्छ । योजना तर्जुमा प्रक्रियामा पनि उहाँहरूको सहभागिताको लागि छलफल गरी प्राप्त सुझावका आधारमा आवश्यक संयुक्त कार्ययोजना तयार गरी वडा भेलामा प्रस्तुत हुनु पर्दछ । यसो गर्न सकेमा बस्ती स्तरको भेलामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन क्रियाकलापहरूको छनोटमा सहयोग पुग्दछ ।

स्थानीय सरोकारवालाहरूसँग समन्वय बैठक संचालन गर्ने प्रक्रिया तल उल्लेख गरिएको छ ।

**पूर्व तयारीः**

- समन्वय समितिको अध्यक्षसँग समिक्षा बैठकको मिति, समय तथा स्थानको साथै व्यवस्थापन बारे छलफल गर्ने ।
- समिक्षा बैठकमा छलफल गर्ने विषय (छलफलका प्रस्तावहरू) तयार गर्ने ।
- बैठकको लागि निर्धारित मिति भन्दा कम्तीमा ३ दिन अगावै सहभागीहरू तथा आमन्त्रितहरूलाई पत्राचार गर्ने ।

**समिक्षा बैठक सञ्चालनः**

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमूखले सहभागीहरूलाई स्वागत गर्दै बैठकमा छलफलका विषयवस्तु जानकारी गराउने ।
- पालिकामा काम गर्ने परियोजना र संघ/संस्थाहरूले गत महिना/त्रैमासिकमा सम्पन्न गरेका मुख्य क्रियाकलापहरूको तथा आउने महिना/त्रैमासिकको कार्ययोजना प्रस्तुत गर्ने ।
- परियोजना र गाउँ/नगरपालिकाबीच सम्भावित सहकार्यका बारेमा छलफल गर्ने ।

**यदि स्थानीय बालअधिकार समितिको गठन भइसकेको छैन भने वडा सचिवहरूको सहयोगमा प्रस्तुत गर्न लागिएको कार्यक्रम र वजेट वडा समितिमा प्रस्तुत गर्नु पर्दछ ।**

### १.४.२ गाउँ/नगर कार्यपालिकामा प्रस्तावित क्रियाकलाप तथा बजेट प्रस्तुत गरी स्वीकृतको लागि पहल

कुनै पनि क्रियाकलाप अन्तिममा गाउँ/नगरसभाबाट पारित भएमा मात्र कार्यान्वयन गर्न सकिने हुन्छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा (स्थानीय बालअधिकार समितिको सचिव) ले कार्यपालिकाको कुनै पनि नियमित बैठकमा केही समय माग गरेर यस वर्ष हुने बस्ती स्तरको भेलामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिर्तनका प्रस्ताव गर्न लागिएको क्रियाकलाप जानकारी गराउनुपर्छ । क्रियाकलापको तथ्य र तथ्यांक, वडा र गाउँ/नगरस्तरीय कार्यक्रम तथा बजेटको बारेमा गाउँ/नगरपालिकाका कार्यपालिका सदस्यहरु समक्ष प्रस्तुत गरेर सुझाव लिनु पर्दछ । यसले सभामा छलफल हुँदा यी क्रियाकलाप प्राथमिकताका साथ पारित हुने सम्भावना बढी हुन्छ ।

वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रिया सुरू हुनुभन्दा अगाडि सामाजिक विकास संयोजकले प्रस्ताव गर्न लागेको क्रियाकलापको तथ्यदेखि बजेटसम्म कार्यपालिकामा प्रस्तुत गर्नुपर्ने हुँदा कुनै पनि प्रश्न आएमा उत्तर दिन सक्ने गरी संयोजकलाई तयारी हुन सहयोग गर्नुपर्दछ किनभने सभामा यस शाखाको प्रतिनिधित्व गर्ने अधिकार सामाजिक विकास संयोजकलाई मात्र छ । कार्यक्रम सभामा छलफल हुने दिनमा छलफलमा सामाजिक विकास संयोजकलाई कुनै सहयोगको आवश्यकता परेमा सहयोग गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा नियमित सर्म्पकमा रहनु पर्दछ ।

***बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलाप लैंगिक समानता, सामाजिक समावेशीकरण विषयअन्तर्गत प्राथमिकीकरणमा परेको यकिनः***

क्रियाकलापहरू तयार गरिसकेपछि पनि त्यो कार्यक्रम छनोटमा पर्न सक्ने गरी तयार गरिएको छ कि छैन त्यो महत्वपूर्ण रहन्छ किनभने छनोट गर्ने समितिलाई क्रियाकलाप छनोटको लागि मापदण्ड तोकिएको छ जसलाई नै आधार मानेर समितिले क्रियाकलाप छनोट गर्दछ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार गाउँ वा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्नलिखित विषयलाई प्राथमिकता दिएर छनोट गर्दछ ।

१. आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
२. उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरूको हकमा बढीमा ३ वर्षभित्र सम्पन्न हुने),
३. राजस्व परिचालनमा योगदान पुऱ्याउने,
४. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
५. स्थानीय स्रोतसाधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
६. लैंगिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
७. दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
८. समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशील (Resilience) बनाउने,
९. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
१०. स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु आदि ।

सामाजिक विकास संयोजकलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह लैंगिक समानता, सामाजिक समावेशीकरणको शीर्षकमा पर्ने र यस विषयलाई छनोट गर्नुपर्ने प्रस्ट पार्नु पर्दछ ।

खण्ड

२

# पैरवीः

## स्थानीय तहको वार्षिक कार्ययोजना र बजेट तर्जुमा प्रक्रिया सुरु भएपछि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवको भूमिका

(प्रत्येक वर्षको १५ वैशाखदेखि असारसम्म)

▪ प्रभावशाली नागरिक समाज समितिको बैठक, दुर्गाभगवती गाउँपालिका, रौतहट



## **पैरवी:** स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रिया सुरू भएपछि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बाल कल्याण अधिकारी र वडा सचिवको भूमिका (प्रत्येक वर्षको १५ वैशाखदेखि असारसम्म):

स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन २०७८ ले स्थानीय तहको वार्षिक योजना तर्जुमाका लागि गाउँ/नगरपालिकालाई मार्ग निर्देशन गर्दछ । महिला बाल बालिका शाखा, बाल कल्याण अधिकारी र वडा सचिवले वडास्तरीय योजना तर्जुमा प्रक्रियालाई सुरू भएपछि अपनाउनु पर्ने चरणहरु उल्लेख गरिएको छ ।

### २.१ वार्षिक योजना तर्जुमा चरण–१, २

**वार्षिक नीति तथा कार्यक्रममा विषय समावेश र विभिन्न अनुदानबाट प्राप्त कार्यक्रम तथा बजेटबारे जानकारी**

२.१.१ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, बालकल्याण अधिकारी र वडा सचिवले गाउँ/नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको विषय समावेश गराउन पैरवी

२.१.२ वित्तीय समानीकरण, राजस्व बाँडफाँड, ससर्त, पूरक र विशेष अनुदानको कार्यक्रम तथा निर्देशिकाबारे जानकारी

२.१.३ निर्वाचित पदाधिकारीहरूलाई वित्तीय समानीकरण, राजस्व बाँडफाँड, ससर्त, पूरक र विशेष अनुदान कार्यक्रमबारेमा प्रस्ट

### २.२ वार्षिक योजना तर्जुमा चरण– चरण ३

**बस्ती स्तरको योजना छनोट प्रक्रियामा स्थानीय तथा वडा बालअधिकार समिति सदस्यहरूको सहभागिता**

२.२.१ बस्ती भेलामा स्थानीय र वडा बालअधिकार समिति सदस्यहरू सहभागी भई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको प्रस्तुति तथा पैरवी

२.२.२ बालअधिकार समितिहरूबाट गाउँ/नगरकार्यपालिका सदस्यहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापको छनोटको लागि पैरवी

### २.३ वार्षिक योजना तर्जुमा चरण–चरण ४

**वडा स्तरको योजना छनोटमा प्राथमिकीकरणमा परेको यकिन**

२.३.१ गाउँ/ नगरपालिका तथा वडा तहको प्राथमिकीकरणमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यहवहार परिवर्तनका क्रियाकलाप तथा बजेट समावेश गराउन पैरवी

२.३.२ वडा तथा गाउँ/नगरपालिकालाई प्राथमिकतामा परेका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप र बजेट स्वीकृत गराउन सहयोग

### २.४ वार्षिक योजना तर्जुमा चरण–चरण ५

**गाउँ/नगरपालिका स्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिमा क्रियाकलापहरू पेस भएको यकिन**

२.४.१ विषयगत समितिको बैठकमा सक्रिय सहभागी भई क्रियाकलाप तथा बजेट स्वीकृत गराउन पैरवी

### २.५ वार्षिक योजना तर्जुमा चरण–चरण ६ र ७

**गाउँ /नगरसभा सदस्यहरूसँग कार्यक्रम तथा बजेटको लागि पैरवी**

२.५.१ वडा तहमा प्राथमिकतामा राखिएका क्रियाकलाप तथा बजेटको स्वीकृतिका लागि पैरवी

२.५.२ गाउँ/नगरपालिका र वडा तहको प्राथमिकीकरणमा परेका क्रियाकलाप तथा बजेट सूत्रमा समावेश भएको यकिन

# २. पैरवी

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले स्थानीय तहको वार्षिक योजना तर्जुमाका लागि गाउँ/नगरपालिकालाई मार्ग निर्देशन गर्दछ । योजना तर्जुमा प्रक्रियालाई विभिन्न सात चरणहरुमा उल्लेख गरिएको छ । यी विभिन्न चरणहरु र त्यसको लागि तोकिएको समय सीमाभित्र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा तथा वडाले बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप समावेश गराउन गर्नुपर्ने कार्यहरु तलका शीर्षकहरुमा उल्लेख गरिएको छ ।

## २.१ वार्षिक योजना तथा बजेट तर्जुमा- चरण १, २

वार्षिक नीति तथा कार्यक्रममा विषय समावेश र विभिन्न अनुदानबाट प्राप्त कार्यक्रम तथा बजेटबारे जानकारी

### २.१.१ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, बालकल्याण अधिकारी र वडा सचिवले गाउँ/नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको विषय समावेश गराउन पैरवी

हरेक गाउँ/नगरपालिकाले असार १० गतेभित्रमा आफ्नो गाउँ/नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्नु पर्दछ । महिला बालवालिका तथा ज्येष्ठ नागरिक शाखा र बाल कल्याण अधिकारीले सामाजिक विकास समितिको संयोजकसँग सहकार्य गरी गाउँ/नगर सभामा प्रस्तुत गर्न तयार गरिने वार्षिक नीति तथा कार्यक्रमको समावेशीकरण/गरिबी निवारण तथा कला संस्कृति क्षेत्रअन्तर्गत 'बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरुको कार्यान्वयन/निरन्तरता दिइने' भन्ने वाक्य उल्लेख गराउन निरन्तर पैरवी गर्नुपर्दछ । वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएमा मात्र गाउँ/नगरपालिकाहरु यसका लागि बजेट विनियोजन गर्न बाध्य हुन्छ । त्यसैले महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका विषयलाई पनि प्रस्ट रुपमा नीति तथा कार्यक्रममा समावेश गराउन गाउँ/नगरपालिका प्रमुख/उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँग निरन्तर पैरवी गर्नु पर्दछ ।

संघीय सरकारबाट प्राप्त हुने बजेट सीमा र मार्गदर्शन फागुन र प्रदेश सरकारबाट चैत्र मसान्तभित्र प्राप्त हुन्छ । संघ सरकारबाट प्राप्त हुने बजेट सीमा SuTRA मार्फत प्राप्त हुन्छ । संघीय सरकार र प्रदेश सरकारबाट निर्धारित समयमा बजेट सीमा प्राप्त नभएमा पुस महिनामा अर्थ मन्त्रालयमा पेस गरेको विवरणलाई नै आधार लिन सकिनेछ ।

यसरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको विषय वार्षिक नीति तथा कार्यक्रममा सभाबाट पास भएपछि वडा र गाउँ/नगर स्तरबाट छनोट भइ आएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप तथा बजेट स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulatory Application/SuTRA) मा समावेश गर्न पैरवी गर्नु पर्दछ ।SuTRA द्वारा संघदेखि गाउँ/नगरपालिकासम्म नेपाल सरकारको कोष व्यवस्थापन हुन्छ । हरेक वर्ष तोकिएको मितिमा संघदेखि गाउँ/नगरपालिकाले आ-आफ्नो क्रियाकलाप यसको लागि आवश्यक बजेट क्रमशः यसै प्रणालीमा समावेश गराइसक्नु पर्दछ । यस प्रणालीमा समावेश भएका क्रियाकलाप मात्र कार्यान्वयन गर्न सकिन्छ । हरेक वर्षको साउन महिनाको २४ गतेसम्ममा आफ्नो क्रियाकलाप तथा बजेट प्रणालीमा समावेश भइसकेको हुनु पर्दछ ।

### २.१.२ वित्तीय समानीकरण, राजस्व बाँडफाँड, ससर्त, पूरक, र विशेष अनुदानको कार्यक्रम तथा निर्देशिकाबारे जानकारी

आर्थिक वर्षको लागि वित्तीय समानीकरण, राजस्व बाँडफाँड, ससर्त, पूरक, र विशेष अनुदान कार्यक्रम र बजेट संघ तथा प्रदेशबाट गाउँ/नगरपालिकालाई आउँदछ । यसरी संघबाट र प्रदेशबाट आएका कार्यक्रम र बजेटलाई ध्यानमा राखेर नदोहोरिने गरी गाउँ/नगरपालिकाले आफ्नो आन्तरिक आवश्यकताअनुसार आन्तरिक स्रोतलाई समेत समावेश गरी प्रत्येक वडाको लागि बजेटको अधिकतम सीमा रकम (Celling) तोकेर पठाउँदछ । यसैलाई आधार मानेर गाउँ/नगरपालिका र सबै वडाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनसम्बन्धी क्रियाकलापको लागि बजेट छुट्ट्याउनु पर्दछ ।

नयाँ आर्थिक वर्षको लागि आएको निर्देशन तथा बजेट संयुक्त रूपमा बुझ्न महत्वपूर्ण छ । त्यसैलाई आधार मानी बस्ती स्तरको- भेलामा प्रस्तुत गर्न पूर्वतयारी गर्दा तयार गरिएको कार्यक्रममा कुनै परिमार्जनको आवश्यकता परेमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, बालकल्याण अधिकारीले स्थानीय र वडास्तरीय बालअधिकार समितिको बैठकमा छलफल गरी अध्यावधिक गरेर बस्ती-भेलामा प्रस्तुत गर्न सहयोग गर्नु पर्दछ ।

### २.१.३ निर्वाचित पदाधिकारीहरू ससर्त, समपूरक, राजस्व बाँडफाँड, विशेष र समानीकरण अनुदान कार्यक्रमबारे स्पष्ट

निर्वाचित पदाधिकारीहरूलाई ससर्त, समपूरक, राजस्व बाँडफाँड, विशेष र समानीकरण अनुदान बजेटको बारेमा प्रस्ट पार्न गाउँ/नगरपालिका र वडाका नियमित बैठकमा छलफलको विषयसूचीमा यस विषयलाई पनि राख्नु पर्दछ । विभिन्न किसिमका अनुदानका बारेमा गाउँ/नगरपालिका स्तरको अभिमुखीकरणको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको सहयोग लिन सक्दछ । वडा स्तरमा गरिने अभिमुखीकरणको लागि वडा सचिवले महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखासँग समन्वय गरी पहल गर्नु पर्दछ ।

नेपाल सरकारले स्थानीय तहमा प्रयोग गर्ने/प्रदान गर्ने विभिन्न किसिमका अनुदानहरूको व्याख्या तल गरिएको छ ।

#### *२.१.३.१ वित्तीय समानीकरण अनुदानले समेटेको विषयवस्तु*

नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई खर्च र राजस्व क्षमताको आवश्यकताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ । उपदफा १ बमोजिम नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतसाधनबाट राज्यको कानुनबमोजिम आफ्नो कार्यक्षेत्रअन्तर्गत पर्ने स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

#### *२.१.३.२ ससर्त बजेटले समेटेको विषय*

संघीय सरकार वा प्रदेशले कुनै योजना कार्यान्वयन गर्न वा राष्ट्रिय तथा प्रादेशिक प्राथमिकतामा परेका वा संबिधानमा उल्लेखित मौलिक हकहरु प्रदत्त तोकिएका सेवा प्रवाहका लागि स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रकम नै ससर्त बजेट (अनुदान) हो । प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम एवं राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधारमा ससर्त अनुदान प्रदान गर्दछ । यस प्रकारको अनुदान प्रदान गर्दा नेपाल सरकार तथा प्रदेशले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक सर्त तोकेको हुन्छ र उक्त सर्तहरु स्थानीय तहले पालना गर्नुपर्ने हुन्छ ।

### *२.१.३.३ समपूरक अनुदानले समेटेको विषय*

संघ सरकार वा प्रदेशले स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रदेश ऐनअन्तर्गत प्रदान गरिने अनुदान रकम नै समपूरक अनुदान रकम हो । यो अनुदान पनि तोकिएका पूर्वाधार विकाससम्बन्धी योजनामै अनुदान उपलब्ध गराउने निकायसँगको समन्वयमा निर्दिष्ट कार्यविधि अनुरूप खर्च गर्नुपर्ने हुन्छ ।

### *२.१.३.४ राजस्व बाँडफाँड समेटेको विषय*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ ले राजस्वको बाँडफाँड गर्दा लिइने आधार तोकेको छ । जसअनुसार आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तह बीच राजस्वको बाँडफाँड विस्तृत आधार र ढाँचा देहायका आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्नेछ ।

(क) जनसंख्या र जनसांख्यिक विवरण ।
(ख) क्षेत्रफल
(ग) मानव विकास सूचकांक
(घ) खर्चको आवश्यकता
(ङ) राजस्व संकलनमा गरेको प्रयास
(च) पूर्वाधार विकास
(छ) विशेष अवस्था

### *२.१.३.५ विशेष अनुदानले समेटेको विषय*

नेपाल सरकार वा प्रदेशले स्थानीय तहलाई देहायका कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रदेश ऐनअन्तर्गत प्रदान गरिने अनुदान रकम नै विशेष अनुदान रकम हो ।

(क) शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने ।
(ख) अन्तरप्रदेश वा अन्तरस्थानीय तहको सन्तुलित विकास गर्ने ।
(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने ।

यो अनुदान पनि तोकिएका विकास योजनामै अनुदान उपलब्ध गराउने निकायले तयार पारेको कार्यविधि अनुरूप खर्च गर्नुपर्ने हुन्छ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले राजस्व बाँडफाँड र विशेष अनुदानअन्तर्गत रहेर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप तयार गर्दा सबैभन्दा उपयुक्त देखिएको छ ।** आन्तरिक स्रोतबाट विनियोजन गरिएको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमको बजेट प्रक्षेपणअनुसार गाउँ/नगरपालिकाको आन्तरिक राजस्व संकलन हुन नसके आन्तरिक स्रोतका आधारमा विनियोजन गरी विकास गरिएका कार्यक्रमहरु कार्यान्वयन नहुने सम्भावना रहन्छ ।

## २.२ वार्षिक योजना तर्जुमा– चरण ३: बस्तीस्तरको योजना छनोट प्रक्रियामा स्थानीय तथा वडा बालअधिकार समितिका सदस्यहरूको सहभागिता

### २.२.१ बस्ती भेलामा स्थानीय तथा वडा बालअधिकार समिति सदस्यहरू सहभागी भई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको प्रस्तुति तथा पैरवी

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र वडा सचिवहरूले स्थानीय/वडा बालअधिकार समितिका सदस्यहरूसँग बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन गर्न पूर्व तयारी गरिएका क्रियाकलापहरु बस्ती भेलामा सहभागी भएर प्रस्तुत तथा पैरवी गरिएको यकिन गर्नु पर्दछ । क्रियाकलाप तयार गर्ने प्रक्रिया र बजेटसहितको योजना खण्ड १ः पूर्व तयारीमा उपलब्ध छ ।

#### *२.२.१.१ तयारी योजनाका साथ बस्ती भेलामा स्थानीय र वडा बालअधिकार समितिबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक ब्यवहार परिवर्तनका क्रियाकलापहरूको प्रस्तुति तथा पैरवी*

बस्ती भेलामा तथ्यहरु सहित बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु स्थानीय/वडा बालअधिकार समिति सदस्यहरूबाट प्रस्ट रूपमा प्रस्तुत भएमा बस्तीस्तरको भेलाबाट क्रियाकलपहरु छनोट हुने बलियो सम्भावना हुन्छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवहरूले बस्ती स्तरको भेला हुने मिति, स्थान तथा समयको बारेमा स्थानीय वा वडा बालअधिकार समितिहरूका सदस्यहरूलाई जानकारी गराई तयार गरिएको योजनाका साथ सहभागी भएको यकिन गर्नु पर्दछ । बस्ती भेला हुने मिति र स्थानको बारेमा रेडियो वा स्थानीय पत्रिकाहरूमा पनि सूचना आउन सक्दछ ।

**बालअधिकार समितिहरू गठन नभइसकेको अवस्थामा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र वडा सचिवहरूले शिक्षा तथा स्वास्थ्य शाखासँग समन्वय गरी उनीहरूको समुदायमा भएका सञ्जाललाई परिचालन गर्दा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरू पनि बस्ती स्तरका भेलाहरूमा प्रस्तुतिका लागि समावेश गर्न सकिन्छ, जस्तै महिला स्वास्थ्य स्वयंसेविका, शिक्षकहरू आदि ।**

#### *२.२.१.२ स्थानीय/वडा बालअधिकार समिति सदस्यहरूबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरू पैरवीको लागि समुदायमा सहजीकरण*

स्थानीय/वडा बालअधिकार समिति सदस्यहरु परिचालित भई बस्ती भेलामा समुदायको बढी सहभागिता यकिन गर्न बस्ती स्तरका भेलाहरु बस्ने बारेको सूचना समुदायमा पुनः जानकारी गराउनु पर्दछ । समुदायबाट नै बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापको माग भई आएका छनोटमा पर्ने सम्भावना झन् बढ्दछ ।

### २.२.२ बालअधिकार समितिहरूबाट गाउँ/नगर कार्यपालिका सदस्यहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापको छनोटको लागि पैरवी

स्थानीय र वडा बालअधिकार समिति सदस्यहरूले गाउँ/नगर कार्यपालिका सदस्यहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप छनोटमा पार्नको लागि निरन्तर पैरवी गरिरहनु पर्दछ ।

## २.३ वार्षिक योजना तर्जुमा– चरण ४: वडा स्तरको योजना छनोटमा प्राथमिकीकरणमा परेको यकिन

बस्ती भेलामा मुख्य गरी समुदायको उपस्थिति हुने हुँदा समुदायबाट नै माग भई आएमा योजना छनोटमा पर्दछ तर यसका लगि निरन्तर पैरवी गरिरहनु पर्दछ ।

### २.३.१ गाउँ/नगरपालिका तथा वडा तहको प्राथमिकीकरणमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप तथा बजेट समावेश गराउन पैरवी

बस्ती स्तरको भेला हुँदै वडा समितिसमेतबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक ब्यवहार परिवर्तनका क्रियाकलाप प्राथमिकीकरणमा पार्न वडाध्यक्ष, सम्बन्धित वडामा प्रतिनिधित्व गर्ने कार्यपालिकाका सदस्यहरूलाई सामाजिक विकासको लागि स्थानीय आवश्यकतालाई सम्बोधन गर्न बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था, समस्या र तयार गरिएको क्रियाकलापबारे स्थानीय र वडा बालअधिकार समितिका सदस्यहरूले पुनः अवगत गराई क्रियाकलाप छनोटको लागि आफ्नो स्तरबाट पैरवी गर्नुपर्छ ।

### २.३.२ वडा तथा गाउँ/नगरपालिकालाई प्राथमिकतामा परेका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप र बजेट स्वीकृत गराउन सहयोग

महिला बालबालिका तथा ज्येष्ठ नगरिक शाखा, बालकल्याण अधिकारीले बजेट तथा कार्यक्रम तर्जुमा समितिको लागि वडा तहबाट प्राथमिकीकरणमा परेका क्रियाकलापको अनुमानित बजेट तयार गर्न वडा सचिवलाई सहयोग गर्नु पर्दछ । बस्ती भेलामा प्रस्तुत गर्न तयार गरिएका गाउँ/नगरपालिका स्तरका क्रियाकलापकको बजेटलाई आधार मान्न सकिन्छ ।

## २.४ वार्षिक योजना तर्जुमा–चरण ५: गाउँ/नगरपालिका स्तरीय कार्यक्रम तथा बजेट तर्जुमा समितिमा क्रियाकलापहरू पेस भएको यकिन

वडाहरूले आफ्नो योजना र बजेट पेस गरेपछि गाउँ/नगरपालिकामा बजेट र क्रियाकलापहरूको समीक्षा प्रक्रिया सुरू हुन्छ । यस समयमा पनि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप र बजेट सुनिश्चित गर्न निरन्तर पैरवी र सतर्कता आवश्यक हुन्छ ।

### २.४.१ विषयगत समितिको बैठकमा सक्रिय सहभागी भई कार्यक्रम तथा बजेट स्वीकृत गराउन पैरवी

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख र बाल कल्याण अधिकारीले विषयगत समिति (सामाजिक विकास समिति)को बैठकमा सामाजिक विकास समितिको संयोजकलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप तथा यसको लागि आवश्यक बजेटका बारेमा प्रस्ट पार्नु पर्दछ र विषयगत बजेट सीमा निर्धारण समितिमा पेस भएको यकिन गर्नु पर्दछ । गाउँ/नगर परिषद्मा बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप वकालत गर्नु सामाजिक विकास संयोजकको भूमिका हो । त्यसैले सामाजिक विकास संयोजकलाई कार्यक्रमबारे पूर्णरूपमा जानकारी हुनुपर्छ ।

### २.४.१.१ क्षेत्रगत बजेट सीमा निर्धारण

महिला बालवालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख र बाल कल्याण अधिकारीले सामाजिक विकास संयोजकलाई बजेट तथा कार्यक्रम निधारणका पाँच वटा क्षेत्रहरु तथा ती क्षेत्रहरुका सीमाहरुमध्ये बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु सामाजिक विकासअन्तर्गतका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रसँग सम्बन्धित रहेको र यसले स्वास्थ्य र शिक्षाका सूचकहरुलाई पनि प्रभाव पार्ने प्रस्ट पार्नु पर्दछ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले सामाजिक विकास संयोजकलाई प्रभावकारी रुपमा परिषद्मा कार्यक्रम प्रस्तुत गर्न आवश्यक सहयोग गर्न तयार रहनु पर्दछ र बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप समावेश गर्न पैरवी गरिरहनु पर्दछ ।

**तालिका ७ : क्षेत्रगत बजेट सीमा निर्धारण**

| क्र.सं | क्षेत्र | सीमा (उपक्षेत्र) |
|---|---|---|
| क) | आर्थिक विकास | ▪ कृषि<br>▪ उद्योग तथ वाणिज्य<br>▪ पर्यटन<br>▪ सहकारी<br>▪ वित्तीय क्षेत्र |
| ख) | सामाजिक विकास | ▪ शिक्षा<br>▪ स्वास्थ्य<br>▪ खानेपानी तथा सरसफाइ<br>▪ संस्कृति प्रवर्द्धन<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, अल्पसंख्यक आदि) |
| ग) | पूर्वाधार विकास | ▪ सडक तथा पुल<br>▪ सिँचाइ<br>▪ भवन तथा सडक विकास<br>▪ ऊर्जा, लघु तथा साना जलविद्युत्<br>▪ सञ्चार |
| घ) | वातावरण तथा विपद् व्यवस्थापन | ▪ वन तथा भु-संरक्षण<br>▪ जलाधार संरक्षण<br>▪ वातावरण संरक्षण<br>▪ जलवायु परिवर्तन<br>▪ फोहोरमैला व्यवस्थापन<br>▪ जलउत्पन्न प्रकोप नियन्त्रण<br>▪ विपद् व्यवस्थापन, बारुणयन्त्र सञ्चालन |

| क्र.सं | क्षेत्र | सीमा (उपक्षेत्र) |
|---|---|---|
| ङ) | सुशासन तथा संस्थागत विकास | ▪ मानव संसाधन विकास<br>▪ संस्थागत क्षमता विकास<br>▪ राजस्व परिचालन<br>▪ वित्तीय व्यवस्थापन<br>▪ वित्तीय जोखिम न्यूनीकरण<br>▪ सार्वजनिक सुनुवाइ<br>▪ सार्वजनिक परीक्षण<br>▪ आन्तरिक र अन्तिम लेखापरीक्षण<br>▪ बेरूजु फर्स्योट<br>▪ सेवा प्रवाहका मापदण्ड निर्धारण<br>▪ सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग<br>▪ नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तरनिकाय समन्वय |

## २.५ वार्षिक योजना तर्जुमा–चरण ६ र ७: गाउँ/नगरसभा सदस्यहरूसँग क्रियाकलाप तथा बजेटको लागि पैरवी

सामाजिक विकास समितिले आफ्नो क्रियाकलाप र बजेटलाई अन्तिम रुप दिएपछि गाउँ/नगरपालिकाको बजेट र क्रियाकलापको समीक्षा प्रक्रियामा जान्छ र गाउँ/नगर सभाबाट स्वीकृति हुन्छ । यस चरणमा बालविवाह उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु र बजेट सुनिश्चित गर्न निरन्तर वकालत र सतर्कता आवश्यक पर्दछ । साथै क्रियाकलाप तथा बजेट SuTRA मा समाबेश गरिएको सुनिश्चित गर्न आवश्यक छ, यसो भयो भने मात्र शाखा र वडाको क्रियाकलाप र बजेटका यकिन हुन्छ ।

### २.५.१ वडा तहमा प्राथमिकतामा राखिएका क्रियाकलाप र बजेटको स्वीकृतिका लागि पैरवी

यी चरणहरुमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख र बाल कल्याण अधिकारीले स्थानीय बालअधिकार समितिको सहयोगमा सामाजिक विकास शाखा प्रमुख, कार्यपालिका सदस्यहरु जस्तै उपमेयर/उपाध्यक्षहरूसँग समन्वय गरी विषयगत समितिबाट स्वीकृत गराएर एकीकृत योजना तर्जुमा समितिमा लैजान पहल गर्नुपर्छ जुन योजनाहरूको अन्तिम रुप दिने गाउँ/नगरपालिका स्तरीय समिति हो । त्यसैगरी वडा बालअधिकार समितिका सदस्यहरूले पनि वडाध्यक्ष वा कार्यपालिकाका अन्य सदस्यहरूसँग पैरवी गरिरहनु पर्दछ ।

### २.५.२ गाउँ/नगरपालिका तथा वडा तहको प्राथमिकीरणमा परेका क्रियाकलाप तथा बजेट SuTRA मा समावेश भएको यकिन

वडास्तरीय कार्यक्रम तथा बजेट तर्जुमा समितिबाट छनोट भई आएका क्रियाकलाप जबसम्म गाउँ/नगरपालिकामा क्रियाकलापको नाम र त्यसको अनुमानित बजेट जस्ताको त्यस्तै SuTRA मा समावेश हुँदैन तबसम्म क्रियाकलाप तथा बजेटको यकिन हुँदैन । त्यसैले महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बाल कल्याण अधिकारीले प्रत्येक क्रियाकलाप र त्यसको लागि बजेट जसरी लेखिएको छ त्यसरी नै प्रस्तावित अनुमानित बजेट SuTRA मा समावेश गराउन प्रमुख प्रशासकीय अधिकृतसँग पैरवी गरिरहनु पर्दछ र SuTRA मा समावेश भएको यकिन गर्नु पर्दछ । क्रियाकलाप र वजेट विस्तृत रुपमा समावेश गरिएको हुनु पर्दछ । ठूला शीर्षक र एकमुष्ट बजेट समावेश भयो भने कार्यान्वयनको समयमा क्रियाकलाप कार्यान्वयनको स्वीकृति लिन तथा बजेट खण्डीकरणमा समस्या आउँदछ । साथै आफूले तयार गरेको योजना अनुरुप कार्यान्वयन नभई अरु क्रियाकलापमा खर्च हुन सक्दछ ।

## उदाहरणको लागि

**तालिका ८ : लोहारपट्टी नगरपालिकाको सूत्रमा समेटिएको क्रियाकलाप र बजेट**

**लोहारपट्टी नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय, महोत्तरी
**कार्यालयको कोड:** ८०२१८४०९३००
**कार्यक्रम/परियोजनाअनुसार बजेट विनियोजन**
आ.व. २०७९/८०

**अवधि:** २०७९/०४/०१ देखि २०७९/०७/१५
**बजेट उपशीर्षक:** लोहारपट्टी नगरपालिका वडा नं. २
**बजेट प्रकार:** चालु
८०२१८४०९२०२ लोहारपट्टी नगरपालिका वडा नं. २ रू. हजारमा

| सि. न. | संकेत | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | लक्ष्य | इकाइ | विनियोजन | खर्च | खर्च (%) | मौजदात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८ | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि वडास्तरमा सर्वदलीय समिति निर्माण गरी परिचालन गर्ने | २२५२९ | राजस्व बाँडफाँड | १ | संख्या | २० | ० | ०.० | २० |
| २ | २० | स्थानीय स्तरका धार्मिक अगुवाहरू तथा विवाह गराउने अन्य व्यक्तिहरूलाई सूचीकरण गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने पुराना सामाजिक परम्परा र चलनहरू परिवर्तन गर्न परिचालन गर्ने | २२५२९ | राजस्व बाँडफाँड | १ | संख्या | ६० | ० | ०.० | ६० |
| ३ | २४ | स्थानीय स्तरमा भएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यमा काम गर्ने औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि गरी र किशोरीहरूलाई बाल क्लबमा ऐक्यबद्ध गरी परिचालन गर्ने । | २२५२९ | राजस्व बाँडफाँड | १ | संख्या | २५ | ० | ०.० | २५ |
| ४ | १८ | बालविवाह रोकी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह नगर्न पैरवी गर्ने किशोरीहरूलाई वडा बालअधिकार समितिले वार्षिक रूपमा प्रोत्साहन र सम्मान गर्ने । | २२५२९ | राजस्व बाँडफाँड | १ | संख्या | ३५ | ० | ०.० | ३५ |
| ५ | २३ | २० वर्ष उमेर पुगेपछि मात्र छोरीको विवाह गर्ने परिवारको लागि वार्षिक रूपमा सम्मान समारोह आयोजना गर्ने । | २२५२९ | राजस्व बाँडफाँड | १ | संख्या | ३०० | ० | ०.० | ३०० |
| ६ | २१ | स्थानीय तहबाट २० वर्ष उमेर पुगेपछि विवाह गर्न चाहने किशोरीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन १० कक्षा पास गरेका र १२ कक्षापछि सीप विकासको सुनिश्चितता गर्ने । | २२५२९ | राजस्व बाँडफाँड | १ | संख्या | २०० | ० | ०.० | २०० |
| ७ | १५ | २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने अभिभावकलाई नगरपालिकामार्फत कृषि कामको लागि स्थानीय तहले सहुलियतको प्रदान गर्ने | २२५२९ | राजस्व बाँडफाँड | १ | संख्या | १५० | ० | ०.० | १५० |
| कुल जम्मा | | | | | | | ७९० | ० | ०.० | ७९० |

खण्ड
३

# कार्यान्वयन, अनुगमन र मूल्यांकन

## वार्षिक योजना पारित भएपछि- महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बाल कल्याण अधिकारी र वडा सचिवको भूमिका (प्रत्येक वर्षको साउन महिनाबाट)

■ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि भइरहेको क्रियाकलापहरूको अनुगमन गर्नु हुँदै देव कुमारी खत्री-उपसचिव, खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश



**कार्यान्वयन, अनुगमन र मूल्यांकन:** स्थानीय तहको वार्षिक योजना पारित भएपछि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बाल कल्याण अधिकारी र वडा सचिवको भूमिका (प्रत्येक वर्षको साउन महिनाबाट)

**३.१. स्वीकृत क्रियाकलाप र बजेटको आधारमा विस्तृत कार्ययोजना तयारी**

३.१.१ स्थानीय बालअधिकार समितिको बैठकमा स्वीकृत भएको क्रियाकलाप र बजेटको बारेमा जानकारी

३.१.२ स्वीकृत भएको क्रियाकलाप र बजेटको बारेमा वडा बालअधिकार समितिको बैठकमा जानकारी गराउन सहयोग

**३.२. कार्ययोजना कार्यान्वयन**

३.२.१ स्वीकृत क्रियाकलाप र बजेट वडा तथा स्थानीय बालअधिकार समितिहरूमा प्रस्तुति

३.२.२ वडा र गाउँ/नगरपालिका स्तरका क्रियाकलापको त्रैमासिक योजना कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउने

३.२.३ स्वीकृत त्रैमासिक कार्ययोजना तथा बजेटअनुसार क्रियाकलाप कार्यान्वयन र वडालाई कार्यान्वयनमा सहयोग

**३.३. क्रियाकलापहरूको अनुगमन तथा मूल्यांकन**

३.३.१ सूचकको निर्माण तथा प्रयोग

३.३.२ कार्यक्रमको सूचना व्यवस्थापन प्रणालीको विकास र कार्यान्वयन

३.३.३ सहयोगी सुपरिवेक्षण र अनुगमन भ्रमणहरू

**३.४. अनुगमन तथा कार्यक्रम प्रतिवेदनको प्रस्तुति**


३.४.१ बालविवाह मुक्त वडा/नगरपालिका घोषणा सूचकहरूको प्रगतिको बारेमा बालअधिकार समितिहरूको बैठकमा छलफल

३.४.२ अनुगमन तथा कार्यक्रमको प्रगतिको बारेमा गाउँ/नगरकार्यपालिकामा प्रस्तुत

३.४.३ त्रैमासिक, अर्धवार्षिक र वार्षिक समिक्षा बैठक

# ३. कार्यान्वयन, अनुगमन र मूल्यांकनः वार्षिक योजना पारित भएपछि

## 'पी' प्रक्रिया- चरण ४ र ५: कार्यान्वयन, अनुगमन तथा मूल्यांकन




स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७८ को बुँदा नं. ६ मा उल्लेख भएअनुसार गाउँ/नगरसभाबाट क्रियाकलाप तथा बजेट स्वीकृत भएपछि क्रियाकलाप वडा तथा गाउँ/नगरपालिकामा कार्यान्वयन गर्नको लागि गर्नु पर्ने कार्यहरुः

(क) गाउँ वा नगरसभाले पारित गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित गाउँ/नगर कार्यपालिकाका प्रमुख/अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(ख) अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ८ बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवलाई लिखित रूपमा योजना कार्यान्वयनको जिम्मा दिनु पर्नेछ । योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित विभाग/महाशाखा/शाखा र एकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्नेछ ।

(ग) विभाग/महाशाखा/शाखा/एकाइ प्रमुख र वडा सचिवबाट पेस भएको कार्यान्वयन कार्ययोजनामा प्राविधिक क्षमता, योजनाको संवेदनशीलता, कार्यान्वयन प्राथामिकीकरण, नगद प्रवाहको अवस्थासमेतको आधारमा कुनै संशोधन गर्नुपर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सुझाव दिन सक्नेछ । यसरी प्राप्त भएको सुझावसमेतको आधारमा सम्बन्धित निकायले कार्यान्वयन कार्ययोजनामा संशोधन गरी ५ दिन भित्र पुनः पेस गर्नु पर्दछ ।

(घ) सबै विभाग, महाशाखा, शाखा, इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनाहरूलाई प्रमुख प्रशासकीय अधिकृतले एकत्रित गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेस गर्नुपर्नेछ ।

## ३.१ स्वीकृत क्रियाकलाप र बजेटको आधारमा विस्तृत कार्ययोजना तयारी

स्वीकृत बजेटको आधारमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप सञ्चालन गर्न गाउँ/नगरपालिकाले आफैंले गर्ने खर्च र वडाले गर्ने खर्चको क्रियाकलाप यकिन गर्नु पर्दछ ।

### ३.१.१ स्थानीय बालअधिकार समितिको बैठकमा स्वीकृत भएको क्रियाकलाप र बजेटको बारेमा जानकारी

गाउँ/नगर कार्यपालिकाले अनुमोदन गरी पठाएको योजना नगर/गाउँसभाबाट पारित भएपछि प्रमुख प्रशासकीय-अधिकृतले बोलाएको बैठकमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा-प्रमुख, बाल कल्याण अधिकारी अनिवार्य उपस्थित हुनु पर्दछ । यस बैठकबाट यस वर्षको कार्यक्रममा परेका क्रियाकलाप तथा बजेटको बारेमा जानकारी हुन्छ ।

स्थानीय बालअधिकार समितिको नियमित बैठकमा गाउँ/नगरसभाबाट स्वीकृत भएका क्रियाकलाप र बजेट विवरण बारेमा समीक्षा गरी गाउँ/नगरपलिका स्तरीय र वडास्तरीय क्रियाकलाप र बजेटको बारेमा प्रस्ट पार्नु पर्दछ । स्वीकृत गरिएका क्रियाकलाप, अनुमानित बजेट र कार्यान्वयन प्रक्रियाबारे व्यापक छलफल गरी प्रस्ताव गरिएको क्रियाकलाप र बजेटमा कुनै हेरफेर वा काँटछाँट भएको यकिन गरी यसैको आधारमा कार्यान्वयनको लागि प्रत्येक वडा र गाउँ/नगरपालिकाको विस्तृत कार्ययोजना तयार गर्नुपर्छ ।

### ३.१.२ स्वीकृत भएको क्रियाकलाप र बजेटको बारेमा वडा बालअधिकार समितिको बैठकमा जानकारी गराउन सहयोग

प्रत्येक वडा बालअधिकार समितिको नियमित बैठकमा गाउँ/नगरसभाबाट स्वीकृत भएका आ-आफ्ना वडाको क्रियाकलाप र बजेटको बारेमा जानकारी गराउन महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, बालकल्याण अधिकारीले वडा सचिवहरूलाई सहयोग गर्नु पर्दछ । वडाले प्रस्ताव गरेको क्रियाकलाप र बजेटमा कुनै हेरफेर र काँटछाँट भएको छ भने त्यो पनि प्रस्ट पारिदिनु पर्दछ ।

## ३.२.स्वीकृत कार्ययोजना कार्यान्वयन

### ३.२.१ स्वीकृत क्रियाकलाप तथा बजेट वडा/स्थानीय बालअधिकार समितिहरूमा प्रस्तुति

स्वीकृत भएका गाउँ/नगरपालिका स्तरका क्रियाकलापको बारेमा वडा बालअधिकार समितिमा वडा सचिवले र स्थानीय बालअधिकार समितिमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले समितिहरूका नियमित बैठकमा जानकारी गराउनु पर्दछ । यसरी क्रियाकलाप र त्यसको बजेटका बारेमा जानकारी गराउँदा कार्यक्रम पारदर्शी हुन्छ र प्रभावकारी कार्यान्वयनको लागि निरन्तर सहयोग मिल्दछ ।

### ३.२.२ वडा र गाउँ/नगरपालिका स्तरका क्रियाकलापको त्रैमासिक कार्ययोजना कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउने

वडा स्तरीय क्रियाकलापको लागि वडा सचिव र गाउँ/नगरपालिकाको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले तोकिएको खाकामा आगामी वर्षको लागि त्रैमासिक कार्ययोजना र बजेट तयार गरी स्वीकृतको लागि प्रमुख प्रशासकीय अधिकृतलाई पेस गर्नु पर्दछ । प्रमुख प्रशासकीय अधिकृतबाट तोक-आदेश लगाई लेखा शाखामा पेस गर्नु पर्दछ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले र वडास्तरीय क्रियाकलापको लागि वडा सचिवले निम्नानुसारको ढाँचामा त्रैमासिक कार्ययोजना तयार गर्नु पर्दछ ।

**तालिका ९: त्रैमासिक कार्ययोजना तयारी ढाँचाः**

| क.सं. | क्रियाकलाप | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौथो त्रैमासिक | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भदौ | असोज | जम्मा लागत | कात्तिक | मंसिर | पुस | जम्मा लागत | माघ | फागुन | चैत्र | जम्मा लागत | वैशाख | जेठ | असार | जम्मा लागत | |
| १. | | | | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | | | | | | |
| तयार गर्ने | | | | | | | | | | प्रमाणित गर्ने | | | | | | | | |

त्रैमासिक रूपमा तयार गरिएको वार्षिक कार्ययोजना तथा बजेट स्वीकृत भइसकेपछि क्रियाकलाप कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडा सचिव वा अन्य कर्मचारी र नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि अवश्यक कागजातसहित निवेदन लेखा शाखामा दिनुपर्छ । लेखा शाखाबाट पेस्की रकम आएपछि क्रियाकलाप कार्यान्वयन गर्न सकिन्छ । क्रियाकलापहरु पूरा भएपछि समयमा नै भुक्तानीको लागि आवश्यक कागजातहरु सहित लेखाशाखामा पेस गर्नु पर्दछ ।

गाउँ/नगरपालिका र वडाले गर्ने क्रियाकलापको खर्च स्वीकृत त्रैमासिक कार्ययोजनाको आधारमा हुन्छ ।

## उदाहरणको लागि

**पेस्की रकम आदेशको लागि फारमको नमुना**

मितिः ..........................

श्री...........................................................

**विषयः– पेस्की रकम माग सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा यस ............................................ गाउँ/नगरपालिकाको चालु आ.व. ........................ तर्फ स्वीकृत तपसिल बमोजिमको कार्यक्रम सञ्चालनको लागि देहायबमोजिमको विवरणसहितको कार्यक्रमका लागि रकम रू. ............................................................................ पेस्की उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

**तपसिल**

१. बजेट खर्च शीर्षक : ................

२. कार्यक्रमको नाम : ................

३. स्वीकृत रकम : ................

४. कार्यक्रम सञ्चालन स्थान : ...........

५. लक्षित वर्ग : ................

६. लाभान्वित परिवार संख्या : ...........

७. क्रियाकलाप तथा अनुमानित खर्च विवरण

निवेदक .......

नाम :

पद :

मिति :

**पेस्की फर्स्योटको प्रक्रिया**

क्रियाकलाप सम्पन्न भएपछि पेस्की लिएको व्यक्तिले पेस्की फर्स्योट गर्न प्रतिवेदन, खर्चको विवरण, क्रियाकलापको फोटो, हाजिरीसहित नगर/गाउँपालिकाको लेखा शाखामा र वडाले वडा सचिवलाई तोकिएको समयमै बुझाउनु पर्दछ । एउटा पेस्की फर्स्योट नगरेसम्म अर्को पेस्की लिन मिल्दैन । त्यसैले क्रियाकलाप कार्यान्वयन गरेपछि समयमै पेस्की फर्स्योट गर्नु पर्दछ जसले गर्दा अन्य क्रियाकलापको कार्यान्वयन गर्न बाटो खुल्दछ ।

## उदाहरणको लागि

**दुर्गाभगवती गाउँपालिकामा पेस गरिएको पेस्की फर्स्योट निवेदन**

**टिप्पणी र आदेश**

**विषय:- पेस्की फर्स्योट सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस दुर्गाभगवती गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाअन्तर्गत आ.व.२०७८/०७९ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ससर्त अनुदानअन्तर्गत तपसिल बमोजिमको शीर्षकमा कार्यक्रमको रकम रू. १,००,००० ।- (अक्षरेपी रू. एक लाख मात्र) रहेको मा उक्त कार्यक्रमको लागि मिति २०७८।११।२९ मा पेस्की लिई उक्त कार्यक्रम सम्पन्न भइसकेको हुँदा पेस्की फर्स्योट गरिदिन हुन श्रीमान् समक्ष यो निर्णयार्थ पेस गरेको छु ।

**तपसिल**

बजेट शीर्षक नं २.७.२५.१२० अनुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको कार्य क्षेत्र (महिला, बालबालिका, अपांगता, भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यक) का तथ्यांक संकलन तथा अध्यावधिक गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनको लागि रकम रू.१,००,००० (अक्षरेपी रू. एक लाख) ।

निवेदक .............
नाम :
पद :
मिति :

## ३.२.३ स्वीकृत त्रैमासिक कार्ययोजना तथा बजेटअनुसार क्रियाकलाप कार्यान्वयन र वडालाई कार्यान्वयनमा सहयोग

### *३.२.३.१ क्रियाकलापको कार्यान्वयन कार्यविधिको उपलब्धता*

हालै, मधेश प्रदेशका महोत्तरी र रौतहट जिल्लाका गरी ६ वटा गाउँ/नगरपालिकाहरूमा लक्षित समूह केन्द्रित डिजाइन प्रक्रियाबाट तयार गरिएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार क्रियाकलापहरूको कार्यान्वयन विधि अनुसूचीमा राखिएको छ । यी क्रियाकलापहरु प्रभावकारी पनि पाइएको छ ।

यस सहयोगी पुस्तिकाको उपलब्धताको बारेमा वडा/स्थानीय बालअधिकार समितिलाई समयमा नै जानकारी गराउनु पर्दछ । (Sahayogi Pustika: https://mossw.madhesh.gov.np/) ।

कुनै पनि क्रियाकलाप कार्यान्वयन गर्नको लागि क्रियाकलाप गर्नुभन्दा पहिला कार्यान्वयन विधिको राम्ररी अध्ययन गरेर यसलाई आधार मानेर क्रियाकलाप सञ्चालन गर्दा क्रियाकलाप योजना गरेअनुसार समयमा नै र गुणस्तरीय तरिकाले सम्पन्न गर्न सकिन्छ ।

यो क्रियाकलाप कार्यान्वयनका विस्तृत विवरणमा क्रियाकलापको पृष्ठभूमि, प्रमुख समस्या, लक्षित समूह, क्रियाकलापको उद्देश्य र क्रियाकलाप कार्यान्वयनका चरणहरु (क्रियाकलापको कार्यान्वयनको पेस्की लिने, लक्षित समूहको सूची तयार गर्ने, तयारीको लागि वडा/स्थानीय बालअधिकार समितिहरूका बैठक बस्ने, क्रियाकलाप सम्पन्न भएपछि पेस्की फर्स्योट) राखिएको छ । साथै यसले क्रियाकलापहरु कार्यान्वयनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, बाल कल्याण अधिकारी, स्थानीय/वडा बालअधिकार समिति र वडा सचिवको मुख्य भूमिकाहरु उल्लेख गरेको छ ।

### *३.२.३.२ क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको लागि परीक्षण गरिएको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि तयार गरिएका सन्देशहरू:*

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापलाई प्रभावकारी बनाउन यस विषयमा दिइने सन्देशले महत्वपूर्ण भूमिका खेल्दछ । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि महत्वपूर्ण भूमिका खेल्ने विभिन्न लक्षित समूहलाई आधार मानेर सन्देश तयार गर्नु पर्दछ किनभने एउटै सन्देशले सबैको मन नछुन सक्छ ।

## उदाहरणको लागि

महोत्तरी र रौतहटका गरी ६ वटा गाउँ/नगरपालिकाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यसम्बन्धी आफूले छनोट गरेका क्रियाकलापहरु कार्यान्वयन गर्न विभिन्न लक्षित समूहको लागि तयारी गरेका सन्देशहरु निम्नानुसारका छन् ।

**विभिन्न लक्षित समूहको लागि तयार गरिएको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यसम्बन्धी सन्देशहरू**

| |
|---|
| **अभिभावकको लागि सन्देश** |
| १. छोरीलाई दिने सबैभन्दा कठोर सजाय बालविवाह हो । शिक्षित र आयआर्जन गर्न सक्ने छोरीले समाजमा आमाबुवाको इज्जत बढाउँछ । |
| **अगुवा (विवाहको लागि महिला वा पुरुष मिलाइदिने व्यक्ति) को लागि सन्देश** |
| २. २० वर्ष उमेर पुगेका छोराछोरीको मात्र विवाहको कुरा चलाउँदा समाजमा इज्जत बढ्दछ । |
| **स्थानीय नेताहरूको लागि सन्देशहरू** |
| ३. २० वर्ष उमेर पुगेपछि विवाह गर्दा छोरीहरूलाई शिक्षित र स्वस्थ रहन मद्दत पुग्दछ । समाजमा बालविवाह नहुँदा हाम्रो इज्जत बढ्दछ ।<br>४. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि हामी साथमा छौं । |
| **धार्मिक अगुवाहरूको लागि सन्देश** |
| ५. २० वर्ष पुगेपछि मात्र छोरीहरूको विवाह गराइदिँदा हामीलाई कानुनी झन्झट पर्दैन र समाजमा हाम्रो इज्जत पनि बढ्दछ । |

## ३.३ क्रियाकलापहरूको अनुगमन तथा मूल्यांकन

कार्यक्रमले निर्धारण गरेको लक्ष्य र उद्देश्य प्राप्त गर्न र कार्यक्रमलाई सही रूपमा अगाडि बढाउन अनुगमन र मूल्यांकनका लागि बजेट विनियोजन गरी नियमित रूपमा कार्यान्वयन गर्नुपर्छ यसले कार्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिहरूलाई सही निर्णयहरु लिन र आवश्यक सुधार गर्न समयमै सुझावहरु प्रदान गर्दछ ।

### ३.३.१ सूचकको निर्माण तथा प्रयोग

क्रियाकलापहरूहरु उद्देश्यअनुसार कार्यान्वयन भइरहेको छ कि छैन भनेर हेर्न अनुगमनले महत्वपूर्ण भूमिका खेल्दछ । प्रभावकारी अनुगमनका लागि सूचकहरूको प्रयोग आवश्यक हुन्छ । प्रभावकारी अनुगमन गर्न, एक व्यवस्थित प्रक्रिया अनुसरण गरेर सूचकहरु पहिचान गर्नुपर्छ । प्रभावकारी अनुगमनका सूचकहरु पहिचान गर्नको लागि तल दिइएका प्रक्रिया अनुसरण गर्न सकिन्छ ।

- **क्रियाकलापहरूको पहिचानः** क्रियाकलापहरु सम्पन्न गर्न आवश्यक स्रोतहरु, प्रयासहरु र कार्यहरूबारे बुझ्ने ।
- **प्रक्रियागत तथा प्रतिफलमूलक सूचकहरुको निर्धारणः** क्रियाकलापहरूको प्रत्यक्ष परिणामको रूपमा उत्पन्न हुने विशिष्ट, मापनयोग्य नतिजाहरु परिभाषित गर्ने ।
- **परिणाममूलक सूचकहरु परिभाषित गर्नेः** कार्यक्रमको दीर्घकालीन लक्ष्यहरूसँग मिल्दोजुल्दो अपेक्षित परिणामहरूको (मध्यवर्ती र दीर्घकालीन) चयन । यी परिणामहरूमा प्रजनन स्वास्थ्य, शिक्षा, समुदाय र समाज, धारणा र बालविवाह अनुगमनका पाँच विषयगत क्षेत्रहरूलाई परिणाम सूचकका रूपमा समावेश गर्नुपर्छ ।
- **SMART सूचकहरू विकासः** स्पष्ट प्रगति मापन गर्न प्रत्येक क्रियाकलापको लागि १. विशिष्ट, २. मापनयोग्य, ३. उपयुक्त/उपलब्धिमूलक, ४. सान्दर्भिक/यथार्थपरक र ५. समय सीमा भएका सूचकहरु सिर्जना गर्नु पर्दछ ।
- **तथ्यांकका स्रोतहरूको पहिचानः** प्रत्येक सूचकको लागि जानकारी संकलन गर्न तथ्यांकको उपयुक्त स्रोतहरु निर्धारण गर्ने जस्तै सर्वेक्षणहरु, अन्तर्वार्ताहरु वा विद्यमान तथ्यांकहरु ।

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई सम्बोधन गर्न, क्रियाकलापहरु, प्रक्रिया र आउटपुट सूचकहरु स्थानीय अवस्थालाई ध्यानमा राख्दै छनोट गर्नुपर्दछ । यसका लागि गाउँ नगरपालिकाहरूका उपलब्ध स्रोतहरु विचार गर्दै वडा र गाउँ नगरपालिका योजनाहरूसँग मेलखाने सूचकहरु सुनिश्चित गर्न सक्नु महत्वपूर्ण हुन्छ । साथै, चयन गरिएका क्रियाकलापहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषणा कार्यविधिमा उल्लेख गरिएका अनुगमनका पाँच विषयगत क्षेत्रहरुः १. प्रजनन स्वास्थ्य, २. शिक्षा, ३. समुदाय र समाज, ४. धारणा र ५ बालविवाहको अनुगनलाई सम्बोधन गर्नु महत्वपूर्ण हुन्छ ।

यी सूचकहरूले परिणाम सम्बन्धित उपायहरूको रूपमा काम गर्छन् । त्यसैले बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्ने दृष्टिकोणहरूको योजना बनाउँदा यी दृष्टिकोणहरूले यस्ता विषयगत क्षेत्रहरूमा कसरी योगदान पुऱ्याउँछन् भन्ने कुरालाई ध्यान दिनु पर्छ ।

## उदाहरणको लागि

महोत्तरी र रौतहटका गरी ६ वटा गाउँ/नगरपालिकाले आफूले आर्थिक वर्ष २०७९/२०८० मा कार्यान्वयन गरेका क्रियाकलापहरूको सूचकहरु तल प्रस्तुत गरिएको छ ।

**तालिका १०: गाउँ/नगरपालिकाले आफूले आर्थिक वर्ष २०७९/२०८० मा कार्यान्वयन गरेका क्रियाकलापहरूको सूचकहरू**

| क्रियाकलाप | सूचकहरू | पुस्टि गर्ने स्रोत |
|---|---|---|
| १. धार्मिक अगुवाहरूमार्फत समाजमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहित गर्ने पुराना सामाजिक परम्परा र चलनहरु परिवर्तनका लागि परिचालन गर्ने । | १.१. अभिमुखीकरण कार्यक्रममा उपस्थित धार्मिक अगुवाहरूको संख्या<br>१.२. सूचीबद्ध धार्मिक अगुवाहरूको संख्या<br>१.३. बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यलाई समर्थन गर्न धार्मिक अगुवाहरूले आफ्नो भनाइ राखेको धार्मिक क्रियाकलापको संख्या | ▪ कार्यक्रमको प्रतिवेदन र माइन्युट<br>▪ उपस्थिति पुस्तिका<br>▪ फोटोहरु |
| २. सर्वदलीय समिति गठन र परिचालन गर्ने । | २.१ सर्वदलीय समितिमा सहभागी व्यक्तिहरूको संख्या<br>२.२ सर्वदलीय समितिमा प्रतिनिधित्व गर्ने सक्रिय राजनीतिक दलहरूको संख्या<br>२.३ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यलाई समर्थन गर्न सर्वदलीय समितिले भाग लिएका सार्वजनिक कार्यक्रमहरूको संख्या | ▪ कार्यक्रमको प्रतिवेदन र माइन्युट प्रतिवेदन<br>▪ उपस्थिति पुस्तिका<br>▪ फोटोहरु |
| ३. सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको वडाका वडाध्यक्ष र सचिवलाई सम्मान गर्ने । | ३.१. सम्मान कार्यक्रममा उपस्थित व्यक्तिहरूको संख्या | ▪ कार्यक्रमको प्रतिवेदन<br>▪ उपस्थिति पुस्तिका<br>▪ फोटो |
| ४. स्थानीय स्तरमा भएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि काम गर्ने औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि गर्ने । | ४.१ क) पछिल्लो ६ महिनामा स्थानीय बालअधिकार समितिद्वारा आयोजित बैठकहरूको संख्या<br>४.१ ख) पछिल्लो ६ महिनामा वडा बालअधिकार समितिद्वारा आयोजित बैठकहरूको संख्या<br>४.२. पछिल्लो त्रैमासिक/महिनामा वडा बालअधिकार समितिले छात्रवृत्ति पाएर नियमित विद्यालय आउने किशोरकिशोरीहरु, विवाहित, अविवाहित कम्तीमा २० वर्षको सूची संकलन गरेका<br>४.३ बाल क्लब गठन भएको संख्या<br>४.४ बाल क्लबहरूमा भाग लिने किशोरीहरूको संख्या | ▪ बैठकको माइन्युट<br>▪ विवाहित व्यक्तिहरूको सूची |
| ५. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी विवाह नगर्ने तथा नगराउन पैरवी गर्ने किशोरीहरूलाई स्थानीय तथा वडा बालअधिकार समितिले वार्षिक रूपमा सम्मान गर्ने । | ५.१ सम्मानित हुने किशोरीहरूको संख्या<br>५.२ कार्यक्रममा उपस्थित व्यक्तिहरूको संख्या | ▪ कार्यक्रमको प्रतिवेदन र माइन्युट<br>▪ किशोरीहरूको सूची |

| क्रियाकलाप | सूचकहरू | पुस्टि गर्ने स्रोत |
|---|---|---|
| ६. २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने परिवारका लागि वार्षिक रूपमा सम्मान समारोह आयोजना गर्ने । | ६.१ सम्मानित हुने परिवारहरूको संख्या<br>६.२ सम्मान कार्यक्रममा उपस्थित व्यक्तिहरूको संख्या | ▪ कार्यक्रमको प्रतिवेदन र माइन्युट<br>▪ उपस्थिति पुस्तिका<br>▪ फोटो |
| ७. २० वर्ष उमेर पगेपछि छोरीको विवाह गर्ने अभिभावकलाई गाउँ/नगरपालिका तथा वडामार्फत कृषि कामको लागि सहुलियत प्रदान गर्ने । | ७.१ सहुलियत प्राप्त गर्ने अभिभावकको संख्या | ▪ रेकर्ड पुस्तिका |
| ८. गाउँ/नगरपालिकाले प्रभावशाली नगरिक समाजका सदस्य समितिहरु बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन गर्ने । | ८.१ समितिमा भाग लिन प्रतिबद्ध सम्पन्न र बोलवाला व्यक्तिहरूको संख्या<br>८.२. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि आर्थिक र जिन्सी सहयोगको लागि प्रतिबद्ध व्यक्तिहरूको संख्या<br>८.३. लक्ष्य, उद्देश्य, भूमिका, र जिम्मेवारीसहित समितिको लागि कार्ययोजनाको विकास भएको<br>८.४. विगतको त्रैमासिकमा समितिले गरेको बैठकको संख्या<br>८.५. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्न आफ्नै स्रोतहरू उपयोग गर्ने प्रभावशाली नागरिक समाजका व्यक्तिहरूको संख्या | ▪ कार्यक्रमको प्रतिवेदन र माइन्युट<br>▪ कार्ययोजना<br>▪ फोटो |
| ९. वडा/गाउँ/नगरपालिकाबाट १० कक्षा उत्तीर्ण भएर वा १२ कक्षापछि पढाइ छोडेका अविवाहित किशोरीहरूलाई रोजगारीको माग भएको सीप विकासमा सहयोग गर्ने । | ९.१ सीप विकास तालिममा सहभागी किशोरीहरूको संख्या | ▪ कार्यक्रमको प्रतिवेदन<br>▪ उपस्थिति पुस्तिका |
| १०. उदाहरणीय परिवारको प्रचारप्रसार गर्ने । | १०.१ घरभेटहरूमा भाग लिन प्रतिबद्ध जनाएका उदाहरणीय परिवारहरूको संख्या<br>११.२ घरभेटमा गएका उदाहरणीय परिवारहरूको संख्या<br>१२.३ घरभेट गरिएका परिवारहरूको संख्या<br>१३.४ घरभेट अन्तरक्रिया कार्यक्रममा सहभागी अभिभावक र बालबालिकाको संख्या | ▪ कार्यक्रमको प्रतिवेदन<br>▪ उपस्थिति पुस्तिका |
| ११. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको जोखिममा रहेका किशोरीहरूको उच्च शिक्षासम्म पहुँच बढाउन विशेष छात्रवृत्तिको व्यवस्था गर्ने । | ११.१ छात्रवृत्ति प्राप्त गर्ने किशोरीहरूको संख्या<br>११.२ छात्रवृत्ति प्राप्त गर्ने किशोरहरूको संख्या<br>११.३ छात्रवृत्ति प्राप्त गरी नियमित रूपमा विद्यालयमा आउने गरेका किशोरीहरूको संख्या<br>११.४ छात्रवृत्ति प्राप्त गरी नियमित रूपमा विद्यालयमा आउने गरेका किशोरहरूको संख्या | ▪ रेकर्ड पुस्तिका |

### ३.३.२ कार्यक्रमको सूचना व्यवस्थापन प्रणालीको विकास र कार्यान्वयन

प्रत्येक सूचकको लागि सही तथ्यांक संकलन, संग्रह र प्रतिवेदन तयार गर्न महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले एक उपयुक्त संयन्त्र स्थापना गर्न सक्दछ । फारमहरूमा सूचना भरेर महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा पठाउनु विभिन्न तरिकामध्ये एक हो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा स्वास्थ्य र शिक्षामा जस्ता व्यवस्थित सूचना प्रणालीको अभाव छ । यो अभावलाई सम्बोधन गर्न, गुगल फारमहरु प्रयोग गरेर कार्यक्रमको अनलाइन सूचना व्यवस्थापन प्रणाली विकास गर्न सकिन्छ । यो प्रणालीले वडाबाट मासिक र त्रैमासिक रूपमा सजिलैसँग तथ्यांक संकलन गर्न मद्दत गर्छ । उदाहरणको लागि सूचना व्यवस्थापन प्रणाली विकास गर्ने तरिकाहरु तल दिइएको छ ।

यस प्रणालीले विभिन्न स्रोतहरूबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन क्रियाकलापहरूको तथ्यांक संकलन गर्दछ (खण्ड ३.३.१ मा सूचीबद्ध सूचकहरु), बडा बालअधिकार समितिबाट संकलन गरिने (खण्ड १.१.३) र परिणाममूलक सूचकहरु (खण्ड १.१.४) बाट संकलन गरिएका बालविवाह, उमेर नपुगी रजबरजस्ती गरिने विवाहसम्बन्धी तथ्यांकहरु एकै ठाउँमा संग्रह गर्दछ । वडामा बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहका क्रियाकलाका तथ्यांक मासिक रूपमा र वडा बालअधिकार समितिबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको तथ्यांक र परिणाममूलक सूचकहरु त्रैमासिक रूपमा उपलब्ध हुन्छ । मासिक र त्रैमासिक तथ्यांकहरु प्रत्येक वडामा कम्प्युटर अपरेटरहरूले वडा सचिवको सहयोगमा गुगल फारम मार्फत रिपोर्ट गर्छन् । त्यसैगरी, नगरपालिकाका सूचना प्रविधि अधिकृतले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखसँगको सहयोगमाा गाउँ/नगरपालिकाको तथ्यांकलाई सोही गुगल फर्म (Google Form) मा रिपोर्ट गर्छन् । सबै वडा र गाउँ/नगरपालिकाबाट आएका तथ्यांकहरु एकै स्थानमा (Compilation sheet) मा संग्रह हुन्छ यसरी रिपोर्ट गरिएको तथ्यांक आधिकारिक व्यक्तिहरूको पनि पहुँचमा हुन्छ ।

यो प्रणाली अपनाएर वडा तथा गाउँ/नगरपालिकाले आफ्नो तथ्यांक व्यवस्थापन गर्न, कार्यक्रम अनुगमनमा सुधार गर्न र सही र समयसापेक्ष सूचनाका आधारमा निर्णय गर्न सक्नेछन् । अन्य कुनै गाउँ/नगरपालिकाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई सम्बोधन गर्न यस्तै अनुगमन प्रक्रिया अपनाउन इच्छुक भएमा यो प्रणाली लागू गरिसकेका रौतहट र महोत्तरीका विभिन्न ६ वटा गाउँ/नगरपालिकाहरूका सम्बन्धित शाखासँग समन्वय गर्दा सहयोग पुग्न सक्छ । यसरी सम्पर्क गर्दा, तिनीहरूले विभिन्न क्रियाकलापहरूका लागि गरिने तथ्यांक संकलनका प्रक्रिया, यसका फाइदाहरु र प्राप्त नतिजाहरूको बारेमा आफैं सिक्न सक्छन् । तिनीहरूले तथ्यांक संकलन विधिहरु, रिपोर्टिङका लागि गुगल पानाहरूको प्रयोग र तथ्यांक कसरी एकै स्थानमा संग्रह र प्रस्तुत गरिन्छ भन्नेबारे सोधपुछ गर्न सक्छन् । यसरी सम्पर्क गर्दा, विभिन्न क्रियाकलापहरूका लागि गरिने तथ्यांक संकलनका प्रक्रिया, यसका फाइदाहरु र प्राप्त नतिजाहरूको बारेमा सिक्न सकिन्छ ।  तथ्यांक संकलन विधिहरु, प्रतिवेदनका लागि गुगलसिटहरूको प्रयोग र तथ्यांक कसरी संकलन र प्रस्तुत गरिन्छ भन्नेबारे सोधपुछ गर्न सक्छन् । यसबारेका अनुभवहरु साझा गर्नाले अनुगमन प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र आफ्नै सन्दर्भमा परिमार्जन गर्न इच्छुक  गाउँ/नगरपालिकाहरूलाई बहुमूल्य मार्गदर्शन प्रदान गर्नेछ ।

### ३.३.३. सहयोगी सुपरिवेक्षण र अनुगमन भ्रमणहरू

कार्यान्वयन गरिएका क्रियाकलापहरूको सफलता, प्रभावकारिता र गुणस्तर सुनिश्चित गर्न सहयोगी सुपरिवेक्षण र अनुगमन भ्रमणहरूले महत्वपूर्ण भूमिका खेल्छन् । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरूको अनुगमनको जिम्मेवारी उपमेयर/उपाध्यक्षको नेतृत्वमा रहेको अनुगमन समितिलाई दिइएको छ । समितिमा मेयर/अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा अन्य सम्बन्धित कर्मचारीहरु पनि समावेश हुन सक्दछन् । यी व्यक्तिहरु कार्यक्रमको पर्यवेक्षण र अनुगमन गर्न कार्यान्वयन स्थलको भ्रमण गर्न जिम्मेवार व्यक्तिहरु हुन् ।

प्रभावकारी सहयोगी सुपरिवेक्षण र अनुगमन भ्रमणहरु सञ्चालन गर्न, भ्रमणको लागि पहिले नै सुनिश्चित गरिएको उद्देश्य हुनु महत्वपूर्ण छ । भ्रमणहरु संरचनागत र व्यवस्थित रूपमा सञ्चालन गरिएको छ भनी सुनिश्चित गर्न स्थलगत भ्रमणको योजना बनाइएको हुनुपर्छ । यसले क्रियाकलापहरूको प्रभावकारी सुपरिवेक्षण र अनुगमन गर्न मद्दत गर्दछ । सान्दर्भिक पक्षहरु राम्ररी जाँच र मूल्यांकन गरिएको छ भनी सुनिश्चित गर्न चेकलिस्ट प्रयोग गर्नु पर्दछ ।

भ्रमणलाई अधिकतम प्रभावकारी बनाउन भ्रमणको लगत्तै समीक्षा बैठक राख्नुपर्दछ । समीक्षाको आधारमा भ्रमण प्रतिवेदन तयार गर्नुपर्छ । यसबाट आएका सुझावलाई कार्यान्वयन गरेर, गाउँ/नगरपालिकाहरूले बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरूका लागि सम्भावित समस्याहरु पहिचान गरी कार्यक्रमको गुणस्तर र प्रभावकारिता सुधार गर्न आवश्यक योजनाहरु सुनिश्चित गर्न सक्छन् ।



प्रभावशाली नागरिक समाज समितिका सदस्यहरू समुदायसँग अन्तरक्रिया गर्दै, दुर्गाभगवती गाउँपालिका, रौतहट

## उदाहरणको लागि

सुपरिवेक्षण र अनुगमनको लागि चेकलिस्ट तथा प्रतिवेदनको नमुना तल प्रस्तुत गरिएको छ ।

## .............गाउँ/नगरपालिका
## स्थानीय बालअधिकार समिति
## ..........जिल्ला

# सहयोगी सुपरिवेक्षण तथा अनुगमन चेकलिस्ट

अनुगमनकर्ताको नाम:.................................................................................................पद :.....................................................

अनुगमन गरिएको मितिः

| दिन | महिना | वर्ष |
|---|---|---|
| | | |

भ्रमण गरिएको स्थान

भ्रमणको उद्देश्य :

अवलोकन गरिएको / सहभागी भएको कार्यक्रमको नाम : .....................................................................................................

**(भ्रमणको समयमा प्रश्न वा अवलोकन गर्दा प्रयोग गर्न प्रश्नावली)**

| सि.नं. | मूल्यांकनका मुख्य विषयहरू | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | के यो क्रियाकलाप बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनसँग सम्बन्धित छ ? | | | |
| २. | के उनीहरूलाई यो कार्यक्रम गर्नुको उद्देश्य तथा कारणहरु थाहा छ ? | | | |
| ३. | के यो कार्यक्रम समाधान गर्न खोजेको मुख्य विषय/व्यवहारहरूलाई लक्षित गरेर बनाइएको छ ? | | | |
| ४. | के स्थानीय सन्दर्भलाई ध्यानमा राखेर क्रियाकलाप वा सन्देश तयार गरिएको छ ? | | | |
| ५. | के क्रियाकलापको लागि स्थानीयस्तरको प्रमाण प्रयोग गर्नुपर्ने कारणहरूको बारेमा बुझिएको छ ? | | | |
| ६. | के कार्यक्रममा अधिकांश लक्षित समूहका सहभागीहरूको उपस्थिति छ ? | | | |

| सि.नं | अनुगमन गर्ने क्रममा भेटिएका व्यक्तिहरूको नाम | पद |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

**सुझाव /प्रतिक्रियाः**

**तयार गर्ने :**

नामः ..................................................................................... हस्ताक्षरः ...................................................

संस्थाः .................................................................................. पदः ...........................................................

फोन नं: ................................................................................ इमेल :.......................................................

**सहयोगी सुपरिवेक्षण र अनुगमन प्रतिवेदनः**

............गाउँ/नगरपालिका

स्थानीय बालअधिकार समिति

.........जिल्ला

## सहयोगी सुपरिवेक्षण र अनुगमन प्रतिवेदन

अनुगमनकर्ताको नामः................................................................................पद : ..........................................

अनुगमन गरिएको मितिः

| दिन | महिना | वर्ष |
|---|---|---|
| | | |

अनुगमन गरिएको स्थानः

अनुगमन गरिएको क्रियाकलापको नामः

१. **पृष्ठभूमि**

कुन कार्यक्रम वा संस्था, उद्देश्य, भ्रमण गरेको स्थान र के विषयमा छलफल भयो

२. **भ्रमणको क्रममा गरिएका क्रियाकलाप (के के गरियो)**

३. **सहयोगी सुपरिवेक्षण र अनुगमनकर्ताको प्रतिक्रियाः**

३.१. सहयोगी सुपरिवेक्षण र अनुगमनबाट प्राप्त सबल पक्षहरु :

३.२. सहयोगी सुपरिवेक्षण र अनुगमनबाट प्राप्त सुधारात्मक पक्षहरु :

३.४. सहयोगी सुपरिवेक्षण र अनुगमनकर्ताको सुझाव र प्रतिक्रियाहरु :

४. **निष्कर्ष/सुझाव**

अनुसूची, क–कसलाई भेटियो, फोटो आदि

५. **सहयोगी सुपरिवेक्षण र अनुगमनकर्ताको विवरण तथा उपस्थिति :**

| क्र.स | नाम थर | संस्था/पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**तयार गर्ने :**

नामः ........................................................ हस्ताक्षरः ..........................................

संस्थाः ...................................................... पदः ..........................................

फोन नंः .................................................... इमेल :..........................................

मितिः ........................................................

## ३.४ अनुगमन तथा कार्यक्रमको प्रतिवेदनको प्रस्तुति

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बाल कल्याण अधिकारीले अनुगमन मूल्यांकनबाट आएका सुझावहरु, निष्कर्षहरु स्थानीय र वडा बालअधिकार समितिहरु, समीक्षा बैठकहरु र वडा र गाउँ नगरकार्यपालिको बैठकजस्ता विभिन्न अवसरहरूमा प्रस्तुत गरिनुपर्छ । प्राप्त उपलब्धिहरु र तथ्यांकका आधारमा पहिचान गरिएका मुद्दाहरु र सिफारिसहरु त्यस्ता बैठकहरूमा प्रस्तुत गर्न सकिन्छ । साथै, बालविवाह मुक्त वडा/नगरपालिका घोषणा गर्न र बालविवाहको मुद्दालाई प्राथमिकता दिई पैरवी गर्न सूचकहरूको स्थिति जानकारी गराउन सकिन्छ ।

### ३.४.१ बालविवाह मुक्त वडा/गाउँ/नगरपालिका घोषणा सूचकहरूको प्रगतिको बारेमा बालअधिकार समितिहरूको बैठकमा छलफल

वडा तथा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट सञ्चालित कार्यक्रमहरूको वडा तथा स्थानीय बालअधिकार समितिको नियमित बैठकमा तथ्यांकहरु विश्लेषण गरी सूचकहरूको अवस्थामा छलफल गर्नु पर्दछ । यसले निरन्तर सिकाइ र समयसापेक्ष क्रियाकलाप गर्न योगदान पुऱ्याउँछ । तथ्यमा आधारित र समुदायको आवश्यकताहरूप्रति उत्तरदायी सुनिश्चित गर्दछ । बैठकले मधेश प्रदेश बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषणा कार्यविधिमा उल्लेख भएका सूचकहरूको अवस्थाको (खण्ड ३.४.३ मा उल्लेख भएअनुसार) पहिचान गर्न सक्छ । कार्यक्रममा भएको प्रगति र अनुगमनबाट आएको प्रतिवेदनको आधारमा कार्यक्रमलाई परिमार्जन गर्नु पर्दछ ।

### ३.४.२ अनुगमन तथा कार्यक्रमको प्रगतिको बारेमा गाउँ/नगर कार्यपालिकामा प्रस्तुत

स्थानीय स्तरमा सञ्चालित कार्यक्रमको प्रगतिको बारेमा अनुगमनसमेतको समीक्षा गाउँ/नगर कार्यपालिका समितिमा अर्ध वार्षिक/वार्षिक समीक्षा बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारीले अध्यावधिक गर्नु पर्दछ जसबाट कार्यक्रमलाई समयमै र नियमित सहयोग तथा मार्गदर्शन प्राप्त हुन्छ । कार्यान्वयनका क्रममा भएका उपलब्धिहरूका साथै अनुगमन र मूल्यांकनका आधारमा देखिएका समस्या र चुनौतीहरूबारे यस किसिमका बैठकहरूमा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ११: कार्यप्रगति प्रस्तुतिका लागि नमुना ढाँचा**

| क्र.स. | क्रियाकलाप | लक्ष्य | उपलब्धि | अनुमानित बजेट | वास्तविक खर्च | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

### ३.४.३. त्रैमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा बैठक

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप सम्पन्न गरेपछि क्रियाकलापले समुदायमा प्रभाव पारेको छ वा छैन र क्रियाकलापहरूका लागि निर्धारित उद्देश्यहरु प्राप्त भएका छन् वा छैनन् भनी मूल्यांकन गर्न जरूरी छ । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि गाउँ/नगरपालिकाको प्रगति मूल्यांकन गर्न पाँच क्षेत्रमा १३ सूचकहरूलाई प्राथमिकता दिइएको छ ।

यी सूचकहरूको नियमित र वार्षिक समीक्षाबाट कार्यक्रमको प्रभाव मूल्यांकन गर्न सकिन्छ । सूचक र अंकभार राख्ने प्रक्रिया मधेश प्रदेश बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधिबाट लिइएको हो । यदि नियमित अनुगमन र नतिजाहरूलाई समयसँगै तुलना गरियो भने गाउँ/नगरपालिकामा समयसँगै के परिवर्तन भएको छ भनेर पनि देख्न सकिन्छ । यसो गर्दा, सम्बोधन गर्न आवश्यक प्रमुख चुनौती र समस्याहरु पहिचान गर्न सम्भव हुन्छ । फलस्वरूप, यी समस्याहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न उपयुक्त कार्ययोजनाहरु विकास गर्न सकिन्छ ।

मधेश प्रदेश बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधिमा उल्लेख भएका १३ सूचकहरूको मापन तल दिइएको चेकलिस्ट प्रयोग गरेर गर्न सकिन्छ ।

प्रत्येक सूचकको परिभाषा, तथ्यांक स्रोत र स्कोरिङ मापदण्डहरु निम्नानुसार छन ।

| क.सं | विषयगत क्षेत्र | सूचक | सूचकको परिभाषा | तथ्यांक स्रोत | स्कोरिङ मापदण्ड |
|---|---|---|---|---|---|
| १ | प्रजनन स्वास्थ्य | पहिलो गर्भवती जाँचमा २० वर्ष भन्दा कम उमेर भएका महिलाको प्रतिशत | अंशः पहिलो गर्भवती जाँचमा २० वर्ष मुनिका गर्भवती महिलाहरूको संख्या र भाजकः पहिलो गर्भवती जाँचमा उपस्थित जम्मा गर्भवती महिलाहरूको संख्या | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | १०% भन्दा माथि = ० १०% वा १०% भन्दा कम = १ |
| २ | शिक्षा | कक्षा ६, ७ र ८ मा छात्राको कुल विद्यालय भर्ना दर | अंशः कक्षा ६, ७ र ८ मा तोकिएका निश्चित उमेर भएका छात्राहरूको संख्या भाजकः समुदायमा कक्षा ६, ७ र ८ को लागि तोकिएका निश्चित उमेरका बालिकाहरूको जम्मा संख्या | फ्ल्यास रिपोर्ट,शैक्षिक व्यवस्थापन सूचना प्रणाली | ९५% भन्दा कम = ० ९५% वा ९५% भन्दा माथि = १ |
| ३ | | कक्षा ९ र १० मा छात्राको कुल विद्यालय भर्ना दर | अंशः कक्षा ९ र १० मा तोकिएका निश्चित उमेर भएका छात्राहरूको संख्या भाजकः समुदायमा कक्षा ९ र १० को लागि तोकिएका निश्चित उमेरका बालिकाहरूको जम्मा संख्या | फ्ल्यास रिपोर्ट,शैक्षिक व्यवस्थापन सूचना प्रणाली | ८०% भन्दा कम = ० ८०% वा ८०% भन्दा माथि = १ |
| ४ | | कक्षा ६, ७ र ८ मा छात्राको विद्यालय छोड्ने दर | अंशः कक्षा ६, ७ र ८ मा विद्यालय छोडेका छात्राहरूको संख्या भाजकः कक्षा ६, ७ र ८ मा विद्यालय भर्ना भएका छात्राहरूको कुल संख्या | फ्ल्यास रिपोर्ट,शैक्षिक व्यवस्थापन सूचना प्रणाली | २% भन्दा माथि = ० २% वा २% भन्दा कम = १ |
| ५ | | कक्षा ९ र १० मा छात्राको विद्यालय छोड्ने दर | अंशः कक्षा ९ र १० मा विद्यालय छोडेका छात्राहरूको संख्या भाजकः कक्षा ९ र १० मा विद्यालय भर्ना भएका छात्राहरूको कुल संख्या | फ्ल्यास रिपोर्ट,शैक्षिक व्यवस्थापन सूचना प्रणाली | १% भन्दा माथि = ० १% वा १% भन्दा कम = १ |

| क.सं | विषयगत क्षेत्र | सूचक | सूचकको परिभाषा | तथ्यांक स्रोत | स्कोरिङ मापदण्ड |
|---|---|---|---|---|---|
| ६ | समुदाय/ समाज | स्थानीय वा वडा बालअधिकार समितिको सक्रियता | स्थानीय वा वडा बालअधिकार समिति गठन भईइ नियमित रूपमा बैठक (२ महिनामा १ पटक) बस्ने गरेको | समितिको बैठक पुस्तिका | ० = छैन<br>१ = छ |
| ७ | | स्थानीय बालअधिकार समितिमा बालविवाह, उमेर नपूगी र जबरजस्ती गरिने विवाह सम्बन्धी उजुरीहरूको संख्या | विगत महिनामा स्थानीय बालअधिकार समितिमा दर्ता भएका उजुरीहरूको संख्या | बालअधिकार समितिमा बालविवाह, उमेर नपूगी र जबरजस्ती गरिने विवाहको उजुरी पुस्तिका | ३ वा ३ भन्दा बढी = ०<br>३ भन्दा कम = १ |
| ८ | | प्रहरी निकायमा बालविवाह, उमेर नपूगी र जबरजस्ती गरिने विवाहसम्बन्धी उजुरी | विगत तीन महिनामा स्थानीय प्रहरी कार्यालयमा दर्ता भएका बालविवाह, उमेर नपूगी र जबरजस्ती गरिने विवाहसम्बन्धी उजुरीहरूको संख्या | प्रहरीको रेकर्ड | ३ वा ३ भन्दा बढी = ०<br>३ भन्दा कम = १ |
| ९ | धारणा | २० वर्ष उमेर नपुगेका बालिकासँग छोराको विवाह गर्नु हुँदैन भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | अंशः २० वर्षभन्दा कम उमेरका बालिकासँग छोराको विवाह गर्नु हुँदैन भन्ने कुरामा सहमत हुने अभिभावकहरूको संख्या<br>भाजकः सर्वेक्षणमा भाग लिने अभिभावकहरूको कुल संख्या | घरधुरी सर्वेक्षण | ९०% भन्दा कम = ०<br>९०% वा ९०% भन्दा माथि = १ |
| १० | | छोरीको विवाह २० वर्ष नपुगी गर्नु हुदैन भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | अंशः छोरीको विवाह २० वर्ष नपुगी गर्नु हुँदैन भन्ने कुरामा सहमत हुने अभिभावकको संख्या<br>भाजकः सर्वेक्षणमा भाग लिने अभिभावकहरूको कुल संख्या | घरधुरी सर्वेक्षण | ९०% भन्दा कम = ०<br>९०% वा ९०% भन्दा माथि = १ |
| ११ | | उमेर नपूगी (२० वर्ष उमेर नपूगी) छोरीको विवाह गर्दा उनीहरूलाई बच्चा जन्माउँदा जटिलताहरु हुने खतरा हुन्छ भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | अंशःउमेर नपूगी बालिकाको विवाह गर्दा उनीहरूलाई बच्चा जन्माउँदा जटिलताहरु हुने खतरा हुन्छ भन्ने कुरामा सहमत हुने अभिभावकको संख्या<br>भाजकःसर्वेक्षणमा भाग लिने अभिभावकहरूको कुल संख्या | घरधुरी सर्वेक्षण | ९०% भन्दा कम = ०<br>९०% वा ९०% भन्दा माथि = १ |
| १२ | बालविवाहको अनुगमन | २० वर्ष उमेर नपूगी विवाह गरेका २० देखि २४ वर्ष उमेरका पुरूष र महिलाको प्रतिशत | अंशः २० वर्ष उमेर नपुगी विवाह गरेका २० देखि २४ वर्ष उमेरका पुरूष र महिलाको संख्या<br>भाजकः सर्वेक्षणमा भाग लिने विवाह गरेका २० देखि २४ वर्ष उमेरका पुरूष र महिलाको संख्या | घरधुरी सर्वेक्षण | सर्वेक्षण भएको छैन=०<br>१०% भन्दा माथि=१<br>१०% वा १०% भन्दा कम=२ |
| १३ | | स्थानीय बालअधिकार समितिको तथ्यांकको आधारमा विगतको वर्षभित्रको विवाह जसमा दम्पतीमध्ये एक सदस्यको उमेर २० वर्ष उमेर नपुगी भएको संख्या | स्थानीय बालअधिकार समितिमा संकलन गरिएको तथ्यांकबाट २० वर्ष उमेर नपुगी भएको विवाहको गणना | स्थानीय बालअधिकार समितिको तथ्यांक | बालअधिकार समितिको तथ्यांक छैन = ०<br>१ वा १ भन्दा बढी = १<br>० = २ |

माथि उल्लेखित सूचकहरूको मापन तल दिइएको चेकलिस्ट प्रयोग गरेर गर्न सकिन्छ ।

**तालिका १२: बालविवाह सम्बन्धित सूचकहरूको स्थिति मूल्यांकनका लागि चेकलिस्ट**

| बालविवाह सम्बन्धित सूचकहरूको स्थिति मूल्यांकनका लागि चेकलिस्ट | | |
|---|---|---|
| **प्रदेशः** मधेश | नगरपालिका/गाउँपालिका ............ | वडा नंः ............ |
| मितिः ............ | कार्यक्रमको स्थानः............ | |

| सूचकहरू | तथ्यांकको स्रोतहरूको उपलब्धता | तथ्यांक स्रोत | हालको वर्षको तथ्यांक | स्थिति (प्रतिशत वा संख्या) | स्कोरिङ दिशानिर्देशहरू | स्कोर |
|---|---|---|---|---|---|---|
| **प्रजनन स्वास्थ्य** | | | | | | |
| १. पहिलो गर्भवती जाँचमा २० वर्षभन्दा कम उमेर भएका महिलाको प्रतिशत | | | | | १०% भन्दा माथि = ०<br>१०% वा १०% भन्दा कम = १ | |
| **प्रजनन् स्वास्थ्यको जम्मा अंक** | | | | | १ | |
| **शिक्षा** | | | | | | |
| २. कक्षा ६, ७ र ८ मा छात्राको कुल विद्यालय भर्ना दर | | | | | ९५% भन्दा कम = ०<br>९५% वा ९५% भन्दा माथि = १ | |
| ३. कक्षा ९ र १० मा छात्राको कुल विद्यालय भर्ना दर | | | | | ८०% भन्दा कम = ०<br>८०% वा ८०% भन्दा माथि = १ | |
| ४. कक्षा ६, ७ र ८ मा छात्राको विद्यालय छोड्ने दर | | | | | २% भन्दा माथि = ०<br>२% वा २% भन्दा कम = १ | |
| ५. कक्षा ९ र १० मा छात्राको विद्यालय छोड्ने दर | | | | | १% भन्दा माथि = ०<br>१% वा १% भन्दा कम = १ | |
| **शिक्षाको जम्मा अंक** | | | | | ४ | |
| **समुदाय/समाज** | | | | | | |
| ६. २० वर्ष उमेर नपुगेका बालिकासँग छोराको विवाह गर्नु हुँदैन भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | | | | | ० = छैन<br>१ = छ | |
| ७. छोरीको विवाह २० वर्ष नपूगी गर्नु हुँदैन भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | | | | | ३ वा ३ भन्दा बढी = ०<br>३ भन्दा कम = १ | |
| ८. उमेर नपूगी (२० वर्ष उमेर नपुगी) छोरीको विवाह गर्दा उनीहरूलाई बच्चा जन्माउँदा जटिलताहरु हुने खतरा हुन्छ भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | | | | | ३ वा ३ भन्दा बढी = ०<br>३ भन्दा कम = १ | |
| **समुदाय/समाजको जम्मा अंक** | | | | | ३ | |


| सूचकहरू | तथ्यांकको स्रोतहरूको उपलब्धता | तथ्यांक स्रोत | हालको वर्षको तथ्यांक | स्थिति (प्रतिशत वा संख्या) | स्कोरिङ दिशानिर्देशहरू | स्कोर |
|---|---|---|---|---|---|---|
| **धारणा** | | | | | | |
| ९. २० वर्ष उमेर नपुगेका बालिकासँग छोराको विवाह गर्नु हुदैन भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | | | | | ९०% भन्दा कम = ० <br> ९०% वा ९०% भन्दा माथि = १ | |
| १०. छोरीको विवाह २० वर्ष नपुगी गर्नु हुँदैन भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | | | | | ९०% भन्दा कम = ० <br> ९०% वा ९०% भन्दा माथि = १ | |
| ११. उमेर नपूगी (२० वर्ष उमेर नपूगी) छोरीको विवाह गर्दा उनीहरूलाई बच्चा जन्माउँदा जटिलताहरु हुने खतरा हुन्छ भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | | | | | ९०% भन्दा कम = ० <br> ९०% वा ९०% भन्दा माथि = १ | |
| **धारणाको जम्मा अंक** | | | | | **३** | |
| **बालविवाहको अनुगमन** | | | | | | |
| १२. २० वर्ष उमेर नपूगी विवाह गरेका २० देखि २४ वर्ष उमेरका पुरूष र महिलाको प्रतिशत | | | | | सर्वेक्षण भएको छैन=० <br> १०% भन्दा माथि=१ <br> १०% वा १०% भन्दा कम=२ | |
| १३. स्थानीय बालअधिकार समितिको तथ्यांकको आधारमा विगतको वर्ष भित्रको विवाह जसमा दम्पतीमध्ये एक सदस्यको उमेर २० वर्ष उमेर नपुगी भएको संख्या | | | | | बालअधिकार समितिको तथ्यांक छैन = ० <br> १ वा १भन्दा बढी = १ <br> ० = २ | |
| **बालविवाह अनुगमनको जम्मा अंक** | | | | | **४** | |
| **सबै ५ क्षेत्रहरूको जम्मा अंक** | | | | | **१५** | |

गाउँ/नगरपालिकाले प्राप्त गरेको कुल अंकभारको आधारमा गाउँ/नगरपालिका कहाँ छ भनेर पहिचान गर्नको लागि चार रङहरु प्रयोग गरेर चित्रण गरिएको छ ।

**तालिका १३ : बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था पहिचानका लागि रङको प्रयोग**

| कुल प्राप्तांक | रङको कोड | अवस्था विश्लेषण |
|---|---|---|
| ०-२ | कालो | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि कुनै पहल नगरेको |
| ३-८ | रातो | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका सुरुवाती अवस्थामा रहेको |
| ९ वा ९ भन्दा बढी तर सूचक नं, १२ वा १३ को स्कोर ० भएमा | पहेँलो | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि उत्प्रेरित रहेको |
| ११ वा ११ भन्दा बढी र सूचक नं, १२ वा १३ मापन गरिएको | हरियो | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह कम हुँदै गएको |

यी रङहरूले प्रत्येक क्षेत्रमा समुदायको प्रगति देखाउनुका साथै बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनीकरणका प्रयासहरूको कार्यान्वयन अवस्था, कार्यान्वयनको क्रममा आइपरेका चुनौती तथा समस्याहरु पहिचान गर्न मद्दत गर्दछन् । यो बुझाइको साथ, निम्न खाका प्रयोग गरेर प्रत्येक पहिचान गरिएका चुनौती/समस्याहरूलाई सम्बोधन गर्न आवश्यक कार्ययोजना तयार गर्न सकिन्छ ।



■ वडा वाल अधिकार समितिको बैठकमा बालविवाह उमेर नपुगी जबरजस्ती गरिने विवाहको तथ्याङ्क अध्यावधिक गर्दै, पिपरा गाउँपालिका-२, महोत्तरी

**तालिका १४: बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणसम्बन्धी देखा परेका समस्यालाई सम्बोधन गर्न कार्ययोजनाको ढाँचा**

मधेश प्रदेश गाउँपालिका/ नगरपालिका ........................................ वडा नं.....................

मितिः ........................................ कार्यक्रम स्थलः ........................................

| क्र.सं. | समस्याहरू | मुख्य कारण | समाधानका उपायहरू | जिम्मेवार व्यक्ति (नाम) | पूरा गर्ने मिति | अनुमानित रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूचीहरू

## बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको विस्तृत कार्यान्वयन विवरण

**क्रियाकलाप १:** स्थानीय स्तरमा रहेका प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने धार्मिक र परम्परागत सामाजिक चलनहरु अन्त्यका लागि परिचालन ।

**क्रियाकलाप २:** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरु कार्यान्वयनमा सहयोग गर्न वडा/गाउँ/नगरपालिका स्तरमा सर्वदलीय समिति गठन र क्रियाकलापहरूमा संलग्न

**क्रियाकलाप ३:** गाउँ/नगरपालिकाबाट एक आर्थिक वर्षमा सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती भएको वडाका वडाध्यक्ष र सचिवलाई सार्वजनिक रूपमा सम्मान

क्रियाकलाप ४: २० वर्ष उमेर पुगे पछि छोरीको विवाह गर्ने अभिभावकलाई वार्षिक रूपमासम्मान कार्यक्रम आयोजना

**क्रियाकलाप ५:** २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने कृषिमा आधारित अभिभावकलाई गाउँ/नगरपालिका/वडामार्फत कृषि कामको लागि सहुलियत प्रदान

**क्रियाकलाप ६:** वडा/गाउँ/नगरपालिकाले प्रभावशाली नागरिक समाज सदस्य समिति गठन गरीबालविवाह । उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन

**क्रियाकलाप ७:** वडा/गाउँ/नगरपालिकाबाट १० कक्षा उत्तीर्ण भएर वा १२ कक्षापछि पढाइ छोडेका अविवाहित किशोरीहरूलाई रोजगारीको माग भएको सीप विकासमा सहयोग

**क्रियाकलाप ८:** वडा/गाउँ/नगरपालिकाबाट किशोरकिशोरीहरूलाई उच्च शिक्षासम्म पहुँच बढाउन छात्रवृत्तिको व्यवस्थागर्ने (११ र १२ कक्षा)

**क्रियाकलाप ९:** स्थानीय स्तरमा भएका औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन

**क्रियाकलाप १०:** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह नगर्ने तथा नगराउन पैरवी गर्ने किशोरीहरूलाई वडा वा गाउँ/नगरपालिकाबाट वार्षिक रूपमा प्रोत्साहन र सम्मान

**क्रियाकलाप ११:** छोरीको २० वर्ष उमेर पुगेपछिविवाह गरिदिने उदाहरणीय परिवारको प्रभावकारी प्रचारप्रसार



■ बाल क्लबका सदस्यहरूका लागि क्षमता विकास तालिम, दुर्गाभागवती गाउँपालिका, रौतहट

# अनुसूचीः बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको विस्तृत कार्यान्वयन विवरण

सहयोगी पुस्तिकमा मधेश प्रदेशका ६ गाउँ/नगरपालिकाहरूले रणनीतिक रूपमा विकास र परीक्षण गरेका ११ क्रियाकलापहरूको विस्तृत कार्यान्वयन विवरणहरु तल उल्लेख गरिएका छन् । क्रियाकलापहरु लक्षित समूह डिजाइन प्रक्रिया अपनाएर खण्ड १.२ मा उल्लेख गरिएअनुसार तयार गरिएको हो । निम्न ११ क्रियाकलापहरु विशेषगरी मधेशको सन्दर्भको लागि तयार गरिएको छ जहाँ आमाबाबुले आफ्ना छोराछोरीको विवाह र विवाह कहिले गर्ने भन्ने निर्णयमा निर्णायक भूमिका खेल्छन् । यी निर्णयमा धार्मिक अगुवाहरु, समुदायका प्रभावशाली व्यक्तिहरु, राजनीतिक व्यक्तित्वहरूलगायत परिवारका सबैभन्दा नजिकका नाताहरूले प्रभावित गर्ने गर्छन् । यी क्रियाकलापहरूले आमाबाबुलाई २० वर्ष उमेर पुगेपछि आफ्ना छोराछोरीको विवाह गर्दा गर्व महसुस गर्न सहयोग गर्दछ ।

यहाँ उल्लेख भएका क्रियाकलापहरूको कार्यान्वयन प्रक्रिया खासगरी गाउँ/नगरपालिका स्तरमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र वडा स्तरमा वडा सचिवलाई नेपाल सरकारको संरचनामा रहेर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन गर्न तयार गरिएको हो । क्रियाकलापहरु महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले बाल कल्याण अधिकारीको आवश्यक समन्वय र सहयोगमा कार्यान्वयन गर्नु पर्दछ । साथै, सामाजिक व्यवहार परिवर्तन प्रक्रिया अपनाएर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि कार्य गर्ने जो कसैले पनि यसलाई प्रयोग गर्न सक्दछन् ।

वडा तथा गाउँ/नगरपालिका स्तरमा बालअधिकार संरक्षणका संरचनाहरु वडा र स्थानीय बालअधिकार समितिहरूको समन्वयमा क्रियाकलापहरु कार्यान्वयन हुने गर्दछ । गाउँ/नगरपालिकामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलाप कार्यान्वयनको जिम्मेवार शाखा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा हो ।

क्रियाकलापहरूको योजना र आवश्यक परिमार्जन वडा/स्थानीय बालअधिकार समितिको नियमित बैठकहरूमा छलफल गरी गर्न सकिनेछ ।

यहाँ उल्लेख गरिएका क्रियाकलापहरूको कार्यान्वयनको लागि बजेट विनियोजन भइसकेको अवस्था हो र यी क्रियाकलापहरूलाई कसरी कार्यान्वयन गर्ने भन्ने प्रक्रियालाई यहाँ उल्लेख गरिएको छ । तल उल्लेख गरिएका क्रियाकलाप कार्यान्वयनका चरणहरूमा प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको समन्वय र गाउँ/नगर कार्यसमितिको निर्देशनमा क्रियाकलाप कार्यान्वयन गरिन्छ ।

## क्रियाकलाप १

## स्थानीय स्तरमा रहेका प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने धार्मिक र परम्परागत सामाजिक चलनहरू अन्त्यका लागि परिचालन




■ प्रभावशाली धार्मिक अगुवा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सम्बन्धमा छलफल गर्दै, दुर्गाभागवती गाउँपालिका, रौतहट

### हालको अवस्था :

स्थानीय स्तरका धार्मिक अगुवाहरु जस्तै पण्डित, पुरोहित, मौलाना तथा मौलवीहरु र अन्य जनसमुदायले मान्ने गरेका धार्मिक अगुवाहरूले मानिसका दैनिक कार्यदेखि जीवन जिउने तरिकासमेतलाई धार्मिक विचार तथा परम्परागत मान्यताको आधारमा प्रभाव पारिरहेका छन् । बस्नको लागि घर बनाउनेदेखि खाना बनाउने, खाने, विवाह गर्ने तथा मृत्युपश्चात् गरिने व्यवहारहरु समेत यिनै विचार तथा मान्यताबाट प्रेरित भएको सन्दर्भमा ती धार्मिक अगुवाहरूले धार्मिक ग्रन्थहरूलाई आफ्नै किसिमले व्याख्या गरी बालविवाहसम्बन्धी विभिन्न मान्यताहरु तथा प्रचलनहरूलाई निरूत्साहित गर्न पहल गरेका देखिँदैन । धार्मिक गुरूहरु धर्मको संरक्षक तथा परम्परालाई निरन्तरता दिने अगुवाको रूपमा समाजमा मानिन्छन् । त्यसैले समुदायका व्यक्तिहरूको छोराछोरीको विवाहजस्ता पारिवारिक निर्णयमा पनि धार्मिक विश्वासका आधारमा धार्मिक अगुवाहरूको समर्थन र सहयोग लिइरहेका हुन्छन् । बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहलाई समाजमा कुनै नराम्रो काम नगरेको महसुस गर्ने गरेका छन् । मधेश प्रदेशमा विवाह कार्यक्रमलाई समाजमा आफ्नो स्तर देखाउने कार्यक्रमको रूपमा लिइने हुँदा खर्च बढी गर्दछन् । विवाह गराउने कार्यमा संलग्न हुने धार्मिक अगुवाहरूका लागि आर्थिक रूपमा पनि फाइदा हुने गर्दछ । त्यसैले पनि उनीहरु बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह भए पनि यसको विरोधमा आवाज उठाउँदेनन् ।

तथ्यांकले बालविवाह सबै जाति, धर्म, धनी वा गरिब, सहर वा गाउँमा बस्ने, शिक्षित वा अशिक्षित सबैमा भए पनि सामान्यतया निश्चित जाति र निम्न आर्थिक स्थिति भएकाहरूले मात्र छोराछोरीको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको प्रचलन रहेको धारणा पाइन्छ । यसका लागि समुदायमा भएको बलियो धार्मिक विश्वासका कारण समुदायका लागि सूचनाको प्रमुख स्रोत धार्मिक नेताहरूमार्फत सबै धर्म र जातिसम्म पुग्न जरूरी छ ।




■ प्रभावशाली धार्मिक अगुवाहरू प्रवचन दिनु हुँदै, राजपुर नगरपालिका, रौतहट

## प्रमुख समस्या

गाउँ/नगरपालिका, वडा र वडा/ स्थानीय बालअधिकार समिति जस्ता स्थानीय सरकारी संरचनाहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि प्रभाव पार्ने कार्यक्रम तर्जुमा गर्दा धार्मिक अगुवाहरूसँग सक्रिय रूपमा समन्वय गर्ने नगरेको । साथै यस्ता समितिहरूले यस्ता क्रियाकलापहरूको लागि बजेट नछुट्याएको ।

## लक्षित समूहः

धार्मिक अगुवाहरु (पण्डित, जातीय मान्यजन, पुरोहित, मौलाना तथा मौलवीहरु र अन्य जनसमुदायले मान्ने गरेका धार्मिक अगुवाहरू)

## क्रियाकलाप

स्थानीय स्तरमा रहेका प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने धार्मिक र परम्परागत सामाजिक चलनहरु हटाउनका लागि परिचालन ।

## क्रियाकलापको उद्देश्यः

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि वडा/स्थानीय बालअधिकार समितिहरूले स्थानीय स्तरमा रहेका प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई (पण्डित, जातीय मान्यजन, पुरोहित, मौलाना तथा मौलवीहरु र अन्य जनसमुदायले मान्ने गरेका धार्मिक अगुवाहरू) बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने धार्मिक तथा परम्परागत अभ्यास तथा सामाजिक व्यवहारहरूको पुनर्व्याख्याका लागि संलग्न गरेका हुनेछन् ।

## संक्षिप्तमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण- स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडा सचिव र नगरपालिका स्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि अवश्यक कागजातसहित निवेदन दिने ।

**दोस्रो चरण- सूची तयार:** वडा/स्थानीय बालअधिकार समितिले वडा स्तर/गाउँ/नगरपालिका स्तरमा प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूको नामावली संकलन गर्ने ।

**तेस्रो चरण- तयारी बैठक बस्ने :** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई कार्यक्रमबारे अभिमुखीकरण र प्रवचन कार्यक्रमको लागि तयारी बैठक बस्ने

**चौथो चरण- क्रियाकलाप कार्यान्वयन:**

क) सूचीकृत प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई कार्यक्रमबारे अभिमुखीकरण गर्ने र

ख) प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूबाट प्रवचन कार्यक्रम आयोजना गरी सूचीकृत धार्मिक अगुवाहरूमध्येबाट समुदायमा बालविवाहलाई प्रोत्साहन गर्ने पुरानो सामाजिक परम्परा र चलनहरूको पुनर्व्याख्या साथै नियमित धार्मिक कार्यक्रमहरूमा पनि पुनर्व्याख्या गर्न प्रोत्साहन गर्ने ।

**पाँचौं चरण-कार्यान्वयनपछिको क्रियाकलाप:** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने ।

## विस्तृत रूपमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण- स्वीकृति (कार्यदिश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडासचिव र नगरपालिका स्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

- वडास्तरीय कार्यक्रमको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले र नगरपालिका स्तरको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएका क्रियाकलापमध्येबाट हाल कार्यान्वयन गर्न लागिएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरणसहित कार्यान्वयनको लागि स्वीकृति लिने । स्वीकृति लिने टिप्पणी र आदेशको नमुना उप-अनुसूची १ मा दिइएको छ ।
- वडास्तरको क्रियाकलापको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव) वा अन्य कार्मचारीले र गाउँ/नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयनको लागि स्वीकृत भएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरण पेस्कीको लागि लेखा शाखामा दिने वा कार्यान्वयनपश्चात् भुक्तानीका लागि निवेदन दिने । पेस्कीको लागि निवेदनको नमुना उप-अनुसूची २ मा दिइएको छ ।

**दोस्रो चरण- सूची तयार:** स्थानीय बालअधिकार समिति/वडा बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूको नामावली संकलन गर्ने ।

- महिला बाल बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख/वडा सचिवले स्थानीय/वडा बालअधिकार समितिको नियमित बैठकमा छलफल गरी सहमतिमा वडा/गाउँ/नगरपालिका स्तरमा प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूको नामावली संकलन गरी सूची तयार गर्ने । धार्मिक अगुवाहरूको नामावली संकलनका लागि नमुना फारम उप अनुसूची ३ मा छ ।

**तेस्रो चरण- तयारी बैठक बस्ने:** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई कार्यक्रमबारे अभिमुखीकरण र उनीहरूबाट प्रवचन कार्यक्रम सञ्चालनको लागि तयारी बैठक बस्ने ।

**वडा/स्थानीय बालअधिकार समितिको धार्मिक अगुवाहरूसँगको अभिमुखीकरण कार्यक्रम तथा उनीहरूबाट प्रवचन कार्यक्रमको लागि तयारी बैठक ।**

## उदाहरणको लागि

प्रस्ताव तथा अपेक्षित निर्णयहरू तल उल्लेख गरिएको छ ।

**प्रस्ताव नं १: क) धार्मिक अगुवाहरूलाई अभिमुखीकरण कार्यक्रम सम्बन्धमा**

- धार्मिक अगुवाहरूलाई अभिमुखीकरणको लागि अभिमुखीकरण गर्ने मिति, स्थान, समय, कार्यक्रममा आउँदा उनीहरूले पाउने सुविधाको बारेमा जानकारी गराई पत्राचार गर्ने सम्बन्धमा
- अभिमुखीकरणका लागि धार्मिक अगुवाहरूको नामावलीको अन्तिम रूप दिने सम्बन्धमा
- अभिमुखीकरणमा छलफल गरिने विषय सम्बन्धमा
- मन्दिर वा मस्जिदमा नियमित बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि प्रवचनको अनुगमन सम्बन्धमा

**अपेक्षित निर्णयहरू:**

- अभिमुखीकरण कार्यक्रमको मिति, स्थान, समय
- अभिमुखीकरण कार्यक्रममा आउँदा धार्मिक अगुवाहरूले पाउने सुविधाहरु (खाजा, भत्ता, प्रवचनको दिनमा आउँदा पाउने कुनै सुविधा भएमा)
- संकलन गरिएका धार्मिक अगुवाहरूको विवरण (नाम, ठेगाना तथा सम्पर्क नम्बर)
- अभिमुखीकरण कार्यक्रमको लागि सहमति गरी छनोट गरिएका प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूको नामावली
- अभिमुखीकरण कार्यक्रमको मिति, स्थान, समय तोकी वडास्तरको कार्यक्रमको लागि वडा सचिवले वडाध्यक्षमार्फत र गाउँ/नगरपालिकास्तरीय कार्यक्रमको लागि प्रमुख प्रशासकीय अधिकृतमार्फत पत्राचार गर्ने

**अभिमुखीकरण कार्यक्रममा छलफल गरिने विषयहरू**

- बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको तथ्यांक तथा विवाह हुनुका कारणहरूबारे जानकारी
- बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि धार्मिक अगुवाहरूको भूमिकाहरु
- छलफलपछि आएका उमेर नपुगी वा जबरजस्ती गरिने विवाहलाई बढावा दिने हिन्दु, मुस्लिम तथा जनसमुदायले मान्ने गरेका अन्य धर्मका धार्मिक ग्रन्थहरूमा भएका शीर्षक तथा विषयहरु पहिचान तथा त्यसको व्याख्या
- नियमित मन्दिर, मस्जिद तथा अन्य जनसमुदायले मान्ने गरेका धार्मिक कार्यक्रमहरूमा बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि प्रवचनको अनुगमनको लागि जिम्मेवारी तोक्ने । उदाहरणको लागि नियमित हुने प्रवचन- हिन्दुहरूको विशेष बारमा जस्तै सूर्य पुजाको लागि आईतबार, गणेश पुजाको लागि मंगलबार, मुस्लिमहरूको हरेक शुक्रबार हुने जुमामा) गर्ने निम्न व्यक्तिहरु मध्येबाट धार्मिक अगुवाहरूबाट बालविवाह अन्त्यका विषय प्रवचनमा समावेश गरे नगरेका, कति पटक जानकारी गराइएको, बालविवाह अन्त्यको विषयमा के बोलियो, सहभागीको प्रतिक्रिया आदिको बारेमा अनुगमन गर्ने

  १. वडा/स्थानीय बालअधिकार समितिबाट– १ जना सदस्य

  २. बाल क्लबबाट –१ जना सदस्य

**प्रस्ताव नं २: ख) प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूबाट प्रवचन कार्यक्रम**

- प्रवचन कार्यक्रममा आमन्त्रण गरिने सहभागीहरु सम्बन्धमा ।
- कार्यक्रम व्यवस्थापनको जिम्मेवारी बाँडफाँड सम्बन्धमा ।

**अपेक्षित निर्णयहरू**

सहभागीहरू: कार्यक्रममा बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह नगर्ने/नगराउने उदाहरणीय परिवारका सदस्य, किशोरीहरु, समुदायका अगुवा, भर-भलादमी, सम्पन्न र बोलवाला व्यक्तिहरूको समितिका प्रतिनिधि, सर्वदलीय समितिका प्रतिनिधि, जातीय माइजन, पूजारी, महिला नेतृत्व र आमा समूह, बाल क्लब तथा युवा क्लबहरु, स्थानीय स्तरमा कार्यरत संघ/संस्थाहरु तथा सहकारी संस्थाका प्रतिनिधि, स्कुल वा किशोर किशोरीका लागि पठनपाठन हुने स्थानका प्रतिनिधिबाट सहभागी गराउने निर्णय ।

प्रवचन कार्यक्रम व्यवस्थित तरिकाले आयोजना गर्न निम्नअनुसारको जिम्मेवारीः

- सहभागीहरूलाई निमन्त्रणा पठाउने, आउने निश्चितता गर्ने
- कार्यक्रम उद्घोषण गर्ने
- खाजा, ब्यानर, मञ्च तथा अन्य व्यवस्थापन गर्ने
- कार्यक्रमको फोटो लिने
- कार्यक्रमको प्रतिवेदन तयार गर्ने

**चौथो चरण- क्रियाकलाप कार्यान्वयनः**

***क. धार्मिक अगुवाहरूलाई सूचीकृत तथा अभिमुखीकरण कार्यक्रमः***

**क्रियाकलाप कार्यान्वयन गर्नुभन्दा अगाडिः**

- वडा/स्थानीय बालअधिकार समितिले संकलन गरी सहमति गरेका प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई वडाको कार्यक्रमको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले अध्यक्षको नाममा र गाउँ नगरपालिकाको कार्यक्रमको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा सहभागी हुनको लागि चिठी पठाई आमन्त्रण गर्ने ।
- धार्मिक अगुवाहरूको सहभागीको सुनिश्चितताको लागि स्थानीय/वडा बालअधिकार समितिका सदस्यहरूलाई जिम्मेवारी दिने ।
- अन्य व्यवस्थापनको सुनिश्चितताको लागि एक व्यक्तिलाई जिम्मेवारी दिने जस्तै, कार्यक्रम गर्ने स्थान र त्यसको सरसफाइ, साउन्ड सिस्टम, प्रिन्ट सामग्री र समयमै क्रियाकलापको सुरूवात

**क्रियाकलाप कार्यान्वयनको समयमा :**

- वडा/स्थानीय बालअधिकार समितिको सहयोगमा वडास्तरीय क्रियाकलाप वडा सचिव र गाउँ/नगरपालिका स्तरीय क्रियाकलाप महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखको अगुवाइमा सञ्चालन गर्ने
- धार्मिक अगुवाहरूलाई वडा/गाउँ/नगरपालिकाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था (संख्या तथा विशेषगरी लक्षित समूह केन्द्रित डिजाइन प्रक्रियाबाट आएका बालविवाह उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको कारण) बारेमा जानकारी गराउने
- बालविवाहविरूद्धको कानुनबारे जानकारी गराउने
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि धार्मिक अगुवाहरूको भूमिकाहरूको बारेमा छलफल गर्ने
- बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि कार्य गर्न चाहने धार्मिक अगुवाहरूको यकिन गरी सूचीलाई अन्तिम रूप दिने

- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई बढावा दिने हिन्दु, मुस्लिम तथा जनसमुदायले मान्ने गरेका अन्य धर्मका धार्मिक ग्रन्थहरूमा भएका शीर्षक तथा विषयहरु छलफल गरी पहिचान गर्ने र त्यसको व्याख्यामा छलफल गर्ने

## उदाहरणको लागि

**हिन्दु धर्ममा**

- रामायणबाट सीताको स्वयम्बरको कथामाः सीताले आफ्नो लागि आफैंले वर चुनेकी थिइन् किनभने उनी शारीरिक, मानसिक, भावनात्मक रूपमा परिपक्व थिइन् ।
- रामजस्ता राजकुमारले पनि आफ्नो अध्ययन र तालिमहरु पूरा गरी सक्षम भएपछि विवाह गरेका थिए ।
- मनुस्मृतिमा पुरूषले त्यतिबेला विवाह गर्ने जब उसले आफ्नो अध्ययन पूरा गर्छ र आफ्नो श्रीमतीलाई सहयोग गर्न सक्षम हुन्छ भनिएको छ भने महिलालाई शारीरिक रूपमा परिपक्व भएपछि भनिएको छ ।

**मुस्लिम धर्ममा**

- कुरानले आफ्नो लागि राम्रो र नराम्रो निर्णय गर्न सक्षम हुनु अघिको विवाहलाई निषेध गर्दछ । त्यसैले निकाह अर्थात् विवाह समारोहमा विवाहको लागि उनी अघि उभिएको पुरूषसँग जीवन सुरू गर्न सहमत छन् कि छैनन् भनेर दुलहीलाई सोधिन्छ ।

- धार्मिक अगुवाहरूको सहमतिमा प्रवचनका लागि धार्मिक ग्रन्थको विस्तृत ज्ञान भएका प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरु छनोट गर्ने
- मन्दिर, मस्जिद र अन्य धार्मिक स्थानहरूमा नियमित प्रवचनका लागि स्थान, समय, बार र त्यसका लागि जिम्मेवार धार्मिक अगुवाहरूको सुनिश्चित गर्ने

***ख) प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूबाट प्रवचन कार्यक्रमः***

**क्रियाकलाप कार्यान्वयन गर्नुभन्दा अघि**

- धार्मिक अगुवाहरूको सहमतिमा प्रवचनका लागि धार्मिक ग्रन्थको विस्तृत ज्ञान भएका प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई वडाको कार्यक्रमको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले अध्यक्षमार्फत र गाउँ नगरपालिकाको कार्यक्रमको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतमार्फत मिति, समय र स्थान खुल्ने गरी पत्र पठाई कार्यक्रमको लागि आमन्त्रण गर्ने ।
- धार्मिक अगुवाहरूको सहभागीको सुनिश्चितता गर्ने ।

**क्रियाकलाप कार्यान्वयनको समयमा**

- धार्मिक अगुवाहरूबाट प्रवचन दिन सहमत गरिएको मिति र स्थानमा प्रवचन कार्यक्रमहरु आयोजना गर्ने, कार्यक्रम जम्मा ३ घण्टासम्म मात्र सञ्चालन गर्ने
- वडा/गाउँ/नगरपालिका स्तरअनुसार वडा सचिव/महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख (वडा/स्थानीय बालअधिकार समितिको सचिव) ले सहभागीलाई स्वगत गर्दै कार्यक्रमको उद्देश्य प्रस्ट पार्ने
- वडा/स्थानीय बालअधिकार समितिको सचिवेले आफ्नो वडा/गाउँ/नगरपालिकाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था (संख्या तथा विशेषगरी लक्षित समूह केन्द्रित डिजाइन प्रक्रियाबाट आएका बालविवाह उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको कारण) को बारेमा जानकारी गराउने

- बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहलाई प्रोत्साहित गर्ने भनी पहिचान गरिएका धार्मिक मान्यताहरूको बारेमा धार्मिक ग्रन्थमा लेखिएको कुरालाई उदाहरण दिँदै समाजमा कायम रहेको सामाजिक मान्यतालाई परिवर्तन गर्दै बालविवाह निरूत्साहित हुने गरी पुनर्व्याख्या गर्ने । यसका लागि प्रत्येक धर्मगुरूलाई बढीमा १५ मिनेटको समय दिने ।
- उदहारणीय किशोरी र उनीहरूका अभिभावकलाई आ-आफ्नो बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोक्दाको अनुभव बताउन लगाउने ।
- समुदायका प्रभावशाली नेता, सामाजिक नेतृत्व, जातीय माइजन, महिला नेतृत्व तथा बाल क्लबका प्रतिनिधिहरूलाई दुई मिनेटभित्र आफ्नो बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि गरेको कामको अनुभव र त्यसबाट आफूलाई भएको फाइदाका बारेमा बोल्न लगाउने ।
- यस विषयमा थप जनकारीहरूको लागि आफ्ना धार्मिक अगुवाहरूबाट मन्दिर, मस्जिद र अन्य जनसमुदायले मान्ने गरेका धार्मिक समारोहमा नियमित हुने प्रवचनको स्थान, बार, समय, र जिम्मेवार धार्मिक अगुवाहरूको बारेमा जानकारी गराउने ।
  मुस्लिम समुदायले हेरक शुक्रबार हुने जुमामा र हिन्दुहरूको विभिन्न देवदेवीहरूका लागि तोकिएका बारहरु (जस्तै मंगलबार गणेश, आइतबार सूर्य)का पूजाको समयमा ।
- धार्मिक अगुवाहरूलाई धार्मिक कार्यक्रमहरूमा २० वर्षपछि विवाह गर्न बढावा दिने सामाजिक व्यवहारहरूलाई प्रवचनमा नियमित जानकारी गराउन प्रोत्साहन गर्ने ।
- वडा बालअधिकार समिति र बाल क्लबका सदस्यहरु मन्दिर, मस्जिद र अन्य जनसमुदायले मान्ने गरेका धार्मिक समारोहमा नियमित प्रवचनमा सहभागी हुने र बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यको विषयमा प्रवचन भएको यकिन गर्न अनुगमन गर्ने । अनुगमनको लागि चेकलिस्ट र प्रतिवेदन तयार गर्न नमुना उप-अनुसूची १० र ११ मा उपलब्ध छ ।

### चरण ५: कार्यान्वयनपछिको क्रियाकलाप: क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस

- क्रियाकलाप सकिएको ३ दिनभित्रमा स्थानीय/तथा वडा बालअधिकार समितिले आ-आफ्नो समितिमा समीक्षा बैठक बस्ने र
- क्रियाकलापको प्रतिवेदन तयार गरी गाउँ/नगर कार्यपालिकामा पेस गर्ने । क्रियाकलापको प्रतिवेदन खाकाको नमुना उप अनुसूची १२ मा राखिएको छ ।
- पेस्की फर्स्योट गर्ने ।

### उदाहरणको लागि: अनुगमनका सूचकहरू

- क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकता अनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुस्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| १. अभिमुखीकरण कार्यक्रममा उपस्थित धार्मिक अगुवाहरूको संख्या | - कार्यक्रमको प्रतिवेदन र माइन्युट | - वडा/स्थानीय बालअधिकार समितिको बैठकको माइन्युट |
| २. सूचीबद्ध धार्मिक अगुवाहरूको संख्या | उपस्थिति पुस्तिका | - वडा/स्थानीय बालअधिकार समितिको बैठकको माइन्युट |
| ३. बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यलाई समर्थन गर्न धार्मिक अगुवाहरूले आफ्नो भनाइ राखेको धार्मिक क्रियाकलापको संख्या | फोटोहरु<br>- उपस्थिति पुस्तिका | - क्रियाकलापको प्रतिवेदन |

## उदाहरणको लागिः बजेट शीर्षक

क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि गाउँ/नगरपालिकाले निम्न शीर्षकहरूमा बजेट छुट्ट्याउनु पर्दछ, तर यी रकम गाउँ/नगरपालिका अनुसार फरक हुन सक्दछ ।

| क्र.सं. | कार्यक्रम | पटक | अनुमानित बजेट रु.(वडा स्तरमा) | अनुमानित बजेट रु.(गाउँ/नगर स्तरमा) |
|---|---|---|---|---|
| १ | धार्मिक अगुवाहरूको सुचीकरणका लागि छलफल कार्यक्रम (खाजा, यातायात खर्च, व्यानर, वडास्तरीय क्रियाकलापको लागि अनुगमन भत्ता, सहजकर्ताको भत्ता, विविध) | १ | ५,००० | १०,००० |
| ३ | प्रवचन कार्यक्रम आयोजना (खाजा, यातायात खर्च, ब्यानर, वडास्तरीय क्रियाकलापको लागि अनुगमन भत्ता, सहजकर्ताको भत्ता, विविध) | १ | ४०,००० | १,३०,००० |
| ४ | कार्यक्रम सकिएपछिको समीक्षा बैठक (खाजा) | १ | ३,००० | ५,००० |
| | **जम्मा** | | **रू. ५०,०००** | **१,५०,०००** |

## उदाहरणको लागिः कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| प्रमुख समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| धार्मिक अगुवाहरूले २० वर्ष उमेर नपुगेका छोराछोरी पनि विवाह गर्न तयार हुने/मान्ने । | बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्य सम्बन्धी नीति, नियमबारे जानकारी गराउने । |
| धार्मिक अगुवाहरूले समाजमा बालविवाह भइरहेको स्वीकार नगर्नु । | गाउँ वा नगरपालिकाको बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको तथ्यांकबारे जानकारी गराउने । |
| धार्मिक अगुवाहरूले आफ्नो पेसा वा आम्दानी बन्द हुन सक्ने डरले बालविवाहलाई प्रोत्साहन गर्न सक्छन् । | बलविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहविरूद्वका कानुनी प्रावधानका बारेमा जानकारी गराउने । |
| बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने धार्मिक कुराहरूको व्याख्या गर्न गाह्रो हुने | बडा बालअधिकार समितिहरूको सहयोगमा धार्मिक ग्रन्थहरूको व्याख्या गर्न ग्रन्थहरूको ज्ञान भएका धार्मिक अगुवाहरु आफ्नै गाउँ/नगरपालिकामा वा अन्य गाउँ/नगरपालिकाबाट पहिचान गर्ने |

## क्रियाकलाप २

## बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरू कार्यान्वयनमा सहयोग गर्न वडा/गाउँ/नगरपालिका स्तरमा सर्वदलीय समिति गठन र क्रियाकलापहरूमा संलग्न



■ सर्वदलीय समिति बैठक, लोहरपट्टी नगरपालिका-३, महोत्तरी

### हालको अवस्था:

नेपालमा पुरूष र महिलाको विवाहको लागि कानुनी उमेर २० वर्ष उमेर पूरा भएको हुनुपर्ने संवैधानिक व्यवस्था भएता पनि बालविवाह नेपालको धेरै क्षेत्रहरूमा सामान्य अभ्यासको रूपमा विद्यमान रहेको छ । राष्ट्रिय जनगणना २०७८ को नतिजाले नेपालमा ३० प्रतिशत व्यक्तिहरूको विवाह १८ वर्ष पुरा नहुदै (बालविवाह) भएको देखाएको छ, जसमा पुरूषको १५ प्रतिशत र महिलाको ४१ प्रतिशत रहेको छ । मधेस प्रदेशमा बालविवाहको दर ३७ प्रतिशत देखिएको छ, जसमा पुरूषको १९ प्रतिशत र महिलाको ५२ प्रतिशत रहेको छ ।

यी तथ्यहरूले पनि मधेश प्रदेशमा रहेको बालविवाहको व्यापकतालाई प्रस्ट पारेको छ तर यो समस्या निश्चित जाति र न्युन सामाजिक-आर्थिक पृष्ठभूमि भएका परिवारहरूमा मात्रै भएको बुझाइ सामाजिक तथा राजनीतिक नेतृत्वमा छ । यो समस्याले सामान्यतः सबै समूहलाई असर गरेको स्वीकार गर्दिैन ।

राजनैतिक दलका नेताहरु समाजमा भएका यस्ता हानिकारक व्यवहारहरूको बारेमा जानकार भए पनि आफ्ना मतदाताको संरक्षणको लागि गम्भीर नहुने गरेको देखिन्छ । त्यसैले जब गाउँ/नगरपालिकामा निर्वाचित वडाध्यक्षहरूले बालविबाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि काम गर्न खोज्छन्, आफ्नो निर्वाचन क्षेत्रहरूमा प्रभाव राख्न अन्य विपक्षी दलहरूले समर्थन गर्दैनन् ।

### प्रमुख समस्या :

स्थानीय तहमा निर्वाचित पदाधिकारीहरूले बालविबाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि काम गर्दा उनीहरूलाई विपक्ष दलहरूबाट समर्थनको कमी वा रोकावट आउने गर्दछ । बालविबाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्न चाहनेहरूलाई समर्थन गर्न राजनीतिक दलहरु प्रत्यक्ष रूपमा आउँदैनन् जसले यसको अन्त्यका लागि सहयोग पुर्‍याउँदछ ।

### लक्षित समूह :

वडा/गाउँ/नगरपालिका स्तरमा भएका सम्पुर्ण प्रमुख राजनीतिक दलका प्रभावशाली नेताहरु ।

### क्रियाकलाप :

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि क्रियाकलापहरु कार्यान्वयनमा सहयोग गर्न वडा/गाउँ/नगरपालिका स्तरमा सर्वदलीय समिति गठन र क्रियाकलापहरूमा संलग्न ।

### उद्देश्यहरू :

वडा/गाउँ/नगरपालिका स्तरमा राजनैतिक दलहरूको प्रभावशाली सदस्यहरु सम्मिलित सर्वदलीय समिति गठन गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि क्रियाकलापहरूमा संलग्न भएका हुनेछन् ।

### संक्षिप्तमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू :

**पहिलो चरण – स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडा सचिव र नगरपालिका स्तरीयको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि अवश्यक कागजातसहित निवेदन दिने ।

**दोस्रो चरण – सूची तयार:** वडा/स्थानीय बालअधिकार समितिले वडा स्तर/गाउँ/नगरपालिका स्तरमा राजनैतिक दलका निर्णयमा प्रभाव पार्न सक्ने सदस्यको सूची तयार गर्ने ।

**तेस्रो चरण (तयारी बैठक बस्ने :** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा राजनैतिक दलका प्रभावशाली नेताहरूको समिति गठन र विभिन्न क्रियाकलापहरूमा संलग्न गराउन तयारी बैठक बस्ने ।

**चौथो चरण – क्रियाकलाप कार्यान्वयन:** वडा स्तर/गाउँ/नगरपालिका स्तरमा सर्वदलीय समिति गठन गरी बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि विभिन्न वडा/गाउँ/नगरपालिका स्तरका क्रियाकलापहरूमा संलग्न गराउने

**पाँचौ चरण – कार्यान्वयनपछिको क्रियाकलाप:** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने ।

### विस्तृत रूपमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण-.स्वीकृति (कार्यदेश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडा सचिव र नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

- वडास्तरीय कार्यक्रमको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले र नगरपालिका स्तरको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएका क्रियाकलापमध्येबाट हाल कार्यान्वयन गर्न लागिएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरणसहित कार्यान्वयनको लागि स्वीकृति लिने । स्वीकृति लिने टिप्पणी र आदेशको नमुना उप अनुसूची १ मा दिइएको छ ।
- वडास्तरको क्रियाकलापको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव) वा अन्य कर्मचारी र गाउँ/नगरपालिकास्तरको क्रियाकलापको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयनको लागि स्वीकृत भएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरण पेस्कीको लागि लेखा शाखामा दिने वा कार्यान्वयनपश्चात् भुक्तानीका लागि निवेदन दिने । पेस्कीको लागि निवेदनको नमुना उप-अनुसूची २ मा दिइएको छ ।

**दोस्रो चरण- सूची तयारः** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा प्रमुख क्रियाशील राजनैतिक दल र प्रत्येक दलभित्र निर्णयमा प्रभाब पार्न सक्ने सदस्यको नामावली तयार गर्ने ।

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख र वडा सचिवले स्थानीय/वडा बालअधिकार समितिको नियमित बैठकमा छलफल गरी वडा/गाउँ/नगरपालिका स्तरमा क्रियाशील राजनीतिक दल र प्रत्येक दलमा निर्णयमा प्रभाव पार्न सक्ने सदस्य पहिचान गरी सहमतिमा सूची तयार गर्ने ।

**तेस्रो चरण- तयारी बैठक बस्ने :** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा प्रमुख क्रियाशील राजनीतिक दलका प्रभावशाली नेताहरूको समिति गठन र विभिन्न क्रियाकलापहरूमा संलग्न गराउन तयारी बैठक बस्ने ।

## उदाहरणको लागि

प्रस्ताव तथा अपेक्षित निर्णय तल उल्लेख गरिएको छ ।

वडा/स्थानीय बालअधिकार समितिको प्रमुख क्रियाशील राजनैतिक दलका प्रभावशाली नेताहरूको समिति गठन र विभिन्न क्रियाकलापहरूमा संलग्न गराउन तयारी बैठकको प्रस्ताव तथा अपेक्षित निर्णयहरूः

**प्रस्ताव नं १:**

- सहमतिमा वडा/गाउँ/नगरपालिका स्तरमा राजनीतिक दलका सदस्यहरूको सूचीलाई अन्तिम रूप दिने सम्बन्धमा
- वडा/गाउँ/नगरपालिका स्तरमा सर्वदलीय समिति गठन बैठक गरिने मिति, स्थान र समय निर्धारण र बैठक सम्पन्न गर्न वडा/स्थानीय बालअधिकार समितिको सदस्यहरूको जिम्मेवारी बाँडफाँड सम्बन्धमा
- वडा/गाउँ/नगरपालिकामा सर्वदलीय समिति गठनको लागि आयोजित बैठकमा छलफल गरिने विषय र समितिका सदस्यहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने बालविवाह अन्त्यका क्रियाकलापहरूमा परिचालन सम्बन्धमा

**अपेक्षित निर्णयहरूः**

- सहमतिमा वडा/गाउँ/नगरपालिका स्तरमा राजनीतिक दलका प्रभावशाली सदस्यहरूको विवरण (नाम, ठेगाना, राजनीतिक पर्टीको नाम तथा सम्पर्क नम्बर)
- सर्वदलीय समिति गठनको लागि बैठक गरिने मिति, स्थान, समय
- सर्वदलीय समिति गठनका लागि आयोजित बैठकका उद्देश्यहरुः
  - वडा/गाउँ/नगरपालिकामा बालविवाहको, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अवस्था (संख्या तथा लक्षित समूह डिजाइन प्रक्रियाबाट पहिचान गरिएका बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहको कारणबारे जानकारी र विद्यमान बालविवाहविरूद्धको कानुन)
  - बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनको क्षेत्रमा वडा/गाउँ/नगरपालिकाको यस आर्थिक वर्षमा भएका क्रियाकलापका बारेमा जानकारी, बालविवाह अन्त्यका लागि प्रत्येक राजनीतिक दललाई हुने फाइदा र समुदायमा उनीहरूको भूमिका पहिचान गर्ने

**प्रस्ताव नं २:**

- वडा/गाउँ/नगरपालिका स्तरमा सर्वदलीय समिति गठन बैठकको लागि तयारी

**अपेक्षित निर्णयहरूः**

सर्वदलीय समिति गठन कार्यक्रम व्यवस्थित तरिकाले आयोजना गर्न निम्न अनुसारको जिम्मेवारी

- सूचीअनुसार राजनीतिक दलका सदस्यहरूलाई सर्वदलीय समिति गठन कार्यक्रमको मिति, स्थान, समय तोकी वडास्तरको कार्यक्रमको लागि वडा सचिवले वडाध्यक्षमार्फत र गाउँ/नगरपालिका स्तरीय कार्यक्रमको लागि प्रमुख प्रशासकीय अधिकृतमार्फत पत्राचार गर्ने र सहभागिताको यकिन गर्ने ।

- कार्यक्रम उद्घोषण गर्ने
- खाजा, ब्यानर, तथा अन्य आवश्यक व्यवस्थापन गर्ने
- कार्यक्रमको फोटो लिने
- कार्यक्रमको प्रतिवेदन तयार गर्ने

- सर्वदलीय समिति गठनका लागि आयोजित बैठकमा उद्देश्यबारेमा जानकारी गराउने ।
- वडा/गाउँ/नगरपालिकामा बालविवाहको, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अवस्था (संख्या तथा लक्षित समूह डिजाइन प्रक्रियाबाट पहिचान गरिएका बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहको कारणबारे जानकारी र विद्यमान बालविवाहविरूद्धको कानुनबारे जानकारी गराउने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यबहार परिवर्तनको क्षेत्रमा वडा/गाउँ/नगरपालिकाको यस आर्थिक वर्षका क्रियाकलाप बारेमा जानकारी गराउने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यबाट हुने फाइदा र सोका लागि समितिको भूमिका बारेमा छलफल गराउने ।
- सर्वदलीय समितिको लागि सदस्य संख्या (७ वा ११) तथा व्यक्तिको निर्धारण गर्ने ।

**चौथो चरण- क्रियाकलाप कार्यान्वयनः** वडा स्तर/गाउँ/नगरपालिका स्तरमा सर्वदलीय समिति गठन गरी बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका विभिन्न क्रियाकलापहरूमा संलग्न गराउने ।

### क्रियाकलाप कार्यान्वयन गर्नुभन्दा अघि

- सूचीअनुसार वडा/स्थानीय बालअधिकार समितिले संकलन गरी सहमति गरेका राजनैतिक दलका प्रभावशाली नेताहरूलाई वडाको कार्यक्रमको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले अध्यक्षमार्फत र गाउँ नगरपालिकाको कार्यक्रमको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा सहभागी हुन कम्तीमा ३-४ दिन अगाडि बैठकमा उपस्थितिका लागि समय, स्थान र मितिसहित पत्रमार्फत आमन्त्रण गर्ने र सहभागिताको यकिन गर्ने ।

### क्रियाकलाप कार्यान्वयनको समयमा

- वडा/गाउँ/नगरपालिकामा निर्धारित मितिमा सम्बन्धित वडाध्यक्ष/गाउँ/नगर प्रमुखको संयोजकत्वमा निर्धारित प्रस्तावमा रही राजनीतिक दलका प्रतिनिधिहरूको बैठक आयोजन गर्ने ।
- वडा/गाउँ/नगरपालिका स्तरीय कार्यक्रम वडा सचिव/महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले सञ्चालन गर्ने ।
- वडा/गाउँ/नगरपालिकामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अवस्था (संख्या तथा विशेष गरी लक्षित समूह केन्द्रित डिजाइन प्रक्रियाबाट आएका बालविवाह उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको कारण) को बारेमा जानकारी गराउने ।
- वडा/गाउँ/नगरपालिकाले बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तको क्षेत्रमा यस आर्थिक वर्षका क्रियाकलापहरूको बारेमा जानकारी गराउने ।
- बाल विवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि कार्य गर्दा राजनीतिक दल र समुदायलाई हुने फाइदाको बारेमा छलफल गर्ने ।
- बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि समितिको भूमिकाको बारे छलफल गरी सहमतिमा पारित गर्ने ।
- सर्वदलीय समितिको लागि सदस्य संख्या (७ वा ११) तथा व्यक्तिको निर्धारण गर्ने ।
  संयोजक- सम्बन्धित वडा/गाउँ/नगरपालिकाको अध्यक्ष/मेयर
  सदस्य सचिव
  सदस्यहरु
  (समितिमा महिला तथा दलितबाट पनि अनिवार्य हुनुपर्ने)
- सर्वदलीय समितिका सदस्यहरूलाई वडा/गाउँ/ नगरपालिकाबाट सञ्चालन हुने बालविवाह, उमेर नपुगी

र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरूलाई प्रभावकारी बनाउन र कार्यक्रमलाई जनमानसमा स्वीकार्य बनाउन क्रियाकलाप कार्यान्वयन गर्दा संलग्न गराउने । उदाहरणको लागि संलग्न गराउन सकिने क्रियाकलापहरु उप-अनुसूची ४ मा उपलब्ध छ ।

- सर्वदलीय समितिले वडा/स्थानीय बालअधिकार समितिसँग समन्वय गरी समुदायका विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने ।
- सर्वदलीय समितिका सदस्यहरूले आफ्ना भ्रातृ संगठनहरूमा बालविवाह बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका विषयमा छलफल गर्ने ।

**पाँचौं चारण- कार्यान्वयनपछिको क्रियाकलाप:** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस

- सर्वदलीय समिति गठन क्रियाकलाप सकिएको ३ दिनभित्रमा वडा/स्थानीय बालअधिकार समितिले आ-आफ्नो समितिमा समीक्षा बैठक बस्ने ।
- क्रियाकलापको प्रतिवेदन तयार गरी गाउँ/नगर कार्यपालिकामा पेस गर्ने । प्रतिवेदनको नमुना खाका उप अनुसूची १२ मा उपलब्ध छ ।
- पेस्की फर्स्योट गर्ने ।

## उदाहरणको लागि: अनुगमनका सूचकहरू

- क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकता अनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुष्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| १. सर्वदलीय समितिमा सहभागी हुने व्यक्तिहरूको संख्या | - बैठकको निर्णय पुस्तिका<br>- उपस्थिति | - वडा/स्थानीय बालअधिकार समितिको बैठक माइन्युट |
| २. सर्वदलीय समितिमा प्रतिनिधित्व गर्ने सक्रिय राजनीतिक दलहरूको संख्या | - बैठकमा निर्णय पुस्तिका<br>- उपस्थिति | - प्रतिवेदन |
| ३. बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यलाई समर्थन गर्न सर्वदलीय समिति सदस्यहरूले भाग लिएका सार्वजनिक कार्यक्रमहरूको संख्या | फोटोहरु<br>- उपस्थिति पुस्तिका | - वडा/स्थानीय बालअधिकार समितिको बैठक माइन्युट |

## उदाहरणको लागिः बजेट शीर्षक

क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि गाउँ/नगरपालिकाले निम्न शीर्षकहरुमा बजेट छुट्ट्याउनु पर्दछ, तर यी रकम गाउँ/नगरपालिका अनुसार फरक हुन सक्दछ ।

| क्रसं. | कार्यक्रम | पटक | अनुमानित बजेट रु.गाउँ/नगर स्तरमा) | अनुमानित बजेट रु. (वडा स्तरमा) |
|---|---|---|---|---|
| १ | सर्वदलीय समिति गठनको लागि वडा/गाउँ/नगर पालिका बालअधिकार समितिको तयारी बैठक - खाजा) | १ | ५,००० | ५,००० |
| २ | सर्वदलीय समिति गठनको बैठक (ब्यानर, खाजा, यातायात/समन्वय भत्ता, हल, विविध) | १ | १५,००० | २५,००० |
| **जम्मा** | | | **२०,०००** | **३०,०००** |

## उदाहरणको लागिः कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| आफ्नो पहुँच भएको वा नजिकको प्रतिनिधिलाई राखेको आरोप आउन सक्ने | सबै दलको उपस्थिति र सहमतिमा मात्र प्रतिनिधि छनोट गर्ने |
| दलहरूले कार्यक्रमलाई प्राथमिकता नदिने | सर्वदलीय समिति गठन गर्दा नै यस समितिको भूमिकाको बारेमा प्रस्ट पार्ने र बडा/गाउँ/नगरपालिकाको बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरुमा संलग्न गराउने |

## क्रियाकलाप ३

## गाउँ/नगरपालिकाबाट एक आर्थिक वर्षमा सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती भएको वडाका वडाध्यक्ष र सचिवलाई सार्वजनिक रूपमा सम्मानित




■ चालु आर्थिक वर्षमा बालविवाह अन्त्य गर्ने कार्यमा सबैभन्दा बढी प्रगति गरेका वडा अध्यक्ष र सचिवलाई सम्मान र सार्वजनिक रूपमा कदर गर्दै, दुर्गाभागवती गाउँपालिका, रौतहट

### हालको अवस्था:

नेपालमा पुरूष र महिलाको विवाहको कानुनी उमेर २० वर्ष पुगेको हुनुपर्ने संवैधानिक व्यवस्था भएता पनि बालविवाह नेपालको धेरै क्षेत्रहरुमा सामान्य अभ्यासको रुपमा विद्यमान रहेको छ । राष्ट्रिय जनगणना २०७८ को नतिजाले नेपालमा ३० प्रतिशत व्यक्तिहरूको विवाह १८ वर्ष पुरा नहुदै (बालविवाह) भएको देखाएको छ, जसमा पुरूषको १५ प्रतिशत र महिलाको ४१ प्रतिशत रहेको छ । मधेस प्रदेशमा बालविवाहको दर ३७ प्रतिशत देखिएको छ, जसमा पुरूषको १९ प्रतिशत र महिलाको ५२ प्रतिशत रहेको छ ।

गाउँ/नगरपालिकामा यस समस्यालाई सम्बोधन गर्न विभिन्न तहहरुमा नेतृत्व महत्वपूर्ण छ । किनभने बजेट विनियोजन र क्रियाकलापहरु कार्यान्वयन र बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहविरूद्ध कानुनहरु लागू गराउनमा उनीहरु निर्णयकर्ताहरु हुन् । समुदायका मानिसहरूले आफ्ना नेताहरुको कार्यहरु पछ्याउने गर्दछन् ।

नेतृत्व तहले मतदाताबीच आफ्नो लोकप्रियता बढाउने उद्देश्यले योजना तर्जुमा गर्दा भौतिक निर्माणका कामलाई प्राथमिकता दिने गरेको पाइन्छ । साथै चुनावी समर्थनमा नकारात्मक असर पर्ला भन्ने डरले उनीहरु यस्ता क्रियाकलापमा संलग्न हुन चाहँदैनन् । मधेश प्रदेशका नेतृत्व तह जसले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई समस्याको रुपमा स्वीकार गरेका छन्, अझै पनि यसलाई सबै समूहहरुमा भएको समस्याको रुपमा रहेको सम्बोधन गर्नुको सट्टा निश्चित वर्गमा मात्र केन्द्रित गर्न खोजेको पाइन्छ । तथ्यांकले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह निश्चित जातीय समूह र सामाजिक-आर्थिक समूहहरुमा बढी स्पष्ट देखिन्छ, तर यो सबै जाति, धर्म, शिक्षा स्तर, र सहरी वा ग्रामीण क्षेत्रहरुमा अभ्यास हुने गरेको देखाएको छ ।

आमाबाबुले आफ्ना छोराछोरीको विवाहको निर्णयहरु गर्छन्, तर तिनीहरुको निर्णयमा आफ्ना नजिकका नातेदारहरु, छिमेकीहरु, वडा र गाउँ/नगरपालिका स्तरका नेतृत्वबाट धेरै प्रभावित हुन्छन् । तसर्थ, विशेषगरी वडा स्तरमा स्थानीय नेतृत्वहरुलाई सम्मान गर्ने प्रणालीको आवश्यकता छ जसले आफ्नो व्यवहारबाट र आफ्ना छोराछोरीको विवाहमा ढिलाइ गर्नेहरुलाई प्रोत्साहन गरेर बालविवाह उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यमा महत्वपूर्ण प्रभाव पार्न सक्दछ । गाउँ/नगरपालिकाहरुसँग हाल यस्ता कार्य गर्ने वडाहरुको कार्यलाई अनुगमन र प्रशंसा गर्ने प्रक्रियाहरु छैनन् ।

## प्रमुख समस्याः

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि प्रभावकारी कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा आफ्ना मतदाताहरुबीचको सम्बन्ध बलियो रहनेबारे निर्वाचित स्थानीय नेतृत्वलाई बुझाइ कार्यक्रममा संलग्न गराउने

## लक्षित समुहः

- वडाध्यक्ष
- वडा सचिव

## क्रियाकलापः

गाउँ/नगरपालिकाबाट एक आर्थिक वर्षमा सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको वडाका वडाध्यक्ष र सचिवलाई सार्वजनिक रुपमा सम्मान गर्ने ।

## क्रियाकलापको उद्देश्यः

गाउँ/नगरपालिकामा सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको वडाका वडाध्यक्ष तथा सचिवहरुलाई प्रोत्साहित, सम्मानित, इज्जत बढाउन र यस्ता कार्यको निरन्तरताको लागि सार्वजनिक रुपमा सम्मानित गरिएको हुनेछ । अन्य वडाका नेतृत्वहरु पनि आफ्नो वडामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि उत्प्रेरित भएका हुनेछन् ।

## संक्षिप्तमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरूः

**पहिलो चरण–स्वीकृति (कार्यादेश) लिई पेस्की लिनेः** स्वीकृत कार्यक्रम कार्यान्वयनको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

**दोस्रो चरण–सूची तयारः** स्थानीय बालअधिकार समितिले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था मापन गर्न मधेश प्रदेशले तयार गरेको मधेश प्रदेश बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधिमा उल्लेख भएका परिणाममूलक सूचकहरुको तथ्यांक त्रैमासिक रुपमा संकलन गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्थासहित वडाको सूची तयार गर्ने ।

**तेस्रो चरण– तयारी बैठक बस्ने :** स्थानीय बालअधिकार समितिले गाउँ/नगरपालिका स्तरमा वडाका वडाध्यक्ष र सचिवलाई सम्मान गर्ने कार्यक्रम आयोजनाको लागि तयारी बैठक बस्ने ।

**चौथो चरण –क्रियाकलाप कार्यान्वयनः** छनोट भएको वडाका वडाध्यक्ष र सचिवलाई तयारी बैठकमा निर्णय भएअनुसार सम्मान कार्यक्रमको आयोजना गर्ने ।

**पाँचौं चरण– कार्यान्वयनपछिको क्रियाकलापः** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने

## विस्तृत रूपमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण– स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवदन दिने ।

- स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएका क्रियाकलापमध्येबाट हाल कार्यान्वयन गर्न लागिएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरणसहित कार्यान्वयनको लागि स्वीकृति लिने । स्वीकृति लिने टिप्पणी र आदेशको नमुना उप-अनुसूची १ मा दिइएको छ ।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयनको लागि स्वीकृत भएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरण पेस्कीको लागि लेखा शाखामा दिने वा कार्यान्वयनपश्चात् भुक्तानीका लागि निवेदन दिने । पेस्कीको लागि निवेदनको नमुना उप-अनुसूची २ मा दिइएको छ ।

**दोस्रो चरण– सूची तयार :** स्थानीय बालअधिकार समितिको नियमित बैठकमा वडा स्तरबाट नियमित रूपमा आएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको तथ्यांक संकलन गरी प्रत्येक वडाको बालविवाहको अवस्थाको सूची तयार गर्ने ।

- गाउँ/नगरपालिका बालविवाहको अवस्था पत्ता लगाउन मधेश प्रदेश बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषणा कार्यविधिमा उल्लेख भएका परिणाममूलक सूचकहरु अनुसार वडा बालअधिकार समितिले आफ्नो नियमित बैठकबाट संकलित तथ्यांक सहमतिमा स्थानीय बालअधिकार समितिमा पठाउने ।
- आर्थिक वर्षको अन्तिम त्रैमासिकको दोस्रो महिनामा स्थानीय बालअधिकार समितिको नियमित बैठकमा वडाबाट आएको तथ्यांकहरु विश्लेषण गरी सूचकहरूको आधारमा प्रत्येक वडाको बालविवाहको अवस्थाको सूची तयार गर्ने ।

तथ्यांक विश्लेषण गर्ने तरिका खण्ड १ को १.१.३ मा दिइएको छ ।

**तेस्रो चरण–तयारी बैठक बस्ने:** स्थानीय बालअधिकार समितिले गाउँ/नगरपालिका स्तरमा वडाका वडाध्यक्ष र सचिवलाई सम्मान कार्यक्रम आयोजनाको लागि तयारी बैठक बस्ने ।

### उदाहरणको लागि

प्रस्ताव तथा अपेक्षित निर्णय तल उल्लेख गरिएको छ ।

आर्थिक वर्षमा सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको वडाका वडाध्यक्षलाई र सचिवलाई सम्मान कार्यक्रमको लागि स्थानीय बालअधिकार समितिको तयारी बैठकको प्रस्तावः

**प्रस्ताव नं १:** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषणा कार्यविधिमा उल्लेख भएका परिणाममूलक सूचकहरु अनुसार चालु आर्थिक वर्षमा सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको वडा निर्धारण सम्बन्धमा ।

**अपेक्षित निर्णयहरू:**

- वडाहरूबाट संकलन गरिएको तथ्यांकको विश्लेषण गरी सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको वडा सहमतिमा निर्धारण गर्ने ।

**प्रस्ताव नं २:** सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको वडाका वडाध्यक्षलाई र सचिवलाई सम्मान कार्यक्रम आयोजना सम्बन्धमा

- सम्मान कार्यक्रम गरिने मिति, स्थान र समय निर्धारण सम्बन्धमा
- सम्मानित हुने वडाध्यक्ष र वडा सचिवलाई सम्मान गर्नको लागि छनोट गरिएको र सम्मान कार्यक्रमबारे जानकारी गराउने सम्बन्धमा
- सम्मान गर्ने तरिका सम्बन्धमा
- गाउँ/नगरपालिका स्तरमा सम्मान कार्यक्रम गर्न वडा/स्थानीय बालअधिकार समितिको सदस्यहरूको जिम्मेवारी बाँडफाँड सम्बन्धमा

**अपेक्षित निर्णयहरू:**

- सम्मान कार्यक्रमको मिति, स्थान, समय तोक्ने
- वडाध्यक्ष र वडासचिवको सम्मान भएको सम्मान कार्यक्रमबारे जानकारी गराउन कार्यक्रमको मिति, स्थान, समय तोकी कार्यक्रमामा आमन्त्रणको लागि प्रमुख प्रशासकीय अधिकृतमार्फत पत्राचार गर्ने
- सम्मान गर्ने तरिका सम्बन्धमा (कसरी सम्मान गर्ने), वडा/गाउँ/नगरपालिकाको निर्णयअनुसार
- सम्मान कार्यक्रम व्यवस्थित तरिकाले आयोजना गर्न निम्न अनुसारको जिम्मेवारीः
  - सहभागी बोलाउने जिम्मेवारी
  - कार्यक्रम उद्घोषण गर्ने
  - खाजा, तथा व्यवस्थापन गर्ने
  - उपस्थिति यकिन तथा उपस्थिति गराउने व्यक्ति
  - ब्यानर तथा मञ्च व्यवस्थापन गर्ने व्यक्ति
  - फोटो लिने तथा कार्यक्रमको प्रतिवेदन तयार गर्ने

**चौथो चरण–क्रियाकलाप कार्यान्वयन:** छनोट भएको वडाका वडाध्यक्ष र सचिवलाई सम्मान कार्यक्रमको आयोजना गर्ने

**क्रियाकलाप गर्नुभन्दा अगाडि**

- गाउँ/नगरपालिकाको सम्पूर्ण वडाहरूको बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहका यस वर्षको अवस्थाको विश्लेषणसहित महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले स्थानीय बालअधिकार समितिको निष्कर्ष समावेश गरी सूची गाउँ/नगरपालिका कार्य समितिमा पेस गर्ने र स्वीकृति लिने ।
- गाउँ/नगरपालिकाबाट कार्यक्रममा सहभागिताको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले अध्यक्षमार्फत र गाउँ नगरपालिकाको कार्यक्रमको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा सहभागी हुनको लागि ३-४ दिन अगाडि नै चिठी पठाई आमन्त्रण गर्ने ।
- कार्यक्रममा मेयर, उपमेयर, जिल्ला तथा प्रदेश वा संघीय सरकारका प्रतिनिधिहरु, सुरक्षा निकायका प्रतिनिधिहरु, कार्यपालिका सदस्यहरु अन्य वडाका सचिवहरु, अन्य गाउँ वा नगरपालिकाका प्रतिनिधिहरु, उदाहरणीय परिवारका व्यक्ति, किशोरीहरु, समुदायका अगुवा, भद्र-भलादमी, सम्पन्न र बोलवाला व्यक्तिहरूको समितिका सदस्यहरु, सर्वदलीय समितिका सदस्यहरु, जातीय माइजन, धार्मिक अगुवाहरु, महिला नेतृत्व र आमा समूह, बाल क्लब तथा विभिन्न समूहबाट सहभागी गराउने ।

- कार्यक्रमबारे बृहत् रूपमा आम जनसमुदायलाई जानकारी गराउन बालअधिकार समितिका सदस्यहरु तथा बाल क्लबहरूको बैठकमा कार्यक्रमबारे जानकारी गराउने । वडाहरूमा सूचना टाँस्न लगाउने ।
- निश्चित जाति तथा सामाजिक आर्थिक स्तर न्युन भएका समुदायको सहभागिता सुनिश्चित गर्ने ।

**क्रियाकलाप कार्यान्वयनको समयमा**

- सम्मान कार्यक्रम अधिकतम ३ घण्टासम्म मात्र सञ्चालन गर्ने ।
- कार्यक्रममा सहभागीहरूलाई बसाल्दा महिलाहरूलाई अगाडि राख्ने ।
- स्थानीय बालअधिकार समितिको सचिवले सहभागीलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यबारे प्रस्ट पार्ने ।
- स्थानीय बालअधिकार समितिको सचिवले गाउँ/नगरपालिकाको सम्पूर्ण वडाहरूको बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको गत वर्ष र यस वर्षको अवस्थाको विश्लेषण (संख्या तथा बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहको कारण) गरी जानकारी गराउने ।
- सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएका वडाका वडाध्यक्ष र सचिवलाई सम्मान गरी आफ्नो अनुभव तथा मन्तव्य राख्न लगाउने ।
- समुदायका उदाहरणीय किशोरी, अभिभावक, समाजसेवी, जातीय माइजन अगुवा, सामाजिक नेतृत्व, जातीय माइजन, महिला नेतृत्व तथा बाल क्लबका प्रतिनिधिहरूलाई बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि आफूले गरेका कार्य र त्यसबाट उनीहरूलाई भएको फाइदाको बारेमा अनुभव २ मिनेटभित्र बोल्न लगाउने ।
- अन्य अतिथिहरूलाई पनि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका कार्य गर्दाका आफ्नो अनुभव राख्न अनुरोध गर्ने ।
- सामूहिक फोटोहरु खिच्दा अभिभावहरु /महिलाहरूलाई अगाडि राख्ने ।

### पाँचौं चरण– कार्यान्वयन पछिको क्रियाकलाप कार्यक्रमको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस

- क्रियाकलाप सकिएको ३ दिनभित्रमा स्थानीय बालअधिकार समितिको समीक्षा बैठक बस्ने ।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले क्रियाकलापको प्रतिवेदन तयार गरी गाउँ/नगर कार्यपालिकामा पेस गर्ने । प्रतिवेदनको ढाँचा उप अनुसूची १२ मा दिइएको छ
- पेस्की फर्स्योट गर्ने ।

## उदाहरणको लागिः अनुगमनका सूचकहरू

क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकताअनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुष्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| - सम्मान कार्यक्रममा उपस्थित व्यक्तिहरूको संख्या | - बैठकको उपस्थिति पुस्तिका | कार्यक्रम प्रतिवेदन |

## उदाहरणको लागिः बजेट शीर्षक

क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि गाउँ/नगरपालिकाले निम्न शीर्षकहरुमा बजेट छुट्ट्याउनु पर्दछ, तर यी रकम गाउँ/नगरपालिका अनुसार फरक हुन सक्दछ ।

| क्र. सं. | कार्यक्रम | पटक | अनुमानित बजेट गाउँ/नगरपालिका स्तरमा रु. |
|---|---|---|---|
| १ | स्थानीय बालअधिकार समितिको बैठक (खाजा, यातायात भत्ता, सहयोगीको लागि भत्ता, विविध खर्च) | १ | १०,००० |
| ५. | वडाध्यक्षलाई सम्मान र पुरस्कार कार्यक्रम आयोजना (खाजा, यातायात भत्ता, क्रियाकलाप संयोजक भत्ता, सहजकर्ता भत्ता, टेन्ट, सम्मानपत्र छपाइ, गम्छा, ब्यानर, साउन्ड) | १ | ९०,००० |
| ६. | विविध खर्च | १ | ५,००० |
| **जम्मा रू.** | | | **१,०५,०००** |

## उदाहरणको लागिः कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| आफ्नो पहुँच भएको वडाध्यक्ष र सचिवलाई तथा नजिकको प्रतिनिधिलाई सम्मानित गरेको आरोप आउन सक्छ । | सबै प्रक्रियाहरु पारदर्शी राख्ने । बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको सबै वडाहरुको तथ्यांक पेस गर्ने |
| गलत तथ्यांक पेस गर्न सक्ने | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख स्थानीय बालअधिकार समितिको सहयोगमा तथ्यांकहरुको नियमित परीक्षण गर्ने |

## क्रियाकलाप ४

# २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने अभिभावकलाई वार्षिक रूपमा सम्मान कार्यक्रम आयोजना



▪ २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गराउने अभिभावकहरूलाई सम्मान तथा वार्षिक पुरस्कार वितरण कार्यक्रममा सहभागी अभिभावकहरू, लोहरपट्टी नगरपालिका, महोत्तरी

### हालको अवस्था :

मधेशमा छोराछोरीको विवाहको निर्णय आमाबाबुले नै गर्ने हो भन्ने धारणा रहेको पाइन्छ । परिवारमा छोरीको छिटो विवाह गर्ने सामाजिक दबाब दिनेहरूमा परिवारकै सबैभन्दा नजिकका नातेदारहरु जस्तैः चाचाचाची, मौसामौसी, बुवा, मामालगायतबाट नै हुने गरेको पाइन्छ । त्यसैले आफ्नो छोराछोरीलाई पढाएर आफ्नो खुट्टामा उभिन सक्ने बनाउने आमाबाबुको इच्छा भए पनि अभिभावकहरु आफ्नो छोराछोरीको २० वर्ष पूरा नहुँदै विवाह गरिदिन्छन् ।

परिवार तथा समाजले छोरीलाई बोझको रूपमा हेर्ने हुँदा अभिभावक दाइजो दिएर भए पनि बोझलाई छिटोभन्दा छिटो अरूको जिम्मा लगाउने गर्दछन् । छोरीको समय पढाइमा खर्च गर्नुभन्दा पनि उनीहरूलाई चाँडो विवाह गरी पठाउन सकियो भने परिवारको सामाजिक प्रतिष्ठा जोगिने मान्यता रहेको कारण जति सक्दो चाँडो विवाह गर्नु नै उत्तम मान्ने गरेका छन् । कुनै किसिमको लाञ्छना नलागोस् भनेर कतिपय परिवारहरूले आफ्ना छोरीहरूलाई गाउँमा हिँड्डुल गर्न, विद्यालय टाढा भएमा पढ्न प्रतिबन्ध लगाउने गर्दछन् । भागेर विवाह गर्ने छोरीहरूको संख्या समाजमा अत्यन्तै न्यून भए पनि अभिभावकलाई छोरीले भागी विवाह गऱ्यो भने आफ्नो इज्जत जान्छ भन्ने सधै डर हुने गरेको पाइन्छ ।

छोरीको २० वर्ष उमेर पुगेपछि विवाह गर्ने अभिभावकलाई सार्वजनिक रूपमा सम्मान गर्नु अभिभावकले सामाजिक इज्जत बढाउने बारेमा सोच्ने नयाँ तरिका हो र छोरीहरूलाई सानै उमेरमा विवाह गर्नुको सट्टा राम्रो शिक्षा र आत्मनिर्भर बनाउन सहयोग गर्दा अभिभावकले आफू प्रतिष्ठित भएको महसुस गर्नेछन् ।

### प्रमुख समस्या :

छोरीलाई २० वर्ष उमेर पुगेपछि मात्र विवाह गर्दा छोरीले पढ्न र आत्मनिर्भर हुन सक्छ, जसले परिवारको इज्जत वढ्छ भनेर बुझाउन नसक्नु नै मुख्य चुनौती ।

## लक्षित समूह :

किशोरीहरूका अभिभावकहरु

## क्रियाकलाप:

२० वर्ष उमेर पुगेपछि मात्र छोरीको विवाह गरिदिएका अभिभावकको लागि वार्षिक रूपमा सम्मान कार्यक्रम आयोजना

## क्रियाकलापको उद्देश्य:

२० वर्ष पूरा उमेर पुगेपछि आफ्नो छोरीको विवाहको कारण सार्वजनिक रूपमा सम्मानित हुँदा अभिभावकहरू आफ्नो इज्जत बढेको महसुस गर्नेछन् र समुदायका अन्य अभिभवकहरु पनि आफ्ना छोरीको विवाह २० वर्ष उमेर पुगेपछि गरिदिन अभिप्रेरित भएका हुनेछन् ।

## संक्षिप्तमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू:

**पहिलो चरण– क्रियाकलाप कार्यान्वयनः स्वीकृति (कार्यादेश) लिई पेस्की लिनेः** स्विकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडा सचिव र नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

**दोस्रो चरण-सूची तयार :** वडा बालअधिकार समितिको नियमित बैठकबाट २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गरिदिएका अभिभावकहरूको सूची तयार गर्ने र स्थानीय बालअधिकार समितिमा पनि एकप्रति पठाउने । नोटः गत वर्ष कोही अभिभावक छुटेका भएमा यस वर्ष समावेश गर्ने ।

**तेस्रो चरण-तयारी बैठक बस्नेः** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा अभिभावकलाई सम्मान कार्यक्रम आयोजनाको लागि तयारी बैठक बस्ने ।

**चौथो क्रियाकलाप कार्यान्वयनः** जनसमुदायको उपस्थितिमा २० वर्ष पुगेपछि आफ्ना छोरीको विवाह गरिदिएका अभिभावकहरूलाई सम्मान कार्यक्रम आयोजना गर्ने ।

**पाँचौं चरण– क्रियाकलाप कार्यान्वयन पछिः** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने ।

## विस्तृत रूपमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण– स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडा, वडा सचिव र नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवदन दिने ।

- वडास्तरीय कार्यक्रमको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले र नगरपालिका स्तरको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएका क्रियाकलापमध्येबाट हाल कार्यान्वयन गर्न लागिएको क्रियाकलाप र अनुमानित वजेटको विस्तृत विवरणसहित कार्यान्वयनको लागि स्वीकृति लिने । स्वीकृति लिने टिप्पणी र आदेशको नमुना उप-अनुसूची १ मा दिइएको छ ।
- वडा स्तरको क्रियाकलापको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिवले र गाउँ/नगरपालिका स्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतबाट

कार्यान्वयनको लागि स्वीकृत भएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरण पेस्कीको लागि लेखा शाखामा दिने वा कार्यान्वयनपश्चात् भुक्तानीका लागि निवेदन दिने । पेस्कीको लागि निवेदनको नमुना उप-अनुसूची २ मा दिइएको छ ।

**दोस्रो चरण- सूची तयार :** वडा बालअधिकार समितिको नियमित बैठकबाट २० वर्ष उमेर पुगेका छोरीको विवाह गरिदिएका अभिभावकहरूको सूची तयार गर्ने ।

- वडा बालअधिकार समितिले प्रत्येक वर्ष (अघिल्लो वर्षको नदोहोरिने गरी) प्रत्येक तीन महिनामा गाउँ वा नगरपालिका अन्तर्गतका सबै वडामा २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गरिदिएका अभिभावकहरूको विवरणसहित उप-अनुसूची ७ मा दिइएको ढाँचामा नामावली संकलन गरी आफ्नो समितिमा रेकर्ड राख्ने र स्थानीय बालअधिकार समितिमा (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा) पनि नियमित पठाउने । नोटः गत वर्ष कोही अभिभावक छुटेको भएमा यस वर्ष समावेश गर्ने ।
- वडा/स्थानीय बालअधिकार समितिको नियमित बैठकमा यस आर्थिक वर्षमा प्रत्येक वडाबाट आएका २० वर्ष उमेर पुगेका छोरीको विवाह गरिदिएका अभिभावकहरूको विवरणसहितको सूची तयार गर्ने ।
- वर्षको अन्तिम त्रैमासिकको दोस्रो महिनामा वडा/स्थानीय बालअधिकार समितिले सहमतिमा वडा/स्थानीय स्तरमा २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गरिदिएका अभिभावकहरूको विवरणसहितको नामावलीको अन्तिम सूची तयार गर्ने ।

**तेस्रो चरण- तयारी बैठक बस्ने:** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा अभिभावकलाई सम्मान कार्यक्रम आयोजनाको लागि तयारी बैठक बस्ने ।

२० वर्ष उमेर पुगेपछि आफ्ना छोरीको विवाह गरिदिएका अभिभावकलाई सम्मान गर्ने क्रियाकलाप आयोजना गर्न वडा/स्थानीय बालअधिकार समितिको तयारी बैठक :

## उदाहरणको लागि

प्रस्ताव तथा अपेक्षित निर्णय तल उल्लेख गरिएको छ ।

**प्रस्ताव नं १**

- दलित तथा न्यून सामाजिक आर्थिक स्तर भएका समुदायको सहभागिता सुनिश्चित गरी २० वर्ष उमेर पुगेपछि आफ्ना छोरीको विवाह गरिदिएका अभिभावकको विवरणसहितको नामावली स्वीकृत सम्बन्धमा ।
- सम्मान कार्यक्रम गरिने मिति, स्थान र समय निर्धारण सम्बन्धमा ।
- सम्मानित हुने अभिभावकहरूलाई सम्मान गर्नको लागि छनोट गरिएको र सम्मान कार्यक्रममा उपस्थितिको जानकारी गराउने सम्बन्धमा ।
- सम्मान गर्ने तरिका सम्बन्धमा ।
- गाउँ/नगरपालिका स्तरमा सम्मान कार्यक्रम गर्न वडा/स्थानीय बालअधिकार समितिको सदस्यहरूको जिम्मेवारी बाँडफाँड सम्बन्धमा ।

**अपेक्षित निर्णयहरू:**

- सम्मान कार्यक्रमको मिति, स्थान, समय
- कार्यक्रममा विशेषतः न्युन आर्थिक स्तर भएका अभिभावकहरूको सहभागितामा यकिन र सूचीमा सहमति
- सम्मानित हुने अभिभावकहरूलाई सम्मानित भएको र सम्मान कार्यक्रमबारे जानकारी गराउन कार्यक्रमको

मिति, स्थान, समय तोकी कार्यक्रममा आमन्त्रणको लागि वडास्तरीय कार्यक्रमको लागि वडाध्यक्ष र गाउँ/नगरपालिका स्तरीय कार्यक्रमको लागि प्रमुख प्रशासकीय अधिकृतमार्फत पत्राचार गर्ने ।

- सम्मान गर्ने तरिका सम्बन्धमा (कसरी सम्मान गर्ने), वडा/गाउँ/नगरपालिकाको निर्णयअनुसार ।
- सम्मान कार्यक्रम व्यवस्थित तरिकाले आयोजना गर्न निम्न अनुसारको जिम्मेवारीः
  - सहभागी बोलाउने
  - कार्यक्रम उद्घोषण गर्ने
  - खाजा तथा व्यवस्थापन गर्ने
  - उपस्थिति यकिन तथा उपस्थिति गराउने व्यक्ति
  - ब्यानर, उपस्थिति गराउने, तथा मञ्च व्यवस्थापन गर्ने व्यक्ति
  - फोटो लिने तथा कार्यक्रमको प्रतिवेदन तयार गर्ने

**चरण ४- क्रियाकलाप कार्यान्वयनः** २० वर्ष पुगेपछि आफ्ना छोरीको विवाह गरिदिएका अभिभावक सम्मान कार्यक्रम आयोजना गर्ने

**क्रियाकलाप गर्नुभन्दा अगाडि**

- सम्मानका लागि अभिभावक छनोटको लागि निर्धारित मापदण्ड '२० वर्ष उमेर पुगेका आफ्नो छोरीको विवाह गरिदिएका'को आधारमा यस वर्ष वडा/गाउँ/नगरपालिकाको २० वर्ष उमेर पूरा भएपछि आफ्नो छोरीको विवाह गरिदिएका अभिभावकहरूको विवरणसहितको नामावली वडा कार्य समिति/गाउँ/नगर कार्य समितिमा वडा सचिव/महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले स्थानीय बालअधिकार समितिको निष्कर्ष समावेश गरी सूची पेस गर्ने र स्वीकृति लिने ।
- गाउँ/नगरपालिकाबाट कार्यक्रममा सहभागिताको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले अध्यक्षमार्फत र गाउँ नगरपालिकाको कार्यक्रमको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा सहभागी हुनको लागि चिठी पठाई आमन्त्रण गर्ने ।
- सहभागीः कार्यक्रममा मेयर, उपमेयर, जिल्ला तथा प्रदेश वा संघीय सरकारका प्रतिनिधिहरू, सुरक्षा निकायका प्रतिनिधिहरू, कार्यपालिका सदस्यहरू, सचिवहरू, अन्य गाउँ वा नगरपालिकाका प्रतिनिधिहरू, उदाहरणीय परिवार अभिभावक, बालविवाह नगर्ने किशोरीहरू, समुदायका अगुवा, नागरिक समाज सदस्यहरू, सर्वदलीय समितिका सदस्यहरू, जातीय माइजन, धार्मिक अगुवाहरू, महिला नेतृत्व र आमा समुह, धार्मिक समूह, बाल क्लब तथा विभिन्न समूहबाट सहभागी गराउने ।
- कार्यक्रमबारे वृहत् रूपमा आम जनसमुदायलाई जानकारी गराउन बालअधिकार समितिका सदस्यहरु तथा बाल क्लबहरूको बैठकमा कार्यक्रम तथा अभिभावक छनोटको मापदण्डबारे जानकारी गराउने । वडाहरूमा सूचना टाँस्न लगाउने ।
- स्थानीय तथा वडा बालअधिकार समितिले बाल क्लब र बाल सञ्जालहरूहरूको नियमित बैठकमा अभिभावकहरूलाई गरिने सम्मान कार्यक्रमबारे विस्तृत जानकारी गराउने ।
- कार्यक्रममा महिला, दलित तथा न्युन आय स्तर भएका समुदायकाको सहभागिता सुनिश्चित गर्ने ।
- बाल विवाह, उमेर नपूगी गरिने, जबरजस्ती गरिने विवाह नगरेका कारण अभिभावक सम्मानित भएको कुराको व्यापक प्रचारको लागि कार्यक्रम सकेसम्म धेरै जनसमुदायको उपस्थिति हुन सक्ने स्थानमा सञ्चालन गर्ने ।

**क्रियाकलाप कार्यान्वयनको समयमा**

- सम्मान कार्यक्रम कार्यक्रम अधिकतम ३ घण्टासम्म मात्र सञ्चालन गर्ने ।
- कार्यक्रममा सहभागीहरूलाई बसाल्दा महिलाहरूलाई अगाडि राख्ने ।
- वडा/स्थानीय बालअधिकार समितिको सचिवले सहभागीलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य प्रस्ट पार्ने ।
- वडा/गाउँ/नगरपालिकाको बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको अवस्था (संख्या र कारणहरु) बारे जानकारी गराउने ।
- वडा/गाउँ/नगरपालिकामा सञ्चालित बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि गरिएका क्रियाकलापबारेमा जानकारी गराउने ।
- २० वर्ष पुगेपछि आफ्नो छोरीको विवाह गर्ने अभिभावकहरूलाई मञ्चमा बोलाएर वडा/गाउँ/नगरपालिकाको निर्णयअनुसार अध्यक्ष/मेयरले नगद रकम र उपाध्यक्ष/उपमेयरले खादा ओढाएर अभिभावकलाई सम्मान गर्ने ।
- समुदायका उदाहरणीय किशोरकिशोरी र अभिभावकलाई, धार्मिक अगुवा, सामाजिक नेतृत्व, जातीय माइजन, महिला नेतृत्व तथा बाल क्लबका प्रतिनिधिहरूलाई दुई मिनेटभित्र आफ्नो बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि गरेको कार्यको अनुभव र त्यसबाट आफूलाई भएको फाइदाका बारेमा बोल्न लगाउने ।
- अन्य अतिथिहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको विषयमा रही आफ्नो मन्तव्य राख्न अनुरोध गर्ने ।
- सामूहिक फोटोहरु खिच्दा अभिभावहरूलाई अगाडि राख्ने, महिला अभिभावकलाई प्राथमिकता दिने
- वडामा कार्यक्रम हुँदा गाउँ/नगरपालिकाबाट अनुगमन गर्ने ।
- वडा/स्थानीय बालअधिकार समितिबाट सञ्चालित विभिन्न कार्यक्रमहरु जस्तै घरभेट, धार्मिक प्रवचन, अन्तरक्रियामा सम्मानित अभिभावकहरूलाई सहभागी गराउने ।

**पाँचौं चरण- कार्यान्वयनपछिको क्रियाकलापः** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस

- क्रियाकलाप सकिएको तीन दिनभित्रमा स्थानीय/तथा वडा बालअधिकार समितिले आ-आफ्नो समितिमा समीक्षा बैठक बस्ने ।
- क्रियाकलापको प्रतिवेदन तयार गरी गाउँ/नगरकार्यपालिकामा पेस गर्ने । प्रतिवेदनको ढाँचा उप अनुसूची १२ मा दिइएको छ ।
- पेस्की फर्स्योट गर्ने ।

## उदाहरणको लागिः अनुगमनका सूचकहरू

क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकताअनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुष्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| १. सम्मानित हुने अभिभावकहरूको संख्या | - उपस्थिति पुस्तिका, अवलोकन वा कार्यक्रमको फोटो | - बैठकको माइन्युट |
| २. कार्यक्रममा उपस्थित व्यक्तिहरूको संख्या | - उपस्थिति पुस्तिका, अवलोकन वा कार्यक्रमको फोटो | - हाजिरी कापी |

## उदाहरणको लागि: बजेट शीर्षक

क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि गाउँ/नगरपालिकाले निम्न शीर्षकहरुमा बजेट छुट्याउनु पर्दछ, तर यी रकम गाउँ/नगरपालिका अनुसार फरक हुन सक्दछ ।

| क्र.सं. | क्रियाकलाप | पटक | अनुमानित बजेट रु. (नगर स्तर) | अनुमानित बजेट रु. (वडा स्तर) |
|---|---|---|---|---|
| १ | वडा/स्थानीय बालअधिकार समितिको सम्मान कार्यक्रम तयारी बैठक (खाजा) | १ | ५,००० | ५,००० |
| २ | सम्मान कार्यक्रम व्यवस्थापन - खाजा, यातायात/क्रियाकलाप संयोजक भत्ता, खादा, मेच, टेन्ट, साउन्ड सिस्टम, अनुगमन भत्ता) | १ | ९०,००० | १,००,००० |
| ३ | सम्मानको लागि सामग्री (उदाहरणको लागि, फ्रेमसहितको प्रमाणपत्रसहित नगद रू. ५००० दिएमा) (वडा वा गाउँ/नगरपालिकाले कसरी सम्मान गर्ने भन्ने निर्णय गर्न सक्छन्) | अन्दाजी अभिभावको संख्या : गाउँ/ नगरपालिकामा २० जना र १० जना वडामा | प्रमाणपत्र १२,००० <br> नगद १,००,००० | प्रमाणपत्र ७,००० <br> नगद ५०,००० |
| **४** | वडामा कार्यक्रम हुँदा गाउँ/नगरपालिकाबाट अनुगमन ( ५ जना) | **१** | **५,०००** | **५,०००** |
| **जम्मा** | | | **२,२२,०००** | **१,५७,०००** |

## उदाहरणको लागि: कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| आफ्नो चिनेजानेको तथा नजिकको आफन्तलाई सम्मान गरेको आरोप आउन सक्छ । | सामूहिक रुपमा बैठक बसी निर्धारित योग्यताको (२० वर्ष उमेर पुगेपछि विवाह गरिदिएका) आधारमा २० वर्ष उमेर पूरा भएपछि बिहे गरेको परिवारलाई सम्मान गर्ने । |
| सम्मान कार्यक्रममा नगद पाउने आशा पलाउन सक्छ । | सम्मान कार्यक्रम गर्नुपूर्व नगदको व्यवस्था रहेको वा नरहेको वडा/स्थानीय बालअधिकार समिति तथा बाल क्लबहरुको बैठकमा प्रस्ट जानकारी गराउने । |
| जनप्रतिनिधिले सम्मान गर्न थप परिवारलाई सिफारिस गर्न सक्छ । | सम्मान कार्यक्रम गर्नुअघि सामूहिक बैठकमा कुनै पनि जनप्रतिनिधिको दबाब स्वीकार्य नहुने र तथ्यांकको आधारमा सम्मान गरिने प्रस्ट जानकारी गराउने । |

## क्रियाकलाप ५

## २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने कृषिमा आधारित अभिभावकलाई गाउँ/नगरपालिका/वडामार्फत कृषि कामको लागि सहुलियत प्रदान

**नोटः** यो क्रियाकलाप वडा/स्थानीय बालअधिकार समितिहरूको सहयोगमा कृषि शाखाको अगुवाइमा हुनेछ ।

### हालको अवस्था :

कृषि पेसामा आधारित अभिभावकहरूले आफ्नो छोराछोरीको लागि गर्ने सम्पूर्ण खर्च जोहो कृषि कार्यबाट हुने आम्दानीबाट गर्नु पर्दा चुनौती भोग्नु पर्दछ । यस्ता परिवारले आफ्नो छोराछोरीको विवाहको जोहो पनि यसैको कमाइबाट गर्नुपर्दछ । मधेश प्रदेशमा विवाह गर्दा गरिने खर्चलाई प्रतिष्ठाको रूपमा हेर्ने गरिन्छ । पैसा जम्मा भएको समयमा छोरीको विवाह गर्न सकेन भने, ती पैसा अन्य पारिवारिक काममा खर्च हुन सक्ने सम्भावनाका कारण उनीहरु छोरी २० वर्ष उमेर नपुगेको भए पनि विवाह गरिदिएर आफ्नो जिम्मेवारी पूरा गरेको महसुस गर्दछन् । तसर्थ वडा/गाउँ/नगरपालिकाबाट त्यस्ता परिवारलाई कृषिबाट आम्दानी बढाउन आधुनिक कृषि यन्त्र, मल, उन्नत बिउ, तथा सिँचाइका सामग्रीहरु सहुलियतमा उपलब्ध गराउँदा उनीहरूलाई सहयोग पुग्न सक्दछ । २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गरिदिएको कारण उदाहरणीय परिवार मानेर वडा/गाउँ/नगरपालिकाबाट कृषिमा सहुलियत प्राप्त गर्दा सम्मानित भएको महसुस गर्न सक्दछन् ।

### प्रमुख समस्या :

कृषक अभिभावकहरूलाई २० वर्ष उमेर पुगेपछि मात्र आफ्ना छोरीहरूको विवाह गर्दा समाजमा परिवारको इज्जत बढ्छ भनेर बुझाउन चुनौती छ ।

खासगरी कृषिमा अनुदान दिनु नयाँ क्रियाकलाप होइन तर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि कृषि अनुदान प्रयोग गर्नु नयाँ विचार हो ।

### लक्षित समूह :

किशोरी छोरीहरु भएका कृषिमा आधारित अभिभावकहरु

### क्रियाकलाप :

२० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने कृषिमा आधारित अभिभावकलाई गाउँ/नगरपालिका/वडामार्फत कृषि काम (मलको लागि छुट, बिउबिजनमा सहुलियत तथा कृषि यन्त्रहरु, सिँचाइका लागि बोरिङ वा मोटर) को लागि सहुलियत प्रदान ।

### क्रियाकलापको उद्देश्य :

२० वर्ष उमेर पुगेपछि आफ्नो छोरीको विवाह गरिदिएका कृषिमा आधारित अभिभावहरूले कृषि कामका लागि सहुलियत प्राप्त गर्दा सामाजिक, आर्थिक अवस्थामा सुधार र आफ्नो इज्जत बढेको महसुस गरेका हुनेछन् ।

## संक्षिप्तमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण– क्रियाकलाप कार्यान्वयनः** स्वीकृति (कार्यादेश) लिई पेस्की लिनेः महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले कृषि शाखाले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित समयमै निवेदन दिएको यकिन गर्ने ।

**दोस्रो चरण– सूची तयार :** स्थानीय बालअधिकार समितिले वडा बालअधिकार समितिको नियमित बैठकबाट संकलन गरेर पठाएको २० वर्ष उमेर पुगेका छोरीको विवाह गरिदिएका अभिभावकहरूको सूची तयार गर्ने र कृषि शाखामा उपलब्ध गराउने ।

**तेस्रो चरण– तयारी बैठक बस्नेः** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा २० वर्ष पुगेपछि आफ्ना छोरीको विवाह गरिदिएका कृषिमा आधारित अभिभावकलाई गाउँ/नगरपालिकाको कृषि शाखाबाट कृषि काम (मलको लागि छुट, बिउबिजनमा सहुलियत तथा कृषि यन्त्रहरु, सिँचाइका लागि बोरिङ वा मोटर) को लागि सहुलियत उपलब्ध गराउन तयारी बैठक बस्ने ।

**चौथो चरण – क्रियाकलाप कार्यान्वयनः** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा २० वर्ष पुगेपछि आफ्ना छोरीको विवाह गरिदिएका कृषिमा आधारित अभिभावकलाई कृषि कामको लागि सहुलियत प्रदान गर्ने कार्यको लागि कृषि शाखासँग समन्वय र सहकार्य गर्ने ।

**पाँचौं चरण– क्रियाकलाप कार्यान्वयन पछिः** आवश्यकताअनुसार क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्न कृषि शाखालाई सहयोग गर्ने ।

## विस्तृत रूपमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका पाँच चरणहरू

**पहिलो चरण– स्वीकृति (कार्यादेश) लिई पेस्की लिनेः** महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख/वडा सचिवले कृषि शाखाले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित समयमै निवेदन दिएको यकिन गर्ने ।

- कृषि शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतबाट कृषिमा आधारित अभिभावकहरूका लागि निर्धारित यस्ता कार्यक्रम कार्यान्वयनको लागि स्वीकृति (कार्यादेश) लिएको तथा पेस्कीको लागि कार्यान्वयनको विस्तृत विवरणसहित निवेदन लेखा शाखामा दिने अथवा कार्यक्रम सम्पन्न गरी भूक्तानीका लागि आवश्यक कागजातहरूसहित निवेदन दिएको यकिन गर्ने ।
- स्थानीय बालअधिकार समितिको सचिव (वडा सचिव/महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख) ले वडा/गाउँ/नगरपालिका प्रमुख/अध्यक्ष र प्रशासकीय अधिकृतको सहयोगमा कृषि शाखासँग सहकार्य गर्न सकिने क्रियाकलापको लागि समन्वय गर्ने ।

**तेस्रो चरण– सूची तयार :** वडा बालअधिकार समितिको नियमित बैठकबाट २० वर्ष उमेर पुगेका छोरीको विवाह गरिदिएका अभिभावकहरूको सूची तयार गर्ने र कृषि शाखामा उपलब्ध गराउने ।

- वडा बालअधिकार समितिले प्रत्येक वर्ष (अघिल्लो वर्षको नदोहोरिने गरी) प्रत्येक तीन महिनामा गाउँ वा नगरपालिकाअन्तर्गतका सबै वडामा २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गरिदिएका अभिभावकहरूको विवरणसहितको उप–अनुसूची ७ मा दिइएको ढाँचामा नामावली संकलन गरी आफ्नो समितिमा रेकर्ड राख्ने र स्थानीय बालअधिकार समितिमा (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा) पनि नियमित पठाउने । वडा बालअधिकार समिति त्यसै समुदायका हुने भएकाले कृषिमा आधारित अभिभावकको पहिचान सजिलै हुन सक्दछ । आफ्नै जमिनको तर कृषिबाहेक अन्य पेसा गरेका अभिभावकहरु कृषिमा आधारित अभिभावकमा पर्दैनन् ।

- स्थानीय बालअधिकार समितिको नियमित बैठकमा प्रत्येक वडा स्तरबाट आएका २० वर्ष उमेर पुगेका छोरीको विवाह गरिदिएका अभिभावकहरु विवरणसहितको नामावली संकलन गरी रेकर्ड राख्ने ।
- वर्षको अन्तिम त्रैमासिकको दोस्रो महिनामा वडा/स्थानीय बाल अधिकार समितिले सहमतिमा वडा/स्थानीय स्तरमा २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गरिदिएका कृषिमा आधारित अभिभावकहरूको मात्र विवरणसहितको सूची तयार गर्ने र कृषि शाखामा बुझाउने ।

**तेस्रो चरण- तयारी बैठक बस्ने:** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा २० वर्ष पुगेपछि आफ्ना छोरीको विवाह गरिदिने कृषिमा आधारित अभिभावकलाई गाउँ/नगरपालिकाको कृषि शाखाबाट कृषि काम (मलको लागि छुट, बिउबिजनमा सहुलियत तथा कृषि यन्त्रहरु, सिँचाइका लागि बोरिङ वा मोटर) को लागि सहुलियत उपलब्ध गराउन तयारी बैठक बस्ने ।

वडा/स्थानीय बालअधिकार समितिको २० वर्ष उमेर पुगेपछि आफ्ना छोरीको विवाह गर्ने कृषि पेसामा आधारित अभिभावकलाई सम्मान गर्ने क्रियाकलाप आयोजना गर्न तयारी बैठकको प्रस्तावः

## उदाहरणको लागि

प्रस्ताव तथा अपेक्षित निर्णय तल उल्लेख गरिएको छ ।

**प्रस्ताव नं १:**

- कृषक परिवारलाई छनोट गर्ने मापदण्ड यकिन (कृषि पेसामा आधारित अभिभावक जसले आफ्नो छोरीको विवाह २० वर्ष उमेर पुगेपछि मात्र गरेको छ) सम्बन्धमा ।
- वडा/स्थानीय बालअधिकार समिति गाउँ/नगरपालिकाको कृषि शाखासँग समन्वय गरी २० वर्ष उमेर पुगेपछि आफ्ना छोराछोरीको विवाह गरिदिएका अभिभावकलाई प्रदान गर्न सकिने कृषि सहयोग कार्यक्रम सम्बन्धमा ।

**अपेक्षित निर्णय**

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले कृषि शाखासँग सहकार्य गर्न सकिने क्रियाकलापको जानकारी जस्तैः मलको लागि छुट, बिउबिजनमा सहुलियत, कृषि यन्त्रहरु/सिँचाइका लागि बोरिङ मोटर उपलब्ध गराउने कार्यक्रम भएको ।

**प्रस्ताव नं २:**

वडा सचिव/महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले माथि उल्लेख गरिएका कृषि सहुलियतको लागि कृषि शाखासँग समन्वय र सहकार्य गर्ने सम्बन्धमा ।

**अपेक्षित निर्णय:**

वडा र स्थानीय बालअधिकार समितिले आवश्यक सहयोगमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख/वडा सचिवले सहयोग वा सहुलियतको लागि कृषि शाखासँग समन्वय गर्ने ।

**चौथो चरण- क्रियाकलाप कार्यान्वयन:** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा २० वर्ष पुगेपछि आफ्ना छोरीको विवाह गरिदिने कृषिमा आधारित अभिभावकलाइ कृषि कामको लागि सहुलियत प्रदान गर्ने कार्यको लागि कृषि शाखासँग समन्वय र सहकार्य गर्ने ।

**क्रियाकलाप कार्यान्वयन गर्नुभन्दा अघि**

- वडा/स्थानीय बालअधिकार समितिले कृषि शाखासँग समन्वय गरी यस आर्थिक वर्षमा उपलब्ध हुन सक्ने कृषि सहुलियतबारे जानकारी लिने र २० वर्ष उमेर पुगेपछि आफ्ना छोरीको विवाह गरिदिने कृषिमा आधारित अभिभावकलाई पनि समावेश गर्न पैरवी गर्ने ।
- वडा/स्थानीय बालअधिकार समितिले प्रत्येक वर्ष (अघिल्लो वर्षको नदोहोरिने गरी) प्रत्येक तीन महिनामा गाउँ / नगरपालिकाअन्तर्गतका सबै वडामा २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गरिदिने अभिभावकहरूको नामावली उप–अनुसूची ७ मा दिइएको खाकामा संकलन गरी आफ्नो समितिमा रेकर्ड राख्ने ।
- वर्षको अन्तिम त्रैमासिकको दोस्रो महिनामा वडा/स्थानीय बालअधिकार समितिले समन्वयमा वडा/स्थानीय स्तरमा २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गरिदिने अभिभावकहरूको विवरणसहितको नामावली तयार गर्ने र त्यसबाट कृषिमा आधारित अभिभावकको सूची तयार गर्ने ।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले स्थानीय बालअधिकार समितिको नियमित बैठकबाट सहमतिमा योग्यता पुगेका अभिभावकहरूको यकिन गर्ने ।
- न्युन सामाजिक स्तर र/वा सीमान्तीकरणमा आधारित तल्लो सामाजिक आर्थिक स्थितिमा प्रतिनिधित्व गर्ने समूहका सदस्यहरूलाई समावेश गर्न विशेष प्राथमिकता दिने ।
- कृषि शाखाबाट महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा योग्यता पुगेका अभिभावकहरूको नामावली पठाउन वडा बालअधिकार समितिमा पत्राचार गर्न जानकारी गराउने ।
- स्थानीय बालअधिकार समितिले वडा बालअधिकार समितिहरूबाट आएका योग्यता पुगेका अभिभावकहरूको विवरणसहितको सूची तयार गरी गाउँ/नगरपालिकाको कृषि शाखामा पठाउने ।
- स्थानीय/ वडा बालअधिकार समितिले बाल क्लब र बाल सञ्जालहरूहरूको नियमित बैठकमा अभिभावकहरूलाई गरिने सम्मानबारे विस्तृत जानकारी गराउने ।
- कार्यक्रमबारे बृहत् रूपमा आम जनसमुदायलाई जानकारी गराउन बाल अधिकार समितिका सदस्यहरु तथा बाल क्लबहरूको बैठकमा कार्यक्रमबारे जानकारी गराउने र वडाहरूमा सूचना टाँस्न लागउने ।
- बालविवाह, उमेर नपुगी गरिने, जबरजस्ती गरिने विवाह नगरेका कारण अभिभावक सम्मानित र सहुलियत पाउन सफल भएको कुराको व्यापक प्रचारको लागि कार्यक्रम सकेसम्म धेरै जनसमुदायको उपस्थिति हुन सक्ने स्थानमा सञ्चालन गर्न सहयोग गर्ने ।
- कार्यक्रममा सूचीअनुसार सबैको उपस्थिति भएको यकिन गर्न वडा बालअधिकार समिति र बाल क्लबहरूलाई परिचालन गर्ने ।

**क्रियाकलाप कार्यान्वयनको समयमा**

- वडास्तरीय कार्यक्रमको लागि वडा सचिवले र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले कृषि शाखालाई सहुलियत वितरण गर्न उक्त दिनमा आवश्यक सहयोग गर्ने ।

**पाँचौं चरणमा- क्रियाकलाप कार्यान्वयन पछिः** वडा /स्थानीय बालअधिकार समितिबाट आवश्यकताअनुसार क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्न कृषि शाखालाई सहयोग गर्ने

## उदाहरणको लागिः अनुगमनका सूचकहरू

क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकताअनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुष्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| - सहुलियत प्राप्त गर्ने अभिभावकको संख्या | - वडा/स्थानीय बालअधिकार समितिको अभिलेख र तथ्यांक<br>- कृषि शाखाको तथ्यांक | - बालअधिकार समितिको माइन्युट<br>- कृषि शाखाको प्रतिवेदन |

## उदाहरणको लागिः कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| वडाध्यक्षहरूले आफ्नो चिनेजानेको तथा नजिकको आफन्तलाई सहुलियत दिएको आरोप आउन सक्छ । | सामूहिक रूपमा बैठक बसी पूर्वनिर्धारित योग्यताको आधारमा २० वर्ष उमेर पुगेपछि छोरीको बिहे गरिदिएको कृषि मूख्य पेसा भएको परिवारलाई छनोट गर्ने । |

## क्रियाकलाप ६

## वडा/गाउँ/नगरपालिकाले प्रभावशाली नागरिक समाज सदस्य समिति गठन गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन



■ प्रभावशाली नागरिक समाज समितिका सदस्यहरूको बैठक, दुर्गाभागवती गाउँपालिका, रौतहट

### हालको अवस्था:

समाजका प्रभावशाली नागरिक समाजका सदस्यहरु जस्तै निवृत्त कर्मचारी, समाजसेवीले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको समस्यालाई सम्बोधन गर्न खासै चासो देखाउँदैनन् । धेरैजसो यस्ता व्यक्तिहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सबै जात, धर्म, वर्ग, स्थानमा रही सम्पूर्ण समाजमा नै असर गरेको भए पनि निश्चित वर्गमा मात्र केन्द्रित भएको मान्दछन् र यस परम्परालाई परिवर्तन गर्न प्रयास गरेको पाइँदैन । प्रभावशाली नागरिक समाजका सदस्यहरूलाई परम्परागत विवाहको यथास्थितिलाई परिवारको सम्मान र प्रतिष्ठासँग जोडेर समर्थन गर्न सजिलो हुन्छ । तर धार्मिक अगुवाहरूले समर्थन गरेका यस परम्परालाई परिवर्तनको प्रयास गर्दा आलोचना हुने डरले परम्परागत मान्यताहरूलाई चुनौती दिन हिचकिचाउँछन् ।

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहविरूद्धमा भएका प्रभावशाली व्यक्तिहरु समाजमा सार्वजनिक रूपमा देखिँदैनन् र यिनीहरूले संयुक्त रूपमा कार्य गरेको वा कुनै कार्यक्रमले उनीहरूलाई समेटेको पनि पाइँदैन ।

### प्रमुख समस्या:

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अन्त्यमा असर पार्न सक्ने प्रभावशाली नागरिक समाजका सदस्यहरूसँग समन्वय वा संलग्न गरी यस कार्यमा समेटेको पाइँदैन ।

### लक्षित समूह :

नागरिक समाजका प्रभावशाली सदस्यहरु (सेवानिवृत्त कर्मचारीहरु, समाजसेवी, समाजका प्रतिष्ठित व्यक्तिहरु, पूर्ववडाध्यक्षहरु, समाजमा धनी मानिएका व्यक्तिहरु) ।

### क्रियाकलाप :

वडा/गाउँ/नगरपालिकाले बालविवाह अन्त्यका लागि कार्य गर्न प्रतिबद्ध प्रभावशाली नागरिक समाज सदस्य समिति गठन गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यमा परिचालन ।

### क्रियाकलापको उद्देश्य :

नागरिक समाजका प्रभावशाली सदस्यहरु (सेवानिवृत्त कर्मचारीहरु, समाजसेवी, समाजका प्रतिष्ठित व्यक्तिहरु, पूर्ववडाध्यक्षहरु, समाजमा धनी मानिएका व्यक्तिहरु)को समिति गठन गरी उनीहरुको समय र/वा स्रोतहरु बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका प्रयासहरुमा लगानी गर्न प्रोत्साहन गर्ने ।

### क्रियाकलाप कार्यान्वयन गर्ने तरिका :

**संक्षिप्तमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू**

**पहिलो चरण– स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडा सचिव र नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

**दोस्रो चरण– सूची तयार गर्ने** : वडा/स्थानीय बालअधिकार समितिले सहमतिमा वडास्तर/गाउँ/नगरपालिका स्तरमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि कार्य गर्न प्रतिबद्ध प्रभावशाली नागरिक समाज सदस्यहरुको सूची तयार गर्ने ।

**तेस्रो चरण– तयारी बैठक बस्ने** : वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँपालिका स्तरमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि कार्य गर्न प्रतिबद्ध प्रभावशाली नागरिक समाजका सदस्यहरूको समिति गठन र वडा तथा गाउँ/नगरपालिका स्तरका विभिन्न क्रियाकलापहरुमा संलग्न गराउन तयारी बैठक बस्ने

**चौथो चरण– क्रियाकलाप कार्यान्वयन:** वडा स्तर/गाउँ/नगरपालिका स्तरमा प्रभावशाली नागरिक समाज सदस्य समिति गठन गरी बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि विभिन्न क्रियाकलापहरुमा संलग्न गराउने ।

**पाँचौं चरण– कार्यान्वयनपछिको क्रियाकलाप:** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने ।

### विस्तृत रूपमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण-स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडा सचिव र नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

- वडास्तरीय कार्यक्रमको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले र नगरपालिका स्तरको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएका क्रियाकलापमध्येबाट हाल कार्यान्वयन गर्न लागिएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरणसहित कार्यान्वयनको लागि स्वीकृति लिने । स्वीकृति लिने टिप्पणी र आदेशको नमुना उप–अनुसूची १ मा दिइएको छ ।
- वडा स्तरको क्रियाकलापको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिवले र गाउँ/नगरपालिका स्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयनको लागि स्वीकृत भएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरण पेस्कीको लागि लेखा शाखामा दिने वा कार्यान्वयनपश्चात् भुक्तानीका लागि निवेदन दिने । पेस्कीको लागि निवेदनको नमुना उप–अनुसूची २ मा दिइएको छ ।

**दोस्रो चरण-सूची तयार गर्ने :** वडा/स्थानीय बालअधिकार समितिले सहमतिमा वडा स्तर/गाउँ/नगरपालिका स्तरमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि कार्य गर्न प्रतिबद्ध प्रभावशाली नागरिक समाज सदस्यहरूको सूची तयार गर्ने ।

- वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँपालिका स्तरमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि कार्य गर्न प्रतिबद्ध प्रभावशाली नागरिक समाज सदस्यहरु (समाजसेवी, सामाजका प्रतिष्ठित व्यक्तिहरु, पूर्ववडाध्यक्षहरु, समाजमा धनी मानिएका व्यक्तिहरु, सम्पन्न, बोली चल्ने) को विवरण संकलन गर्ने । विवरण संकलनको लागि नमुना फारम उप–अनुसूची ८ मा छ ।

**तेस्रो चरण : तयारी बैठक बस्ने :** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँपालिका स्तरमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि कार्य गर्न प्रतिबद्ध प्रभावशाली नागरिक समाज सदस्य समिति गठन र विभिन्न क्रियाकलापहरूमा संलग्न गराउन तयारी बैठक बस्ने

वडा/स्थानीय बालअधिकार समितिको प्रतिबद्ध प्रभावशाली नागरिक समाज सदस्य समिति गठन र विभिन्न क्रियाकलापहरूमा संलग्न गराउन तयारी बैठकको प्रस्ताव

## उदाहरणको लागि

प्रस्ताव तथा अपेक्षित निर्णय तल उल्लेख गरिएको छ ।

**प्रस्ताव नं १: प्रभावशाली नागरिक समाज सदस्यहरूको समिति गठन**

- सहमतिमा वडा तथा गाउँ/नगरपालिका स्तरमा विवाह अन्त्यमा कार्य गर्न प्रतिबद्ध प्रभावशाली नागरिक समाज सदस्य (समाजसेवी, समाजका प्रतिष्ठित व्यक्तिहरु, पूर्ववडाध्यक्षहरु, समाजमा धनी मानिएका व्यक्तिहरु, सम्पन्न, बोली चल्ने)को सूचीलाई अन्तिम रूप दिने सम्बन्धमा ।
- वडा /गाउँ/नगरपालिका स्तरमा प्रभावशाली नागरिक समाज सदस्यहरूको समिति गठन गरिने मिति, स्थान र समय निर्धारण सम्बन्धमा ।
- बैठक सम्पन्न गर्न वडा/स्थानीय बालअधिकार समितिको सदस्यहरूको जिम्मेवारी बाँडफाँड सम्बन्धमा
- वडा/गाउँ/नगरपालिकामा प्रभावशाली नागरिक समाज सदस्य गठनको लागि आयोजित बैठकमा गरिने क्रियाकलाप र समितिका सदस्यहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने अन्त्यका लागि गरिने क्रियाकलापहरूमा संलग्न गराउने सम्बन्धमा

**अपेक्षित निर्णयहरू:**

- सहमतिमा वडा/गाउँ/नगरपालिका स्तरमा प्रतिबद्ध प्रभावशाली नागरिक समाज समितिका सदस्यहरूको विवरणसहितको सूचीमा सहमति ।
- प्रतिबद्ध प्रभावशाली नागरिक समाज सदस्यहरूको समिति गठनको लागि बैठक गरिने मिति, स्थान, समय
- वडा/गाउँ/नगरपालिका स्तरीय नागरिक समाज समिति गठनको उद्देश्य र महत्वबारेमा जानकारी गराउने ।
- वडा/गाउँ/नगरपालिकामा बालविवाहको, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अवस्था (संख्या तथा बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहको कारण) बारे जानकारी गराउने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यबहार परिवर्तको क्षेत्रमा वडा/गाउँ/नगरपालिकाले गरेका क्रियाकलाप बारेमा जानकारी गराउने ।
- बाल विवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि समितिको भूमिकामा सहमति । सर्वदलीय समितिको लागि सदस्य संख्या (७ वा ११) तथा व्यक्तिको निर्धारण गर्ने ।
- प्रतिबद्ध प्रभावशाली नागरिक समाज सदस्यहरूको समिति गठन कार्यक्रम व्यवस्थित तरिकाले आयोजना गर्न निम्न अनुसारको जिम्मेवारी :
  - सहभागीहरूलाई निमन्त्रणा पठाई सहभागिताको निश्चितता गर्ने
  - कार्यक्रम उद्घोषण गर्ने
  - खाजा, ब्यानर, तथा अन्य आवश्यक व्यवस्थापन गर्ने
  - कार्यक्रमको फोटो लिने
  - कार्यक्रमको प्रतिवेदन तयार गर्ने

**चौथो चरण : क्रियाकलाप कार्यान्वयन:** वडास्तर/गाउँ/नगरपालिकास्तरमा प्रभावशाली नागरिक समाज सदस्यहरूको समिति गठन गरी बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका विभिन्न क्रियाकलापहरूमा संलग्न गराउने ।

**क्रियाकलाप कार्यान्वयन गर्नुभन्दा अघि**

- प्रभावशाली नागरिक समाज सदस्यहरूको विवरणसहितको नामावली वडा कार्य समिति/गाउँ/नगर कार्य समितिमा वडा सचिव/महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले स्थानीय बालअधिकार समितिको निष्कर्ष समावेश गरी सूची पेस गर्ने र स्वीकृति लिने ।
- सूचीअनुसार वडा/स्थानीय बालअधिकार समितिले संकलन गरी सहमति गरेका प्रभावशाली व्यक्तिहरूलाई वडाको कार्यक्रमको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले अध्यक्षमार्फत र गाउँ नगरपालिकाको कार्यक्रमको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा सहभागी हुन कम्तीमा ३-४ दिन अगाडि बैठकमा उपस्थितिका लागि समय, स्थान र मितिसहित पत्रमार्फत आमन्त्रण गर्ने ।

**क्रियाकलाप कार्यान्वयनको समयमा**

- वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिकामा निर्धारित मितिमा सम्बन्धित वडाध्यक्ष/गाउँ/नगर प्रमुखको संयोजकत्वमा तयार गरिएको प्रस्तावमा रही प्रतिबद्ध नागरिक समाज सदस्यहरूको बैठक आयोजन गर्ने ।
- वडा/स्थानीय बालअधिकार समितिको सहयोगमा वडा सचिव/महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखको नेतृत्वमा क्रियाकलाप सञ्चालन गर्ने ।
- वडा/गाउँ/नगरपालिकामा बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको अवस्था (संख्या तथा लक्षित समूह केन्द्रित डिजाइन क्रियाबाट आएका बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहको

कारण) तथा विद्यमान कानुनको बारेमा जानकारी गराउने ।

- वडा/गाउँ/नगरपालिकाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तको क्षेत्रमा गरेका क्रियाकलापको बारेमा जानकारी गराउने ।
- बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि समितिको भूमिकाको बारेमा छलफल गरी सहमतिमा गर्ने ।
- समितिको लागि सदस्य संख्या (७ वा ११) तथा व्यक्तिको निर्धारण गर्ने

  अध्यक्ष

  उपाध्यक्ष

  महासचिव

  सदस्यहरु

  (समितिमा महिला तथा दलितबाट पनि प्रतिनिधित्व हुनुपर्ने)
- प्रभावशाली नागरिक समाजका सदस्यहरूको समितिले आफ्नै पहलमा गर्न सक्ने क्रियाकलापहरु तयार गरी कार्यान्वयन गर्ने । उदाहरणका लागि, महोत्तरी र रौतहटका केही गाउँ/नगरपालिकाको प्रभावशाली नागरिक समाज सदस्य समितिले आफ्नै पहल तथा खर्चमा कार्यान्वयन गरेका क्रियाकलापहरु निम्न अनुसार छन्-
  - अभिभावकसँग अन्तरक्रिया, बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह बढी भएको बस्तीमा घरभेट कार्यक्रम
  - स्कुलका किशोरकिशोरीहरूसँग बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको विषयमा छलफल
  - विवाहको सिजनमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहविरूद्धका सूचनाहरूको प्रचार आदि
- वडा/गाउँ नगरपालिकाको नियमित बैठकमा प्रभावशाली नागरिक समाज सदस्य समितिले गरेका क्रियाकलापको बारेमा समीक्षा गर्ने र क्रियाकलापहरूको अनुगमन तथा आवश्यक सहयोग गर्ने ।
- वडा/गाउँ/नगरपालिकाबाट सञ्चालित क्रियाकलापहरूको अनुगमन गर्न अनुरोध गर्ने ।
- प्रभावशाली नागरिक समाज सदस्यरुका समितिलाई आफ्नो समितिको तर्फबाट बालविवाह अन्त्यका क्रियाकलाप गर्न उत्प्रेरणा गर्ने

**पाँचौं चरण: कार्यान्वयनपछिको क्रियाकलाप:** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस

- क्रियाकलाप सकिएको (समिति गठन) ३ दिनभित्रमा स्थानीय/तथा वडा बालअधिकार समितिले आ-आफ्नो वडा/स्थानीय बालअधिकार समितिको समीक्षा बैठक बस्ने ।
- क्रियाकलापको प्रतिवेदन तयार गरी गाउँ/नगरकार्यपालिकामा पेस गर्ने । प्रतिवेदनको ढाँचा उप–अनुसूची १२ मा दिइएको छ ।
- पेस्की फर्स्योट गर्ने ।

## उदाहरणको लागिः अनुगमनको लागि सूचकहरू

क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकता अनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुष्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| १. समितिमा भाग लिन प्रतिबद्ध प्रभावशाली नागरिक समाज सदस्यहरूको संख्या | - बैठकको निर्णय पुस्तिका | बैठकको निर्णय पुस्तिका |
| २. समितिको कार्ययोजनाको विकास | - प्रतिवेदन | - प्रतिवेदन |

## उदाहरणको लागिः बजेट शीर्षक

क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि गाउँ/नगरपालिकाले निम्न शीर्षकहरूमा बजेट छुट्याउनु पर्दछ, तर यी रकम गाउँ/नगरपालिका अनुसार फरक हुन सक्दछ ।

| क्र.सं. | कार्यक्रम | पटक | अनुमानित बजेट रु. (नगर स्तरमा) | अनुमानित बजेट रु. (वडा स्तरमा) |
|---|---|---|---|---|
| १ | वडा/गाउँ/नगरपालिका बालअधिकार समितिको तयारी बैठक (खाजा) | १ | ५,००० | ५,००० |
| २ | प्रभावशाली नागरिक समाज सदस्य समिति गठनको बैठक (ब्यानर, खाजा, क्रियाकलाप संयोजक र सहयोगीको भत्ता, यातायात खर्च, विविध) | १ | २५,००० | १५,००० |
| **जम्मा** | | | **३०,०००** | **२०,०००** |

## उदाहरणको लागिः कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| आफ्नो पहुँच भएको वा नजिकको व्यक्तिलाई राखेको आरोप आउन सक्ने | वडा/स्थानीय बालअधिकार समितिको उपस्थिति र सहमतिमा मात्र प्रतिनिधि छनोट गर्ने । |
| समितिका व्यक्तिहरूले कार्यक्रममा प्राथमिकता नदिने | समिति गठन गर्नुभन्दा पूर्वबैठकमा यस समितिको भूमिकाको बारेमा प्रस्ट बनाउने |

## क्रियाकलाप ७

## वडा/गाउँ/नगरपालिकाबाट १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षापछि पढाइ छोडेका अविवाहित किशोरीहरूलाई रोजगारीको माग भएको सीप विकासमा सहयोग



■ कक्षा ११/१२ मा पढाइ छोडेका अविवाहित छात्राहरूका लागि सीप विकास तालिम अन्तर्गत मिथिला चित्र बनाउँदै, लोहरपट्टी गरपालिका, महोत्तरी

### हालको अवस्थाः

विद्यालयको पढाइ छोडेर घरमै बस्ने धेरैजसो छोरीहरूको विवाह २० वर्ष नपुगी नै हुने सम्भावना अत्यन्त धेरै हुन्छ ।

स्कुल छोडेर घरमै बसेका किशोरीहरूलाई विवाह गरिदिन परिवारका अन्य सदस्य र छरछिमेकीबाट अभिभावकलाई धेरै दवाब आउने गर्दछ । यो दवाब छोरीहरु १८/१९ वर्ष पुगेपछि झन् धेरै बढ्ने गर्दछ किनभने १८/१९ वर्ष पुगेपछि छोरीहरूलाई वास्तविक उमेरलाई ध्यान नदिई हुर्किसकेको मान्दछन् । छोरीलाई छिट्टै विवाह गरेर पठाउनुलाई परिवारको इज्जतसँग जोडेर हेरिन्छ । त्यसैले अभिभावकले छोरीलाई २० वर्ष उमेर पुग्नुभन्दा अगावै विवाह गरिदने गर्दछन् । परिवारले छोरीलाई अर्काको घर जाने हुनाले बोझको रूपमा लिने गर्दछन् । समाजले घरको काम नै छोरी भएर जन्मेपछिको भूमिका हो र उनीहरूको लागि योग्यता पनि यसैलाई मान्दछन् । अभिभावकहरूले पनि छोरीको पढाइ र क्षमता विकासका लागि खर्च गर्न चाहदैनन् । छोरीलाई त्यत्तिकै घरमा राख्दा छोरीले गलत निर्णय (भागेर विवाह) गर्ला र आफ्नो इज्जत जाला भनेर अभिभावकमा डर भइरहन्छ ।

यी गतिशीलता र सामाजिक नियमहरूले आमाबाबुको व्यवहारलाई प्रभाव पार्छ जसले छोरीहरूको पढ्न पाउनुपर्ने अधिकारलाई बन्देज लगाउँदछ जसको कारण छोरीहरूको स्वतन्त्रता र व्यक्तिगत वृद्धिलाई असर गर्छ ।

### प्रमुख समस्याः

आत्मानिर्भर भई आफैं काम गर्न र कमाउन सक्ने छोरी हुनु अभिभावकको समाजमा इज्जत बढ्नु हो भनेर अभिभावकहरूले बुझ्नु नै प्रमुख चुनौती हो ।

### लक्षित समूह :

- अविवाहित १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढ्दा पढ्दै पढाइ छोडेका किशोरीहरु
- अभिभावक

### क्रियाकलापः

वडा/गाउँ/नगरपालिकाबाट १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढ्दा पढ्दै पढाइ छोडेका अविवाहित किशोरीहरूलाई रोजगारीको माग भएको सीप विकासमा सहयोग

### क्रियाकलापको उद्देश्य :

वडा/गाउँ/नगरपालिकाबाट अविवाहित १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढ्दा पढ्दै पढाइ छोडेका किशोरीहरूलाई रोजगारीको माग भएको सीप उपलब्ध गराई अभिभावकहरूलाई छोरीहरूको विवाह २० वर्ष पुगेपछि मात्र गरिदिन प्रोत्साहन गर्नु ।

### संक्षिप्तमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरूः

**पहिलो चरण– स्वीकृति (कार्यादेश) लिई पेस्की लिनेः** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडा सचिव र नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

**दोस्रो चरण– सूची तयारः** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरीय सीप विकास कार्यक्रमका लागि मापदण्ड (अविवाहित १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढ्दा पढ्दै पढाइ छोडेका किशोरीहरु)का आधारमा सीपमूलक तालिममा सहभागी हुन चाहने किशोरीहरूको छनोट गरी सूची तयार गर्ने साथै, स्थानीय स्तरमा उपलब्ध सीपमूलक तालिमकोहरूको सूची तयार गर्ने ।

**तेस्रो चरण– तयारी बैठक बस्नेः** वडा/स्थानीय बालअधिकार समितिको सीप विकास कार्यक्रम सञ्चालनको लागि वडा/स्थानीय बालअधिकार समितिको तयारी बैठक बस्ने ।

**चौथो– क्रियाकलाप कार्यान्वयनः** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरीय सीप विकास कार्यक्रमका लागि मापदण्डका आधारमा छनोट गरिएका किशोरीहरूलाई कार्यक्रममा सहभागिता यकिन गर्न सहयोग गर्ने ।

**पाँचौं चरण-कार्यान्वयनपछिको क्रियाकलापः** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा लेखा शाखामा पेस गर्ने ।

### विस्तृत रूपमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण– स्वीकृति (कार्यादेश) लिई पेस्की लिनेः** स्वीकृत कार्यक्रम कार्यान्वयन गर्दा वडास्तरीय कार्यक्रमको लागि वडा सचिवहरु र गाउँ/नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतबाट कार्यक्रम कार्यान्वयनको लागि स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा कार्यान्वयनपश्चात् भुक्तानीका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

- वडास्तरीय कार्यक्रमको लागि वडा सचिवहरु र गाउँ/नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतबाट कार्यक्रम कार्यान्वयनको लागि स्वीकृति (कार्यादेश) लिने । यसका लागि स्वीकृति लिने टिप्पणी र आदेशको नमुना उप–अनुसूची १ मा दिइएको छ ।
- वडास्तरीय क्रियाकलापको लागि वडा सचिव वा अन्य कर्मचारी र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले पेस्कीको लागि वा कार्यान्वयनको विस्तृत

विवरणसहित निवेदन लेखा शाखामा दिने वा कार्यान्वयनपश्चात् भुक्तानीका लागि आवश्यक कागजातसहित निवेदन दिने । पेस्कीको लागि निवेदनको नमुना उप–अनुसूची २ मा दिइएको छ ।

**दोस्रो चरण- सूची तयारः** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरीय सीप विकास कार्यक्रमका लागि मापदण्ड (अविवाहित १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढ्दा पढ्दै पढाइ छोडेका) पुगेका सीपमूलक तालिममा सहभागी हुन चाहने किशोरीहरूको छनोट गरी सूची तयार गर्ने । साथै, स्थानीय स्तरमा उपलब्ध किशोरीहरूका लागि सीपमूलक तालिमहरूको सूची तयार गर्ने ।

रोजगारीको माग भएको सीपमूलक तालिम तथा योग्य किशोरीहरूको सूची तयार गर्ने प्रक्रियामा निम्न व्यक्तिहरु संलग्न हुन सक्दछन् ।

**गाउँ/नगरपालिकास्तरीय कार्यक्रमको लागि**

१. प्रमुख प्रशासकीय अधिकृत
२. महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख

वडास्तरीय कार्यक्रमको लागि

१. वडाध्यक्ष
२. वडा सचिव

- किशोरीहरूको बढीभन्दा बढी सहभागिताको लागि समयसीमा तथा छनोटको मापदण्डसहित वडास्तरीय कार्यक्रमको लागि वडा बालअधिकार र गाउँ/नगरपालिकास्तरीय कार्यक्रमको लागि स्थानीय बालअधिकार समिति र सीप विकासमा कार्यरत प्राविधिक तालिम प्रदान गर्न इच्छुक संस्था वा व्यक्तिबाट निवेदन आह्वान गर्न सार्वजनिक स्थानमा, सामाजिक सञ्जाल, वडा गाउँ/नगरपालिका कार्यालयका वेवसाइट तथा बाल क्लबहरूमार्फत बृहत् रूपमा प्रचार प्रसार गर्ने ।
- तोकिएका व्यक्तिहरूले निवेदनहरु संकलन गरी वडा/गाउँ/नगरपालिकास्तरीय कार्यक्रमको लागि वडा/स्थानीय बालअधिकार समितिले आफ्नो नियमित बैठकमा छलफल गरी अविवाहित १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढ्दा पढ्दै पढाइ छोडेका किशोरीहरूको विवरण तयार गर्ने । नामावली तयार गर्दा दलित तथा न्युन सामाजिक आर्थिक स्तर भएका समुदायको सहभागिता सुनिश्चित गर्ने । किशोरीहरूबाट सिप विकास कार्यक्रममा सहभागी हुन दिने निवेदनको खाका उप–अनुसूची ९क मा छ । विवरणहरु संकलनका लागि खाका उप अनुसूची ९ ख मा छ ।

किशोरीहरूको छनोटको लागि निम्नानुसारको मापदण्ड हुन सक्दछः

- अविवाहित १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढ्दा पढ्दै पढाइ छोडेका
- दलित, न्युन सामाजिक आर्थिक स्तर भएका समुदायका किशोरीहरू

तोकिएका व्यक्तिहरूबाट मापदण्डअनुसारका किशोरीहरु र उपलब्ध सीप विकास तालिमको विवरण संकलन गर्ने । वडा /गाउँ/नगरपालिका स्तरका क्रियाकलापको लागि वडा सचिव/महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले विवरण संकलन गर्ने ।

**सीप विकासका लागि उपलब्ध तालिमको विवरण संकलनको लागि नमुना फारम**

| क्र.स. | उपलब्ध तालिमको नाम | आवश्यक शैक्षिक योग्यता | सहभागीको उमेर हद | तालिमको अवधि | तालिम प्रदान गरिने स्थान | रोजगारीको अवसरको उपलब्धता | सहभागिताको लागि जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २ | | | | | | | |

**प्रशिक्षक वा संस्था छनोटका आधारहरू**

- प्राविधिक तालिमको लागि सीटीईभीटीईबाट सम्बन्धन प्राप्त
- प्राविधिक तालिम दिने काममा विगतमा कम्तीमा पनि ३ वर्ष काम गरेको
- विशेषगरी युवालाई तालिम दिने अनुभव भएको
- रोजगारीको अवसर प्रदान गर्न सक्ने क्षमता भएकोलाई प्राथमिकता

**तेस्रो चरण- तयारी बैठक बस्ने:** किशोरीहरूको लागि सीप विकास कार्यक्रम सञ्चालनको लागि वडा/स्थानीय बालअधिकार समितिको तयारी बैठक बस्ने ।

## उदाहरणका लागि:

प्रस्ताव तथा अपेक्षित निर्णय तल उल्लेख गरिएको छ ।

- वडा/स्थानीय बालअधिकार समितिले किशोरीहरूको लागि रोजगारीको माग भएको सीप विकास तालिम आयोजना गर्न तयारी बैठकको प्रस्तावः

**प्रस्ताव नं १:** किशोरीहरूको सीप विकासको लागि स्थानीयस्तरमा रोजगारीको माग भएका सीपमूलक तालिमहरूको अन्तिम छनोट सम्बन्धमा

**अपेक्षित निर्णयहरू:**

- स्थानीय स्तरमा रोजगारीको माग भएका सीपहरू- मिथिला चित्रकला, मन्टेश्वरी तालिम, मोबाइल मर्मत तालिम, कम्प्युटर तालिम, सेनिटरी प्याड, सावुन, सेक्युरिटी गार्ड तालिम, हाउस किपिङ, अगरबत्ती बनाउने, खेलौना बनाउने, ब्युटिसियन तालिम, उद्यमशीलता विकास आदि ।

**प्रस्ताव नं २.** मापदण्डअनुसार योग्य (अविवाहित १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढ्दा पढ्दै पढाइ छोडेका) किशोरीहरूको सूचीको अन्तिम रूप दिने सम्बन्धमा

**अपेक्षित निर्णयहरू :**

- वडास्तरीय कार्यक्रमकाको लागि वडा बालअधिकार समिति र गाउँ/नगरपालिका स्तरीय कार्यक्रमका लागि स्थानीय बालअधिकार समितिले निर्धारित मापदण्डहरु (अविवाहित १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढ्दा पढ्दै पढाइ छोडेका किशोरीहरु)को आधारमा नामावली प्रमाणीकरण गरी अन्तिम रूप दिने ।
- दलित तथा न्युन सामाजिक आर्थिक स्तर भएका समुदायकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

**चौथो चरण- क्रियाकलाप कार्यान्वयन:** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिकास्तरीय सीप विकास कार्यक्रमका लागि मापदण्डका आधारमा छनोट गरिएका किशोरीहरूको कार्यक्रममा सहभागिता यकिन गर्न सहयोग गर्ने ।

**क्रियाकलाप कार्यान्वयन गर्नुभन्दा अघि:**

- वडा/स्थानीय बालअधिकार समितिले प्रमाणीकरण गरेका किशोरीहरूलाई उनीहरूको चाहनाअनुसारका तालिमहरूमा सहभागी गराउनको लागि उपलब्ध भएका सीप विकास तालिमसँग मिलाउने ।
- वडा/गाउँ/नगरपालिकास्तरमा वडा/स्थानीय बालअधिकार समिति र वडास्तरमा वडा बालअधिकार समितिबाट सहमति गरिएको मापदण्डको आधारमा उपयुक्त व्यक्ति वा संस्था छनोट गरी किशोरीहरूको नामावली र सीप विकासको तालिम प्रदान गर्ने संस्थाको नामावली वडा/गाउँ/नगरकार्य समितिमा

स्वीकृतिको लागि पेस गर्ने ।

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको वार्षिक कार्ययोजनामा भएअनुसारको तालिमको लागि स्वीकृति भएको व्यक्ति वा संस्थासँग कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्ने ।
- तोकिएको मितिबाट तालिम सञ्चालन हुने सुनिश्चित गर्ने र किशोरीहरूको सहभागिताको यकिन गर्न वडा/स्थानीय बालअधिकार समितिलाई जानकारी गराउने ।
- छनोट गरिएका किशोरीहरूलाई तालिममा सहभागी हुन तालिम सुरु हुने मिति, स्थान र उसले पाउने सुविधा खुलाएर सहभागी हुन पत्राचार गर्ने, पहिलो दिनमा अभिभावकको उपस्थिति अनिवार्य भएको पनि जानकारी गराउने ।

**तालिमको पहिलो दिनमा**

- वडा/स्थानीय बालअधिकार समितिका सबै सदस्यहरु, वडा/गाउँ/नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख, वडा सचिव उपस्थिति हुने ।
- उपस्थित अभिभावक र किशोरीहरूलाई यो कार्यक्रम सञ्चालन गर्नुको उद्देश्य, बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको कारणको बारेमा प्रस्ट पार्ने र वडा/गाउँ/नगरपालिका बालविवाह अन्त्यका लागि कार्यक्रमको बारेमा जानकारी गराउने ।
- किशोरीहरूको नियमित उपस्थिति गराउनका लागि अभिभावकलाई वाचा र किशोरीहरु पनि प्रतिबद्धता गराउने ।
- वडा/स्थानीय बालअधिकार समिति/नगरपालिकाबाट क्रियाकलापको नियमित अनुगमन गर्ने । क्रियाकलाप अनुगमन गर्दा चेक लिस्ट प्रयोग गर्ने । उदाहरणका लागि अनुगमन चेक लिस्ट उप-अनुसूची १० र प्रतिवेदनको नमुना उप-अनुसूची ११ मा राखिएको छ ।
- अभिभावकहरूलाई समयसमयमा क्रियाकलापको अनुगमनमा आउन सकिने कुरा प्रस्ट पार्ने र अनुगमनमा आउन अनुरोध गर्ने ।

**पाँचौं चरण- कार्यान्वयनपछिको क्रियाकलापः** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने ।

- वडाको क्रियाकलापको वडा सचिव र गाउँ/नगरपालिकाको क्रियाकलापको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले प्रगति विवरण प्रत्येक महिना वडा/गाउँ/नगर कार्य समितिमा प्रस्तुत गर्ने ।
- वार्षिक रूपमा कार्य प्रगतिको प्रतिवेदन तयार गरी वितरण गर्ने ।
- वडा/स्थानीय बालअधिकार समितिको बैठकमा सीप विकास तालिमको प्रगतिकको बारेमा प्रस्ताव राखेर समीक्षा गर्ने ।
- क्रियाकलापको प्रतिवेदन तयार गरी गाउँ/नगर कार्यपालिकामा पेस गर्ने । प्रतिवेदनको ढाँचा उप-अनुसूची १२ मा दिइएको छ ।
- पेस्की फर्स्योट गर्ने ।

## अनुगमनको लागि सूचकहरू : उदाहरणको लागि

क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकताअनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुष्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| - तालिममा सहभागी किशोरीहरूको संख्या | उपस्थिति पुस्तिका | - तालिमको प्रतिवेदन |
| - रोजगारीको अवसर प्राप्त गर्नेहरूको संख्या | सहभागीसँग गरिएको फलोअपको तथ्यांक | - महिला तथा बालबालिका शाखामा आएको तथ्यांक |

## उदाहरणको लागिः बजेट शीर्षक

क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि गाउँ/नगरपालिकाले निम्न शीर्षकहरुमा बजेट छुट्ट्याउनु पर्दछ, तर यी रकम गाउँ/नगरपालिका अनुसार फरक हुन सक्दछ ।

| क्र.सं. | कार्यक्रम | संख्या | अनुमानित बजेट रु. (नगर स्तरमा) | अनुमानित बजेट रु. (वडा स्तरमा) |
|---|---|---|---|---|
| १. | सीप विकास कार्यक्रममा सहभागी हुन चाहनेहरुको विवरण संकलन बैठक (बैठक भत्ता, यातायात खर्च, अनुगमन भत्ता, तथा स्टेसनरी) | १ | ५,००० | ५,००० |
| २. | तालिममा सहभागी हुन चाहने किशोरी तथा तालिम प्रदान गर्न चाहने संस्था वा व्यक्तिबाट निवेदन दिन सूचना सार्वजनिक | १ | १०,००० | १०,००० |
| ५. | सीप विकासका कार्यक्रम सञ्चालनका लागि बजेट | २५ (यदि तालिमका सहभागी हुनेको संख्या २५ भएमा) | २,००,००० | १,५०,००० |
| ६. | अनुगमन (अनुगमन भत्ता) | ३ | ५,००० | ५,००० |
| **जम्मा** | | | **२,२०,०००** | **१,७०,०००** |

## उदाहरणको लागिः कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| आफ्नो पहुँच भएको तथा नजिकको मान्छेलाई सहभागी गराएको आरोप आउन सक्छ । | सहमति गरी निर्धारित गरिएको मापदण्ड कडा रुपमा पालन गर्ने । |
| तालिम लिई सकेपछि किशोरीहरुलाई रोजगारीको सुनिश्चितता । | गाउँ/नगर कार्यसमिति र अन्य प्रभावशाली व्यक्तिहरुसँग रोजगारीको अवसरहरुको लागि छलफल गर्ने |

## क्रियाकलाप ८

## वडा/गाउँ/नगरपालिकाबाट किशोरकिशोरीहरूलाई उच्च शिक्षासम्म पहुँच बढाउन छात्रवृत्तिको व्यवस्था गर्ने (११ र १२ कक्षा)

**नोटः** यो क्रियाकलाप गर्न महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र बालअधिकार समितिहरूको समन्वयका शिक्षा शाखाको अगुवाइमा गरिन्छ ।



■ नियमित विद्यालय गइरहेका छात्राहरू, लोहरपट्टी नगरपालिका, महोत्तरी

### हालको अवस्था :

मधेशमा छोरा र छोरीबीचमा गरिने भेदभावलाई परिवार तथा समाजले सामान्य रूपमा लिने गर्दछन् । अभिभावकको सोचमा छोरा सधैं आफ्नै घरमा बस्ने हुनाले उसलाई पढाएमा भोलि परिवारको सहारा बन्न सक्छ तर छोरीलाई पढाए पनि अरूको घर जान्छ भन्ने मानेर छोरीलाई परिवारको बोझको रूपमा लिने गर्दछन् ।

अभिभावकहरूमा छोरीहरूलाई घरायशी कामहरु सानैदेखि सिकाउनु आत्मनिर्भर र सक्षम बुहारीको रूपमा जिम्मेवारी पूरा गर्न सक्ने बनाउनु हो भन्ने बुझाइ छ । अभिभावकले छोरीहरूको पढाइलाई प्राथमिकता नदिएका कारण छोरीहरु पढाइमा कमजोर र चाख कम लिने हुँदा छोरीको पढाइमा खर्च हुने पैसाले उसको विवाह नै गर्न सकिने मानसिकता छ । छोरीको विवाह गरिदिएमा आफ्नो आर्थिक भार पनि कम हुने र जिम्मेवारी पनि पूरा हुने मानेर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह गरिदिने गरेका छन् ।

कक्षा १० पढेपछि उच्च शिक्षाको लागि आफ्नो गाउँमा नभई अर्को गाउँमा जानुपर्ने हुन सक्दछ । आफ्नो छोरीको पढाइलाई निरन्तरता दिन इच्छा भएका अभिभावकले आर्थिक अभावका कारण टाढा पढ्न पठाउन सक्दैनन् । पढाइ छोडेर छोरीहरु घरमै बसेका कारण उनीहरु चिन्तित हुने गर्दछन् । यस अवस्थामा नजिकका नातेदार र छरछिमेकीबाट छोरीहरूको विवाह गर्न बढी दबाब आउने गर्दछ । साथै छोरीलाई त्यत्तिकै घरमा राख्दा छोरीले गलत निर्णय (भागेर विवाह) गर्ला र परिवारको इज्जत जाला भनेर अभिभावकमा डर भइरहन्छ ।

### प्रमुख समस्या :

पढ्ने अवसर पाएमा छोरीहरूले आयआर्जन गर्न सक्दछन् जसको कारण परिवारको इज्जत बढ्दछ भन्ने अभिभावकलाई बुझाइ छोरीको शिक्षालाई निरन्तरता दिई २० वर्ष उमेर पुगेपछि मात्र विवाह गराउन उत्प्रेरित गर्ने ।

### लक्षित समूह :

आर्थिक अवस्थाका कारण १० कक्षा पास गरेपछि आफ्नो पढाइलाई निरन्तरता दिन नसक्ने अवस्थाका किशोरकिशोरीहरु

### क्रियाकलाप :

वडा/गाउँ/नगरपालिकाबाट किशोरकिशोरीहरूको उच्च शिक्षामा पहुँच बढाउन कक्षा ११ र १२ मा छात्रवृत्तिको व्यवस्था गर्ने ।

**नोटः** गाउँ/ नगरपालिकाले किशोरकिशोरीहरु दुवैलाई नै छात्रवृत्तिको व्यवस्था गर्न चाहने गरेको पाइन्छ ।

### उद्देश्य :

किशोरकिशोरीहरूको उच्च शिक्षामा (११ र १२ कक्षा) पहुँच बढाउन सहयोग गरी अभिभावकहरूमा इज्जत बढेको महसुस गराउनु । साथै अन्य अभिभावकहरूले पनि छोरीहरूको पढाइमा निरन्तरता दिन उत्प्रेरित भई आफ्ना छोरीहरूको विवाह २० वर्ष उमेर पुगेपछि मात्र गरिदिएका हुनेछन् ।

### क्रियाकलाप कार्यान्वयन प्रक्रिया :

### संक्षितमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण– स्वीकृति (कार्यादेश) लिई पेस्की लिनेः** महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले वडा वा गाउँ/नगरपालिकास्तरीय कार्यक्रमको लागि शिक्षा शाखाले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित शैक्षिक सत्र सुरू हुनुभन्दाअगावै निवेदन दिएको यकिन गर्ने ।

**दोस्रो चरण– सूची तयार गर्नेः** महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले शिक्षा शाखालाई स्कुलबाट संकलन गरेको स्थानीय स्तरमा १० र ११ कक्षा उत्तीर्ण गरेका किशोरकिशोरीहरूको नामावली वडा बालअधिकार समितिबाट प्रमाणीकरण गर्न सहयोग गर्ने ।

**तेस्रो चरण– तयारी बैठक बस्नेः** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा किशोरकिशोरीहरूको लागि ११ र १२ कक्षामा छात्रवृत्ति प्रदान कार्यक्रम कार्यान्वयन गर्न शिक्षा शाखालाई सहयोग गर्न तथा स्कुलमा किशोरकिशोरीहरूको निरन्तर उपस्थितिको यकिन गर्न तयारी बैठक बस्ने ।

**चौथो चरण– क्रियाकलाप कार्यान्वयनः** वडा/गाउँ/नगरपालिकाबाट आयोजना गरेको किशोरकिशोरीहरूका लागि ११ र १२ कक्षामा छात्रवृत्ति प्रदान कार्यक्रम योजना र कार्यान्वयनमा शिक्षा शाखालाई सहयोग

**पाँचौं चरण– कार्यान्वयनपछिको क्रियाकलापः** किशोरकिशोरीहरूका स्कुलमा नियमित उपस्थितिको लागि निरन्तर अनुगमन

## विस्तृत क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण- स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले शिक्षा शाखाले गाउँ/नगरपालिकाबाट क्रियाकलाप कार्यान्वयनको लागि स्वीकृति लिएको यकिन गर्ने ।

**दोस्रो चरण- सूची तयार गर्ने:** शिक्षा शाखाबाट स्कुलहरूसँग समन्वय गरी स्थानीय स्तरमा १० र ११ कक्षा उत्तीर्ण गरेका किशोरकिशोरीहरूको नामावली वडा बालअधिकार समितिबाट प्रमाणीकरण गरी सूची तयार गर्न महिला तथा बालबालिका शाखा प्रमुखले सहयोग गर्ने ।

- शिक्षा शाखाबाट १० र ११ कक्षा संचालित स्कुलहरूको नामावली लिने ।
- १० र ११ कक्षाको नतिजा प्रकाशित हुनासाथ, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले शिक्षा शाखासँग समन्वय गरी यस गाउँ/नगरपालिकाबाट कक्षा १० र ११ उत्तीर्ण गरेका किशोरीहरूको नामावली संकलन गर्नु पर्दछ ।
- किशोरकिशोरीहरूको सूचीलाई वडा बालअधिकार समितिको बैठकमा छलफल गरी १० र ११ कक्षा उत्तीर्ण गरेका किशोरकिशोरीका नामावली प्रमाणीकरण गर्न शिक्षा शाखालाई सहयोग गर्ने ।

**तेस्रो चरण- तयारी बैठक बस्ने:** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिकाबाट किशोरकिशोरीहरूको लागि ११ र १२ कक्षामा छात्रवृत्ति प्रदान कार्यक्रम (स्कुलको शुल्क, स्कुलको लुगा, किताब र अन्य सुविधासमेत) कार्यान्वयन गर्न शिक्षा शाखालाई सहयोग गर्न तथा किशोरीहरूको स्कुलमा निरन्तर उपस्थितिको यकिन गर्न तयारी बैठक बस्ने ।

वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा १० र ११ कक्षा उत्तीर्ण गरेका किशोरकिशोरीहरूको लागि छात्रवृत्ति प्रदान कार्यक्रम कार्यान्वयन गर्न शिक्षा शाखालाई सहयोग गर्न तथा स्कुलमा निरन्तर उपस्थितिको यकिन गर्न तयारी बैठकको प्रस्ताव ।

### उदाहरणको लागि

प्रस्ताव तथा अपेक्षित निर्णय तल उल्लेख गरिएको छ ।

**प्रस्ताव नं १:** किशोरकिशोरीहरूको छात्रवृत्ति प्रदान कार्यक्रममा वडा/स्थानीय बालअधिकार समितिको सहभागिता सम्बन्धमा
**अपेक्षित निर्णय-**

१. स्थानीय स्तरमा १० र ११ कक्षा उत्तीर्ण गरेका किशोरकिशोरीहरूलाई छात्रवृत्ति प्रदान कार्यक्रममा वडा/स्थानीय बालअधिकार समितिका सदस्यहरु उपस्थित हुने र व्यवस्थापनमा कुनै सहयोग आवश्यक भएका सहयोग गर्ने ।

**प्रस्ताव नं २:** किशोरकिशोरीहरूको स्कुलमा निरन्तर उपस्थितिको यकिन

**अपेक्षित निर्णय:**

१. वडा/स्थानीय बालअधिकार समितिबाट क्रियाकलापको नियमित अनुगमन गर्न अनुगमन टोली बनाई त्रैमासिक रूपमा स्कुलको अनुगमन गर्ने ।
२. वडा/स्थानीय बालअधिकार समितिबाट समयसमयमा स्कुलमा अभिभावकहरको भेला गरी छोराछोरीको सिकाइको स्तर र छोराछोरीहरूलाई छात्रवृत्ति दिनुको उद्देश्य छलफल गर्ने ।

**चौथो चरण- क्रियाकलाप कार्यान्वयन:** वडा/गाउँ/नगरपालिकाबाट आयोजना गरेको किशोरकिशोरीहरूका लागि ११ र १२ कक्षा छात्रवृत्ति प्रदान कार्यक्रम योजना र कार्यान्वयनमा शिक्षा शाखालाई सहयोग ।

- शैक्षिक सत्र अन्त्य भएपछि (वैशाख) शिक्षा शाखाले स्कुलसँग समन्वय गरी उपलब्ध छात्रवृत्ति कार्यक्रमबारे जानकारी गराउँदै योग्य किशोरीहरूको नामावलीको सूची लिने ।
- छात्रवृत्ति कार्यक्रमको भुक्तानी शिक्षा शाखामार्फत गाउँ/नगरपालिकाबाट हुने जानकारी गराउने ।
- शिक्षा शाखाले वडा बालअधिकार समितिबाट छात्रवृत्ति प्रदान गर्ने स्कुलले भुक्तानी पाएको र योग्य किशोरीहरूले ११ र १२ कक्षा छात्रवृत्तिमा पढ्न पाएको यकिन गर्ने ।
- वडा बालअधिकार समितिसँग सम्बन्धित बाल क्लबलाई परिचालन गरेर किशोरकिशोरीहरूको लागि ११ र १२ कक्षामा छात्रवृत्तिको बारेमा अभिभावक तथा विद्यार्थीहरूलाई जानकारी गराउने ।
- शिक्षा शाखालाई छात्रवृत्ति प्रदान कार्यक्रम गर्न सहयोग गर्ने ।
- वडा/स्थानीय बालअधिकार समितिबाट छोराछोरीहरूलाई छात्रवृत्ति दिनुको उद्देश्यको बारेमा प्रस्ट पार्ने ।
- वडा/स्थानीय बालअधिकार समितिबाट वडा/गाउँ/नगरपालिकाबाट सञ्चालित बालविवाह अन्त्यका कार्यक्रमबारेमा जानकारी गराउने ।
- अभिभावकहरूलाई समयसमयमा अनुगमनमा आउन सकिने प्रस्ट पार्ने र अनुगमनमा आउन अनुरोध गर्न लगाउने ।

**पाँचौं चरण- कार्यान्वयन पछिको क्रियाकलाप:** किशोरकिशोरीहरु स्कुलमा नियमित उपस्थितिको लागि निरन्तर अनुगमन ।

- वडा/स्थानीय बालअधिकार समितिबाट शैक्षिक सत्रको सुरूमा अर्धवार्षिक र अन्तिम परीक्षापछि स्कुलमा अभिभावकहरूको भेला गरी छोराछोरीको शैक्षिक उपलब्धि र छोराछोरीहरूलाई छात्रवृत्ति दिनुको उद्देश्यको बारेमा प्रस्ट पार्ने ।
- वडा/स्थानीय बालअधिकार समिति/गाउँ/नगरपालिकाबाट स्कुलमा समयसमयमा अनुगमन गर्ने । अनुगमन गर्दा चेक लिस्ट प्रयोग गर्ने । क्रियाकलापको अनुगमन चेक लिस्ट उप–अनुसूची १० र अनुगमन प्रतिवेदनको लागि खाका उप–अनुसूची ११ राखिएको छ ।
- स्थानीय/तथा वडा बालअधिकार समितिको बैठकमा छात्रवृत्तिमा सहभागी किशोरीहरूको सिकाइ र प्रगतिको बारेमा प्रस्ताव नै राखेर समीक्षा गर्ने ।

## उदाहरणको लागि: अनुगमनका सूचकहरू

क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकताअनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुष्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| १. छात्रवृत्ति प्राप्त गर्ने किशोरीहरूको संख्या | - विद्यालय उपस्थिति पुस्तिका | - विद्यालय उपस्थिति पुस्तिका |
| २. छात्रवृत्ति प्राप्त गरी नियमित रूपमा विद्यालयमा आउने गरेका किशोरीहरूको संख्या | - वडा बालअधिकार समितिबाट गरिएको अनुगमनको प्रतिवेदन | - अनुगमन प्रतिवेदन |

## बजेट शीर्षक: उदाहरणको लागि

यो शीर्षकको बजेट शिक्षा शाखामा हुन्छ ।

| क्र.सं. | कार्यक्रम | संख्या | बजेट |
|---|---|---|---|
| १. | कक्षा ११ र १२ का लागि छात्रवृत्ति रकम | रू. २५००/प्रतिव्यक्ति/प्रतिवर्षका दरले | |

## उदाहरणको लागि: कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| निश्चित जाति तथा न्युन सामाजिक आर्थिक स्थिति भएका किशोरीहरु छुट्न सक्ने | निश्चित जाति तथा न्युन सामाजिक आर्थिक स्थिति भएका किशोरीहरु नछुटोस् भनेर विशेष ध्यान दिने र वडा/स्थानीय बालअधिकार समितिबाट यकिन गराउने । |
| समाजका अरु व्यक्तिले आफ्ना छोराछोरीलाई छात्रवृत्ति नदिएको आरोप लगाउने | वडा/स्थानीय बालअधिकार समितिबाट छनोट भएका सहभागीको नामावली प्रमाणीकरण गरी छनोट प्रक्रिया पारदर्शी बनाउने । |

## क्रियाकलाप ९

### स्थानीय स्तरमा भएका औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन



■ स्थानीय बाल अधिकार समितिको बैठक, मटिहानी नगरपालिका, महोत्तरी

**हालको अवस्था :**

गाउँ/नगरपालिकाहरूमा धेरै यस्ता किशोरकिशोरीहरू, अभिभावकहरू, सामाजिक अभियन्ताहरू तथा धार्मिक अगुवाहरू पनि छन् जसले आफ्नै व्यक्तिगत तहबाट बालविवाह अन्त्यका लागि प्रयासहरू गर्दै आइरहेका छन् । बालविवाह अन्त्यका लागि कार्य गर्न चाहनेहरू बीचमा समन्वय तथा एकता नहुँदा यसको विरोधमा आवाज उठाउन सकिराखेका छैनन् र व्यक्तिगत स्तरमा विभिन्न चुनौतीहरूको सामना गरिरहेका छन् । संयुक्त प्रयासको अभावमा उनीहरूलाई यस सामाजिक कलंक र विरोधले जोखिममा पुऱ्याउँदछ । त्यसैले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सबैको संयुक्त प्रयास गर्नु पर्ने आवश्यकता देखिन्छ ।

स्थानीय र वडा बालअधिकार समिति बालविवाहलगायत बालअधिकारका लागि काम गर्न डिजाइन गरिएको स्थानीय सरकारको जनादेश सहितको औपचारिक संरचना हो । यी संरचनाहरूलाई अनौपचारिक संरचनाहरू जस्तै बाल क्लब र अन्य समान विचारधाराका सञ्जालहरू, संस्थाहरू, युवा समूहहरू, नागरिक समाज समूहहरू, धार्मिक संस्थाहरूसँग मिलेर बालविवाहविरूद्धको कार्यको नेतृत्व गर्न जिम्मेवारी दिइएको छ । यी औपचारिक संरचनाहरू (स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समिति) स्थापना भएपछि समितिमा सदस्यहरूको समावेशी सहभागिताको लागि सीमान्तकृत समुदायहरू, बालविवाहको इतिहास भएको क्षेत्रहरू र अन्य ठाउँहरूबाट प्रतिनिधित्व हुनेछ ।

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहविरूद्ध समन्वय गरी सामूहिक प्रयासलाई बढावा दिन स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समिति/बाल क्लब जस्ता संरचनाहरू हुनु महत्वपूर्ण छ ।

## प्रमुख समस्या :

निष्क्रिय भएका स्थानीय र वडा बालअधिकार समिति, बाल क्लबहरूलाई सामाजिक व्यवहार परिवर्तन र बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि क्षमता अभिवृद्धि गरी क्रियाशील बनाउने ।

## लक्षित समूह :

- स्थानीय बालअधिकार समिति
- वडा बालअधिकार समिति
- बाल क्लब

## क्रियाकलाप :

स्थानीयस्तरमा भएका औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन ।

## क्रियाकलापको उद्देश्य :

औपचारिक संरचनाहरु (स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समिति) तथा अनौपचारिक संरचनाहरु (बाल क्लब, बाल नेटवर्क, युवा समूह, नागरिक समाज, धार्मिक अगुवाहरू)को क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचान गर्ने ।

## संक्षिप्त क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू :

**पहिलो चरण– स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय क्रियाकलापको लागि वडासचिव र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

**दोस्रो चरण– सूची तयार:** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले स्थानीय बालअधिकार समितिको बैठक बसाली वडा र गाउँ/नगरपालिकास्तरमा भएका औपचारीक तथा अनौपचारिक बालअधिकार संरचनाहरूको हालको अवस्थासहितको सूची तयार गर्ने ।

**तेस्रो चरण– तयारी बैठक बस्ने:** औपचारिक (वडा/स्थानीय बालअधिकार समितिहरु) र अनौपचारिक (बाल क्लबहरु) बाल संरक्षण संरचनाको अवस्थाको आधारमा क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सक्रिय बनाउन स्थानीय बालअधिकार समितिको तयारी बैठक बस्ने ।

**चौथो चरण– क्रियाकलाप कार्यान्वयन:** औपचरिक बालअधिकार समितिहरूको क्षमता अभिवृद्धि गरी सामाजिक व्यबहार परिवर्तनका लागि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलाप कार्यान्वयनमा सक्रिय बनाउने । सामाजिक व्यवहार परिवर्तन र प्रभावकारी रूपमा बैठक तथा बालविवाह अन्त्यका क्रियाकलापहरु कार्यान्वयनको लागि बालअधिकार समितिहरूको क्षमता अभिवृद्धि गर्ने ।

**पाँचौं चरण– कार्यान्वयनपछिको क्रियाकलाप:** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने ।

## विस्तृत रूपमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण- स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय कार्यक्रमको लागि वडा सचिव र गाउँ/नगरपालिकास्तरीय कार्यक्रमको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

- वडास्तरीय क्रियाकलापको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएका क्रियाकलापमध्येबाट हाल कार्यान्वयन गर्न लागिएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरणसहित कार्यान्वयनको लागि स्वीकृति लिने । स्वीकृति लिने टिप्पणी र आदेशको नमुना अनुसूची १ मा दिइएको छ ।
- वडास्तरको क्रियाकलापको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिवले र गाउँ/नगरपालिका स्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख) ले प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयनको लागि स्वीकृत भएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरण पेस्कीको लागि लेखा शाखामा दिने वा कार्यान्वयनपश्चात् भुक्तानीका लागि निवेदन दिने । पेस्कीको लागि निवेदनको नमुना उप–अनुसूची २ मा दिइएको छ ।

**दोस्रो चरण- सूची तयार :** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले स्थानीय बालअधिकार समितिको बैठक बसाली वडा र गाउँ/नगरपालिका स्तरमा भएका औपचारिक तथा अनौपचारिक बालअधिकार संरचनाहरूको हालको अवस्थासहितको सूची तयार गर्ने

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले स्थानीय बालअधिकार समितिमा छलफल गरी आफ्नो गाउँ/नगरपालिकामा औपचारिक संरचना (वडा/स्थानीय बालअधिकार समितिहरू) र अनौपचारिक संरचना (बाल क्लबहरू)को हालको अवस्थासहितको सूची तयार गर्ने । नमुनाको लागि औपचारिक तथा अनौपचारिक संरचनाहरूको सूची संकलन गर्न खाका उप–अनुसूची ५ मा दिइएको छ ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले वडा सचिवसँगको समन्वयमा औपचारिक तथा अनौपचारिक संरचनाहरूको हालको अवस्थाबारे स्थानीय बालअधिकार समितिको बैठकबाट वा वडाहरूसँगको कुराकानीबाट निम्नानुसारको प्रश्नको आधारमा सूचना संकलन गर्न सक्दछन् ।

### उदाहरणको लागि

औपचारिक तथा अनौपचारिक संरचनाहरु बालविवाह अन्त्यका लागि सक्रिय हुन नसक्नुको कारण पत्ता लगाउन तलका नमुना प्रश्नहरू प्रयोग गर्न सकिन्छ ।

- यस बालअधिकार समिति वा बाल क्लबको बैठक कहिले कहिले बस्ने गर्छ ? नियमित बस्दैन भने किन ?
- बैठकमा कति सदस्यहरु आउँछन् ? उपस्थिति कम छ भने किन ?
- पछिल्लो बैठक कहिले बस्यो ? छलफल गरिएको विषय र निष्कर्ष के थियो ?
- बैठकको निष्कर्षको आधारमा कुनै कार्य गरियो कि गरिएन ? गरिएन भने किन ?
- वडा बालअधिकार समिति वा बाल क्लबमा कति जना सदस्यहरु छन् ?
- सदस्यहरूको सक्रिय सहभागिताको लागि के के गर्नुहुन्छ ?
- बालविवाह हाम्रो घरछिमेकमा हुने गरेको छ कि छैन ? बालविवाह गर्नु ठीक हो कि होइन, तपाईको भनाई के छ ?

- बालविवाह अन्त्यका लागि के के गरिएको छ ?
- हाम्रो समितिमार्फत केही गर्न सकिन्छ कि ? सकिन्छ भने के के ? कहिलेबाट गर्ने ?
- यी क्रियाकलाप गर्न तपाईंलाई के के क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ?

**तेस्रो चरण- तयारी बैठक बस्ने:** औपचारिक (वडा/स्थानीय बालअधिकार समितिहरु) र अनौपचारिक (बाल क्लबहरु) बाल संरक्षण संरचनाको अवस्थाको आधारमा क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सक्रिय बनाउन स्थानीय बालअधिकार समितिको तयारी बैठक बस्ने ।

वडा/स्थानीय बालअधिकार समिति तथा बाल क्लबहरुको क्षमता अभिवृद्धि तथा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन गर्न तयारी बैठकको प्रस्ताव ।

## उदाहरणको लागि

प्रस्ताव तथा अपेक्षित निर्णय तल उल्लेख गरिएको छ ।

**प्रस्ताव नं १.** वडा/स्थानीय बालअधिकार समिति तथा बाल क्लबहरुको हालको अवस्थासमेतको सूचीलाई अन्तिम रुप दिने सम्बन्धमा ।

**अपेक्षित निर्णय:**

१. गाउँ/नगरपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले संकलन गरेको औपचारिक (वडा/स्थानीय बालअधिकार समितिहरु) र अनौपचारिक (बाल क्लबहरु) संरचनाहरुको हालको अवस्था र सूचीमा सहमति हुने ।

**प्रस्ताव नं २.** संकलन गरिएका औपचारिक ताथा अनौपचारिक संरचनाहरु सक्रिय हुन नसक्नुका कारणहरु विश्लेषण गरी बालविवाह, उमेर नपुगी तथा जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका विषयवस्तु र क्षमता अभिवृद्धिका विधि निर्धारण सम्बन्धमा ।

**अपेक्षित निर्णय:**

उदाहरणको लागि क्षमता अभिवृद्धि तालिमका विषयवस्तुहरु निम्न अनुसार हुन सक्छन् :

- वडा/गाउँ/नगरपालिकाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था - बालविवाहको संख्या र बालविवाह हुनुका कारणहरु जानकारी गराउने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि बाल संरक्षण प्रणालीको भूमिका (बालक्लबसमेत समावेश) ।
- स्थानीय बालअधिकार समिति, वडा बालअधिकार समितिसम्बन्धी प्रावधान, यसको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकारहरु जानकारी गराउने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि राष्ट्रिय तथा प्रादेशिक नीतिगत तथा कानुनी व्यवस्थाको बारेमा जानकारी गराउने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि वडा/ गाउँ/नगरपालिकाले यस आर्थिक वर्षका लागि तयार गरेका क्रियाकलापहरुको जानकारी गराउने ।
- औपचारिक तथा अनौपचारिक संरचनाहरुले वडा तथा गाउँ/नगरपालिकाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य अभियानमा सहयोग गर्न सक्ने क्षेत्र पहिचान गर्ने ।

- बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषण कार्यविधिबारे जानकारी (वडा/गाउँ/नगरपालिका घोषणा प्रक्रिया, चरण तथा सूचकहरु) गराउने ।
- बालविवाह अन्त्यका चुनौती तथा समाधानबारे नियमित बैठकमा समीक्षा र कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

**प्रस्ताव नं ३ :** क्षमता अभिवृद्धि कार्यक्रमका लागि सहभागीहरुको नामावली सम्बन्धमा ।

**अपेक्षित निर्णयः**

वडा/स्थानीय बालअधिकार समिति, बालक्लबका सबै सदस्यहरु क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुने

**प्रस्ताव नं ४:** महिला, बालबालिका, तथा ज्येष्ठ नागरिक शाखा (गाउँ/नगरस्तरीय कार्यक्रमको लागि) अथवा वडा सचिव (वडा स्तरीय कार्यक्रमको लागि)ले क्षमता अभिवृद्धि कार्यक्रमको लागि प्रशिक्षक, मिति, समय र स्थान निर्धारण सम्बन्धमा ।

**अपेक्षित निर्णयः**

*स्थानीय बालअधिकार समितिको लागि*

मिति.................................................. समय........................................ स्थान...............................................................................

**प्रशिक्षकः** महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख र बाल संरक्षणको विषयका तालिम लिएका शिक्षा संयोजक/स्वाथ्य संयोजक

*वडा बालअधिकार समितिको लागि*

मिति...................... समय.................. स्थान.........................

**प्रशिक्षकः** महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख र बाल संरक्षणको विषयका तालिम लिएका शिक्षा संयोजक/स्वाथ्य संयोजक/तालिम गरेका अनुभव भएका समितिका अन्य सदस्यहरु ।

**प्रस्ताव नं ५:** वडा/स्थानीय बालअधिकार समिति/बाल क्लबले समुदायमा गर्न सक्ने बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि क्रियाकलापहरु ।

**अपेक्षित निर्णयः**

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि क्रियाकलापहरुमा संलग्न हुने वा क्रियाकलापहरु गर्ने जस्तै बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहका तथ्यांक संकलन गर्ने, बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहका कारण किशोरकिशोरीको स्वास्थ्यमा पर्ने नकारात्मक असरहरुको बारेमा चेतना अभिवृद्धि गर्ने, सम्बन्धित क्रियाकलापहरु कार्यान्वयनमा सहयोग तथा सहभागी हुने ।

**चौथो चरण- क्रियाकलाप कार्यान्वयनः** स्थानीय स्तरमा भएका औपचारिक तथा अनौपचारिक संरचनाहरुको क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन ।

- औपचारिक बालअधिकार समितिहरुको क्षमता अभिवृद्धि गरी सामाजिक व्यवहार परिवर्तनका लागि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि क्रियाकलाप कार्यान्वयनमा सक्रिय बनाउने ।

**क) औपचारिक बालअधिकार समितिहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने**

**क्रियाकलाप सञ्चालन गर्नुभन्दा अगाडि**

- गाउँ/नगरपालिका स्तरीय क्रियाकलापको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र वडास्तरीय क्रियाकलापको लागि वडासचिवको अगुवाइमा अन्य सहजकर्तासँग बसेर सहभागीको स्तरअनुसार तालिमको कार्यतालिका तयार गर्ने ।
- सहभागीहरूलाई तालिम सुरू हुने दिनभन्दा ३–४ दिन अगावै मिति, समय र स्थान खुल्ने गरी पत्राचार गर्ने र उनीहरूको सहभागिता सुनिश्चितता गर्ने ।
- तालिमको समयमा आवश्यक सहयोगको लागि वडा/स्थानीय बालअधिकार समितिहरूको भूमिका र जिम्मेवारी दिने ।
- तालिमको उद्घाटन सत्रको लागि गाउँ/नगरपालिकाका अध्यक्ष/मेयर, उपाध्यक्ष/उपमेयर, प्रमुख प्रशासकीय अधिकृत र अन्य सम्बन्धित कर्मचारीलाई उपस्थितिको लागि अनुरोध गर्ने ।

**क्रियाकलाप सञ्चालन हुँदा**

- वडा/स्थानीय बालअधिकार समिति सदस्यहरूमध्येबाट एक जनाले उद्घाटन सत्र सञ्चालन गर्ने ।
- सहजकर्ताले तालिम सुरू गर्नुभन्दा अगाडि तालिमको उद्देश्यबारेमा जानकारी गराउने ।
- कार्यतालिकामा उल्लेख भएअनुसार सहजकर्ताले तालिम सञ्चालन गर्ने ।

**(ख) बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि वडा/स्थानीय बालअधिकार समिति र बालक्लबको नियमित (त्रैमासिक) समीक्षा बैठक**

औपचारिक संरचना (स्थानीय र वडा स्तरका बालअधिकार समितिहरूको त्रैमासिक बैठक सञ्चलन गर्ने

**बैठकको पूर्व तयारीः**

- समितिको अध्यक्ष (गाउँ/नगरपालिका प्रमुख/वडाध्यक्ष)सँग सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख/वडासचिव)ले समीक्षा बैठकको मिति, समय तथा स्थानको बारेमा सहमति गर्ने
- बैठकमा छलफलका प्रस्तावहरु तयार गर्ने र वडास्तरको बैठकको लागि वडासचिवलाई सहयोग गर्ने

**नमुनाको लागिः त्रैमासिक बैठकको लागि छलफलका प्रस्तावहरूः**

- बैठकको लागि निर्धारित मितिभन्दा कम्तीमा ३ दिनअगावै समितिका सदस्यहरु तथा आमन्त्रितहरूलाई पत्राचार गर्ने सम्बन्धमा ।
- गत त्रैमासिकको कार्ययोजना तथा सम्पन्न क्रियाकलापहरूको समीक्षा गर्ने सम्बन्धमा ।
- चालु आर्थिक वर्षको लागि वडा र गाउँ/नगरस्तरका क्रियाकलापहरु कार्यान्वयन प्रगति र बजेट योजनाबारे छलफल गर्ने सम्बन्धमा ।
- समिति सदस्यहरूले समुदायबाट संकलन गरेको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको तथ्यांकहरूको प्रमाणीकरण गर्ने सम्बन्धमा ।
- समिति सदस्यहरूले संकलन गरेर लिएर आएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्बन्धी तथ्यांकहरु संकलन तथा रजिस्टरमा प्रविष्ट गर्ने । अनलाइन सूचना व्यवस्थापन प्रणालीमा पनि तथ्यांक प्रविष्ट गर्ने सम्बन्धमा ।

**बैठक सञ्चालनको समयमा**

- महिला बालबालिका शाखा प्रमुख/वडा सचिवले सहभागीहरूलाई स्वागत गर्दै बैठकमा छलफलका प्रस्तावबारेमा जानकारी गराउने ।
- तल दिइएको सबै तथ्यांक तथा घरधुरी सर्वेक्षणबाट संकलित तथ्यांक बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहमुक्त क्षेत्र घोषण कार्यविधिमा उल्लेख भएअनुसारको ढाँचामा संकलन गर्ने

**तथ्यांकहरू संकलन गरिसके पछि:**

- प्राप्त अंक र रंगको आधारमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको स्थिति विश्लेषण गर्ने ।
- विगत ३ महिनामा क्रियाकलाप कार्यान्वयनको सबल पक्षहरूबारे छलफल गर्ने ।
- विगत ३ महिनामा सामना गरिएका चुनौती र समस्याहरु र तिनका कारणहरूको बारेमा छलफल गर्ने ।
- समस्या र चुनौतीहरूको समाधान छलफलबाट पहिचान गरी कार्य योजना न्युज प्रिन्टमा निम्न अनुसार तयार गर्ने ।

| समस्या तथा चुनौतीहरू | समस्या तथा चुनौतीहरूका कारणहरू | समाधानका उपायहरू | जिम्मेवार व्यक्ति | आवश्यक बजेट | समय अवधि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

- आगामी त्रैमासिकका लागि क्रियाकलापहरूको कार्ययोजना तयार गर्ने ।

| क्रियाकलापको नाम | महिना १ | महिना २ | महिना ३ |
|---|---|---|---|
| | | | |
| | | | |

- समितिका सदस्यहरूले समुदायबाट संकलन गरेको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको तथ्यांकहरूको संकलन तथा प्रमाणीकरण गर्ने ।
- गाउँ/नगरपालिकाबाट सञ्चालित बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरु सहभागी तथा कार्यान्वयनमा सहयोग गर्ने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि खबरदारी समूहको भूमिका निभाउने ।

**अनौपचारिक संरचनाको (बाल क्लब) बैठक सञ्चालनमा सहयोग गर्ने**

बालबालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन २०७४ मा उल्लेख भएअनुसार मासिक बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुन सक्नेछ :

- अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा ।
- बाल क्लबका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा ।
- स्थानीय बालअधिकारको सबाल र गर्नुपर्ने क्रियाकलापहरू ।
- आगामी कार्यक्रमको मिति, स्थान र समय निर्धारण, जिम्मेवारी विभाजन र स्रोत संकलन तथा आवश्यकताअनुसार अन्य विषयहरु ।
- चालु अर्थिक वर्षको लागि वडा र नगरस्तरका क्रियाकलापहरूको कार्यान्वयन प्रगति र बजेट योजनाबारे छलफल ।
- बाल क्लबका सदस्यहरूले समुदायबाट संकलन गरेको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको तथ्यांकहरूको संकलन तथा प्रमाणीकरण गर्ने ।

- बाल क्लबका सदस्यहरूले संकलन गरेर लिएर आएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसम्बन्धी तथ्यांकहरु रजिस्टरमा प्रविष्ट गर्ने ।
- बैठकको लागि निर्धारित मितिभन्दा कम्तीमा ३ दिनअगावै बाल क्लबका सदस्यहरूलाई खवर गर्ने ।

**ग) वडा/स्थानीय बालअधिकार समिति तथा बाल क्लबद्वारा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि समुदायमा गर्न सक्ने क्रियाकलापहरू :**

- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि खबरदारी समूहको भूमिका निभाउने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुन लागेको कुरा थाहा पाउने बित्तिकै यसको कानुनी र किशोरकिशोरीमा हुने नकारात्मक असर बारेमा जानकारी गराउने ।

**२० वर्ष उमेर पूरा नपुगी विवाह हुन लागेको थाहा भएमा बाल हेल्पलाइन १०९८ वा १०० मा फोन गरी गोप्य रूपमा जानकारी गराउने । यसरी जानकारी गराउँदा जानकारी गराउनेको नाम गोप्य राख्ने व्यवस्था छ ।**

- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्न सामाजिक व्यवहार परिवर्तनका लागि लक्षित समूह पहिचान गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने जस्तैः
  – २० वर्ष उमेर नपुगी बालविवाह गर्ने किशोर वा किशोरीको ३/३ महिनामा तथ्यांक संकलन गर्ने वा संकलित तथ्यांकहरूको प्रत्येक ३।३ महिनामा विश्लेषण गर्ने ।
  – बलविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको तथ्यांक संकलन तथा अध्यावधिक गर्ने र प्रत्येक वडा बालअधिकार समितिमा आवाज उठाउने ।
  – बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका लागि समुदायमा सञ्चालित विभिन्न कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने ।
  – कार्यक्रमहरूमा किशोरीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने ।
  – २० वर्ष उमेर पुगेपछि मात्र आफ्ना छोरीको विवाह गरिदिने अभिभावकको प्रचारप्रसार गर्ने, छिमेक वा नातेदारको दबाबको सामना गरेको अभिभावकहरूको अनुभव कार्यक्रमहरूमा सुनाउने ।
  – आफ्नो समुदायमा भएका प्रभावशाली नागरिक समाजका सदस्यहरूलाई बालविवाहको बारेमा बोल्न व्यवस्था मिलाउने ।
  – धार्मिक कार्यक्रमहरूमा प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरु (पण्डित, मान्यजन, पुरोहित, मौलाना, मौलवीहरु र अन्य जनसमुदायले मान्ने गरेका धार्मिक अगुवाहरू) लाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने धार्मिक आधारहरूको पुनर्व्याख्या गरी बालविवाह नगर्ने धार्मिक आधारहरूबारे प्रस्ट गर्न लगाउने ।
  – कार्यक्रमको अनुगमन चेकलिस्ट (उप–अनुसूची १०) प्रयोग गरी गर्ने र अनुगमनको प्रतिवेदन (उप-अनुसूची ११) तयार गर्ने ।

**पाँचौं चरण :** कार्यान्वयनपछिको क्रियाकलापः क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने ।

- क्रियाकलाप सकिएको (समिति गठन) ३ दिनभित्रमा स्थानीय/तथा वडा बालअधिकार समितिले आ-आफ्नो वडा/स्थानीय बालअधिकार समितिको समीक्षा बैठक बस्ने ।
- क्रियाकलापको प्रतिवेदन तयार गरी गाउँ/नगर कार्यपालिकामा पेस गर्ने । प्रतिवेदनको ढाँचा उप-अनुसूची १२ मा दिइएको छ ।
- पेस्की फर्स्योट गर्ने ।

## उदाहरणको लागि: अनुगमनका सूचकहरू

क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकताअनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुष्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| - पछिल्लो ३ महिनामा स्थानीय बालअधिकार समितिहरूद्वारा आयोजित बैठकहरूको संख्या | - बैठकको निर्णय पुस्तिका<br>- उपस्थिति | - बैठकको निर्णय पुस्तिका |
| - पछिल्लो ३ महिनामा वडा बालअधिकार समितिहरूद्वारा आयोजित बैठकहरूको संख्या | - बैठकको निर्णय पुस्तिका<br>- उपस्थिति | |
| - वडा बालअधिकार समितिले प्रत्येक ३ महिनामा जम्मा विवाह र २० वर्ष उमेर नपुगी गरेको विवाहको संख्या | - बैठकको निर्णय पुस्तिका | - बैठकको निर्णय पुस्तिका |
| - बाल क्लब गठन भएको संख्या | बैठकको निर्णय पुस्तिका | - बैठकको निर्णय पुस्तिका |

## उदाहरणको लागि: बजेट शीर्षक

क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि गाउँ/नगरपालिकाले निम्न शीर्षकहरूमा बजेट छुट्ट्याउनु पर्दछ, तर यी रकम गाउँ/नगरपालिका अनुसार फरक हुन सक्दछ ।

| क्र.सं. | क्रियाकलाप | पटक | अनुमानित बजेट रु. (नगर स्तरमा) | अनुमानित वजेट रु. गाउँ/नगरपालिका स्तरमा) |
|---|---|---|---|---|
| १. | स्थानीय तथा वडा बालअधिकार समितिहरूको नियमित बैठक (खाजा, बैठक भत्ता) | ६ | ३,००० | ५,००० |
| २ | कुनै संरचनाहरु सक्रिय हुन सकेका छैनन् भने महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले उनीहरूसँगको बैठकमा छलफल गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सक्रिय हुन नसकेको कारण पत्ता लगाउने । (यातायात खर्च, भ्रमण भत्ता) | १ | ५,००० | ५,००० |
| ३ | औपचारिक तथा अनौपचारिक संरचनाको क्षमता अभिवृद्धिका क्रियाकलापहरूको आयोजना गर्ने । | २ | ४५,००० | ४५,००० |
| **जम्मा** | | | **५३,०००** | **६५,०००** |

## उदाहरणका लागि: कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| बडा कार्यालयले औपचारिक र अनौपचारिक संरचनाहरूलाई (सर्वदलीय समिति, प्रभावशाली नागरिक समाजको समिति, बाल क्लब) परिचालन गर्न बजेट नभएको भन्न सक्छन् | औपचारिक र अनौपचारिक संरचनाहरूले (सर्वदलीय समिति, प्रभावशाली नागरिक समाजको समिति, बाल क्लब) परिचालन क्रियाकलाप गर्न सबैलाई बजेट नचाहिने हुँदा संरचनाहरूलाई चलायमान बनाउन कम बजेट भए पुग्ने कुरा बुझाउने । |
| अनौपचारिक संरचनाहरु बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरूमा सक्रियता नदेखाउने | क्षमता अभिवृद्धिका क्रियाकलापहरु सञ्चालन गर्ने । गाउँ/नगरपालिकाद्वारा सञ्चालित क्रियाकलापहरूमा सहभागी गराउने, नियमित बैठक बस्न सहयोग गर्ने । |
| समितिहरु वा बाल क्लब सक्रिय नहुने | त्रैमासिक बैठकलाई निरन्तरता दिने र क्रियाकलाप गर्दा सबै सदस्यलाई जिम्मेवारी दिने । |

## क्रियाकलाप १०

## बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह नगर्ने तथा नगराउन पैरवी गर्ने किशोरीहरूलाई वडा वा गाउँ/नगरपालिकाबाट वार्षिक रूपमा प्रोत्साहन र सम्मान



■ उदाहरणीय छात्राले आमा-छोरी संवाद कार्यक्रममा आफ्नो अनुभव सुनाउँदै, दुर्गाभगवती गाउँपालिका, रौतहट

### हालको अवस्था :

छोरीको छिटो विवाह गरिदिनुलाई परिवारको सामाजिक प्रतिष्ठा बढेको मान्यता रहेको कारण अभिभावकहरूले २० वर्ष उमेर पुग्नुभन्दा पहिला नै छोरीलाई विवाह गरिदिन्छन् । छोरीको क्षमता भनेको घरको काम गर्न सक्नुलाई लिइन्छ र सानो उमेरदेखि नै घरको काममा लगाइन्छ । अभिभावकहरूमा छोरीहरूलाई घरायसी कामहरु सानैदेखि सिकाउनु आत्मनिर्भर र सक्षम बुहारीको रूपमा जिम्मेवारी पूरा गर्न सक्ने बनाउनु हो भन्ने बुझाइ छ । भागेर विवाह गर्ने छोरीहरूको संख्या समाजमा अत्यन्तै न्यून भए पनि अभिभावकलाई छोरीले भागी विवाह गऱ्यो भने आफ्नो इज्जत जान्छ भन्ने सधै डर हुने गरेको पाइन्छ । छोरीहरूले पनि आफ्नो विवाहको निर्णय अभिभावकले नै गर्ने मान्दछन् ।

### प्रमुख समस्याः

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि समुदायको प्रयासमा किशोरीहरूले पनि योगदान गर्न सक्ने कुराको महत्व अभिभावकलाई बुझाउने ।

### लक्षित समूह :

आफ्नो समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोक्न पैरवी गर्ने किशोरीहरु ।

### क्रियाकलाप :

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोक्न पैरवी गर्ने किशोरीहरूलाई वडा वा गाउँ/नगरपालिकाबाट वार्षिक रूपमा प्रोत्साहन र सम्मान ।

### क्रियाकलापको उद्देश्य :

आफ्नो समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोक्न र यसको लागि पैरवी गर्न भूमिका खेल्ने सबै किशोरीहरु वडा/गाउँ/नगरपालिकाबाट वार्षिक रूपमा सम्मानित भएका हुनेछन् ।

## क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू :

**पहिलो चरण–स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि वडास्तरीय क्रियाकलापको लागि वडा सचिव र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

**दोस्रो चरण सूची तयार:** वडा बालअधिकार समितिको नियमित बैठक तथा बाल क्लबबाट आफ्नो वा समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी यस विषयमा वडा/गाउँ/नगरपालिकामा पैरवी गरिरहेका किशोरीहरूको रेकर्ड राख्ने र सूची तयार गर्ने ।

**तेस्रो चरण– तयारी बैठक बस्ने:** वडा/स्थानीय बालअधिकार समितिले समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी यस विषयमा वडा/गाउँ/नगरपालिकामा पैरवी गरिरहेका किशोरीहरूलाई सम्मान कार्यक्रम आयोजनाको लागि तयारी बैठक बस्ने ।

**चौथो चरण– क्रियाकलाप कार्यान्वयन:** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी यस विषयमा वडा/गाउँ/नगरपालिकामा पैरवी गरिरहेका किशोरीहरूको लागि सम्मान कार्यक्रम आयोजना गर्ने ।

**पाँचौं चरण– क्रियाकलाप कार्यान्वयन पछि:** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने ।

## विस्तृत रूपमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**पहिलो चरण– स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत क्रियाकलाप कार्यान्वयनको लागि वडास्तरीय क्रियाकलापको लागि वडा सचिव र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

- वडास्तरीय क्रियाकलापको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएका क्रियाकलापमध्येबाट हाल कार्यान्वयन गर्न लागिएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरणसहित कार्यान्वयनको लागि स्वीकृति लिने । स्वीकृति लिने टिप्पणी र आदेशको नमुना उप-अनुसूची १ मा दिइएको छ ।
- वडास्तरीय क्रियाकलापको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख) ले प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयनको लागि स्वीकृत भएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरण पेस्कीको लागि लेखा शाखामा दिने वा कार्यान्वयनपश्चात् भुक्तानीका लागि निवेदन दिने । पेस्कीको लागि निवेदनको नमुना उप–अनुसूची २ मा दिइएको छ ।

**दोस्रो चरण–सूची तयार:** वडा बालअधिकार समितिको नियमित बैठकबाट आफ्नो वा समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी यस विषयमा वडा/गाउँ/नगरपालिकामा पैरवी गरिरहेका किशोरीहरूको सूची तयार गर्ने ।

- आफ्नो, परिवारमा वा समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनबाट रोकी यस विषयमा पैरवी गरिरहेका किशोरीहरु छनोटको लागि मापदण्ड बनाउने ।
- वडा/स्थानीय बालअधिकार समितिले (यस समितिमा बाल क्लबले पनि प्रतिनिधित्व हुने गर्दछ) नियमित बैठकमा गाउँ/नगरपालिकामा क्रियाकलापको बारेमा प्रचारप्रसार गर्ने, किशोरीको छनोटको मापदण्डको बारेमा छलफल गर्ने र आफ्नो वा समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनबाट रोकी यस विषयमा पैरवी गरिरहेका सम्मान गर्न योग्य किशोरीहरूको छनोटमा सहयोगको लागि जानकारी गराउने ।

- वडा/स्थानीय बालअधिकार समितिमा प्रतिनिधित्व गर्ने बाल क्लबका सदस्यहरूमार्फत आफ्नो वा समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनबाट रोकी यस विषयमा पैरवी गरिरहेका किशोरीहरु पहिचानको लागि छनोटको मापदण्ड र सम्मान कार्यक्रमको बारेमा बाल क्लबहरूमा जानकारी गराउने ।
- गाउँ/नगरपालिकाअन्तर्गतका सबै वडाका वडा बालअधिकार समितिले आफ्नो वा समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनबाट रोकी यस विषयमा पैरवी गरिरहेका किशोरीहरूको पहिचान गर्ने र घटनाको विवरण (मिति, घटना भएको स्थान, विवाह गर्न कोसिस गरेका परिवार विवरण, विवाह रोक्न सहमत हुनुको कारण) सहित नामावली संकलन गरी रेकर्ड राख्ने र एकप्रति स्थानीय बालअधिकार समितिमा पनि पठाउने । विवाह हुनबाट रोकेका किशोरीहरूको सूची संकलनका लागि फारमको नमुना उप–अनुसूची ६ मा दिइएको छ ।
- आर्थिक वर्षको तेस्रो त्रैमासिकमो पहिलो महिनामा हालसम्म वडास्तरीय कार्यक्रमको लागि वडा बालअधिकार समितिले र गाउँ/नगरपालिकास्तरीय कार्यक्रमको लागि स्थानीय बालअधिकार समितिले संकलन गरेका किशोरीहरूको रेकर्ड हेरी सूची तयार गर्ने ।

**तेस्रो चरण– तयारी बैठक बस्ने:** वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा किशोरीहरूलाई सम्मान कार्यक्रम आयोजनाको लागि तयारी बैठक बस्ने ।

- वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिका स्तरमा किशोरीहरूलाई सम्मान कार्यक्रम आयोजनाको लागि तयारी बैठकको प्रस्तावः

## उदाहरणका लागि

प्रस्ताव तथा अपेक्षित निर्णय तल उल्लेख गरिएको छ ।

**प्रस्ताव नं १**

- यस आर्थिक वर्षमा आफ्नो वा समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनबाट रोकी यस विषयमा पैरवी गरिरहेका किशोरीहरूको नामावली स्वीकृत सम्बन्धमा

**अपेक्षित निर्णयहरू:**

निश्चित जाति, सामाजिक तथा न्युन आर्थिक स्तर भएका समुदायकाको सुनिश्चित गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनबाट रोकी यस विषयमा पैरवी गरिरहेका किशोरीहरूको विवरणसहितको नामावलीमा अवश्यक समीक्षा गरी स्वीकृत गर्ने ।

- न्युन सामाजिक र आर्थिक स्तर भएका किशोरीहरूलाई प्राथमिकता दिने

**प्रस्ताव नं २ :** आफ्नो वा समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुनबाट रोकी यस विषयमा पैरवी गरिरहेका किशोरीहरूको सम्मान कार्यक्रम आयोजना सम्बन्धमा ।

- सम्मान कार्यक्रम गरिने मिति, स्थान र समय निर्धारण सम्बन्धमा ।
- सम्मान कार्यक्रममा सहभागीहरु आमन्त्रण गर्ने सम्बन्धमा ।
- सम्मान गर्ने तरिका सम्बन्धमा ।
- गाउँ/नगरपालिकास्तरमा सम्मान कार्यक्रम गर्न वडा/स्थानीय बालअधिकार समितिको सदस्यहरूको जिम्मेवारी बाँडफाँड सम्बन्धमा ।
- सम्मान कार्यक्रमको प्रचारप्रसार सम्बन्धमा ।

**अपेक्षित निर्णयहरूः**

- सम्मान कार्यक्रमको मिति, स्थान, समय निर्धारण ।
- २० वर्ष उमेर पुगेपछि आफ्ना छोरीहरूको विवाह गरी सम्मानित हुने अभिभावकहरु र सम्मानित हुने किशोरीका अभिभावकहरूलाई सम्मान कार्यक्रममा उपस्थिति गराउने ।
- सम्मान कार्यक्रमबारे जानकारी गराउने कार्यक्रमको मिति, स्थान, समय तोकी कार्यक्रममा आमन्त्रणको लागि वडास्तरीय कार्यक्रमको लागि वडाध्यक्ष र गाउँ/नगरपालिका स्तरीय कार्यक्रमको लागि प्रमुख प्रशासकीय अधिकृतमार्फत पत्राचार गर्ने ।
- सम्मान गर्ने तरिका सम्बन्धमा (कसरी सम्मान गर्ने), वडा/गाउँ/नगरपालिकाको निर्णयअनुसार

उदाहरणको लागि किशोरीलाई स्टेजमा बोलाएर अध्यक्ष/मेयरबाट रकम प्रदान, उपमेयरबाट गम्छा लगाइदिने ।

- सम्मान कार्यक्रम व्यवस्थित तरिकाले आयोजना गर्न निम्नअनुसारको जिम्मेवारीः
  - सहभागी बोलाउने जिम्मेवारी
  - कार्यक्रम उद्घोषण गर्ने
  - खाजा, तथा व्यवस्थापन गर्ने
  - उपस्थिति यकिन तथा उपस्थिति गराउने व्यक्ति
  - ब्यानर, मञ्च व्यवस्थापन गर्ने व्यक्ति
  - फोटो लिने तथा कार्यक्रमको प्रतिवेदन तयार गर्ने
  - कार्यक्रमका सहभागीहरूलाई सम्मान कार्यक्रमको उद्देश्यको बारेमा जानकारी
- वडा/गाउँ/नगरपालिकाको सम्पूर्ण वडाहरूको बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको अवस्थाको (संख्या तथा कारण) जानकारी गराउने ।
- वडा/गाउँ/नगरपालिकामा सञ्चालित बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापबारेमा जानकारी ।
- उदाहरणीय किशोरी, अभिभावक, समाजसेवी, धार्मिक अगुवालाई बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि कार्य गर्दाका आफ्ना अनुभवको बारेमा बोल्न लगाउने ।

**चरण ४– क्रियाकलाप कार्यान्वयनः** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी यस विषयमा वडा/गाउँ/नगरपालिकामा पैरवी गरिरहेका किशोरीहरूको लागि सम्मान कार्यक्रम आयोजना गर्ने ।

**क्रियाकलाप कार्यान्वयन अघि**

- सम्मानका लागि किशोरीहरूको छनोटको आधार (बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी यस विषयमा वडा/गाउँ/नगरपालिकामा पैरवी गरिरहेका किशोरीहरु)मा यस वर्ष वडा/गाउँ/नगरपालिकाले किशोरीहरूको विवरणसहितको नामावली वडा कार्य समिति/गाउँ/नगर कार्य समितिमा वडा सचिव/महिला बालबलिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले स्थानीय बालअधिकार समितिको निष्कर्ष समावेश गरी सूची पेस गर्ने र स्वीकृति लिने ।
- कार्यक्रममा मेयर, उपमेयर, जिल्ला तथा प्रदेश वा संघिय सरकारका प्रतिनिधिहरु, सुरक्षा निकायका प्रतिनिधिहरु, कार्यपालिका सदस्यहरु, सचिवहरु, अन्य गाउँ वा नगरपालिकाका प्रतिनिधिहरु, उदाहरणीय परिवारका व्यक्ति, बालविवाह नगर्ने किशोरीहरु, समुदायका अगुवा, भद्र-भलादमी, सम्पन्न र बोलवाला व्यक्तिहरूको समितिका सदस्यहरु, सर्वदलीय समितिका सदस्यहरु, जातीय माइजन, धार्मिक अगुवाहरु, महिला नेतृत्व र आमा समूह, धार्मिक समूह, बाल क्लब तथा विभिन्न समूहबाट सहभागी गराउने ।
- गाउँ/नगरपालिकाबाट कार्यक्रममा सहभागिताको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले अध्यक्षको नाममा र गाउँ नगरपालिकाको कार्यक्रमको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा सहभागी हुनको लागि चिठी पठाई आमन्त्रण गर्ने ।

- कार्यक्रमबारे वृहत् रूपमा आम जनसमुदायलाई जानकारी गराउन बालअधिकार समिति र बाल क्लबहरूको बैठकमा कार्यक्रमको बारेमा जानकारी गराउने । वडाहरूमा सूचना टाँस्न लगाउने । बालअधिकार समितिले पारदर्शी रूपमा मापदण्डको आधारमा किशोरीहरूको छनोट हुने कुरा प्रस्ट पार्ने ।
- स्थानीय तथा वडा बालअधिकार समितिले बाल क्लबहरूको नियमित बैठकमा किशोरीहरूलाई गरिने सम्मान कार्यक्रमबारे विस्तृत जानकारी गराउने ।
- कार्यक्रममा महिला, निश्चित जाति तथा न्युन आयस्तर भएका समुदायकको सहभागिता सुनिश्चित गर्ने
  - बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी यस विषयमा वडा/गाउँ/नगरपालिकामा पैरवी गरिरहेका कारण किशोरीहरु सम्मानित भएको कुराको व्यापक प्रचारको लागि कार्यक्रम सकेसम्म धेरै जनसमुदायको उपस्थिति हुन सक्ने स्थानमा सञ्चालन गर्ने ।
  - वडामा कार्यक्रम हुँदा गाउँ/नगरपालिकाबाट अनुगमन गर्ने ।

**क्रियाकलाप कार्यान्वयनको समयमा**

- सम्मान कार्यक्रम अधिकतम ३ घण्टासम्म मात्र सञ्चालन गर्ने ।
- कार्यक्रममा सहभागीहरूलाई बसाल्दा किशोरी र महिलाहरूलाई अगाडि राख्ने ।
- वडा/स्थानीय बालअधिकार समितिको सचिवले सहभागीलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यबारे प्रस्ट पार्ने ।
- वडा/स्थानीय बालअधिकार समितिले वडा/गाउँ/नगरपालिकाको बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको अवस्था (संख्या र कारणहरु) बारे जानकारी गराउने ।
- वडा/गाउँ/नगरपालिकामा सञ्चालित बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापबारे जानकारी गराउने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोकी यस विषयमा वडा/गाउँ/नगरपालिकामा पैरवी गरिरहेका किशोरीहरूलाई मञ्चमा बोलाएर अध्यक्ष/मेयरले नगद (वडा/गाउँ/नगरपालिका कार्य समितिको निर्णयअनुसार) रकम र उपाध्यक्ष /उपमेयरले गम्छा ओढाएर किशोरीलाई सम्मान गर्ने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोक्दाको आ–आफ्नो अनुभव दुई मिनेटभित्र बोल्न लगाउने ।
- उदाहरणीय किशोरकिशोरी र अभिभावक, समुदायका उदाहरणीय प्रभावशाली धार्मिक अगुवा, प्रभावशाली नागरिक समाज सदस्य, सर्वदलीय समितिका प्रतिनिधि, जातीय माइजन, स्थानीय महिला नेतृत्व तथा बाल क्लबका प्रतिनिधिहरूलाई दुई मिनेटभित्र आफ्नो बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि गरेको कार्यको अनुभव र त्यसबाट आफूलाई भएको फाइदाका बारेमा बोल्न लगाउने ।
- अन्य अतिथिहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको विषयमा रही आफ्नो मन्तव्य राख्न अनुरोध गर्ने ।
- सामूहिक फोटोहरु खिच्दा अभिभावहरूलाई अगाडि राख्ने । महिला अभिभावकलाई प्राथमिकता दिने ।
- सम्मान पाउने किशोरीहरूलाई वडा/स्थानीय बालअधिकार समितिबाट सञ्चालिन बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरूमा (घरभेट, धार्मिक अगुवाहरूबाट हुने प्रवचन, अन्तरक्रिया आदि कार्यक्रममा) सहभागी गराउने ।

**पाँचौं चरण– क्रियाकलाप कार्यान्वयनपछि:** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस

- क्रियाकलाप सकिएको तीन दिनभित्रमा स्थानीय/तथा वडा बालअधिकार समितिले आ–आफ्नो समितिमा समीक्षा बैठक बस्ने ।
- क्रियाकलापको प्रतिवेदन तयार गरी गाउँ/नगर कार्यपालिकामा पेस गर्ने । प्रतिवेदनको ढाँचा उप अनुसूची १२ मा दिइएको छ ।
- पेस्की फर्स्योट गर्ने ।

## उदाहरणका लागि: अनुगमनका सूचकहरू:

क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकता अनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुष्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| - सम्मानित हुने किशोरीहरूको संख्या | फोटो, नामावली | कार्यक्रमको प्रतिवेदन |
| - कार्यक्रममा उपस्थित व्यक्तिहरूको संख्या | हाजिरी वा फोटाहरु | कार्यक्रमको प्रतिवेदन |

## उदाहरणका लागि: बजेटको शीर्षक

क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि गाउँ/नगरपालिकाले निम्न शीर्षकहरूमा बजेट छुट्ट्याउनु पर्दछ, तर यी रकम गाउँ/नगरपालिका अनुसार फरक हुन सक्दछ ।

| क्र.सं. | क्रियाकलाप | पटक | अनुमानित बजेट रु. (नगर स्तरमा) | अनुमानित बजेट रु. (वडा स्तरमा) |
|---|---|---|---|---|
| १. | स्थानीय/वडा बालअधिकार समितिको बैठक (खाजा) | १ | ५,००० | ५,००० |
| २ | सम्मान कार्यक्रमको आयोजना (यातायात खर्च, क्रियाकलाप संयोजकको भत्ता, सहयोगीको भत्ता, स्टेज सजावट खर्च, हल, साउन्ड सिस्टम, मेचहरु भाडा) | १ | ९०,००० | ५०,००० |
| ३ | सम्मानको लागि सामग्री (सम्मानपत्र, खादा, यदि नगद दिने निर्णय भएमा प्रतिव्यक्ति निर्णय गरिएअनुसारको रकम) | | १५,००० | १०,००० |
| ४ | कार्यक्रम अनुगमन (भ्रमण भत्ता) | | २,००० | ५,००० |
| ५ | समीक्षा बैठक (खाजा) | | ५,००० | ५,००० |
| **जम्मा** | | | **१,१७,०००** | **७५,०००** |

## उदाहरणको लागि: कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| यस कार्यक्रमले सम्मान गर्न चाहेका किशोरीहरु पहिचान गर्न कठिन हुन सक्ने | बाल क्लबहरूमा यस कार्यक्रमको बारेमा नियमित जानकारी गराउने, विभिन्न समितिहरु जस्तै सर्वदलीय समिति, नागरिक समाज सदस्य समिति, प्रभावशाली धार्मिक अगुवाहरु । |
| पदाधिकारी तथा राजनीतिक दलबाट आफ्नो नजिकको मान्छे (किशोरी) छनोट गर्न दबाब | छनोट प्रक्रिया तथा उद्देश्य पारदर्शी बनाउने |

## क्रियाकलाप ११

## छोरीको २० वर्ष उमेर पुगेपछि विवाह गरिदिने उदाहरणीय परिवारको प्रभावकारी प्रचारप्रसार




▪ उदाहरणीय अभिभावकले आमा-छोरी संवाद कार्यक्रममा छोरीलाई २० वर्ष उमेर पुगेपछि विवाह गराउँदाका अनुभव साझा गर्दै, दुर्गाभागवती गाउँपालिका, रौतहट

### हालको अवस्था :

किशोरकिशोरीहरु अध्ययन गर्ने, आत्मनिर्भर बन्ने, आफ्नो लक्ष्य हासिल गर्ने सपना देख्छन् । तिनीहरु आफ्नो जीवनसाथी पनि सक्षम होस् भन्ने चाहन्छन् । तर मधेशमा आमाबुवाले छोरीको २० वर्ष उमेर पुग्नुअघि नै विवाह गर्ने चलन छ । आफ्ना छोराछोरीलाई कहिले र कोसँग विवाह गर्ने भन्ने निर्णयलाई अभिभावकहरूले आफ्नो अधिकारको रूपमा हेर्छन् । छोराछोरी पनि आमाबुवाको निर्णयको विरूद्धमा जाँदैनन् । त्यसैले २० वर्ष उमेर पुग्नु भन्दा पहिलानै आमाबुवाले रोजेको व्यक्तिसँग जबरजस्ती विवाह गर्न बाध्य भएपछि आफ्नो सरकारी जागिर गर्ने र आफैं पैसा कमाइ आत्मनिर्भर हुने सपना पुरा नहुने मान्दछन् ।

समाजमा छोरी भनेको घरको काम गर्नको लागि हो भन्ने बुझाइ छ र छोरीको क्षमता भनेको घरको काम गर्न सक्नुलाई लिइन्छ । परिवारले छोरी अर्काको घर जाने हुनाले छोरीलाई बोझको रूपमा लिने गर्दछन् । छोरालाई परिवारको भविष्यको रूपमा लिइन्छ, परिवार र अभिभावकको सहयोगको लागि मेरूदण्डको रूपमा आशा गरिन्छ । भागेर विवाह गर्ने छोरीहरूको संख्या समाजमा अत्यन्तै न्यून भए पनि अभिभावकलाई छोरीले भागी विवाह गर्‍यो भने आफ्नो इज्जत जान्छ भन्ने सधै डर हुने गरेको पाइन्छ । परिवारमा छोरीको छिटो विवाह गर्ने सामाजिक दबाब दिनेहरूमा परिवारकै सबैभन्दा नजिकका नातेदारहरु जस्तैः चाचाचाची, मौसामौसी, फुवा, मामालगायत नै हुने गरेको पाइन्छ जसबाट अभिभावकलाई आफ्ना छोराछोरीको २० वर्ष अगाडि नै विवाह गर्न दबाब पर्दछ ।

गाउँ/नगरपालिकाहरूमा धेरै यस्ता परिवारहरु पनि छन् जसले आफ्नै व्यक्तिगत तहबाट बालविवाह अन्त्यका लागि प्रयासहरु गर्दै आइरहेका छन् । बालविवाह अन्त्यका लागि कार्य गर्न चाहनेहरूको बीचमा समन्वय तथा एकता नहुँदा यसको विरोधमा आवाज उठाउन सकिराखेका छैनन् र व्यक्तिगत स्तरमा विभिन्न चुनौतीहरूको सामना गरिरहेका छन् ।

यस्तो अवस्थामा पनि केही अभिभावकहरु आफ्ना छोरीहरूलाई महत्व दिई आत्मनिर्भर बनाउन र पढ्न सहयोग गर्दछन् र २० वर्ष पुगेपछि मात्र विवाह गरिदिन्छन् । त्यही परिस्थितिमा भएर पनि उदाहरणीय बन्न सकेका परिवारलाई सामान्यतय पहिचान गरिएको हुँदैनन् वा समुदायका यस्ता परिवारले महसुस गरेका हुँदैनन् ।

## प्रमुख समस्याः

समुदायमा भएका पहिले नै आफ्ना छोरीको पढाइलाई निरन्तरता दिँदै उनीहरूलाई आत्मनिर्भर बनाई विवाहलाई ढिलाइ गरेका उदाहरणीय परिवारहरूको प्रचारप्रसार गरेर/देखाएर समाजमा वर्षौंदेखि रहेको सामाजिक व्यवहार परिवर्तन गर्नु सकारात्मक हो भनेर बुझाउनु ।

## लक्षित समूह :

- किशोरी
- किशोरीहरूका अभिभावक

## क्रियाकलापः

छोरीको २० वर्ष उमेर पुगेपछि विवाह गरिदिने उदाहरणीय परिवार (अभिभावक तथा छोरीहरू)को प्रभावकारी प्रचारप्रसार

- वडा/स्थानीय बालअधिकार समितिबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह धेरै हुने गरेका बस्तीमा उदाहरणीय अभिभावक, किशोरकिशोरी संलग्न गरेर घरभेट ।
- वडा/स्थानीय बालअधिकार समितिबाट बालविवाह धेरै हुने गरेका बस्तीमा उदाहरणीय अभिभावक, किशोरीको उपस्थितिमा आमाबुवा तथा छोरीबीच अन्तरक्रिया कार्यक्रम ।

## क्रियाकलापको उद्देश्य :

समुदायमा भएका उदाहरणीय परिवारहरू, उनीहरूकै साथी/छिमेकी जसले पहिले नै आफ्ना छोरीको विवाहमा ढिलाइ गरी उनीहरूको पढाइलाई निरन्तरता दिँदै आत्मनिर्भर बनाएका छन् । उनीहरूको बारेमा बालविवाह धेरै हुने गरेका समुदायमा जानकारी गराएर उनीहरूले पनि यस कार्य गर्न सक्दछन् भनी सचेतना बढाउने ।

## संक्षिप्तमा क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणः

**पहिलो चरण–स्वीकृति (कार्यादेश) लिई पेस्की लिनेः** स्वीकृत क्रियाकलाप कार्यान्वयनको लागि वडास्तरीय क्रियाकलापको लागि वडा सचिव र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि आवश्यक कागजातसहित निवेदन दिने ।

**दोस्रो चरण– सूची तयारः** वडा/स्थानीय बालअधिकार समितिको नियमित बैठकबाट समुदायमा आफ्ना छोरीको विवाहमा ढिलाइ गरी उनीहरूको पढाइलाई निरन्तरता दिँदै आत्मनिर्भर बनाएका परिवारको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह बढी हुने गरेको टोल बस्तीको सूची तयार गर्ने ।

**तेस्रो चरण– तयारी बैठक बस्नेः** छोरीको २० वर्ष उमेर पुगेपछि मात्र विवाह गरिदिने उदाहरणीय परिवारको विभिन्न क्रियाकलापहरूमा परिचालन र प्रभावकारी प्रचारप्रसार (घरभेट, अभिभावकहरू र किशोरीहरू बीचमा अन्तरक्रिया र ) कार्यक्रमहरूको लागि तयारी बैठक बस्ने ।

**चौथो चरण– क्रियाकलाप कार्यान्वयनः** छोरीको २० वर्ष उमेर पुगे पछिमात्र विवाह गरिदिने उदाहरणीय परिवारको तयारी बैठकमा भएको निर्णय र कार्ययोजनाअनुसार विभिन्न क्रियाकलापहरूमा परिचालन (घरभेट, अभिभावकहरू र किशोरीहरू बीचमा अन्तरक्रिया) गर्ने ।

**पाँचौं चरण– क्रियाकलाप कार्यान्वयन पछिः** क्रियाकलापको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने ।

## विस्तृत क्रियाकलाप कार्यान्वयन प्रक्रियाका ५ चरणहरू

**१. स्वीकृति (कार्यादेश) लिई पेस्की लिने:** स्वीकृत क्रियाकलाप कार्यान्वयनको लागि वडास्तरीय क्रियाकलापको लागि वडा सचिव र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले गाउँ/नगरपालिकाबाट स्वीकृति (कार्यादेश) लिई पेस्की लिने वा क्रियाकलाप कार्यान्वयनपश्चात् भुक्तानी लिनका लागि अवश्यक कागजातसहित निवेदन दिने ।

- वडास्तरीय क्रियाकलापको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव)ले र गाउँ/नगरपालिकास्तरीय क्रियाकलापको लागि स्थानीय बालअधिकार समितिको सचिव (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख)ले प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएका क्रियाकलापमध्येबाट हाल कार्यान्वयन गर्न लागिएको क्रियाकलाप र अनुमानित वजेटको विस्तृत विवरणसहित कार्यान्वयनको लागि स्वीकृति लिने । स्वीकृति लिने टिप्पणी र आदेशको नमुना उप-अनुसूची १ मा दिइएको छ ।
- वडास्तरीय क्रियाकलापको लागि वडा बालअधिकार समितिको सचिव (वडा सचिव र गाउँ/नगरपालिकास्तरको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख) ले प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयनको लागि स्वीकृत भएको क्रियाकलाप र अनुमानित बजेटको विस्तृत विवरण पेस्कीको लागि लेखा शाखामा दिने वा कार्यान्वयनपश्चात् भुक्तानीका लागि निवेदन दिने । पेस्कीको लागि निवेदनको नमुना उप–अनुसूची २ मा दिइएको छ ।

**दोस्रो चरण– सूची तयार:** वडा/स्थानीय बालअधिकार समितिको नियमित बैठकबाट समुदायमा आफ्ना छोरीको विवाहमा ढिलाइ गरी उनीहरूको पढाइलाई निरन्तरता दिँदै आत्मनिर्भर बनाएका परिवारको र बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह बढी हुने गरेको टोल बस्तीको सूची तयार गर्ने ।

- वडा बालअधिकार समितिले आफ्नो नियमित बैठकबाट आफ्नो समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह नगरी यसको अन्त्यका लागि कार्य गरिरहेका अभिभावक (आफ्नो छोरीको २० वर्ष उमेर पूरा भएपछि उच्च शिक्षासम्म पहुँच पुऱ्याएर/आत्मानिर्भर बनाएर विवाह गरिदिएका), को विवरणसहित नामावली संकलन गर्ने । नामावली संकलनको लागि खाका उप अनुसूची ७ मा दिइएको छ ।

## उदाहरणीय परिवार छनोटको लागि मापदण्ड

- आफ्नो छोरीको उच्च शिक्षासम्म पहुँच बढाउन, आत्मनिर्भर हुन उत्प्रेरणा दिएका, घरायसी काममा मात्र नलगाई अन्य कार्यहरु जस्तै बजारमा माग भएका सीप विकारका तालिममा सहभागी गराएका, समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यमा कार्य गरिरहेका र २० वर्ष उमेर पुगेपछि मात्र आफ्ना छोरीहरूको विवाह गरिदिएका अभिभावक ।
- वडा बालअधिकार समितिले नियमित संकलन गरेको तथ्यांक विश्लेषण गरी सहमतिमा सबैभन्दा बढी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुने टोल वा बस्तीको पहिचान गर्ने । तथ्यांक संकलन तथा विश्लेषण यस पुस्तिकाको १.१.३ मा दिइएको छ ।

## उदाहरणका लागि सबैभन्दा बढी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको टोल छनोटको मापदण्ड:

- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सबैभन्दा बढी हुने गरेको
- कक्षा ६, ७, ८ र ९, १० मा विद्यालय हाजिरी कम भएको
- कक्षा ६, ७, ८ र ९, १० मा विद्यालय छोड्ने
- २० वर्षभन्दा कम उमेरमा गर्भ जाँच गराउने महिलाको संख्या बढी भएको
- उदाहरणीय परिवारको विवरणसहित सूची र सबैभन्दा बढी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह हुने टोल वा बस्तीको सूची तयार गर्ने र एक प्रति स्थानीय बालअधिकार समिति (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा)मा पठाउने ।

**तेस्रो चरण– तयारी बैठक बस्ने:** वडा/स्थानीय बालअधिकार समितिले छोरीको २० वर्ष उमेर पुगेपछि विवाह गरिदिने उदाहरणीय परिवार (अभिभावक तथा छोरीहरु)को प्रचारप्रसारको लागि विभिन्न क्रियाकलापहरु (समुदायमा ऱ्याली तथा घरभेट, अभिभावकहरु र किशोरीहरु बीचमा अन्तरक्रिया) मार्फत प्रभावकारी प्रचारप्रसारको लागि तयारी बैठक बस्ने ।

## उदाहरणका लागि

प्रस्ताव तथा अपेक्षित निर्णय तल उल्लेख गरिएको छ ।

**प्रस्ताव नं १** मापदण्डको आधारमा छनोट भएका उदाहरणीय परिवारको नामावलीलाई अन्तिम रुप दिने सम्बन्धमा

**अपेक्षित निर्णय**

- उदाहरणीय परिवार छनोटको मापदण्डमा सहमतिः
  - उदाहरणीय परिवार सकेसम्म त्यही टोलको, नभए सबैभन्दा नजिकको टोलको हुनुपर्ने ।
  - छोरीको पढाइ र आत्मनिर्भर हुन प्रोत्साहन तथा सहयोग गरेको अभिभावक जस्तै पढाइलाई निरन्तरता दिन दिएको, घरको काममा मात्र नलगाई आत्मनिर्भर हुन बजारमा माग भएका सीप सिक्ने मौका दिएको, घरभित्र मात्र नराखी समुदायमा विभिन्न कार्यमा सहभागी हुन दिएको र २० वर्ष उमेर पुगेपछिमात्र छोरीको विवाह गरिदिएको ।
  - उच्च शिक्षा हासिल गरेका र अथवा आयआर्जनका काम गरिरहेका छोरीहरु जसले आफ्ना अभिभावकलाई २० वर्ष पुगेपछि मात्र विवाह गर्ने कुरा बुझाउन सकेको ।
  - अभिभावक तथा छोरीहरु जसले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका कार्यमा समुदायमा संलग्न भएको ।
- मापदण्डको आधारमा छनोट गरिएको उदाहरणीय परिवारको नामावलीमा सहमति ।

**प्रस्ताव नं २.** क्रियाकलाप कार्यान्वयनको लागि बस्ती वा टोलको छनोट सम्बन्धमा

**अनुमानित निर्णय**

निम्न मापदण्डको आधारमा छनोट गरिएको बालविवाह बढी हुने टोल वा बस्तीमा सहमति ।

- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सबैभन्दा बढी हुने गरेको
- कक्षा ६, ७, ८ र ९, १० मा विद्यालय हाजिरी कम भएको
- कक्षा ६, ७, ८ र ९, १० मा विद्यालय छोड्ने
- २० वर्षभन्दा कम उमेर गर्भ जाँच गराउने महिलाको संख्या बढी भएको

**प्रस्ताव नं ३.** समुदायमा ऱ्याली तथा घरभेट कार्यक्रम कार्यान्वयन सम्बन्धमा

- समुदायमा ऱ्याली तथा घरभेटमा जाने टोलीको संरचना
- समुदायमा ऱ्याली तथा घरभेटमा जाने टोलीको जिम्मेवारी
- समुदायमा ऱ्याली तथा घरभेटमा जाँदा के विषयमा कुरा गर्ने भन्ने र उदाहरणीय परिवारको भूमिका

**अपेक्षित निर्णय**

- समुदायमा ऱ्याली तथा घरभेटमा जाँदा भन्ने कुराहरू र उदाहरणीय परिवारको भूमिका
  - आफ्ना नजिकका नातेदार तथा छिमेकीबाट छोरीको विवाह गर्न दबाब दिँदा कसरी त्यसको प्रतिरक्षा गरी २० वर्षपछि मात्र विवाह गर्न सक्यो ? त्यस समयमा सामना गरेका चुनौती र छोरीलाई निरन्तर स्कुल पढ्न पठाउन गरेको उपाय, के कुराले उनीहरूलाई छोरीको विवाह ढिला गर्न उत्प्रेरणा दियो, यो निर्णय गर्दा कसले सहयोग गऱ्यो ? जसले गर्दा आज उनीहरूको छोरी आफ्नै खुट्टामा उभिन सक्यो, परिपक्व बन्न सफल भयो र छोरी सक्षम बनाएर विवाह गरिदिएको कारण समाजले झन् इज्जत गर्ने गरेको अनुभव उदाहरणीय परिवारले भन्ने ।
  - समुदायले बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह सम्बन्धमा सोधेका प्रश्नहरूको जवाफ
  - वडा/गाउँ/नगरपालिकाबाट बालविवाह उमेर नपुगी र जबरजस्ती गरिनेको विवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमको बारेमा जनकारी
- समुदायमा ऱ्याली तथा घरभेटमा जाने टोलीका सदस्यहरुः
  - उदाहरणीय परिवार (अभिभावकहरु तथा किशोरीहरु)
  - वडा र स्थानीय बालअधिकार समितिको सदस्यहरु
  - प्रभावशाली नागरिक समाज सदस्य समितिका सदस्यहरु
  - बालविवाह अन्त्यका लागि सर्वदलीय समितिका प्रतिनिधि
  - प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरु
- समुदायमा ऱ्याली तथा घरभेटको तयारीको लागि टोलीका सदस्यहरूको जिम्मेवारी ।

  छलफलपछि जिम्मेवारी बाँडफाँटको नमुना फारम उप–अनुसूची ७ मा दिइएको छ । वडास्तरीय कार्यक्रमको लागि वडा सचिव र नगरपालिकास्तरीय कार्यक्रमको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले वडा/स्थानीय बालअधिकार समितिसँग समन्वय गरी क्रियाकलापहरु कार्यान्वयन गर्ने ।
- (समुदायमा ऱ्याली तथा घरभेटमा जाने टोलीका सदस्यहरुः मध्यबाट कम्तीमा पनि ३ जनालाई बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका सन्देशहरु र वडा/गाउँ नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरूको बारेमा माइकिङ गर्न जिम्मेवारी दिने ।
- यस्तो कार्यक्रम वर्षभरिमा कतिवटा गर्ने भनेर निर्णय गर्ने ।

**प्रस्ताव नं ४. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सम्बन्धमा आमा-छोरी बीच अन्तरक्रिया कार्यक्रम संचालन कार्यान्वयन सम्बन्धमा**

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको संख्या धेरै भएको टोल बस्तीमा आमा-छोरी बीचको अन्तरक्रियामा साझा गर्ने विषयहरु ।

- आमाहरु र छोरीहरु बीचको अन्तरक्रियामा उदाहरणीय परिवारको भूमिका
- अन्तरक्रिया सहजकर्ता तथा सहजीकरणका लागि प्रश्नहरु
- अन्तरक्रियाको लागि आमाहरु र छोरीहरूको छनोट
- अन्तरक्रियाको लागि स्थान, समय, सहभागीलाई आमन्त्रयण र क्रियाकलापको व्यवस्थापानको लागि जिम्मेवार व्यक्तिहहरूको निर्णय गर्ने
- यस्तो कार्यक्रम वर्षभरिमा कतिवटा गर्ने भनेर निर्णय गर्ने

**अपेक्षित निर्णयः**

- आमाहरु र छोरीहरु बीचमा बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापमा वा नियमित घरमा गरिने अन्तरक्रियाका लागि छलफलको विषयः छोरीको पढाइ, भविष्यको योजना, विवाह, सपनाहरु, अपेक्षा तथा आकांक्षा, बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको उपाय र आमाहरुका र छोरीहरु बीच नियमित छलफलका समस्याहरु र समाधानका उपायहरु ।
- आमाहरु र छोरीहरु बीचको अन्तरक्रियालाई सहयोग गर्दै उदाहरणीय परिवारले कसरी आफ्ना छोरीहरुलाई आत्मनिर्भर, सक्षम र २० वर्ष उमेर पुगिसकेपछि विवाह गरी दिन सकेको आफ्ना अनुभावहरु बताउने
- आमाहरु, छोरीहरुबाट उदाहरणीय परिवार बीचलाई २० वर्ष पुगेपछि मात्र छोरीको विवाह गर्ने सम्बन्धमा प्रश्न गर्न सहजीकरण गर्ने ।
- उपस्थित आमा र छोरीहरुलाई २० वर्ष उमेर पुगेपछि आफ्ना छोरीहरुको विवाह गरिदिने परिवारको लागि गाउँ/नगरपालिकाबाट सञ्चालित कार्यक्रमको बारेमा जानकारी गराउने ।
- सहजीकरणका लागि सहजकर्ता वडा/स्थानीय बालअधिकार समितिबाट छनोट गर्न सकिन्छ ।
- छलफलका लागि छनोट गरिएका आमाहरु, छोरीहरु र उदाहरणीय परिवारका सदस्यहरुसँग समन्वय गरी उनीहरुको लागि उपयुक्त मिति, समय र छलफल गर्न सहज महसुस गर्ने स्थान छनोट गरी यकिन गर्ने ।
- आमा-छोरीबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न वडा/स्थानीय बालअधिकार समितिका सदस्यहरुको जिम्मेबारी बाँडफाँड गर्ने । वडास्तरीय कार्यक्रमको लागि वडा सचिव र नगरपालिकास्तरीय कार्यक्रमको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले वडा/स्थानीय बालअधिकार समितिसँग समन्वय गरी क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

## चरण ४- क्रियाकलाप कार्यान्वयन

वडा/स्थानीय बालअधिकार समितिले तयारी बैठकामा छलफल र निर्णय गरेअनुसार क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

**क्रियाकलाप १:** समुदायमा र्‍याली तथा घरभेट कार्यक्रम

**क्रियाकलाप कार्यान्वयन गर्नुभन्दा पहिला**

- घर भेट गर्नका लागि किशोरीहरु भएको घरहरु पहिचान गर्न बाल क्लबको सहयोग लिने ।
- घरभेटको लागि स्थान छनोट भइसकेपछि घरभेट कार्यक्रमको लागि मिति, समय र स्थान, घरभेट जाने रूट, बस्तीका विवरणको बारे वडा बालअधिकार समितिले वडाको कार्यक्रम र स्थानीय बालअधिकार समितिले गाउँ/नगरपालिकाबाट गरिने कार्यक्रमको बारेमा २–३ दिनअगाडि नै घरभेटमा जाने टोलीका सबै सदस्यहरुलाई र समुदायमा जानकारी गराउन बाल क्लबलाई पनि जानकारी गराउने ।

**क्रियाकलाप कार्यान्वयनको समयमा**

- निर्णय गरिएको मिति र समयमा पहिचान गरिएको बालविवाह बढी हुने गरेको समुदायमा जाने र घरभेटमा आउनुको उद्देश्यबारे जानकारी गराउने ।
- समुदायमा जाँदा र्‍याली तथा घरभेटको ब्यानर बोकेर बालविवाह अन्त्य वडा, गाउँ/नगरपालिकाद्वारा सञ्चालित विभिन्न कार्यक्रमको बारेमा माइकिङ गर्दै जानकारी गराउने ।
- घरभेटमा जाँदा भ्रमण टोलीका सदस्यहरुले भेटिएका समुदायका व्यक्तिहरुसँग २० वर्ष उमेर पुगेपछि आफ्ना छोरीहरुको विवाह गर्दाको फाइदाको बारेमा छलफल गर्ने ।
- यदि समुदायका कुनै व्यक्तिको थप प्रश्नहरु भए टोलीका सदस्यहरुमध्ये केहीले उसको घरमा नै गएर छलफल गर्ने ।

- भ्रमण गर्दै जाँदा धेरै संख्यामा मानिसहरूको भेला भएका कुनै सार्वजनिक स्थानमा टोलीका सदस्यहरूमध्ये प्रभावशाली नागरिक समाजका सदस्य, प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवा, उदाहरणीय परिवार र बाल क्लबका प्रतिनिधिले २० वर्ष उमेर पुगेपछि विवाह गर्दा छोरीहरूलाई, आफ्नो समुदायलाई हुने फाइदा, वडा/गाउँ नगरपालिकामा सञ्चालित बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापको बारेमा जानकारी गराउने

**क्रियाकलाप २. आमा तथा छोरी बीचको अन्तरक्रिया कार्यक्रम**

यो क्रियाकलापको मुख्य उद्देश्य आमा-छोरी बीचमा छोरीको विवाहसम्बन्धी, अभिभावकको चाहना, अभिभावकबाट छोरीको चाहना र त्यसको कारणजस्ता विषयमा कुराकानीको सुरूवात गर्न अवसर दिनु हो ।

**क्रियाकलाप कार्यान्वयन गर्नुभन्दा पहिला**

- आमा र छोरी बीचको अन्तरक्रिया कार्यक्रमको लागि मिति, समय र स्थान निर्धारण गर्ने ।
- आमा र छोरी बीचको अन्तरक्रियाको लागि त्यही टोलको उदाहरणीय परिवार यदि छैन भने सबैभन्दा नजिकको टोलको परिवार पहिचान गर्ने ।
- अन्तरक्रियाको लागि सहभागीको छनोट गर्नेः
  - कम्तीमा पनि १५ जना विभिन्न जात, धर्म र समुदायका आमाहरु जसमा कम्तीमा २ जना, त्यही बस्तीका नभएमा सबैभन्दा नजिकको बस्ती भएका उदाहरणीय परिवारका आमाहरु (जसले नजिकका नातेदार तथा छिमेकीले छोरीको छिटो विवाह गर्न दिएको दबाबलाई बेवास्ता गरेर छोरीको पढाइलाई निरन्तरता दिए) ।
  - कम्तीमा पनि १५ जना विभिन्न जात, धर्म र समुदायका छोरी जसमध्येमा कम्तीमा २ जना, त्यही बस्तीका नभएमा सबैभन्दा नजिकको बस्तीमा भएका उदाहरणीय परिवारका छोरीहरु, २ जना बालविवाह गरेर पढाइ छोडेका र २० वर्षभन्दा कम उमेरका स्कुलमा पढिराखेका छोरीहरु ।
- वडा/स्थानीय बालअधिकार समितिले ३–४ दिन अगाडि अन्तरक्रिया हुने मिति, समय र स्थानको बारेमा सहभागीहरूलाई जानकारी गराउने । सहभागीहरूलाई जानकारी गराउन बाल क्लबहरूको पनि सहयोग लिने ।

**क्रियाकलाप कार्यान्वयनको समयमा**

- तोकिएको मितिमा सहभागी भन्दा १ घण्टा अगाडि कार्यक्रम स्थलमा गएर व्यवस्थापन गर्ने ।
- तयारी बैठकमा छलफल भएअनुसार कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको विषयमा थप जानकारीको लागि बाल क्लब, वडा/स्थानीय बालअधिकार समिति र गाउँ/नगरपालिकामा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा रहेको जानकारी गराउने ।
- आमा र छोरी बीचको अन्तरक्रियाको लागि आमा र छोरी एकै परिवारको हुन पनि सक्छ वा केही अन्य परिवारको आमा वा छोरी पनि हुन सक्दछ । यो क्रियाकलापले आमा र छोरी बीचको कुराकानीलाई सुरूवात गर्न सहयोग गर्दछ ।
- सहजकर्ताले आमा र छोरी बीच नियमित घरमा छोरीको पढाइ, अभिभावकको अपेक्षा, अभिभावकबाट छोरीको अपेक्षाका बारेमा हुने कुराकानीको बारेमा छलफल गर्ने । आमा र छोरीहरूलाई निर्धक्कसँग एकअर्काको धारणा, सपना, आकांक्षा, उत्प्रेरणा र व्यवहारको बारेमा कुराकानी गर्न उत्प्रेरणा दिने जसले उनीहरु बीचमा एकआपसको विचार थाहा पाउन मद्दत गर्छ, जसबाट उनीहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोक्न सक्दछन् ।

- आमा र छोरी बीचको छलफललाई सहयोग गर्दै उदाहरणीय परिवारको आमा र छोरीहरूले आफूले छोरीहरूलाई आत्मनिर्भर हुन कसरी सहयोग गर्न सक्षम भए, कसरी आफ्ना छोरीहरूको विवाह २० वर्ष उमेर पुगेपछि मात्र गर्न सकें भन्ने बारेका अनुभव सुनाउनेछन् । आफूले आफ्ना छोरीहरूको २० वर्ष उमेर पुगेपछि विवाह गरिदिंदा समाजमा बढेको इज्जतको बारेमा पनि चर्चा गर्नेछन् । साथै आफ्ना छोरीहरूलाई उच्च शिक्षाको लागि कसरी सहयोग गरे भनेर पनि बताउनेछन् ।
- उदाहरणीय परिवारले उदाहरणीय आमा र छोरीहरूले आफ्नो नातेदार तथा छिमेकबाट विवाह गर्न आएको दबाब हटाउन सकें भन्नेबारे आफ्ना अनुभव बताउन सहज बनाउन सहजकर्ताले मध्यस्थता गर्ने । आमा र छोरीहरूले आआफ्ना धारणा राख्न र उदाहरणीय परिवारले आफ्ना अनुभव राख्न अवसर पाउँदछन् । वडा र स्थानीय बालअधिकार समितिका सदस्यहरूले पनि प्रश्न–उत्तर कार्यक्रममा सहजीकरण गर्नमा सहयोग गर्दछन् ।
- वडा/स्थानीय बालअधिकार समितिका सदस्यबाट वडा/गाउँ/नगरपालिकाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्था (संख्या र कारण) तथा यस आर्थिक वर्षमा भएका क्रियाकलापबारे जानकारी गराउँदै क्रियाकलापहरूमा सहभागिताको लागि अनुरोध गर्ने ।
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको बारेमा थप जानकारीको लागि वडा स्तरमा वडा बालअधिकार समिति र गाउँ/नगरपालिका स्तरमा स्थानीय बालअधिकार समिति र बाल क्लबहरूको बारेमा जानकारी दिने ।
- छलफलको लागि समय दिएकोमा सबैलाई धन्यवाद दिएर छलफलको अन्त्य गर्ने ।

क्रियाकलापहरूको अनुगमनका लागि जिम्मेवार व्यक्तिहरूलाई क्रियाकलाप हुनुभन्दा कम्तीमा तीन दिन अगावै जानकारी गराउने । प्रभावकारी अनुगमनको लागि एक पटकमा दुई वा तीन जनामात्र सहभागी गराउने ।

*वडा स्तरीय कार्यक्रम अनुगमनका लागि*

- गाउँ/नगरपालिकाबाट ज्येष्ठ नागरिक शाखा, मेयर/अध्यक्ष, उपमेयर/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतमध्येबाट

*गाउँ/नगरपालिकास्तरीय कार्यक्रम अनुगमनका लागि*

- प्रदेशको सम्बन्धित मन्त्रालयको तोकिएको व्यक्तिलाई क्रियाकलाप हुनुभन्दा कम्तीमा तीन दिनअगावै सम्बन्धित मन्त्रालयको सचिवको नाममा पत्राचार गर्ने

### पाँचौं चरण- कार्यक्रमको प्रतिवेदन तथा खर्च विवरण तयार तथा पेस गर्ने

- प्रत्येक क्रियाकलाप सकिएको तीन दिनभित्रमा स्थानीय/तथा वडा बालअधिकार समितिले आ-आफ्नो समितिमा समीक्षा बैठक बस्ने ।
- प्रत्येक क्रियाकलापको प्रतिवेदन तयार गरी गाउँ/नगर कार्यपालिकामा पेस गर्ने ।
- पेस्की फर्स्योट गर्ने

## उदाहरणको लागिः अनुगमनका सूचकहरू

क्रियाकलापको अनुगमनको लागि निम्नानुसारको सूचकहरूको प्रयोग गरी वा गाउँ/नगरपालिकाले आफ्नो आवश्यकता अनुसार सूचकहरु तयार गर्न सक्दछ ।

| सूचकहरू | पुष्टि गर्ने स्रोत | तथ्यांक संकलनका साधन |
|---|---|---|
| घरभेटहरूमा भाग लिएका उदाहरणीय परिवारहरूको संख्या | बैठकको माइन्युट | बैठकको माइन्युट |
| भ्रमण गरिएका परिवारहरूको संख्या | कार्यक्रमको प्रतिवेदन | कार्यक्रमको प्रतिवेदन |
| अन्तरक्रिया कार्यक्रममा सहभागी अभिभावक र किशोरीको संख्या | हाजिरी | कार्यक्रमको प्रतिवेदन |

## उदाहरणको लागिः बजेट शीर्षक

क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि गाउँ/नगरपालिकाले निम्न शीर्षकहरूमा बजेट छुट्टयाउनु पर्दछ, तर यी रकम गाउँ/नगरपालिका अनुसार फरक हुन सक्दछ ।

| क्र.सं. | कार्यक्रम | पटक | अनुमानित बजेट रु. (नगर स्तरमा) | अनुमानित बजेट रु. (वडा स्तरमा ) |
|---|---|---|---|---|
| १ | समुदायमा ऱ्याली तथा घरभेट कार्यक्रम (साउन्ड सिस्टम, खाजा, ब्यानर) | ३ | ४५,००० | ३०,००० |
| २ | आमा र छोरी अन्तरक्रिया कार्यक्रम (ब्यानर, खाजा, यातायात भत्ता, क्रियाकलाप संयोजक भत्ता, क्रियाकलाप सहयोगी भत्ता, विविध) | ३ | ७५,००० | ४५,००० |
| **जम्मा** | | | **१,२०,०००** | **७५,०००** |

## उदाहरणको लागिः कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरू

क्रियाकलापहरु कार्यान्वयन गर्दा आउन सक्ने समस्या र त्यसको समाधानको उपायहरु निम्न अनुसार छन् तर गाउँ/नगरपालिकाको स्थिति र अवस्था अनुसार फरक हुन सक्दछ ।

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| वडाले क्रियाकलापको कति वजेट छुट्ट्याएको छ चासो नगर्ने । | बजेट SuTRA मा भएको र बजेटको विवरण प्रमुख प्रशासकीय अधिकृतलाई देखाएर जानकारी गराउने |
| अभिभावकले कार्यक्रममा आउन समय दिन नमान्ने । | वडाका नागरिक समाजका व्यक्तिहरूलाई अभिभावकहरूलाई कार्यक्रमबारे जानकारी दिन लगाउने |

# उप-अनुसूचीहरू

## उप-अनुसूचीहरू

उप-अनुसूची १: क्रियाकलाप कार्यान्वयन गर्न स्वीकृति लिनका लागि टिप्पणी र आदेशको नमुना

उप-अनुसूची २: पेस्कीको लागि निवेदन फारमको नमुना

उप-अनुसूची ३: धार्मिक अगुवाहरूको नामावली संकलनका लागि फारमको नमुना

उप-अनुसूची ४: सर्वदलीय समिति परिचालनका लागि नमुना क्रियाकलापहरु

उप-अनुसूची ५: औपचारिक र अनौपचारिक बालअधिकार संरचनाहरूको सूची संकलनको लागि फारमको नमुना

उप-अनुसूची ६: २० वर्ष उमेर नपुगी हुने लागेको विवाह रोक्न पैरवी गर्ने किशोरीहरूको सूची संकलनका लागि फारमको नमुना

उप-अनुसूची ७: २० वर्ष उमेर पूरा गरेपछि छोरीको विवाह गर्ने अभिभावकहरूको विवरणसहित नामावली संकलनको लागि फारमको नमुना

उप-अनुसूची ८: प्रभावशाली नागरिक समाजका सदस्यहरूको नामावली संकलनका लागि फारमको नमुना

उप-अनुसूची ९ क: सीप विकास तालिममा सहभागी हुन चाहने किशोरीहरूका लागि आवेदन फारमको नमुना

उप-अनुसूची ९ ख: सिप विकास तालिममा सहभागी हुन चाहने किशोरीहरूको विवरण संकलनको लागि फारमको नमुना

उप-अनुसूची १०: क्रियाकलापको अनुगमनका लागि चेकलिस्ट

उप-अनुसूची ११: क्रियाकलाप अनुगमन प्रतिवेदनको खाकाको नमुना

उप-अनुसूची १२: क्रियाकलाप कार्यान्वयनपछि लेखिने प्रतिवेदनको खाकाको नमुना

## उप-अनुसूची १ : क्रियाकलाप कार्यान्वयन गर्न स्वीकृति लिनका लागि टिप्पणी र आदेशको नमुना

# टिप्पणी र आदेश

**विषयः कार्यक्रम सञ्चालन र स्वीकृति सम्बन्धमा ।**

श्रीमान्,

यस नगर/गाउँपालिकाको ........................................ शाखाअन्तर्गत आ.व. .................... मा स्वीकृत कार्यक्रमअनुसार .................................... कार्यक्रम सञ्चालन गर्न ....................................को खर्च शीर्षक नं..................................... मा रू. .................................... विनियोजन भई खर्च गर्ने अख्तियारी प्राप्त भएकोले तपसिल बमोजिम हुने गरी कार्यक्रम सञ्चालन स्वीकृतिका लागि निर्णयार्थ पेस गरेको छु ।

**तपसिल**

क) स्रोतव्यक्ति, सहजकर्ता, सहभागी तथा सहयोगी विवरण

ख) कार्यक्रम गरिने स्थान, मिति र समय

ग) अनुमानित खर्च रकमको विस्तृत विवरण

घ) तालिम, गोष्ठीबाहेकको अन्य कार्यक्रमको हकमा कार्यक्रमको संक्षिप्त कार्य सञ्चालन/कार्यान्वयन प्रक्रिया विवरण

**पेस गर्ने**

दस्तखत.:

नाम :

पद :

मितिः

## उप-अनुसूची २ : पेस्कीको लागि निवेदन फारमको नमुना

मिति :...........................

श्री...........................................................

**विषयः- पेस्की रकम माग सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ........................................................................ गाउँ/नगरपालिकाको चालू आ.व. ..............................तर्फ स्वीकृत तपसिल बमोजिमको कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको विवरणसहितको कार्यक्रमका लागि रकम रू. ........................................ पेस्की उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

**तपसिल**

१. बजेट खर्च शीर्षकः ..............................

२. कार्यक्रमको नामः ..............................

३. स्वीकृत रकमः ..............................

४. कार्यक्रम सञ्चालन स्थानः ....................

५. लक्षित वर्गः ..............................

६. लाभान्वित परिवार संख्याः ....................

७. क्रियाकलाप तथा अनुमानित खर्च विवरण

निवेदक

............

| क्र.स. | कार्यक्रमको नाम | संख्या | इकाइ | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## उप-अनुसूची ३: धार्मिक अगुवाहरूको नामावली संकलनका लागि फारमको नमुना

| क्र.सं. | नम | धर्म | पद | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## उप-अनुसूची ४: सर्वदलीय समिति परिचालनका लागि नमुना क्रियाकलापहरू

| क्र.स. | क्रियाकलापको नाम | संख्या | स्थान | समय |
|---|---|---|---|---|
| १. | बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका लागि समुदायमा सञ्चालित विभिन्न कार्यक्रममा अर्थपूर्ण रूपले सहभागी हुने । | | | |
| २. | कार्यक्रमहरूमा किशोरीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने । | | | |
| ३. | बालविवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन गर्न वडा बालअधिकार समितिसँग सहकार्य गरी निगरानी समूहको भूमिका निर्वाह गर्ने । | | | |
| ४. | बालअधिकार समिति र बाल क्लबहरूले धर्मगुरू तथा अभिभावक लक्षित कार्यक्रमहरु गरी हानिकारक सामाजिक व्यवहारहरूमा परिवर्तन ल्याउन सक्ने क्रियाकलाप गर्ने । | | | |

## उप-अनुसूची ५: औपचारिक र अनौपचारिक बालअधिकार संरचनाहरूको सूची संकलनको लागि फारमको नमुना

| क्र.सं. | संरचनाको नाम तथा ठेगाना | कार्य क्षेत्र (वडा) | संरचनाले मुख्य रूपमा गर्ने क्रियाकलापको विवरण | सम्पर्क व्यक्ति तथा फोन नं |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## उप-अनुसूची ६: २० वर्ष उमेर नपुगी हुने लागेको विवाह रोक्न पैरवी गर्ने किशोरीहरुको सूची संकलनका लागि फारमको नमुना

| क्र.सं. | किशोरीको पूरा नाम | बाबु र आमाको नाम | जन्म मिति | ठेगाना | सम्पर्क नं | विवाह रोकेका विवरण (छुट्टै पानामा लेखेर संलग्न गर्नुहोस्) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नोट : किशोरीहरूको जन्ममितिको नक्कल तथा विवाह रोकेको विवरण (कहिले, कहाँ, कसको, कसको सहयोगमा, कसरी, यसैसाथ संलग्न गर्नु पर्नेछ ।

## उप-अनुसूची ७: २० वर्ष उमेर पूरा गरेपछि छोरीको विवाह गर्ने अभिभावकहरूको विवरणसहित नामावली संकलनको लागि फारमको नमुना

| क.सं. | नवविवाहित छोरीको नाम | अभिभावकको नाम | विवाहको मिति | नवविवाहितको जन्म मिति | नवविवाहितको ठेगाना वडा नं | नवविवाहितको श्रीमान्को नाम | नवविवाहितको श्रीमान्को जन्म मिति | नवविवाहितको श्रीमान्को विवाह हुँदाको उमेर | सम्पर्क नम्बर | सूचकको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## उप-अनुसूची ८: प्रभावशाली नागरिक समाजका सदस्यहरूको नामावली संकलनका लागि फारमको नमुना

| क. स. | नाम | ठेगाना | विगतमा कार्यरत संस्था वा पेसा | वर्तमान पेसा | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## उप-अनुसूची ९ क: सीप विकास तालिममा सहभागी हुन चाहने किशोरीहरूका लागि आवेदन फारमको नमुना

.................................... गाउँ/नगरपालिका
.................नं. वडा कार्यालय/महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
वडा/गाउँ/नगरपालिकाको कार्यालय रहेको स्थान र जिल्ला
मधेश प्रदेश, नेपाल

**सीप विकास कार्यक्रममा सहभागिताका लागि**
**आवेदन फरम**

दर्ता नं. :-

मिति:-

१. निवेदकको नाम:-..........................................................................

२. स्थायी ठेगाना:- जिल्ला..........................................गा.पा/नपा..........................................वडा नं...............

टोल:-..........................................मोबाइल नं.:-..........................................लिंग :-..........................................

३. बुवा/आमाको नाम:-..........................................................................

४. शैक्षिक योग्यता :-

| सि.नं. | शैक्षिक योग्यता | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको वर्ष | प्राप्तांक |
|---|---|---|---|---|
| | | | | |

५. पढाइ निरन्तरता नदिनुको कारण :

६. सीप सिक्न चाहेको क्षेत्र :..........................................................................

**आवेदकको सही**
स्वीकृत गर्ने अधिकारी

## उप-अनुसूची ९ ख: सिप विकास तालिममा सहभागी हुन चाहने किशोरीहरूको विवरण संकलनको लागि फारमको नमुना

| क्र.सं | नाम | जातजाती | १० कक्षा पास भएको वा कक्षा ११, १२ पढेको प्रमाण | स्कुलको नाम र ठेगाना | १० कक्षा पास भएर वा ११, १२ कक्षा पढाई पुरा नगर्नुको कारण | सिप विकास गर्न चाहेको विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## उप-अनुसूची १०: क्रियाकलापको अनुगमनका लागि चेकलिस्ट

**क्रियाकलापको अनुगमनका लागि चेकलिस्ट**
**सहयोगी सुपरिवेक्षण तथा अनुगमन चेकलिस्ट**
**(कार्यक्रममा आधारित अनुगमन)**

भ्रमणको उद्देश्यः ..........

जिल्लाको नामः .......... नगर/गाउँपालिकाको नाम : ..........

अनुगमनकर्ताको नामः ..........पद : ..........

अनुगमन गरिएको मितिः ........../........../..........
(दिन/महिना/वर्ष)

संघ/संस्थाको नामः ..........

अवलोकन गरिएको / सहभागी भएको कार्यक्रमको नामः ..........

**(कृपया कार्यक्रम सञ्चालन गर्ने मुख्य व्यक्ति (शाखा प्रमुख, वडाध्यक्ष, कार्यकारी समितिका सदस्यहरू)सँग छलफल गर्नुहोस् ।)**

| सि.नं. | मूल्यांकनका मुख्य विषयहरू | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | के यो क्रियाकलाप बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह र यससँग सम्बन्धित संरक्षणका सबाल अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनसँग सम्बन्धित छ ? | | | |
| २. | के यो कार्यक्रम गर्नुको उद्देश्य तथा कारणहरु थाहा छ ? | | | |
| ३. | के यो कार्यक्रम समाधान गर्न खोजेको मुख्य विषय/व्यवहारहरूलाई लक्षित गरेर बनाइएको छ ? | | | |
| ४. | के स्थानीय सन्दर्भलाई ध्यानमा राखेर क्रियाकलाप वा सन्देश तयार गरिएको छ ? | | | |
| ५. | के क्रियाकलापको लागि स्थानीयस्तरको प्रमाण प्रयोग गर्नुपर्ने कारणहरूको बारेमा बुझिएको छ ? | | | |
| ६. | के कार्यक्रममा अधिकांश लक्षित सहभागीहरूको उपस्थिति छ ? | | | |

| सि.नं | अनुगमन गर्ने क्रममा भेटिएका व्यक्तिहरूको नाम | पद |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

**सुझाव /पृष्ठपोषणः**

| |
|---|
| |

**तयार गर्ने :**

नामः.......... हस्ताक्षरः ..........

फोन नंः.......... इमेल :..........

संस्थाः .......... पदः ..........

## उप-अनुसूची ११ क्रियाकलाप अनुगमन प्रतिवेदनको खाकाको नमुना

### अनुगमन प्रदिवेदनको नमुना

- पृष्ठभूमि वा परिचय :
  कुन कार्यक्रम वा संस्था, कहिले, को को गएको, के विषयमा छलफल भयो ?
- उद्देश्य :
- अनुगमनमा जाँदा गरिएका क्रियाकलाप (के के गरियो) :
- सबल पक्षहरू :
- सुधार गर्नुपर्ने पक्षहरू :
- निष्कर्ष/सुझाव :
- अनुसूची :

कसलाई भेटियो, फोटो, प्रयोग गरिएको फर्म वा चेकलिस्ट आदि ।

## उप-अनुसूची १२ः क्रियाकलाप कार्यान्वयनपछि लेखिने प्रतिवेदनको खाकाको नमुना

१. कार्यक्रम
२. पृष्ठभूमि
३. कार्यक्रमको उद्देश्य
४. कार्यक्रममा सहभागीहरुको संख्या
५. लक्षित समूहहरुको संख्या
६. कार्यक्रमको मुख्य सन्देश
७. कार्यक्रम कार्यान्वयन प्रक्रिया
८. सिकाइ र चुनौतीहरु
९. निष्कर्ष

अनुसूचीहरुः (फोटोहरु, सहभागीहरुको सूची, र अन्यहरु)

**प्रतिवेदन तयार गर्नेः** ........................................ पदः ........................................

# सन्दर्भ सामग्रीहरू


- बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- मधेश प्रदेश बालअधिकारसम्बन्धी ऐन, २०७७
- बाल अधिकार प्रवर्द्धन तथा संरक्षण कार्यविधि, २०७८
- बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना-२०७८
- नेपालको संविधान २०७२
- मुलुकी अपराध संहिता २०७४
- बालबालिका सम्बन्धी ऐन, २०७५
- राष्ट्रिय बालनीति २०६९
- बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) कार्यविधि
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषणा कार्यविधि
- बालविवाहविरूद्धको कार्यक्रम सञ्चालन खर्च कार्यविधि २०७५
- स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- ससर्त, समपूरक, राजस्व बाँडफाँड, विशेष र समानीकरण अनुदान
- लक्षित समूह-केन्द्रित डिजाइन प्रक्रिया कार्यान्वयनको संक्षिप्त प्रतिवेदन
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली प्रतिवेदन
- शिक्षा व्यवस्थापन सूचना प्रणाली प्रतिवेदन


यस पुस्तिकामा प्रयोग गरिएका
सन्दर्भ सामग्रीहरू QR Code
स्क्यान गरी हेर्न सकिन्छ ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा